महान्यायाधिवक्ताको कार्यालयद्वारा आयोजित

# नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन

## २०७३ पौष ८, ९ र १०, काठमाडौं

समूह प्रतिवेदनलाई एकिकृत गरी

सम्मेलन मूल आयोजक समिति समक्ष प्रस्तुत गरिएको

## एकिकृत प्रतिवेदन

<u>प्रतिवेदन प्रस्तुतकर्ता</u>

समूह प्रतिवेदनलाई एकिकृत गर्ने समिति

महान्यायाधिवक्ताको कार्यालयद्वारा आयोजित

# नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन

## २०७३ पौष ८, ९ र १०, काठमाडौं

OFFICE OF THE ATTORNEY GENERAL NEPAL

समूह प्रतिवेदनलाई एकिकृत गरी

सम्मेलन मूल आयोजक समिति समक्ष प्रस्तुत गरिएको

# एकिकृत प्रतिवेदन

<u>प्रतिवेदन प्रस्तुतकर्ता</u>

समूह प्रतिवेदनलाई एकिकृत गर्ने समिति

**<u>समूह प्रतिवेदनलाई एकिकृत गर्ने समिति</u>**

संयोजकः नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल

सहसंयोजकः सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली

सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी

**सदस्यहरूः**

उपन्यायाधिवक्ता श्री पुष्कर सापकोटा

उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल

शाखा अधिकृत श्री शान्तिप्रसाद लुईंटेल

शाखा अधिकृत श्री कल्पना राई

शाखा अधिकृत श्री नारायणप्रसाद शर्मा

शाखा अधिकृत श्री श्रीराम खनाल

शाखा अधिकृत श्री ओमप्रकाश बराल

शाखा अधिकृत श्री नगेन्द्र लम्साल

नायब सुब्बा श्री प्रकाश सुवेदी

कम्प्युटर अपरेटर श्री शोभा पनेरू

OFFICE OF THE ATTORNEY GENERAL NEPAL

# विषय सूची


| क्रम संख्या | विषय | पृष्ठ संख्या |
|---|---|---|
| | **परिच्छेद एक**<br>**परिचयात्मक** | |
| १. | पृष्ठभूमि | |
| २. | सम्मेलन आयोजनाको उद्देश्य | |
| ३. | सम्मेलनको प्रारूप | |
| | क. उदघाटन सत्रको झलक | |
| | ख. नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेलज्यू स्वागत मन्तव्य | |
| | ग. नेपाल बार एसोशियनका अध्यक्ष श्री शेरबहादुर के.सी.ज्यू शुभकामना मन्तव्य | |
| | घ. प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यू | |
| | ङ. सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष श्री सूर्यकिरण गुरुङ्गज्यू | |
| | च. पुर्व महान्यायाधिवक्ताहरुको सम्मान | |
| | छ. पूर्व महान्यायधिवक्ता श्री बद्रीबहादुर कार्कीज्यूको शुभकामना मन्तव्य | |
| | ज. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय शंकर नायकज्यू | |
| | झ. माननीय व्यवस्थापिका संसद सभामुख ओनसरी घर्तीमगरज्यू | |
| | ञ. सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला कार्कीज्यू | |
| | ट. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यू | |
| | ठ. प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यू | |
| | ड. माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यूको स्वागत तथा उदघाटन सत्रको समापन | |
| | ढ. उदघाटन सत्रको समाप्तिको झलक | |
| | **परिच्छेद दुई**<br>**कार्यपत्र प्रस्तुती र छलफल** | |
| १. | पृष्ठभूमि | |
| २. | समूह क को संयोजन र व्यवस्थापन | |
| | क. समूह संयोजन र व्यवस्थापन समूह | |

| | | |
|---|---|---|
| | ख. प्रस्तुत कार्यपत्रहरु | |
| | ग. कार्यपत्र प्रस्तुती र छलफल | |
| | **पहिलो दिन** | |
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं. २ | |
| | **दोस्रो दिन** | |
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं. २ | |
| | कार्यपत्र नं. ३ | |
| | कार्यपत्र नं ४ | |
| ३. | समूह ख को संयोजन र व्यवस्थापन | |
| | क. समूह संयोजन र व्यवस्थापन समूह | |
| | ख. प्रस्तुत कार्यपत्रहरु | |
| | ग. कार्यपत्र प्रस्तुती र छलफल | |
| | पहिलो दिन | |
| | कार्यपत्र नं १ | |
| | कार्यपत्र नं २ | |
| | दोस्रो दिन | |
| | कार्यपत्र नं .१ | |
| | कार्यपत्र नं. २ | |
| | कार्यपत्र नं. ३ | |
| | कार्यपत्र नं. ४ | |
| ४. | समूह ग को संयोजन र व्यवस्थापन | |
| | क. समूह संयोजन र व्यवस्थापन समूह | |
| | ख. प्रस्तुत कार्यपत्रहरु | |
| | ग. कार्यपत्र प्रस्तुती र छलफल | |
| | **पहिलो दिन** | |
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं. २ | |
| | **दोस्रो दिन** | |

| | | |
|---|---|---|
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं. २ | |
| | कार्यपत्र नं. ३ | |
| | कार्यपत्र नं. ४ | |
| | कार्यपत्र नं. ५ | |
| ५. | समूह घ को संयोजन र व्यवस्थापन | |
| | क. समूह संयोजन र व्यवस्थापन समूह | |
| | ख. प्रस्तुत कार्यपत्रहरु | |
| | ग. कार्यपत्र प्रस्तुती र छलफल | |
| | **पहिलो दिन** | |
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं. २ | |
| | कार्यपत्र नं. ३ | |
| | **दोस्रो दिन** | |
| | कार्यपत्र नं १ | |
| | कार्यपत्र नं. २ | |
| | कार्यपत्र नं. ३ | |
| | कार्यपत्र नं. ४ | |
| ६. | समूह ङ को संयोजन र व्यवस्थापन | |
| | क. समूह संयोजन र व्यवस्थापन समूह | |
| | ख. प्रस्तुत भएका कार्यपत्रहरु | |
| | ग. कार्यपत्र प्रस्तुती र छलफल | |
| | **पहिलो दिन** | |
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं. २ | |
| | **दोस्रो दिन** | |
| | कार्यपत्र नं. १ | |
| | कार्यपत्र नं २ | |
| | कार्यपत्र नं. ३ | |
| | कार्यपत्र नं. ४ | |
| ७. | **तेस्रो दिन** | |
| | पहिलो कार्यपत्र | |

| | | |
|---|---|---|
| | दोस्रो कार्यपत्र | |
| | तेस्रो कार्यपत्र | |
| | सार संक्षेप प्रस्तुत | |
| **परिच्छेद तिन**<br>**समापन कार्यक्रम** | | |
| १. | समापन कार्यक्रमको झलक | |
| २. | सम्मान र पुरस्कार वितरण कार्यक्रम | |
| ३. | सहभागी र पर्यवेक्षकको मन्तब्य | |
| ४. | समापन कार्यक्रमका अतिथिज्यूहरूको मन्तब्य | |
| | प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनज्यू | |
| | विशिष्ट अतिथि माननीय कानून न्याय तथा ससदीय मामिला मन्त्री श्री अजयशंकर नायकज्यू | |
| | विशिष्ट अतिथि सर्वोच्च अदालतका बरिष्टतम न्यायाधीश श्री वैद्यनाथ उपाध्यायज्यू | |
| | अतिथिहरू प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यू | |
| | नेपाल बार एशोसिएसनका महासचिव श्री खम्मबहादुर खातीज्यू | |
| | सर्वोच्च अदालत वार एशोसिएसनका अध्यक्ष श्री शैलेन्द्रकुमार दाहालज्यू | |
| ५. | अध्यक्षता गर्नु भएका माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यूको धन्यवाद तथा समापन मन्तव्य | |
| **अनुसूचि एक: नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन २०७३ को घोषणापत्र ।** | | |
| **अनुसुची दुई : समूहगत हाजिरी विवरण ।** | | |

परिच्छेद एक

# परिचयात्मक

OFFICE OF THE ATTORNEY GENERAL NEPAL

## १) पृष्ठभूमि

**"प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा, व्यावसायिक सरकारी वकील, हाम्रो प्रतिवद्धता"** भन्ने मूल नाराका साथ सम्पन्न भएको नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ पौष ८ गते देखि १० गते सम्म नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंको सभा हलमा सम्पन्न भयो ।

नेपालको संविधानले न्यायपालिकाको संगठन संरचना र अधिकारक्षेत्रमा परिवर्तन गर्नुका अतिरिक्त महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्य क्षेत्रमा समेत पुनरावलोकन गरेको र फौजदारी न्याय प्रशासन र फौजदारी कानूनहरुमा भएको नयाँ व्यवस्था समेतका सन्दर्भमा सरकारी वकीलहरु बीच छलफल गरी साझा दृष्टिकोण विकास गर्न तथा सरकारी वकीलहरुको व्यावसायिक हक हित र सरोकारका विषय तथा संविधानले प्रत्याभूत गरेका मानव अधिकारको संरक्षणका सवालमा साझा धारणा तयार गर्न एवम् सरकारी वकील कार्यालयको संस्थागत विकास गर्नका लागि सम्मेलन आयोजना गरिएको थियो । उक्त सम्मेलनमा ३५ वटा कार्यपत्र माथि छलफल भएको थियो ।

विशिष्टिकृत विषयका आधारमा सम्मेलनका सहभागीहरुलाई विभिन्न पाँच समूहमा विभाजन गरी छलफल गरिएको थियो । ती विषयहरु यसप्रकार थिए:

**समूह कः सरकारी वकीलको संगठन संरचना र कार्यप्रणाली**
**समूह खः सरकारी वकील कार्यालयको संस्थागत विकास**
**समूह गः सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन र सरकारको सरोकारका मुद्दामा प्रतिरक्षा**
**समूह घः सरकारी वकील कार्यालयको पूर्वाधार विकास र संस्थागत सुदृढीकरण**
**समूह ङः फौजदारी न्याय प्रशासनसँग सम्वन्धित नयाँ कानूनहरु**

सम्मेलनमा माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यू, ४ जना नायब महान्यायाधिवक्ताज्यूहरु, ३१ जना सहन्यायाधिवक्ताज्यूहरु, १३१ जना उपन्यायाधिवक्ताज्यूहरु, १८५ जना शाखा अधिकृतज्यूहरु समेत गरी जम्मा ३५२ जना सरकारी वकीलहरुको सहभागिता रहेको थियो । सरकारी वकीलको कार्य सम्पादनसँग सम्वन्धित सरोकारवाला निकायहरू सर्वोच्च अदालत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल प्रहरी लगायतका सरकारी निकायहरू, नेपाल बार एशोसियसन लगायतका संस्थाबाट पर्यवेक्षक गरी ४ सय जनाको सहभागीता रहेको थियो । सम्मेलनको अन्तिम दिन ३० बुँदे सरकारी वकीलको घोषणापत्र पारित गरेको थियो ।

## २) सम्मेलन आयोजनाको उद्देश्य

सम्मेलन आयोजना गर्नुका उद्देश्यहरु निम्नानुसार रहेका थिए:

क) नयाँ संवैधानिक तथा कानूनी व्यवस्थाका बारेमा सरकारी वकीलहरुलाई अभिमुखीकरण गर्नु र साझा धारणा विकास गर्नु,

ख) महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्य प्रणालीमा गर्नु पर्ने सुधारका क्षेत्रहरु पहिचान गर्नु,

ग) महान्यायाधिवक्ताको कार्यालयको भौतिक पूर्वाधार तथा संस्थागत सुदृढीकरणका लागि आधार निर्माण गर्नु,

घ) सरकारी वकीलहरुको व्यावसायिकता विकास तथा सरकारी वकील कार्यालयको संस्थागत क्षमता विकास गर्नका लागि साझा धारणा विकास गर्नु,

ङ) मानव अधिकारको संरक्षण र जनताको न्यायमा सहज पहुँचलाई प्रत्याभूति प्रदान गर्न सरकारी वकीललाई क्रियाशील तुल्याउनु,

च) सरकारवादी मुद्दा र अदालतमा सरकारको तर्फबाट गरिने प्रतिनिधित्वलाई प्रभावकारी बनाउन आवश्यक रणनीतिहरु तयार गर्नु, कानूनी सहायतालाई समेत लक्षित वर्ग केन्द्रित बनाउन सरकारी वकीलहरुलाई उत्प्रेरित गर्नु,

छ) सरकारी वकील कार्यालयबाट सम्पादन गरिने काम कारवाही र वितरण गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाई जनविश्वासिलो र भरोषायुक्त संस्थाको रुपमा विकास गर्ने आवश्यक उपायहरु पहिचान गर्ने,

ज) न्यायमा सहज पहुँचको अवस्थाको समीक्षा गर्दै पहुँच अभिवृद्धिका लागि अपनाउनु पर्ने उपायहरु पहिचान गर्नु, तथा

झ) सरकारी वकीलको संगठनलाई लैंगिक मैत्री र सामाजिक समावेशीकरणको अभ्यासका गर्ने संस्थाको रुपमा स्थापित गर्न सरकारी वकीलहरुलाई उत्प्रेरित गर्नु र सो सम्वन्धी नीतिगत सुधारका प्रस्तावहरु पहिचान गर्नु ।

**३) सम्मेलनको प्रारूप**

यस सम्मेलनलाई उद्घाटन सत्र, कार्यपत्र सत्र र समापन सत्र गरी तिन सारभूत सत्रमा विभक्त गरिएको छ ।

**उद्घाटन सत्र : पहिलो दिन २०७३ पौष ८ गते, शुक्रबार**

क) **उदघाट्न सत्रको झलक**

महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस (पौष ८) को अवसरमा नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मलेन २०७३ पौष ८ देखि १० गतेसम्म आयोजना गर्ने कार्यक्रम रहेको थियो । यसै क्रममा पौष ८ गते बिहान ७ बजे महान्यायाधिवक्ताको कार्यालय परिसरमा जम्मा भई ७:३० बजे प्रभातफेरि प्रारम्भ भयो ।उक्त प्रभातफेरि कार्यक्रम रामशाहपथ, पुतलीसडक, कमलादी हुँदै सम्मेलनस्थल नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादीमा ८ बजे प्रवेश ग–यो । उक्त प्रभातफेरिमा महान्यायाधिवक्ताको

कार्यालयका सम्पूर्ण तहका कर्मचारीहरु समावेश हुनुको साथै अन्तर्गतका कार्यालयबाट आउनुभएका सहभागी सरकारी वकीलहरुको उत्साहजनक सहभागिता थियो । बिहान ८ बजेदेखि ८:३० बजेसम्म चियानास्ता लिएपछि सहभागीहरु मूल सभाहलमा प्रवेश गर्नुभयो । अतिथिहरुको स्वागत गर्दै, कार्यक्रमको चिनारीसहित बिहान ९:०५ बजेबाट शुरु भएको उदघाटन सत्र संचालनको काम सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीज्यूले गर्नु भयो । सभाहलमा अतिथिहरुको पद, सम्बद्धता र वर्गअनुसार बँसाईको व्यवस्थापन मिलाइएको थियो ।

विशिष्ट अतिथिको रुपमा सम्माननीय सभामुख ओनसरी घर्तीमगरज्यूको आगमन बिहान ८: ५५ मा भयो ।

राष्ट्रिय सम्मेलनको उदघाटन सत्रमा माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठज्यूले अध्यक्षता ग्रहण गर्नु भएको थियो भने प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यू, विशिष्ट अतिथिको रुपमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल “प्रचण्ड” ज्यू, सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला काकीज्यू र सम्माननीय सभामुख श्री ओनसरी घर्तीमगरज्यू रहनुभएको थियो । यसबाहेक उक्त सत्रमा आमन्त्रित अतिथिको रुपमा माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री विमलेन्द्र निधिज्यू, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजयशंकर नायकज्यू, माननीय न्यायाधीश एवं पूर्व महान्यायाधिवक्ता श्री हरिकृष्ण कार्कीज्यू, पूर्व महान्यायाधिवक्ताज्यूहरु, नेपाल बारका अध्यक्ष श्री शेरबहादुर के.सी.ज्यू, वरिष्ठ अधिवक्ताज्यूहरु, सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष श्री सूर्यकिरण गुरुङ्गज्यू, नेपाल सरकारका सचिवज्यूहरु, सर्वोच्च अदालतका रजिष्ट्रारज्यू, प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यू, जनपथ र सशस्त्र प्रहरीका उच्च अधिकृतहरु, दातृ निकायका प्रतिनिधिहरु, विधिविज्ञान विज्ञहरु, पूर्व नायब महान्यायाधिवक्ताहरु, पत्रकार तथा संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

सहभागीको रुपमा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय र यसै अन्तर्गत कार्यालय एवं सरकारी वकीलको प्रतिनिधित्व रहने अन्य निकायका सहन्यायाधिवक्ताज्यूहरु, उपन्यायाधिवक्ताज्यूहरु, शाखा अधिकृतज्यूहरु तथा सहायक एवं सहयोगी स्तरका कर्मचारीहरु रहनु भएको थियो ।

विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको आगमन बिहान ९:१३ मा र अतिथि माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री श्री विमलेन्द्र निधिज्यूको आगमन ९:१५ मा भयो । प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूको आगमन बिहान ९:२५ मा भयो । सबै विशिष्ट अतिथि उपस्थित भइसकेपछि सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली नेतृत्वको टोलीले वहाँहरुमा ब्याज

वितरण गरेको थियो । सो टोलीमा उपन्यायाधिवक्ता श्री दुर्गा खड्का, शाखा अधिकृत श्री बिना खड्का थापा र टा.ना.सु. श्री शान्ता ज्ञवाली रहनु भएको थियो ।

**ख) नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेलज्यूको स्वागत मन्तव्य**

**प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा, व्यावसायिक सरकारी वकील, हाम्रो प्रतिबद्धता** भन्ने मूल नाराका साथ आयोजना भई रहेको नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मलेनमा प्रमुख अतिथि, विशिष्ट अतिथि, अन्य अतिथिगण, पर्यवेक्षक र सञ्चारकर्मीमा हार्दिक स्वागत गर्दै विभिन्न आरोह अवरोह पार गर्दै सरकारी वकीलको संरचना हालको अवस्थामा आइपुगेको, भौतिक सुधार र जनशक्ति विकास महत्वपूर्ण चुनौतिको रुपमा रहेको, आजको दिन सरकारी वकीलहरुको इतिहासमा एक महत्वपूर्ण दिनको रुपमा रहेको, पहिलो रणनीतिक पञ्चवर्षीय योजनाको समाप्तिपछि हालै दोश्रो रणनीतिक योजना प्रारम्भ भएको तथा संस्थागत सुदृढीकरणमा सरकारी वकीलको वृत्तिविकासलाई विशेष सम्बोधन गर्नुपर्ने आवश्यकता रहेकोमा जोड दिनुभयो ।

**ग) नेपाल बार एसोशियनका अध्यक्ष श्री शेरबहादुर के.सी.ज्यूको शुभकामना मन्तव्य**

फौज्दारी मुद्दा चलाउने निकायको रुपमा सरकारी वकीलहरुको गहन दायित्व रहेको, नेपालमा अन्य धेरै निकायले समेत अभियोजन गरिरहेकोमा सोको एकल र अन्तिम अधिकार सरकारी वकीलहरुमा हुनुपर्ने, इजरायलमा महान्यायाधिवक्ताले राष्ट्रपतिलाई समेत मुद्दा चलाएको दृष्टान्त रहेको, संविधान जारी भएको १५ महिनापछि पनि कार्यान्वयन अनिश्चित भएको, आगामी वर्षको जेठसम्म तीनवटै निकायको चुनाव गर्नुपर्ने आवश्यकता रहेको, अन्यत्र संविधानले समाधानको काम गरेकोमा हाम्रोमा समस्या बन्न पुगेको, प्रदेश विभाजनमा विवाद रहेको छ भने ५ वटा विकास क्षेत्रलाई ५ प्रदेश बनाई, उपत्यकालाई छैठौं प्रदेशको रुपमा राख्न सकिने, स्वतन्त्र न्यायपालिका भनिएता पनि बजेट र साधन श्रोतको दृष्टिले दयनीय रहेको, मागेजति साधनश्रोत सरकारबाट कहिल्यै प्राप्त नहुने गरेको, स्वतन्त्र न्यायपालिका रहेन भने लोकतन्त्र पनि नरहने कुरा व्यक्त गर्नुभयो ।

**घ) प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यूको शुभकामना मन्तव्य**

नेपाल प्रहरी, सरकारी वकील र न्यायपालिकाको समन्वयबाट मात्र फौज्दारी न्याय प्रणाली सुदृढ हुनसक्ने, अपराध अनुसन्धानको प्रारम्भविन्दुको रुपमा नेपाल प्रहरी रहेको, हामीकोमा एकातिर आधा शताब्दी पुराना कानुन छन् भने अर्कोतर्फ स्क्यान्डिनेभियन मुलुकको चेतनास्तर सुहाउने कानुन पनि रहेको, एउटै व्यक्ति जाहेरवाला र अभियुक्त भएर आउँदा प्रहरीबाट फरक फरक व्यवहारको अपेक्षा हुने गरेको, विगतका वर्षमा अपराध अनुसन्धानले फड्को मारेको, पोलिग्राफ, डिजिटल फोरेन्सिक ल्याब, भ्वाइस स्पेक्ट्रम एनलाइजर लगायतका प्राविधिक साधनको व्यवस्था हुनुको साथै क्राइम एक्शन प्लान बनेको, विगतदेखि अपराधी पत्ता नलागेका सर्वोच्चका पूर्व न्यायाधीश रणबहादुर

बम हत्याकाण्ड, बडिखेल र रानीबारी हत्याकाण्डमा दोषी पत्ता लागेको, व्यावसायिक प्रहरी र आस्थाबाट परिचालित प्रहरी बीचको द्वन्द्वमा आस्थाबाट चल्ने प्रहरीको जीत हुन नहुने र निर्दिष्ट लक्ष्यप्राप्तिमा यो सम्मेलन कोसेढुंगा बनोस् भनी शुभकामना दिनुभयो ।

**ङ) सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष श्री सूर्यकिरण गुरुङ्गज्यूको शुभकामना मन्तव्य**

संक्रमणकालीन न्यायको व्यवस्थापन चुनौतिपूर्ण रहेकोले सरकारी वकील र प्रहरीको सहयोगबिना संक्रमणकालीन न्यायको व्यवस्थापन जटिल रहेको कुरा उल्लेख गर्नु भयो । सत्यतथ्य पत्ता लगाउने, मानव अधिकारका गंभीर उलंघनकर्तालाई कारवाहीको लागि सिफारिस गर्ने र पीडितलाई पुगेको क्षतिबापत परिपुरण दिलाउने कार्य आयोगको रहेको तथ्य खुलाउँदै २०७२ पौषमा आयोगले निर्णय गरी पठाएको प्रस्तावलाई सरकारले हालसम्म स्वीकृत नगरेको अवस्था खुलाउनुभयो । यस क्रममा आयोगमा ५८ हजारभन्दा बढी उजुरी प्राप्त भएबाट आयोगप्रति पीडितहरुको विश्वास रहेको तथ्य प्रमाणित भएको टिप्पणी गर्दै केही दिन अघि मात्र प्रदेशहरुमा मुकाम तोक्ने कुरामा स्वीकृत भई आएको कुरा उल्लेख गर्नु भयो । यातना हेर्ने अधिकार आयोगमा भएता पनि यातनालाई अपराधिकरण गर्ने कानून नभएको अवस्थातर्फ इङ्गित गर्नुभयो । अन्तमा वहाँले आयोग असफल भएमा द्वन्द्वकालीन मुद्दामा अन्तर्राष्ट्रिय क्षेत्राधिकार कायम हुने र बेलायतमा चलेको कुमार लामाको मुद्दाबाट मानवधिकार उल्लंघनको विषय कुनै एक राष्ट्रको मात्र चासो र सरोकारको विषय नरहेको कुरा औंल्याउनुभयो ।

**च) पुर्व महान्यायाधिवक्ताज्यूहरुको सम्मान**

उदघाटन सत्रकै क्रममा नेपाल राज्यका पूर्व महान्यायाधिवक्ताहरुलाई सम्मान गर्ने सिलसिलामा प्रमुख अतिथी सम्मानीय राष्ट्रपतिज्यूले पूर्व महान्यायधिवक्ताहरु सर्वश्री सर्वज्ञरत्न तुलाधर, बद्रीबहादुर कार्की, सुशिलकुमार पन्त, पवनकुमार ओझा, महादेवप्रसाद यादव, लक्ष्मीबहादुर निराला, राघवलाल वैद्य, युवराज संग्रौला, मुक्तिनारायण प्रधान, द्रोणराज रेग्मी, बाबुराम कुवँर, हरिकृष्ण कार्की तथा हरि फुयाललाई कदरपत्रसहित दोसल्ला ओढाई सम्मान गर्नु भयो ।

**छ) पूर्व महान्यायधिवक्ता श्री बद्रीबहादुर कार्कीज्यूको शुभकामना मन्तव्य**

आफू समेतका पूर्व महान्यायाधिवक्ताहरु सम्मानित भएकोमा गौरवान्वित भएको उल्लेख गर्दै समारोहलाई शुभकामनासहित यसको पूर्ण सफलताको कामना गर्नु भयो । २००८ सालमा आजकै दिन महान्यायधिवक्ताको रुपमा Attorney General को नियुक्ति भएको खुलाउँदै वहाँले २०२३ सालमा Attorney General लाई महान्यायाधिवक्ताको रुपमा रुपान्तरण गरिएको जानकारी दिनुभयो । प्रधानमन्त्रीको सिफारिशमा महान्यायाधिवक्ता नियुक्त हुने भए तापनि प्रधानमन्त्रीको मात्र कानून सल्लाहकार भएको भन्ने भ्रम रहेको

उल्लेख गर्दै प्रधानमन्त्री महान्यायाधिवक्ताको One of the Clients रहेको प्रष्ट्याउनु भयो । महान्यायाधिवक्ता राज्यको एक महत्वपूर्ण संस्था रहेको खुलाउँदै वहाँले निज राज्यको मुख्य कानुनी सल्लाहकार एवं मुख्य अभियोजनकर्ताको हैसियतमा समेत रहेको जनाउनुभयो । यसका अतिरिक्त, नेपालमा संस्थागत स्मृतिमा समस्या भएकोले गतिरोध आएको र सरकारको अस्थिरताको कारण महान्यायाधिवक्ताको पद अस्थायी हुन पुगेको कुरामा जोड दिनु भयो।

मन्तव्यकै क्रममा वहाँले सरकारका अंगले काम बिग्रेपछि प्रतिरक्षा माग्ने कि गरिएका काम कारवाहीलाई कानूनसम्मत बनाउने भन्नेतर्फ सोच्ने समय आएकोतर्फ सजग गराउनुभयो । महान्यायाधिवक्ताको Functional Autonomy का सम्बन्धमा आफू पदमा रहँदा सम्मानित सर्वोच्च अदालतमा मुद्दा गरी व्याख्या भएको र महान्यायाधिवक्ताको कार्यात्मक स्वायत्ततालाई स्थापित गरेको कुरा उल्लेख गर्नुभयो । सरकारी वकीलको सुविधा तथा न्यूनतम बजेटको समेत निश्चित नभएको कारणले सँस्थागत विकास हुन नसकेको कुरा वहाँले प्रकाश पार्नुभयो ।

**ज) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय शंकर नायकज्यूको शुभकामना मन्तव्य**

कार्यक्रमको आयोजना भएकोमा आफू गौरवान्वित भएको उल्लेख गर्दै सरकारी वकील अझै सन्तुष्ट भएर बस्ने अवस्था नरहेकोतर्फ सचेत गराउनुभयो । सरकारी मुद्दाको सफलतादर बढाउन विशेष ध्यान दिनुपर्नेमा जोड दिंदै सरकारी वकीलका आर्थिक, भौतिक, पेशागत ज्ञान, सीप, क्षमतासम्बन्धी विषयमा चूनौतिहरु रहेको र यी चूनौति तथा समस्याहरुको समाधान गर्न तथा सरकारी वकीलको दोस्रो पञ्चवर्षिय रणनीतिक योजना कार्यान्वयन गर्ने सम्बन्धमा कानून मन्त्रालयको सहयोग रहिरहने कुरामा प्रतिबद्धता जनाउनुभयो ।

**झ) माननीय व्यवस्थापिका संसद सभामुख श्री ओनसरी घर्तीमगरज्यूको शुभकामना मन्तव्य**

सरकारी वकीलको सम्मेलनको परम्परा बसाएकोमा बधाई दिदैं कार्यक्रम सफलताको शुभकामना दिनु भयो । सम्मेलनको निरन्तरता हुनुपर्ने कुरा तर्फसमेत वहाँको जोड थियो । सम्मेलनमा संस्थागत सुधार, फौजदारी न्याय र कानूनजस्ता विविध विषयमा कार्यपत्र प्रस्तुत भई सरकारी वकीलको अभिमुखीकरण हुने र कार्यमा प्रभावकारिता बढ्ने आशा व्यक्त गर्दै यो सम्मेलनको बेग्लै महत्व रहेको कुरामा जोड दिनु भयो । साथै, दोश्रो पञ्चवर्षिय रणनीतिक योजना कार्यान्वयन पश्चात विद्यमान कमी कमजोरी र देखिएका समस्याहरु हल हुँदै जाने कुरामा विश्वास व्यक्त गर्नुभयो ।

**ञ) सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला कार्कीज्यूको शुभकामना मन्तव्य**

सर्वप्रथम आयोजकलाई धन्यवाद दिँदै अभिनन्दित पूर्व महान्यायाधिवक्ताहरुलाई बधाईसमेत दिनु भयो । सरकारी वकीलको हैसियत के हुने, कस्तो कार्यप्रणाली अपनाउने भन्ने कुरामा प्रस्तुत सम्मेलन निचोडमा पुगी भविष्यको लागि मार्ग निर्देशन दिनुपर्ने कुरामा जोड दिनु भयो । न्यायपालिकाले न्यायमा पहुँचको लागि अभिभावकत्व ग्रहण गरेको छ । समयक्रममा विपन्न वर्गको प्रतिनिधित्व गर्दै तत् तत् वर्गको हितमा काम गर्नुपर्ने अवस्था छ । कमजोर वर्गले ७० प्रतिशतभन्दा बढी मुद्दामा हारको सामना गर्नुपरेको देखिंदा तिनीहरुलाई सवल बनाउनु पर्ने आवश्यकतामा जोड दिनुभयो । ठहर्ने मुद्दामा समेत प्रमाणको अभावमा मुद्दा हारेको तथ्यलाई औंल्याउँदै वहाँले मुद्दाको फैसला नहुदासम्म वादी प्रतिवादी अदालतको दृष्टिमा समान हुने बताउँदै कतिपय मुद्दाहरु पहिले गडाउ भएर आएता पनि पछि मुद्दा कमजोर भएर जानेतर्फ ध्यानाकर्षण गराउनुभयो।

**ट) सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको शुभकामना मन्तव्य**

कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै कानूनको पालना नागरिकले मात्र नभई सरकारले समेत गर्नुपर्ने कुरा स्मरण गराउनुभयो । वहाँले फौजदारी न्याय प्रणालीको प्रभावकारितामै सरकारको सफलता निहित रहेको हुने तथा राज्यका निकायलाई कानुन बमोजिम काम गर्न राय दिने र कानूनी शासन कायम गर्नमा सरकारी वकीलहरु पहरेदारको रुपमा रहने कुरा प्रष्ट्याउनु भयो । नेपाल सरकारको तर्फबाट सरकारवादी मुद्दामा बहस पैरवी र प्रतिरक्षामा प्रभावकारीता ल्याउन, व्यावसायिक जनशक्तिको निमार्ण एवं उपयुक्त कार्यवातावरणको विकासका निम्ति सेवा सुविधा र पर्याप्त साधन श्रोतको विनियोजन उत्तिकै महत्वपूर्ण हुनेतर्फ जोड दिनुभयो । विश्वव्यापीकरणले ल्याएको परिवर्तनसँगै अपराध गर्ने व्यक्तिले नयाँनयाँ शैलीको प्रयोग गर्ने र अपराधमा समेत नयाँ प्रविधिले चुनौती थपेको कुरामा सजग गराउनुभयो । संविधानको कार्यान्वयन र संक्रमणकालीन अवस्थाको व्यवस्थापन गर्न सरकारी वकीलहरुको क्षमता वृद्धि पनि आवश्यक हुने तथ्य मनन गर्दै संघीयता र समावेशीतालाई सँगै लैजान समेत सरकारी वकीलहरुको सहयोग महत्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।अन्तमा वहाँले राष्ट्रिय सम्मेलनको सफलताको कामना गर्दै नेपाल सरकारबाट सरकारी वकील संरचनालाई आवश्यक सहयोग प्राप्त भइरहने विश्वास दिलाउनुभयो ।

**ठ) प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूको शुभकामना मन्तव्य**

दिगो विकास, कानूनको शासन, नागरिक हकको प्रत्याभूति, दण्डहिनताको अन्त्य तथा मानव अधिकारको रक्षाको लागि सुदृढ फौज्दारी न्याय प्रशासनको आवश्यकता औंल्याउनु भयो । यस प्रशासनको अभिन्न अंगको रुपमा महान्यायाधिवक्ताको कार्यालयको आफ्नै विशिष्ट भूमिका रहने कुरामा जोड दिँदै नेपाल राज्यका विभिन्न अधिकारी र निकायलाई कानूनी सल्लाह दिने र ती निकायको काम कानुनसम्मत हुने कुराको प्रत्याभूति गर्नमा सरकारी वकीलहरुको महत्वपूर्ण योगदान रहने कुरामा प्रकाश

पार्नुभयो । हामीले लामो समयदेखि प्रतिस्पर्धात्मक चुनाव, स्वतन्त्र न्यायपालिका, समानता र अधिकारजस्ता लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्धता जनाउँदै आएको तथ्य स्मरण गर्दै आफ्ना लक्षित दायित्व र भुमिका निर्वाह गर्दा सरकारी वकीलहरु व्यावसायिक रुपमा प्रतिस्पर्धी, स्वतन्त्र र सक्षम हुनुपर्ने कुरामा जोड दिनुभयो । सरकारवादी फौजदारी मुद्दाको सफलतादर वृद्धि गर्नमा सरकारी वकीलहरुले थप प्रयत्न गर्नुपर्ने र यसका लागि सम्बन्धित सबै पक्षको सहयोग र सहकार्य चाहिने कुरा प्रकट गर्नुभयो । आम जनताले आफ्ना अधिकार निर्धक्क ढंगले प्रयोग गर्न सक्ने अवस्था भएमात्र भयरहित र न्यायपूर्ण समाजको श्रृजना गर्न सकिने र नयाँ संविधानबाट प्राप्त जिम्मेवारी निर्वाह गर्न सरकारी वकीलहरुको भूमिका थप परिष्कृत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । अन्तमा कानुनले सुम्पेको जिम्मेवारी सबल रुपमा सम्पन्न गर्ने अपेक्षा आफुले सरकारी वकीलहरुबाट राख्दै कार्यक्रमको पूर्ण सफलताको कामना गर्नुभयो ।

**ड) माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यूको स्वागत तथा उदघाटन सत्रको समापन**

आफूले महान्यायाधिवक्ताको रुपमा पदबहाली गरेपछि कार्यालयको आन्तरिक पक्षको बारेमा जानकारी लिने अवसर प्राप्त भएको तथा बजेट, भौतिक सुविधा, तालिम आदि कुरामा सरकारका अन्य निकायभन्दा कम ध्यान दिने गरिएको महसूस आफूलाई भएको कुरा राख्नुभयो । यसैक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूबाट कार्यालयको अवलोकन भ्रमण गरी समस्याबारे जानकारी लिनु भएकोमा उहाँमा धन्यवाद ज्ञापन गर्नुभयो । यसका अतिरिक्त, राज्यका हरेक निकायलाई कानुनी राय सल्लाह दिने मुख्य भूमिका महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरुको रहने हुँदा राज्यका सबै निकायको मुख्य कानुनी सल्लाहकार महान्यायाधिवक्ता नै रहेको तथ्य हामी सबैले मनन् गर्नुपर्नेमा जोड दिनुभयो । निर्णय गर्दा सरकारी वकीलको राय नलिने, लिएको राय पनि कार्यान्यिवन नगर्ने माग गरिएका फाइल र मिसिल समयमै उपलब्ध नगराउने आदि कार्यबाट सरकारवादी मुद्दामा सफलता पाउन नसकिने स्मरण गराउँदै प्रस्तुत सम्मेलनबाट सरोकारवालाहरु बीच यस कार्यालयको काम, कर्तव्य र अधिकार बारे सुचना प्रवाह हुने आशा व्यक्त गर्नुभयो । एकातिर कार्यवोझको तुलनामा कर्मचारी दरबन्दी नपुग छ भने अर्कोतर्फ उनीहरुको मनोबल उच्च राखी व्यावसायिकताको विकास गर्ने अर्को चुनौती रहेको कुरा वहाँले दृढतापूर्वक औंल्याउनुभयो ।

सत्यनिरुपण र बेपत्ता छानविन आयोग ऐन, २०७१ लाई समयानुकूल संशोधन गर्दै संक्रमणकालीन मुद्दाको उचित व्यवस्थापन गर्नुपर्ने अवस्था बोध गर्दै वहाँले न्यायाधीश नियुक्तीमा सरकारी वकीलहरुलाई किनारामा पारिएको महसुस भएको हुँदा समानुपातिक प्रतिनिधित्व गर्नु जरुरी हुने अभिमत राख्नुभयो । सरकारी वकीलहरुको व्यावसायिक आचार संहिताको पालना गर्दै भ्रष्टाचार विरुद्ध शुण्य सहनशिलता अपनाउनु अपरिहार्य

रहेको स्मरण गर्दै इमान्दार, मेहनती र सक्षम सरकारी वकील एवं कार्यालयलाई पुरष्कृत गर्न यसै वर्षदेखि थालिएको कुरा खुलाउनुभयो । सूचना प्रविधिको अवलम्वन हाल आएर अनिवार्य भएकोतर्फ समेत वहाँले जोड दिनु भयो ।

अन्तमा वहाँले सम्मेलनलाई सफल गराउन सहयोग गर्ने सबै व्यक्ति र संस्थाहरुमा धन्यवाद दिनुभयो । सम्मेलनका सहभागी र पर्यवेक्षकहरु सक्रिय रुपमा सहभागी भई पारित प्रस्तावहरुले सम्बन्धित सरोकारवालाहरुलाई उचित मार्गनिर्देशन गर्ने अपेक्षासमेत राखु भयो । साथै राज्यले पूर्व महान्यायाधिवक्ताहरुको विज्ञता र अनुभवलाई सदुपयोग गर्नुपर्ने र यस क्रममा राजदुत नियुक्तिसम्बन्धी मुद्दामा पूर्व महान्यायाधिवक्ताहरुको समेत सेवा लिइएको स्मरण गर्दै सोका लागि सम्माननीय प्रधानमन्त्रीज्यूमा आभार प्रकट गर्नुभयो ।

**ढ) उदघाटन सत्रको समाप्तिको झलक**

बिहान ८:३० मा प्रारम्भ भएको सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनको उदघाटन सत्र ठीक ११:०५ मा सम्पन्न भयो । यसपछि लगत्तै प्रमुख र विशिष्ट अतिथिहरुसँग पूर्व महान्यायाधिवक्ताहरुज्यूहरु एवं नायब महान्यायाधिवक्ताज्यूहरु तथा सहन्यायाधिवक्ताहरुज्यूहरुले अलग अलग तस्वीर खिचाउने कार्यक्रम सम्पन्न भएपश्चात अतिथि र सहभागीहरु बिहानको खानामा सामेल हुनुभयो ।

OFFICE OF THE ATTORNEY GENERAL NEPAL

परिच्छेद दुई

# कार्यपत्र प्रस्तुती र छलफल

१) **पृष्ठभूमि**

सम्मेलनको दोस्रो दिन सहभागीहरूलाई पाँचवटा समूहमा विभाजन गरी सरकारी वकील र विभिन्न क्षेत्रका विज्ञहरूद्वारा प्रस्तुत गरिएको कार्यपत्र माथि छलफल भएको थियो । समूह क मा सरकारी वकीलको संगठन संरचना र कार्यप्रणाली, समूह ख मा सरकारी वकील कार्यालयको संस्थागत विकास, समूह ग मा सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन र सरकारको सरोकारका मुद्दामा प्रतिरक्षा, समूह घ मा सरकारी वकील कार्यालयको पूर्वाधार विकास र संस्थागत सुदृढीकरण र समूह ङ मा फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनहरू विषयमा कार्यपत्र प्रस्तुती र सोसँगै विभिन्न समूहमा निर्धारित कार्यपत्रहरु माथि छलफल भएको थियो । ति विषयहरु र छलफलमा सहभागीहरुबाट उठाईएका विषयहरु यहाँ प्रस्तुत गरिएको छ ।

२) **समूह क को संयोजन र व्यवस्थापन**

**क) समूह संयोजन र व्यवस्थापन समूह**

**संयोजक**
सहन्यायाधिवक्ता श्री किरण पौडेल
**सहसंयोजक**
सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल
सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली
**प्रतिवेदन तयारी**
उपन्यायाधिवक्ता श्री कोषहरि निरौला
शाखा अधिकृत श्री बिना खड्का (थापा)
शाखा अधिकृत श्री सविता शर्मा
शाखा अधिकृत श्री ओम प्रकाश बराल
शाखा अधिकृत श्री बिन्दु कुमारी धामी रावल
शाखा अधिकृत श्री बाबुराम भट्टराई
नायब सुब्बा श्री कौशल ढुङ्गाना
कम्प्युटर अपरेटर श्री करण खत्री
कार्यालय सहयोगी श्री समर नगरकोटी

यस समूहमा **सरकारी वकीलको संगठन संरचना र कार्यप्रणाली** सम्बन्धी शिर्ष विषय दिइएको थियो । उक्त छलफल कार्यक्रममा २ जना पर्यवेक्षक सहित सहभागीहरुको कूल संख्या ७०

रहेको थियो । छलफलमा सहभागीहरुको हाजिरी विवरणा अनुसूची दुईमा समावेश गरिएको छ । यस विषयमा देहाय बमोजिमका विभिन्न ६ वटा शिर्षकहरुमा छलफल भएको थियो ।

**ख)** **प्रस्तुत कार्यपत्रहरु**

**१)** **संघीय व्यवस्थामा महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्यप्रणाली ।**

**२)** **सरकारी वकीलको जनशक्ति विकास र बिशिष्टीकरणका लागि अवलम्वन गर्नुपर्ने उपायहरु।**

**३)** **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको कार्यालय व्यवस्थापन तथा अनुगमन र सुपरिवेक्षणको वर्तमान अवस्था एवं सुधारका क्षेत्रहरु ।**

**४)** **सरकारी वकीलको उत्तरदायित्व, गुनासो तथा उजुरी व्यवस्थापनको लागि अपनाउनुपर्ने उपायहरु ।**

**५)** **रिट निवेदनमा प्रतिरक्षा गर्दा देखिएका समस्याहरु र समाधानका लागि अपनाउनु पर्ने समस्याहरु ।**

**६)** **अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना र यसले अवलम्बन गर्नु पर्ने रणनीतिहरु**

**ग)** **कार्यपत्र प्रस्तुती र छलफल**

**पहिलो दिन : २०७३/०९/०८**

सम्मेलनको पहिलो दिन देहाय बमोजिमका २ कार्यपत्रमा छलफल भएको थियो ।

**१)** **संघीय व्यवस्थामा महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्यप्रणाली ।**

**२)** **सरकारी वकीलको जनशक्ति विकास र बिशिष्टीकरणका लागि अवलम्वन गर्नुपर्ने उपायहरु।**

**कार्यपत्र नं. १: संघीय व्यवस्थामा महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्यप्रणाली ।**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री किरण पौडेलज्यूले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत छलफलमा माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठज्यूले अध्यक्षता गर्नु भएको थियो ।कार्यपत्रमा उठाएका विषयहरु निम्नानुसार रहेका छन् ।

- एकात्मक र संघात्मक राज्यसंरचना हुँदा तह उस्तै देखिएपनि संबिधानले छुट्टाछुट्टै अधिकार दिने ।
- संबिधानले महान्यायाधिवक्ताको संरचनाबारे स्पष्ट व्यवस्था नगरेको ।

- उच्च अदालतको स्थापना सँगै उच्च सरकारी वकील कार्यालयको स्थापना भएको।
- संघीय शासन व्यवस्था अवलम्वन गरेका केही देशहरु (भारत, अष्ट्रेलिया, क्यानडा, अमेरिका, दक्षिण अफ्रिका) मा महान्यायाधिवक्ता र अभियोजन प्रक्रिया सम्बन्धीको तुलनात्मक जानकारी कार्यपत्रमा प्रस्तुत भएको थियो।
- नेपालको वर्तमान संविधानले महान्यायाधिवक्तालाई दिएको जिम्मेवारी तथा सो सम्बन्धमा रणनीतिक योजनाले सम्बोधन गरेका विषयहरु समेत कार्यपत्रमा प्रस्तुत भएको थियो ।
- महान्यायाधिवक्ता २०४७ साल अघि प्रमुख कानूनी सल्लाहकारको रुपमा रहेको र २०४७ साल पछि प्रमुख अभियोजनकर्ताका रुपमा भूमिका निर्वाह गर्दै आएको देखिन्छ।
- सरकारी वकीलको क्षमता बिकासका लागि सिकाईमा जोड दिईएको ।
- अनुसन्धान, अभियोजन तथा अदालत समेतमा सरकारी वकील कार्यालयको भूमिका प्रभावकारी बनाउने विषयमा जोड दिइएको थियो ।
- महान्यायाधिवक्ताको कार्यालयको संगठनात्मक स्वरुपका सम्बन्धमा संबिधानमा भएको व्यवस्था वारे चर्चा गरिएको थियो।
- विद्धमान संगठन संरचनाको पुर्नसंरचना/पुनरालोकन हुनु पर्छ/पर्दैन भन्ने वारे प्रस्तुतीमा उठान भएको थियो ।
- बिशिष्टिकृत जनशक्तिको महान्यायाधिवक्तामा खाँचो रहेको हो भन्ने कुरा कार्यपत्र प्रस्तुतीका क्रममा उठान गरिएको थियो ।
- सरकारी वकीलको क्षमतामा स्तरोन्नती हुनुपर्ने खाँचो औंल्याइएको थियो।
- ३ वटै तहमा सरकारी वकील अब्बल सावित हुनुपर्ने कुरा कार्यपत्रमा प्रस्तुत गरिएको थियो ।
- सेवा सम्बन्धी ऐन, नियमावली संशोधनको आवश्यकता कार्यपत्रमा औंल्याइएको थियो।

**छलफलमा सहभागीहरुबाट उठाइएका बिषयहरु**

**उपन्यायाधिवक्ता श्री महेशकुमार खत्री, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- सहन्यायाधिवक्ताको संख्या महान्यायाधिवक्ताको कार्यालयमा थप्नुपर्ने ।
- प्रादेशिक कानून र संघिय कानून अन्तर्गत कर्मचारी परिचालित हुनुपर्ने ।
- अदालतमा थपिएका ईजलास बमोजिम सरकारी वकीलको दरबन्दी थप हुनुपर्ने
- सरकारी वकीललाई विशिष्टिकरण गर्नुपर्ने ।
- न्यायाधिवक्तालाई सहयोगी कर्मचारी पर्याप्त दिइनुपर्ने ।

**शाखा अधिकृत श्री शान्ती न्यौपाने, उच्च सरकारी वकील कार्यालय, पाटन**

- उच्च सरकारी वकील कार्यालय पाटनमा मुद्दाको चाप अधिक भएकोले दरबन्दी थप हुनुपर्ने ।
- यस कार्यालय अन्तर्गतका जिल्लाहरुको मुद्दा व्यवस्थापन जटिल छ ।
- यस कार्यालयमा सहन्यायाधिवक्ताको दरबन्दी थप्नुपर्ने ।

**उपन्यायाधिवक्ता श्री पुष्कर सापकोटा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- समसामयिक प्रस्तुती भयो ।
- स्थानीय न्यायिक निकायका सम्बन्धमा वोल्नुभयो ।
- सर्वोच्च अदालतमा बढेका न्यायाधीशको दरबन्दी संगै महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकीलको दरबन्दी बढाउनु पर्ने ।

**उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- संघीयतामा महान्यायाधिवक्ताको कार्यालयको भूमिका प्रवर्दन गर्नुपर्ने ।
- मुख्य न्यायाधिवक्ता र महान्यायाधिवक्ताको भूमिकाबारे स्पष्ट पारिनुपर्ने।
- महान्यायाधिवक्ताको कार्यालयको भूमिका न्यायापालिका तथा कार्यपालिका दुबैतर्फ जोडिएकाले सोही अनुसार महान्यायाधिवक्ताको कार्यालयको भूमिका परिमार्जन गरिनुपर्ने।

**उपन्यायाधिवक्ता श्री बाबुराम अधिकारी, उच्च सरकारी वकील कार्यालय, बिरगंज**

- अभियोजनका क्रममा देखिने समस्या हल गरिनुपर्ने ।
- अभियोजनमा जटिल अवस्था आएको खण्डमा महान्यायाधिवक्ताको कार्यालयको प्रतिनिधि पुगेर जटिलता हटाउनु पर्ने।

**जिल्ला न्यायाधिवक्ता श्री रामचन्द्र शर्मा, जिल्ला सरकारी वकील कार्यालय, बाग्लुङ्ग**

- मुद्दा चल्ने वा नचल्ने निर्णयका क्रममा अभियोजनकर्तालाई स्वतन्त्रता दिइनु पर्ने।

**जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद सुवेदी, जिल्ला सरकारी वकील कार्यालय, पर्सा**

- न्यायाधिवक्ता/सहन्यायाधिवक्ताको कार्य बाँडफाँट स्पष्ट हुनुपर्ने ।
- कार्य बिशिष्टिकरण गरिनुपर्ने ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री रामईश्वर राय यादव, जिल्ला सरकारी वकील कार्यालय, सर्लाही**

- अनुसन्धानकर्ताका लागि विशिष्टीकरणको आवश्यकता छ । साक्षी उपस्थिति गराउन नसक्दा बन्नु पर्ने मुचुल्का बनेर आउने गरेको छैन ।

**उपन्यायाधिवक्ता श्री उमाकान्त पौडेल, बिशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- सरकारी वकील आँफै प्रविधिमैत्री हुनुपर्ने अवस्था देखिएको ।
- अभियोजन सरकारी वकीलबाटै हुनुपर्ने ।
- बिशेष सरकारी वकील कार्यालयका उद्देश्य र भूमिका बिच तादाम्यता गराउनु पर्ने।
- मुख्य न्यायाधिवक्ताको भूमिकाबारे प्रष्ट पारिनु पर्ने ।

**जिल्ला न्यायाधिवक्ता श्री कृष्णराज पन्त, जिल्ला सरकारी वकील कार्यालय, पर्वत**

- उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरुलाई आवश्यक कानून बनाई व्यवस्थित बनाईनु पर्ने ।

**सह न्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- महान्यायाधिवक्ताको कार्यालयको संरचनावारे मतभेद रहेको देखिन्छ ।
- Unitary वा Federal Model अपनाउने वारे प्रष्ट हुनुपर्ने ।
- महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको संरचना व्यवस्थापन हुनु पर्ने ।
- कार्यप्रणाली सम्बन्धमा प्रशासनिक नियन्त्रणवारे स्पष्ट बनाउनुपर्ने एकै ठाउँबाट नियन्त्रण हुनुपर्ने तथा एकरुपता ल्याउनुपर्ने।

**सह न्यायाधिवक्ता श्री गोपीचन्द्र भट्टराई, उच्च सरकारी वकील कार्यालय, विरगञ्ज**

- बिशिष्ट मुद्दाहरु व्यवस्थापनको लागि करारमा बिज्ञ नियुक्त गरी बहस गराउनु पर्ने।
- सबै तहमा दरबन्दी थप गर्नुपर्ने ।
- कार्यालयको काममा दोहोरोपना आउन नहुने ।

**शाखा अधिकृत श्री टेकनाथ अधिकारी, महान्यायाधिक्ताको कार्यालय, नेपाल**

- महाअभियोजनकर्ताको व्यवस्था जरुरी हुने ।
- कर्मचारीहरुको दरबन्दी बढाइनुपर्ने ।
- सबै प्रदेशमा नायव महान्यायाधिवक्ता राख्नुपर्ने ।

कार्यपत्रमा उठाइएका विषयवस्तुहरु (दरबन्दी, कार्यालय व्यवस्थापन, महान्यायाधिवक्ता तथा मुख्यन्यायाधिवक्ता, कार्यालयको संगठनात्मक स्वरुप, मुख्य न्यायाधिवक्ताको भूमिका आदि) उपर सहन्यायाधिवक्ता किरण पौडेलज्यूले स्पष्ट पार्नुभएको थियो ।

अध्यक्षता गर्नु भएका **माननीय महान्यायाधिवक्ताज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित यस कार्यसत्रको समापन गर्नु भएको थियो।

- कानूनी राय दिने अधिकार संबिधानले महान्यायाधिवक्ताकालाई दिए पनि अन्य निकायले पनि कानूनी राय दिने गरेको अवस्था औंल्याउनु भयो ।
- बिज्ञलाई नियुक्त गरेर बहस गर्न नहुने, सरकारी वकील आफै बिज्ञ/दक्ष बन्नुपर्ने ।
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयलाई भौतिक स्रोत साधन सम्पन्न निकायका रुपमा स्थापित गरिदै लगिने ।
- सरकारी वकील अध्ययनशील हुनुपर्ने ।
- अभियोजनका क्रममा राजनीतिक दबाव आउने गरेकोले दवावको सामना गर्नको लागि धैर्यता गर्नु पर्ने ।
- अनुसन्धान अधिकारी (प्रहरी) र सरकारी वकीलको बीचमा सहकार्य र समन्वय हुनुपर्ने ।
- सम्मेलनको मुख्य उद्देश्य सरकारी वकीललाई व्यवस्थीत बनाउने ।
- सरकारी वकील कार्यालयमा प्रहरीलाई १ कक्ष र प्रहरी कार्यालयमा सरकारी वकीललाई १ कक्षको व्यवस्था गर्नुपर्ने ।
- नायव महान्यायाधिवक्ताको दरबन्दी बढाउने होईन घटाउनुपर्ने ।
- सबै तहका सरकारी वकीलहरुले बहस गर्नु पर्ने ।
- सरकारी वकीलले भ्रष्टाचारयुक्त मानसिकता त्यागनुपर्ने ।

==========================================================================

**कार्यपत्र नं. २: सरकारी वकीलको जनशक्ति विकास र बिशिष्टीकरणका लागि अवलम्वन गर्नु पर्ने उपायहरु ।**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री उद्धव प्रसाद पुडासैनीज्यूले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत छलफलमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रले उल्लेख गरेका विषयहरु निम्नानुसार रहेका छन् ।

- जनशक्ति योजना, यसका Dimensions, कार्य बिश्लेषण, कार्य बिशिष्टिकरण आदि बिषयहरुबाट प्रस्तुतीको उठान भएको ।
- कार्यालयको क्षेत्राधिकार सँगसँगै जनशक्तिको क्षमता स्तरोन्नती गरिनुपर्ने कुरामा जोड दिइएको ।
- सरकारी वकील बिशिष्टिकृत हुनुपर्ने कुरामा जोड दिइएको ।
- जनशक्ति योजनका बिभिन्न प्रकृया एवं चरणहरुवारे जानकारी गराइएको ।
- कार्य बिश्लेषणका बिभिन्न तह एवं लाभहरुवारेमा जानकारी गराईएको ।
- गत आ.व. मा महान्यायाधिवक्ताको कार्यालयले कार्य विवरण तयार गरी जिल्ला र पुनरावेदन तहमा बितरण गरेको कुरा उल्लेख गरिएको ।
- बिद्यमान कार्य प्रकृति र कार्यबोझको विवरण बारे जानकारी गराइएको ।
- सरकारी वकीलको बिद्यमान शैक्षिक योग्यता तथा उमेर अवस्थावारे जानकारी गराइएको ।
- सरकारी वकीलको बिद्यमान कार्य अनुभव वारे जानकारी गराइएको ।
- मौजुदा दरबन्दी भन्दा लगभग ५० को संख्यामा सरकारी वकीलको संख्या कम रहेको, कार्य बिशिष्टिकरण र जनशक्ति सम्बन्धमा रणनीतिक योजनाले समेटेका कुराहरु समेत जानकारी गराइएको ।
- बिशिष्टिकरणका लागि अवलम्वन गर्नुपर्ने नीतिगत व्यवस्थाहरुवारे जानकारी गराइएको ।
- अनुगमन र मुल्यांकनको फितलो संयन्त्र सुदृढिकरणका लागि पहल गर्नुपर्ने ।
- सरकारी वकीललाई संस्थामा टिकाइ राख्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नु पर्ने।
- उत्तराधिकारी योजना (Succession Plan) ल्याइ कार्यान्वन गरिनु पर्ने ।
- Right man in right place को अवधारणामा जोड दिइनुपर्ने ।

**छलफलमा सहभागीहरुबाट उठाइएका बिषयहरु**

**उपन्यायाधिवक्ता श्री कोषहरी निरौला, आन्तरिक राजश्व विभाग**

- राजश्व मुद्दाको बिशिष्टिकरण हुनुपर्ने ।
- कार्य प्रणालीमा सुधार गर्नुपर्ने ।
- एउटै मुद्दामा सबै तहबाट टिप्पणी उठाईने गरेको।

**शाखा अधिकृत श्री शान्ती प्रसाद लुईटेल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- सरकारी वकील समूहमा न्यून संख्यामा जनशक्ति भित्रिने गरेको ।

- सेवा प्रवेशमा आकर्षणयुक्त योजना अघि सार्नुपर्ने ।
- रणनीतिक योजना राम्रो छ, कार्यान्वयन हुनुपर्ने ।
- जनशक्ति प्रविधिमैत्री हुनुपर्ने ।
- संघीय न्याय सेवामा रहने की छुट्टीने भन्ने विवादको अन्त्य गरिनुपर्ने ।
- बिशिष्टिकरण गरिँदा अवसरमा समानता हुनु पर्ने ।
- पुरस्कार र दण्ड निश्चित मापदण्डमा आधारित हुनुपर्ने ।

**उपन्यायाधिवक्ताश्री राजेन्द्रसिंह भण्डारी, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, ललितपुर**

- Tax evasion, Money laundering जस्ता नविन विषयहरु सम्बोधन हुनुपर्ने।

**उपन्यायाधिवक्ता श्री पुस्कर सापकोटा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- जनशक्ति प्राप्ती र टिकाउने योजना सुदृढ गरिनुपर्ने ।
- सरकारी वकीललाई व्यावसायिक बनाउने प्रकृतिको सेवा शर्त सम्बन्धी ऐन ल्याउनुपर्ने (धारा १६१ बमोजिम) ।

**शाखा अधिकृत श्री पुष्पराज वास्तोला, उच्च सरकारी वकील कार्यालय, धनकुटा**

- अनुसन्धान र अभियोजनका सन्दर्भमा Terminologies मा Conflict देखिएको ।
- सरकारी वकीललाई अंग्रेजी भाषामा पोख्त बनाईनुपर्ने ।
- Technical Terminologies लाई बिशिष्टिकरण गरिनुपर्ने ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री रामईश्वर राय यादव, जिल्ला सरकारी वकील कार्यालय, सर्लाही**

- सेवा समुहलाई आर्कषक बनाए मात्र जनशक्ति यही सेवामा अडिरहन्छन् ।
- अनुसन्धान अधिकृत सक्षम र योग्य व्यक्तिलाई मात्र तोकिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- सरकारी वकीललाई बहस पैरवी, कानूनी राय, प्रसाशनीक कार्य, बिशेष प्रकृतिका मुद्दा आदि क्षेत्रगत आधारमा बिशिष्टिकरण गर्नुपर्ने ।

**निमित्त जिल्ला न्यायाधिवक्ता श्री एकराज अधिकारी, जिल्ला सरकारी वकील कार्यालय, संखुवासभा**

- अवसरहरुमा समानता कायम गर्न निश्चित मापदण्ड तय गरिनुपर्ने ।

**अनुसन्धान अधिकृत श्री तिलकराम लम्साल, अख्तियार दुरपयोग अनुसन्धान आयोग**

- सिकाईलाई व्यवहारमा उतार्नुपर्ने ।

**सह न्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- संविधानको धारा १६१ लाई ख्याल गरेर सेवा शर्त सम्बन्धी ऐन तर्जुमा हुनुपर्ने ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री कमला काफ्ले, जिल्ला सरकरी वकील कार्यालय, काठमाडौं**

- बहस व्यवस्थापनका सम्बन्धमा, संबेदनशील मुद्दाहरुमा सिनियरसँगै जुनियरलाई बहसमा लैजानु पर्दछ ।
- कार्य/जिम्मेवारी पन्छाउने प्रबृत्तिको अन्त्य हुनुपर्ने ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री केदारनाथ उपाध्याय, जिल्ला सरकरी वकील कार्यालय, रुपन्देही**

- अनुसन्धान, अभियोजन, बहस पैरवी आदि विषयमा कुन तहका सरकारी वकीलले के भूमिका निर्वाह गर्ने भन्ने वारे जानकारी गराउनुपर्ने ।
- कार्य विवरण तयार गरिनु पर्ने ।
- छोटो समयमै अभियोजन गरिनुपर्ने वाध्यता ।
- बहस पैरवीको लागि पर्याप्त समयको अवसर नमिलेको ।

**जिल्ला न्यायाधिवक्ता श्री कृष्णराज पन्त, जिल्ला सरकरी वकील कार्यालय, पर्वत ।**

- एउटै व्यक्तिले धेरै प्रकृतिका कार्य गर्ने हुँदा कसरी बिशिष्टिकरण होला ?

**जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद सुवेदी, जिल्ला सरकरी वकील कार्यालय, पर्सा**

- बृत्ति विकासमा ध्यान दिनुपर्ने।

कार्यपत्रमा उठाइएका विभिन्न विषयवस्तुहरुका सम्बन्धमा कार्यपत्र प्रस्तुतकर्ता सहन्यायाधिवक्ता **श्री उद्धवप्रसाद पुडासैनीज्यूले** सम्बोधन गर्नुभएको थियो ।

- सुझावका आधारमा अगाडि बढिने ।
- विषय बिज्ञानमा जोड दिइनेछ ।
- जनशक्ती प्राप्तीमा समस्या छैन,अवसरको वाटो खुला गर्नुपर्दछ ।
- संविधानको धारा १६१ बमोजिमको कानून तर्जुमामा जोड दिईनेछ ।

- नविनतम अपराधको प्रभावकारी अभियोजनमा जोड दिइनेछ।।

कार्यक्रमको अध्यक्षता गर्नु भएका माननीय न्यायाधीशज्यूले देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नुभयो ।

- बिशिष्टकरण नभई नीतिगत हस्तक्षेप गर्न असम्भव ।
- राजश्वको बिषयमा बिशिष्टिकरण आवश्यक ।
- सरकारी वकील अन्त किन गए मनन गर्नु पऱ्यो ।
- E-crime को बिशिष्टिकरण चाहिने ।
- कार्यपत्रमा धेरै कुरा समेटिएको छ ।
- सक्षम जनशक्ति संस्थाको बलियो आधार भएकोले सीप,ज्ञान, क्षमता, कौशलयुक्त जनशक्ति चाहिने ।
- महान्यायाधिवक्ता First lawyer of country मानिने ।

==========================================================================

OFFICE OF THE ATTORNEY GENERAL NEPAL

**दोस्रो दिन: २०७३/०९/०९**

सम्मेलनको दोस्रो दिन देहाय बमोजिमका ३ कार्यपत्रमा छलफल भएको थियो ।

**१) महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको कार्यालय व्यवस्थापन तथा अनुगमन र सुपरिवेक्षणको वर्तमान अवस्था एवं सुधारका क्षेत्रहरु ।**

**२) सरकारी वकीलको उत्तरदायित्व, गुनासो तथा उजुरी व्यवस्थापनको लागि अपनाउनुपर्ने उपायहरु ।**

**३) रिट निवेदनमा प्रतिरक्षा गर्दा देखिएका समस्याहरु र समाधानका लागि अपनाउनु पर्ने समस्याहरु ।**

**४) अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना र यसले अवलम्बन गर्नु पर्ने रणनीतिहरु**

**कार्यपत्र नं. १: महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको कार्यालय व्यवस्थापन तथा अनुगमन र सुपरिवेक्षणको वर्तमान अवस्था एवं सुधारका क्षेत्रहरु ।**

प्रस्तुत कार्यपत्रमा सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीज्यूले र उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीज्यूले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमज्यूले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रले उठाएका विषयहरु निम्नानुसार रहेका छन् ।

- कार्यालयको संख्यात्मक विवरण, जनशक्ति विवरण, व्यवस्थापन आदिका वारे प्रस्तुत भएको थियो ।
- कार्यपत्रमा नतिजामुखी व्यवस्थापन हुनुपर्नेमा जोड दिइएको थियो ।
- कार्यसम्पादन परिणामुखी बनाउनुपर्नेमा जोड दिइएको ।
- महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयको संगठनात्मक ढाँचा र जनशक्तिबारे प्रकाश पारिएको ।
- जनशक्ति र मौलिक श्रोत साधनको पर्याप्तता नभएको ।
- दरबन्दी मिलान हुन नसकेको ।
- प्रविधिको प्रयोगमा बढोत्तरी ल्याउनु पर्नेमा जोड ।
- भौतिक श्रोत साधनको पर्याप्तता आवश्यक ।
- जिम्मेवारी बहनमा ख्याल पुर्‍याउनुपर्ने ।
- बिशेषज्ञ सहितको सेवा विकासमा जोड ।
- बिशेषज्ञ उत्पादनमूलक तालिम/प्रशिक्षण हुनुपर्ने ।

- व्यावसायिक र आर्कषक सेवामा जोड दिनुपर्ने ।
- अनुगमन र सुपरिवेक्षको व्यवस्था वारे प्रकाश पारिएको ।
- संगठनात्मक संरचना पुनरावलोकन गरिनुपर्ने ।
- अपराधशास्त्रीय अनुसन्धान केन्द्र सुदृढ बनाइनुपर्ने ।
- सरकारी वकीलको सुरक्षा सुदृढिकरण बनाइनुपर्ने ।
- कारागारहरुको भौतिक अवस्थाहरुको वारेमा प्रकाश पारिएको।

**छलफलमा सहभागीहरुबाट उठाइएका बिषयहरु**

**शाखा अधिकृत श्री जयन्ती अवस्थी, उच्च सरकारी वकील कार्यालय, महेन्द्रनगर**

- कर्मचारी व्यवस्थापनका पक्षहरु जस्तै तालिम, सरुवा आदि पूर्वानुमानयोग्य हुनुपर्ने ।
- महान्यायाधिवक्ताको कार्यालयमा व्यक्तिगत विवरण फाराम विकास गरिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री एकनारायण लम्साल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- प्रस्तुत कार्यपत्रमा धेरै कुरा समेटिएको ।
- व्यवस्थापनका सिद्धान्त समेत समेटिनुपर्ने ।
- बिशिष्टिकरणका सिद्धान्त समेत समेटिनुपर्ने ।
- मातहत निकायका कमी कमजोरी औंल्याउनुपर्ने।

**शाखा अधिकृत श्री बिना दाहाल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- बिशिष्टिकृत Objective चयन गरिनुपर्ने ।
- कार्यान्वयन, व्यवहारिक पक्ष सुद्धढ पारिनुपर्ने र सो को मूल्यांकन गरिनुपर्ने ।
- समन्वयमा जोड दिइनुपर्ने।

**उपन्यायाधिवक्ता श्री महेशकुमार खत्री, बिशेष सरकारी वकील कार्यालय, काठमाडौ**

- कार्यालय व्यवस्थापन चुस्त बनाईनुपर्ने ।
- उत्साहित कर्मचारी निर्माण गरिनुपर्ने ।
- कार्यसंचालन स्तरको मूल्यांकन गरिनुपर्ने।

**उपन्यायाधिवक्ता श्री उमाकान्त पौडेल, बिशेष सरकारी वकील कार्यालय, काठमाडौ**

- सिद्धान्त भन्दा व्यवहारीक पाटोलाई सवलीकरण गरिनुपर्ने ।

- कार्यालयको भौतिक व्यवस्थापन अत्यन्त कमजोर रहेको ।
- धेरै सरकारी वकील एकै कोठामा बसेर काम गर्नु परेको ।
- IT तालिमको अवस्था के छ ? अन्यौलको स्थिति छ ।

**शाखा अधिकृत श्री शान्ति न्यौपाने, उच्च सरकारी वकील कार्यालय, पाटन**

- मुद्दाको अन्तिम स्थितिवारे महान्यायाधिवक्ताको कार्यालय बाहेक अन्य सरकारी वकील कार्यालयलाई जानकारी नभएको ।
- उच्च सरकारी वकील कार्यालय, पाटनमा ट्वाईलेट, बाथरुम लगायतका भौतिक अवस्था जिर्ण छन् ।

**उपन्यायाधिवक्ता श्री पुष्कर सापकोटा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- कार्यपत्रको शिर्षकबाट प्रस्तुती विषयान्तर भएको हो की ?
- बढी सैद्धान्तिक विषयमा जोड दिइएको ।
- समन्वयको बिषयमा कार्यपत्रमा थप गरिनु पर्ने ।
- व्यवहारिक कुरा समेटिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठ, सत्य निरुपण तथा मेलमिलाप आयोग**

- अनुगमनको लागि मात्र अनुगमन हुने गरेको ।
- अनुगमन मापदण्ड, कार्यप्रणाली संरचना निर्माण गरिनुपर्ने ।

**जिल्ला न्यायाधिवक्ता श्री रामचन्द्र शर्मा, जिल्ला सरकारी वकील कार्यालय, वाग्लुङ्ग**

- कार्यालय व्यवस्थापन प्रभावकारी बनाइनु पर्ने ।
- दरबन्दी पुनर्मूल्यांकन हुनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री ईश्वरी प्रसाद ढकाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको अवस्था छुट्टाछुट्टै रुपमा प्रकाश पारिनुपर्ने
- व्यावसायिक ढंगले सुपरिवेक्षण मुल्यांकन गरिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री केशबप्रसाद पन्त, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

- दरबन्दी व्यवस्थापन उपयुक्त नभएको ।

- प्रविधि व्यवस्थापन सहज बनाईनुपर्ने ।
- अभिलेख व्यवस्थापन चुस्त बनाईनुपर्ने ।
- मुद्दाका चाप हेरी दरबन्दी मिलान गरिनुपर्ने ।
- दण्ड पुरस्कारको मापदण्ड बनाईनुपर्ने ।
- कार्ययोजना बनाईनुपर्ने ।
- नियमित अनुमगन सुपरिवेक्षणको लागि आवश्यक निर्देशन र Follow Up गरिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री चन्द्र बहादुर सिंजाली, उच्च सरकारी वकील कार्यालय, राजविराज**

- भौतिक व्यवस्थापनमा भएका कमजोरी संम्वोधन हुनुपर्ने ।
- वतनका सम्बन्धमा समेत अभिलेख राखिनुपर्ने ।
- समन्वय व्यवस्थान, भौतिक व्यवस्थापन र अभिलेख व्यवस्थापनमा जोड दिईनुपर्ने ।
- मुल्तवी रहने प्रतिवादीका हकमा समेत चुस्त दुरुस्त अभिलेख राखिनु पर्ने

**निमित्त जिल्ला न्यायाधिवक्ता श्री एकराज अधिकारी, जिल्ला सरकारी वकील कार्यालय संखुवासभा**

- मातहतका कार्यालयले सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा कम्तीमा चौमासिक रुपमा आफुले गरेका काम कारवाहीका सम्बन्धमा समिक्षा गरिनुपर्ने ।
- केन्द्रले उच्च सरकारी वकील कार्यालयमार्फत जिल्लाहरुसँग समन्वय कायम गरिनु पर्ने ।

**शाखा अधिकृत श्री टेकनाथ अधिकारी, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- कार्यतालिका र समय तालिकाका आधारमा अनुगमन, मूल्यांकन र सुपरिवेक्षण गरिनुपर्ने ।
- गुणस्तर सुधारका लागि सुपरिवेक्षणलाई निरन्तरता दिईनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री रामहरि शर्मा काफ्ले, बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोग**

- दण्ड पुरस्कार मापन गर्ने विधि प्रयोग गरिनुपर्ने ।
- अनुगमन कार्य पद्धतिगत आधारमा अगाडि बढाईनुपर्ने र सो को अभिलेखीकरण हुनुपर्ने ।
- अनुगमन गरिने कार्यालयहरुले गरेका राम्रा कार्यहरु तथा गर्नुपर्ने कार्यहरुको स्पष्ट किटानी गरिनुपर्ने ।

**पर्यविक्षक प्रहरीका तर्फबाट**

- प्रस्तुत गरिएका सम्पुर्ण कार्यपत्रहरु अत्यन्त फलदायी रहेका ।
- अनुसन्धानको कार्यमा सहकार्यमा जोड दिइनेछ ।
- सरकारी वकीलको जिल्लागत बिशिष्टिकरणको पक्ष अलिक फितलो देखिएको ।
- अनुसन्धानको भावनालाई नमेटिने गरी अभियोजन गरिनुपर्ने ।

छलफलमा उठेका विषयहरुलाई कार्यपत्र प्रस्तुतकर्ता सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीज्यूबाट सम्बोधन गरिएको थियो ।

- रचनात्मक र ग्रहणयोग्य सुझावहरु आए ।
- छलफलमा उठेका अधिकांश सुझावहरु कार्यपत्रमा समेटिएको उहाँले जानकारी गराउनु भयो ।
- IT Development मा बिभागले जोड दिएको भन्ने कुरा जानकारी गराइयो ।
- बिशिष्टिकरण, अनुमान योग्य बृत्ति विकास प्रणाली, Right Man in Right Place भन्ने जस्ता पक्षहरु बिचारणीय रहेकाले कार्यान्वयनमा लगिने विश्वास दिलाउनु भयो।

अध्यक्ष नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमज्यूको टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो ।

- व्यवस्थापन के हो भन्ने सम्बन्धमा अध्यक्षबाट प्रकाश पारिएको ।
- निरीक्षण अनुगमन सम्बन्धी कानूनमा स्पष्ट व्यवस्था रहेको जानकारी गराउनु भयो।
- निरीक्षण अनुगमन कार्य कर्मकाण्डी, धार्मिक पर्यटन, घरायसी काम काज मिलाउने सम्बन्धमा मात्र गर्ने गरिएको भन्ने टिप्पणी रहेको थियो । त्यसमा सुधारको खाँचो छ । जसलाई क्रमश: सम्वोधन गरिने छ ।
- आ–आफ्ना कार्यालयको अभिलेख व्यवस्थापनलाई बैज्ञानिक बनाउने बारे निर्देशन दिइएको ।
- अभिलेख व्यवस्थापनमा दोहोरोपना नआओस । कार्य विवरणको अभिलेखीकरण तथा आ– आफुले गरेको कार्यको अभिलेखीकरण एवं आफुबाटै सुधारको थालनी गर्नु पर्ने सम्बन्धमा निर्देशन दिइएको ।
- बृत्ति विकासका सम्बन्धमा ऐन कानूनमा भएका व्यवस्था तथा प्रचलित सिद्धान्तहरु अवलम्वन गरिने जानकारी दिनुभयो ।

- सरुवा प्रणालीलाई अनुमानयोग्य तथा भरोसापूर्ण बनाउनको लागि सरुवा सम्बन्धी मापदण्ड/निर्देशिका महान्यायाधिवक्ताको कार्यालयले जारी गर्ने क्रममा रहेको जानकारी गराउनु भयो।
- महान्यायाधिवक्ताको कार्यालयमा व्यक्तिगत विवरण अध्यावधिक राख्न सफ्टवेयर बनाउने कार्य भैरहेको ।
- जनताले अनुभव गर्ने किसिमको सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनु भयो ।
- कार्य चापको आधारमा O & M तथा जनशक्ति व्यवस्थापन गरिने ।

==========================================================================

**कार्यपत्र नं. २ : सरकारी वकीलको उत्तरदायित्व, गुनासो तथा उजुरी व्यवस्थापनको लागि अपनाउनुपर्ने उपायहरु ।**

प्रस्तुत कार्यपत्र सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेलज्यूले प्रस्तुत गर्नु भएको थियो भने नायव महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यूले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रले उठाएका विषयहरु निम्नानुसार रहेका छन् ।

- सरकारी वकीलको काम, कर्तव्य, अधिकार तथा भूमिकासँग सम्बन्धित ऐन कानून तथा संबैधानिक व्यवस्थामा आधारित प्रस्तुती रहेको।
- सर्वोच्च अदालतबाट सरकारी वकीलको उत्तरदायत्विको सम्बन्धमा प्रतिपादित नजिर सिद्धान्तहरुको सन्दर्भ प्रस्तुतीमा समेटिएको ।
- सरकारी वकीलको कार्य सम्पादनमा उठेका प्रश्नहरु तथा व्यवहारिक समस्याहरुका सम्बन्धमा कार्यपत्रमा औंल्याईएको ।
- अभियोजन उत्तरदायित्व, जवाफदेहीता, पारदर्शिता आदिमा देखिएका समस्याहरुवारे उठान गरिएको ।
- अभियोजनमा एकरुपता नभएको, उचित आधार र कारणबिना पनि अभियोजन हुने गरेको औंल्याइएको।
- सरकारी वकीलहरुलाई कानूनद्धारा तोकिएको जिम्मेवारी पुरा गर्न तथा श्रोत साधन सम्पन्न बनाउने सम्बन्धमा हाल जारी गरिएको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको सफल कार्यान्वयन हुनुपर्ने कुरामा केन्द्रित रही कार्यपत्रको प्रस्तुती समाप्त भएको थियो।

**छलफलमा सहभागीहरुबाट उठाइएका बिषयहरु**

**सहायक जिल्ला न्यायाधिवक्ता श्री नरेन्द्र देवकोटा, जिल्ला सरकारी वकील कार्यालय, बाँके**

- सरकारी वकीलले गरेका राम्रा कामहरु समेत कार्यपत्रमा समेटनुपर्ने।

**जिल्ला न्यायाधिवक्ता श्री प्रकाश बहादुर भण्डारी, जिल्ला सरकारी वकील कार्यालय, डोटी**

- फैसला कार्यान्वयनको विषयमा बढी गुनासो आउने हुनाले त्यो विषय समेत कार्यपत्रमा समावेश गर्नुपर्ने।

**शाखा अधिकृत श्री शान्ति न्यौपाने, उच्च सरकारी वकील कार्यालय, पाटन**

- गुनासो आयो भने सच्चिने मौका पनि पाईने।
- सरोकारवालाहरुमा चेतनाको स्तर अभिबृद्धि गर्न सकिएमा गुनासो कम गर्न सकिने।

**शाखा अधिकृत श्री बिना दाहाल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- नव प्रवेशी सरकारी वकीलहरुलाई सिनियरहरुले सँगसँगै बहसमा लैजानु पर्ने परिपाटी भएमा कमी कमजोरी पत्ता लगाई सुधारमा जान सकिने कुरालाई कार्यपत्रमा समेटनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री रामहरि शर्मा काफ्ले, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

- जाहेरवालासँग सम्पर्क हुने व्यवस्था हुनुपर्ने ।
- समूहगत बहसको शुरुवात गर्नुपर्ने ।
- अदालतसँग समन्वय गरी पेशीको सूचना, फायल समयमा प्राप्त गर्ने व्यवस्था गर्नुपर्ने ।
- गुनासो सुनुवाईको उचित व्यवस्थापन गर्नुपर्ने ।

**उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सिँजाली, उच्च सरकारी वकील कार्यालय, राजविराज**

- सरकारी वकीलहरुमा सकारात्मक सोँचको विकास गर्न सकिएमा गुनासो कम हुने।

**सहन्यायाधिवक्ता श्री गोपीचन्द्र भट्टराई, उच्च सरकारी वकील कार्याल, बिरगञ्ज**

- उजुरी कतिपय अवस्थामा हचुवाको भरमा आउने गरेको ।
- गुनासो सुनुवाईको उचित व्यवस्थापन गर्नुपर्ने ।

**उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- कार्यपत्रमा भएका कुराहरुलाई राम्रोसँग कार्यान्वयन गर्न सकिएमा विषयले सार्थकता पाउने ।
- दण्ड र पुरस्कारलाई पारर्दशी बनाउनु पर्ने ।
- आवश्यकता अनुसार निर्देशिकाहरु बनाउनुपर्ने।

**उपन्यायाधिवक्ता श्री बुद्धिलाल श्रेष्ठ, सत्य निरुपण तथा मेलमिलाप आयोग**

- संबिधान, कानून र सेवाग्राहीप्रति उत्तरदायी हुनुपर्दछ।
- प्रलोभनको आधारमा सेवाग्रही छाड्नु हुँदैन।

**शाखा अधिकृत श्री टेकनाथ अधिकारी, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- उजुरी पऱ्यो भने सुनुवाईको मौका दिनुपर्ने ।
- सुनुवाईको उचित संयन्त्र बनाइनुपर्ने ।
- अभियोगपत्र तयारी, बहसका सिलसिलामा कार्यालयमा उपस्थित भएसम्मका सरकारी वकीलहरुले सरसल्लाह गरी निकासा लिनुपर्ने ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका नायव महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यूले आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नुभयो ।

- स्थान बिशेषको आधारमा उजुरी आउँने जस्तो कुनै जिल्लाबाट जुनसुकै सरकारी वकीलहरुको पनि उजुरी आउँछ भने कुनै सरकारी वकील जुन जिल्लामा जान्छ त्यहाँबाट उजुरी आउने गरेको पाईएको ।
- काममा पारर्दशिता ल्याउनुपर्ने जसले गर्दा उजुरीमा कमी आउने ।
- कामको सिलसिलमा कमी कमजोरी हुन भविष्यमा सच्याउने अवसरको रुपमा लिनुपर्दछ ।

==============================================================================

**कार्यपत्र नं. ३ : रिट निवेदनमा प्रतिरक्षा गर्दा देखिएका समस्याहरु र समाधानका लागि अपनाउनु पर्ने समस्याहरु ।**

प्रस्तुत कार्यपत्र सहन्यायाधिवक्ता श्री बिश्वराज कोइरालाज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री सुशिलकुमार पन्तज्यूले कार्यक्रमको अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रमा उठाइएका विषयहरु निम्नानुसार रहेका छन् ।

- रिट निवेदनको संबैधानिक व्यवस्था (धारा १३१, १३१(१) र १३१(२) का सम्बन्धमा उल्लेख गरिएको ।
- उच्च र जिल्ला अदालतलाई दिइएको रिट क्षेत्राधिकारवारे जानकारी दिइएको संबिधानको धारा १४४, १५१ मा भएका व्यवस्थावारे औंल्याएको थियो ।
- सर्वोच्च अदालत तथा उच्च अदालतलाई दिइएको रिट क्षेत्राधिकार बीचको भिन्नता वारे स्पष्ट पारिएको थियो ।
- न्यायिक पुनरावलोकन, कानूनी प्रश्न तथा सार्वजनिक सरोकारका बिषय कार्यपत्रमा समावेश भएको ।
- सरकारी वकीललाई प्राप्त असाधारण अधिकारक्षेत्र वारे जानकारी गराइएको ।
- रिटका प्रकारहरुबारे संक्षेपमा प्रस्तुत गरिएको ।
- सरकारी वकीलबाट जारी हुने बिभिन्न आदेशहरुका वारेमा जानकारी दिइएको ।
- बन्दी प्रत्यक्षीकरणका विषय तथा यससँग सम्बन्धित प्रतिपादित सिद्धान्तहरु समेतकाबारेमा जानकारी प्रदान गरिएको ।
- बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने र जारी नहुने अवस्थाहरु वारे जानकारी गराइएको ।
- परमादेशको विषयबारे, आदेश जारी हुने अवस्थाहरु तथा यस सम्बन्धमा हकदैयाको आवश्यकता औंल्याएको ।
- परमादेश जारी हुने र नहुने अवस्थाका सम्बन्धमा किटान गरिएको ।
- उत्प्रेषणको विषयबस्तु वारेको जानकारी कार्यपत्रले समेटेको ।
- प्रतिशेधको आदेश जारी हुने र नहुने अवस्था पहिचान गराइएको ।
- अधिकारपृच्छाको आदेश न्यून मात्र अभ्यासमा आउने गरेको, निशेधाज्ञा बारे समेत कार्यपत्रमा उल्लेख गरिएको । यस्तो आदेशको प्रकृति, जारी हुने अवस्था आदिका बारेमा चर्चा गरिएको ।
- अन्तरिम आदेश जारी गर्ने क्रममा हेरिने अवस्थाहरु वारे समेत चर्चा गरिएको ।
- रिट क्षेत्रबाट नहेरिने अवस्थाहरु वारे समेत जानकारी दिइएको (नीतिगत कुरा, बिलम्वको सिद्धान्त, आदिका सम्बन्धमा ) ।

- रिट क्षेत्रधिकारको बिस्तारको प्रभाव, क्षेत्राधिकारका सम्बन्धमा दोहोरोपना हुन सक्ने अवस्था सिर्जना हुन सक्ने कुरा समेत उठाइएको ।
- रणनीतिक योजनाले रिट सम्बन्धमा प्रक्षेपण गरेका कार्यहरु (लक्ष्य २) समेतको चर्चा गरिएको ।
- रिटको प्रतिरक्षामा देखिएका समस्या तथा आउन सक्ने सम्भावित चुनौतिहरु बारे कार्यपत्रमा समेटिएको ।
- सरकारी वकील तथा सरोकारवाला निकायका कारण देखा परेका व्यवहारिक समस्याहरुका सम्बन्धमा प्रकाश पारिएको ।
- रिटमा प्रभावकारी प्रतिनिधित्वका लागि अपनाउनु पर्ने उपायहरु समेत कार्यपत्रमा सुझाइएको ।
- जबसम्म नेतृत्वमा सक्षमता, सुधार हुदैन, तबसम्म संस्थाको बिकास हुन नसक्ने तथा सरकारी वकील सक्षम र दक्ष भै प्रभावकारी प्रतिरक्षामा उत्रिनुपर्ने भन्ने कुरा औंल्याई कार्यपत्रको प्रस्तुती समाप्त गर्नु भएको थियो ।

**छलफलमा सहभागीहरुबाट उठाइएका बिषयहरु**

**उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग**

- संस्थागत सुधार हुनुपर्ने, व्यावसायिकता प्रवर्द्धन गरिनुपर्ने ।
- रिटको क्षेत्रमा Expertism को अवधारणा विकास गरिनुपर्ने ।
- सरकारी वकीलको Workload को समान बितरणका लागि जनशक्ति थप गरिनुपर्ने।

**उपन्यायाधिवक्ता श्री बाबुराम अधिकारी, उच्च सरकारी वकील कार्यालय, बिरगंज**

- रिट निवेदनका व्यवहारिक समस्यावारे उठान गरिएको ।
- कुटपिट मुद्दालाई प्रायशः ज्यान मार्ने उद्योग तर्फ जाहेरी दिइने गरिएको जसबाट अधिकांश मुद्दा असफल हुने गरेका ।
- परमादेश आदेशलाई प्रभावकारी बनाइनुपर्ने।

**शाखा अधिकृत श्री शान्ति प्रसाद लुईटेल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- जिल्ला र उच्च सरकारी वकील कार्यालयमा भन्दा महान्यायाधिवक्ताको कार्यालयमा रिट सम्बन्धी समस्या देखिएको ।
- महान्यायाधिवक्ताको कार्यालयसँग अन्य निकायको समन्वयको अभाव रहेको ।

- निर्णय पन्छाउने पद्धती देखिएको ।
- लिखित जवाफ प्रभावकारी नआउने गरेको ।
- प्रत्येक मन्त्रालयमा सहन्यायाधिवक्ता र उपन्यायाधिवक्ताको दरबन्दी सिर्जना हुनुपर्ने।

**जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद सुवेदी, जिल्ला सरकारी वकील कार्यालय, पर्सा**

- लिखित जवाफमा समेटिनुपर्ने प्राविधिक कुरा स्पष्ट हुनुपर्ने।

**उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- रिट निवेदन तथा लिखित जवाफका सम्बन्धमा सरकारी वकीलको राय लिइनुपर्ने ।
- कानून समूह र सरकारी वकीलको रिटका सम्बन्धमा कार्य प्रकृति उस्तै उस्तै देखिँदा दुबै समूहलाई एउटै बनाइनुपर्ने । एक समूहबाट अर्को समूहमा जाने बाटो खुला गरिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री उमाकान्त पौडेल, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- अदालतमा भ्रमपूर्ण तरिकाले निवेदन पारी रिट जारी गराउने गरेको ।
- रिटका सिद्धान्तबारे अद्यावधिक हुनुपर्ने ।
- रिट प्रतिरक्षा गर्नुपूर्व सोसँग सम्बन्धित फाइल, कागजात सम्बन्धित सरकारी वकीललाई उपलब्ध गराउनु पर्ने ।
- समन्वयमा जोड दिईनुपर्ने ।
- Double Standard लाई रोकिनु पर्ने ।

**उपन्यायाधिवक्ता श्री रामहरि शर्मा काफ्ले, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

- निर्णय गर्ने निकायले लिखित जवाफ नलगाउने, सम्वद्ध निकायले लिखित जवाफ लगाउने ।
- निर्णय गर्ने निकायलाई उत्तरदायी बनाउनु पर्ने ।

**उपन्यायाधिवक्ता श्री कृष्णराज पन्त, जिल्ला सरकारी वकील कार्यालय, पर्वत**

- कानूनी रायको व्यवस्था जस्तै लिखित जवाफ पेश गर्दा पुऱ्याउनुपर्ने रित वारे कानूनमै व्यवस्था गर्ने ।

**सहन्यायाधिवक्ता श्री गोपीचन्द्र भट्टराई, उच्च सरकारी वकील कार्यालय, विरगंज**

- रिटमा पुनरावेदन गर्नुपर्ने प्रावधान राख्यो भने अझ व्यावसायिक हुने।

छलफलमा उठेका जिज्ञासाहरुको सम्बोधन गर्दै सबैले उठाएका कुराहरु मनन योग्य रहेका लगभग सबै बिषयहरु कार्यपत्रमा समेटिएको भन्ने कुराको जानकारी कार्यपत्र प्रस्तुतकर्ताले दिनु भएको थियो भने कार्यक्रमको अध्यक्षता गर्नुभएका पूर्व महान्यायाधिवक्ता श्री सुशिल कुमार पन्तज्यूले देहायका आफ्नो टिप्पणी र पृष्ठभूमि सहित कार्यसत्रको समापन गर्नुभएको थियो ।

- रिट क्षेत्रसम्बन्धी Orientation दिने प्रकृया नेपाल वारबाट थालिएको । यस्तै प्रयास सरकारी तवरबाट पनि आउनुपर्ने ।
- रिट सम्बन्धी सैद्धान्तिक र व्यवहारिक पक्षहरु, प्रदेशगत रिट अभ्यासका संभावित समस्याहरु, रिटका पक्षहरु –दर्ता गर्ने पक्ष, अन्तरिम आदेश दिने पक्ष, अन्तिम आदेश दिने पक्ष वारेको संक्षिप्त जानकारी कार्यक्रमको अध्यक्षले दिनु भएको ।
- कानून र सरकारी वकील समूह बीच Conflicting Relation देखिन्छ। यी दुबै समूहको Head एउटै बन्न सक्यो भने समस्या समाधान हुन सक्ने अध्यक्षको तर्क रहेको र सो का लागि माथिल्लो तहबाटै पहलकदमी हुनुपर्ने कुरामा जोड दिनु भयो।
- एकै प्रदेशमा दुई ठाउँमा एकै प्रकृतिका रिट निवेदन प्रस्तुत हुन सक्ने सो को न्यायिक निरोपण हुनुपर्ने । नजिकैको अदालतमा रिट निवेदन हाल्ने वातावरण विकास गरिनुपर्ने।
- सरकारी वकीलमा मेहनत नगर्ने परिपाटी कम रहेको, मुद्दा जिल्लुपर्छ भन्ने भावनाबाट नभई आफ्नो कर्तव्य सही ढंगले पालना गर्नुपर्दछ भन्ने भावनाबाट Guided हुनुपर्ने।
- मुद्दाको सही प्रतिनिधित्व गर्नका लागि Efficiency Developed गर्नुका साथै सोलाई पुरस्कार र दण्डसँग जोडेर हेरिनुपर्ने ।
- अन्तरिम आदेशले समाज विकासको गतिलाई सकारात्मक प्रभाव पार्नु पर्ने ।
- रिट सम्बन्धी निवेदनका हकमा अन्य निकायसँग समन्वय स्थापना गरिनु पर्ने ।

==================================================================

**कार्यपत्र नं ४ : अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना र यसले अवलम्वन गर्नु पर्ने रणनीतिहरु ।**

प्रस्तुत कार्यपत्रमा सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेज्यू र उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री बाबुराम कुवँरज्यूले कार्यसत्रको अध्यक्षता गर्नु भएको थियो । कार्यसत्रमा उठाईएका विषयहरु निम्नानुसार रहेका छन् ।

- बिषयबस्तुको पृष्ठभूमि वारेको जानकारी सहित कार्यपत्र प्रस्तुतीलाई अगाडि बढाइयो।

- अपराधीले अपराध गर्न प्रयोग गर्ने प्रविधि, सीप तथा कला फरक फरक रहन्छ । अपराधको कारण प्रकार प्रवृत्ति, अपराधीहरुको आचरण फरक फरक रहन्छ भन्ने जस्ता अवधारणागत पक्षहरुमा प्रकाश पार्नुभयो।
- अपराध किन हुन्छ भन्ने अध्ययन गर्ने उद्देश्य अपराध शास्त्रीय अनुसन्धान केन्द्रको प्रारम्भिक उद्देश्यका रुपमा रहने कुरा औंल्याउनु भयो ।
- बिभिन्न देशहरुमा फरक फरक नामका संरचनाहरु स्थापित गरी ती निकायहरुले अपराधशास्त्र सम्बन्धी कार्यहरु गर्दै आएका ।
- अपराधशास्त्रीय अनुसन्धान केन्द्रका सन्दर्भमा बिभिन्न देशहरु (बेलायत, भारत, नेपाल) को तुलनात्मक अध्ययनको जानकारी समेत प्रदान गर्नुभयो ।
- नेपालका सन्दर्भमा बर्तमान संबिधानको धारा १५९ मा महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष प्रतिवेदन पेश गर्ने प्रतिवेदनमा अपराधका सम्बन्धमा पनि भए गरेका विवरणहरु समावेश गर्नुपर्ने प्रावाधन रहेको तथा सो सम्बन्धमा व्यवहारिक रुपमा कार्यान्वयनको पक्ष फितलो रहेको बारे जानकारी दिनुभयो ।
- अपराधशास्त्रीय अनुसन्धान सम्बन्धमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को व्यवस्था समेत उल्लेख गरिएको थियो
- अपराधशास्त्रीय अनुसन्धानका सम्बन्धमा बिभिन्न अध्ययनहरु हुँदै आएता पनि राज्य स्तरबाट आधिकारिक धारणा स्थापित भएको नदेखिएको बारे स्पष्ट पार्नुभयो।
- महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्र १ जना सह न्यायाधिवक्ताको नेतृत्वमा हाल एउटा महाशाखाको रुपमा स्थापित भएको जानकारी गराइएको थियो उक्त केन्द्रले सो सम्बन्धमा प्रारम्भिक अध्ययनको कार्य अगाडि बढाउदै लगिने जानकारी गराउनु भएको थियो ।

**पर्यवेक्षक प्रहरीको तर्फबाट**

- अपराध अनुसन्धानका सिलसिलामा नेपाल प्रहरीले प्रस्तुत कार्यपत्रमा समावेश गरिएका कार्यहरु जस्तै कार्यहरु गर्दैआएको छ । अबका दिनमा पनि आफ्नो जिम्मेवारी पुरा गर्न प्रहरी दत्त चित्त नै रहने छ ।
- प्रहरीले गरेको अनुसन्धानको उचित मुल्यांकन गरिनुपर्ने ।
- अपराध अनुसन्धान महाशाखामा प्रहरीलाई पनि समावेश गर्नु स्वागतयोग्य हुनेछ ।
- अपराधको प्रबृत्ति बिक्लेषणको कार्य प्रहरीबाट स्थापना कालदेखि नै हुदै आएको । भौतिक पूर्वाधारको केही व्यवस्था भएको, दाताहरुले पनि यस सम्बन्धमा सहयोगको

प्रतिवद्धता जनाएको अवस्थामा यस सम्बन्धमा थप अध्ययन गरी सोही अनुसारको संरचना बनाउनुपर्ने

- २ तरिका (Proactive र Reactive ) बाट अपराध अनुसन्धान हुने गरेको ।
- नेपाल प्रहरी अपराध नियन्त्रणमा दक्ष रहेको ।

**सहभागीहरुको तर्फबाट**

**उपन्यायाधिवक्ता श्री राजेन्द्रसिंह भण्डारी, सम्पत्ति शुद्धिकरण अनुसन्धान बिभाग**

- तथ्याङ्कका आधारमा Money Laundering सम्बन्धी अध्ययन अनुसन्धान गरिनु सान्दर्भिक हुने ।

**उपन्यायाधिवक्ता श्री महेशकुमार खत्री, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- महान्यायाधिवक्ताको कार्यालयबाट प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनमा सबै जिल्लाहरुबाट प्राप्त हुने मासिक/बार्षिक विवरणहरु समेतका आधारमा अपराधका कारण, प्रवृत्तिको बिश्लेषण गर्न सके बढी प्रभावकारी हुने ।

**शाखा अधिकृत श्री बिना दाहाल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- अपराधशास्त्रीय अनुसन्धान केन्द्रले Investigation का अलावा तालिम केन्द्रका रुपमा भूमिका प्रर्वद्वन गर्दै लैजानु पर्ने ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री कमला काफ्ले, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

- अपराध भोगी सकेकाहरुले अपराधका नयाँ-नयाँ तरिका अपनाउने हुँदा अपराध गरी सकेकाहरुको प्रवृतिको पनि अध्ययन गर्नु आवश्यक हुने ।

**उपन्यायाधिवक्ता श्री उमाकान्त पौडेल, विशेष सरकरी वकील कार्यालय, काठमाडौं**

- अनुसन्धान र अभियोजन कसले गर्ने भन्दा पनि अपराधका सबै पक्षहरुको बिश्लेषण यस केन्द्रबाट हुनुपर्ने ।
- नयाँ नयाँ अपराधहरु के कति कारणले घटि रहेका छन सो को तटस्थ बिश्लेषण गरिनु पर्ने ।
- यस केन्द्रको कार्य संचालनका लागि बिलम्व गर्न नहुने ।

**अनुसन्धान अधिकृत श्री तिलकराम लम्साल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपालगंज**

- बारम्बार अपराध घट्ने क्षेत्रहरुमा जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा पहल गर्नुपर्ने।

अन्तमा कार्यपत्र प्रस्तुतकर्ता सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेज्यूले सहभागीहरुबाट छलफलमा उठेका जिज्ञासाहरुको निम्नानुसार सम्बोधन गर्नुभएको थियो ।

- यो Center ले Investigation भन्दा फरक प्रकृतिको कार्य गर्दछ ।
- India मा अपराध शास्त्रीय अनुसन्धान केन्द्रले Training दिने कार्य पनि गर्ने ।

कार्यक्रममा अध्यक्षता गर्नु भए पूर्व महान्यायाधिवक्ता श्री बाबुराम कुवँरज्यूबाट भएको निर्देशात्मक टिप्पणी र पृष्ठभूमि सहित कार्यक्रमको समापन गर्नु भएको थियो। वहाँको टिप्पणी निम्नानुसार रहेको थियो ।

- अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई State को Policy भित्र राख्नु पर्ने, अपराधको र्निमुलीकरण नहोला तर न्यूनिकरण गर्न अवश्य सकिने ।
- सरकारी वकील र प्रहरीले अपराधको अनुसन्धान र अभियोजन गर्दछ तर अपराधको न्यूनिकरण गर्नेतर्फ राज्यको चासो/तत्परता देखिदैन, यसप्रति राज्यको ध्यान पुग्नुपर्ने ।
- प्रहरी र सरकारी वकीलले मिलेर अनुसन्धान गरेमा अपराधको न्यूनिकरण गर्न सकिने।
- अपराध नियन्त्रण गर्ने Concept को लागि नै अपराध शास्त्रीय अनुसन्धान केन्द्रको स्थापना अपरिहार्य हुने ।

**निष्कर्ष**

समूह क अन्तर्गत संघीय व्यवस्थामा महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्यप्रणाली, सरकारी वकीलको जनशक्ति विकास र बिशिष्टीकरणका लागि अवलम्वन गर्नुपर्ने उपायहरु, महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको कार्यालय व्यवस्थापन तथा अनुगमन र सुपरिवेक्षणको वर्तमान अवस्था एवं सुधारका क्षेत्रहरु, सरकारी वकीलको उत्तरदायित्व, गुनासो तथा उजुरी व्यवस्थापनको लागि अपनाउनुपर्ने उपायहरु, रिट निवेदनमा प्रतिरक्षा गर्दा देखिएका समस्याहरु र समाधानका लागि अपनाउनु पर्ने समस्याहरु र अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना र यसले अवलम्वन गर्नु पर्ने रणनीतिहरु विषयक जम्मा ६ वटा कार्यपत्रहरु रहेकोमा सम्पुर्ण कार्यपत्रहरु अत्यन्तै रोचक, समय सान्दर्भिक रहेका थिए भने सहभागीहरुको पनि सक्रिय सहभागिता रहेको थियो। प्रत्येक कार्यपत्र प्रस्तुती पछि

अध्यक्षता गर्नु भएका विशिष्ट व्यक्तित्वको टिप्पणी सहित छलफल कार्यक्रमको समापन भएको थियो ।

OFFICE OF THE ATTORNEY GENERAL
NEPAL

**२) समूह ख को संयोजन र व्यवस्थापन**

क) **समूह संयोजन र व्यवस्थापन समूह**

**संयोजक**

सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई

**सहसंयोजक**

सहन्यायाधिवक्ता श्री डा. टेकबहादुर घिमिरे

सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिम्सिना

**प्रतिवेदन तयारी**

उपन्यायाधिवक्ता श्री राम घिमिरे

शाखा अधिकृत श्री अर्जुनप्रसाद कोईराला

शाखा अधिकृत श्री सविता शर्मा

शाखा अधिकृत श्री नारायणप्रसाद शर्मा

शाखा अधिकृत श्री ललिता श्रेष्ठ

शाखा अधिकृत श्री बाबुराम भट्टराई

नायब सुब्बा श्री दधिराम बराल

कम्प्युटर अपरेटर श्री शर्मिला डंगोल

कार्यालय सहयोगी श्री स्वस्थानी चौलागाई

यस समूहमा **सरकारी वकील कार्यालयको संस्थागत विकास** सम्बन्धी शिर्ष विषय दिइएको थियो । उक्त छलफल कार्यक्रममा ६ जना पर्यवेक्षक सहित सहभागीहरुको कूल संख्या ७८ रहेको थियो । छलफलमा सहभागीहरुको हाजिरी विवरणा अनुसूची दुईमा समावेश गरिएको छ । यस विषयमा देहाय बमोजिमका विभिन्न ६ वटा कार्यपत्रहरुमा छलफल भएको थियो ।

**ख) <u>प्रस्तुत कार्यपत्रहरु</u>**

**१) सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको सन्दर्भमा सरकारी वकीलको सेवा र शर्त सम्बन्धी कानूनमा समावेश हुनु पर्ने विषयहरु**

**२) महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत सुधारका लागि भावी रणनीति**

**३) सरकारी वकीलको सेवा प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरु**

**४) अपराध अनुसन्धान र अभियोजनमा समन्वयको अवस्था र सहकार्यका लागि गर्ने पर्ने प्रयासहरु**

**५) कानूनी रायको सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरु**

**६) संक्रमणाकालिन न्यायमा सरकारी वकीलको भूमिका**

**ग) कार्यपत्र प्रस्तुती र छलफल**

**पहिलो दिन : २०७३ पौष ८ गते**

सम्मेलनको पहिलो दिन देहाय बमोजिमका २ कार्यपत्रहरुमा छलफल भएको थियो ।

**१) सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको सन्दर्भमा सरकारी वकीलको सेवा र शर्त सम्बन्धी कानूनमा समावेश हुनु पर्ने विषयहरु**

**२) महान्यायाधिवक्ताको कार्यालयको सँस्थागत सुधारका लागि भावी रणनीति**

**कार्यपत्र नं १ : सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तीको सन्दर्भमा सरकारी वकीलको सेवा सर्त सम्वन्धि कानूनमा समावेश हुनु पर्ने बिषयहरु ।**

प्रस्तुत कार्यपत्र पुर्व नायब महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरेज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री हरि फुयालज्यूले कार्यसत्रको अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रमा उठाईएका विषयहरु निम्नानुसार रहेका छन् ।

- व्यावसायिकता हुनुपर्छ ।
- सरकारी वकीलको उन्मुक्ती र जिम्मेवारी हुनुपर्छ ।
- ऐन नियमको विकास २०१७ देखि शुरु भएको र अव के गर्नुपर्छ भन्ने विषय उल्लेख ।
- विद्यमान कानून र नजिरहरु समेत उल्लेख भएको ।

**छलफलका सहभागीहरुबाट उठाइएका विषयहरु**

**सहन्यायाधिवक्ता श्री गितាप्रसाद तिम्सिना, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- अदालतमा फैसला र मानव अधिकार आयोगको सिफारिसबाट यसो गर भन्ने देखिंदा स्वतन्त्रता हनन भएको मान्ने कि नमान्ने भनी प्रश्न गर्नु भयो ।

कार्यक्रमका अध्यक्षले असल नियतले गरेको काम भए के हुने भनी जिज्ञासा राखु भएको थियो ।

**उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- डरले ठूलो सजाय माग गरिएको छ कसरी ढुक्क हुने भनी जिज्ञासा गर्नु भएको थियो ।

**उपन्यायाधिवक्ता श्री घनश्याम ओझा, निर्वाचन आयोग**

- संघिय कानूनमा सरकारी वकीलको न्यायाधीशमा नियुक्ति भन्ने शब्द छैन, अब छुट्टै कानूनले त्यस्तो गर्न सक्छ सक्दैन ।

**प्रहरी वरिष्ठ उपरिक्षक श्री छविलाल जोशी**

- दंगा हुँदा गोली चलाउनै परेकोले प्रहरी हाल मुद्दा चलेर जेलमा छ ।प्रष्ट कानून भएन ।

**प्रहरी वरिष्ठ उपरीक्षक श्री सुरेश विक्रम शाहः-**

- रामेछापमा ०६९ मा दायर मुद्दामा जाहेरी पऱ्यो। कोही पक्राउ परेनन् । पुनरावेदन अदालतले यति महिना भित्र मुद्दा दायर गर्नु भन्ने आदेश दियो, हदम्याद छ भन्ने जवाफ दियो । पुनः ४ महिनामा बुझाउनु भन्ने आदेश भयो । के गर्ने ?

**सहन्यायाधिवक्ता श्री भानुभक्त काफ्ले, उच्च सरकारी वकील कार्यालय, धनकुटा**

- हामीले महान्यायाधिवक्ताको कार्यालयको अधिकार प्रयोग गर्ने हो । यस्तोमा कसरी स्वतन्त्र भइएला ?

**उपन्यायाधिवक्ता श्री प्रमेश पोखरेल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- महान्यायाधिवक्ता नै अस्थायी छन् । आफै संघियतामा मुख्य न्यायाधिवक्ता हुन्छन् ।त्यस्तोमा स्वतन्त्रता कायम हुन्छ ? आर्थिक स्वतन्त्रता बारे के गर्ने ?

**प्रस्तोताको जवाफः-** महान्यायाधिवक्ताले केहि गर्न नगर्न बाध्य गर्दैन । भए न्यायिक कारवाही हुन सक्छ ।

**सहन्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजाल, सत्य निरुपणा तथा मेलमिलाप आयोग**

पुनरावेदन जान सकिन्छ ?

**जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, कैलाली**

- महान्यायाधिवक्ताको निर्णय पनि अदालतले जाँच गर्न सक्छ भन्ने नजिर छ तसर्थ व्यवसायिक भयो र ?

**उपन्यायाधिवक्ता श्री देवेन्द्र आचार्य, उच्च सरकारी वकील कार्यालय, पाटन**

- मुख्य न्यायाधिवक्ताले कानून सल्लाह मात्र दिने हो वा अन्य अधिकार पनि राख्छन् ?

**सहन्यायाधिवक्ता श्री चिरन्जीवी पराजुली, उच्च सरकारी वकील कार्यालय, राजविराज**

- महान्यायाधिवक्ताले जिल्लाको मुद्दा झिकाई आफै निर्णय गर्न सक्छ सक्दैन ?

**अध्यक्षको जवाफः-** त्यसो भएछ भने पनि जिल्ला सरकारी वकीलको अधिकार हनन भयो भन्न मिल्दैन । महान्यायाधिवक्ता जवाफदेही हुनुपर्छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्णचन्द्र पाण्डे**

- व्यवसायिक रुपमा स्वतन्त्र छौ भनेर अनुभुती गर्न अदालती फैसलाहरुले मिलेन की ?

**अध्यक्षको जवाफः-** यस अघि पनि आईसक्यो । तर अदालतको भनाई प्रमाण र औचित्यतामा मात्र हो ।

छलफलमा उठेका विषयहरुलाई कार्यपत्र प्रस्तुतकर्ता पूर्व नायब महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरेज्यूबाट देहाय बमोजिम सम्बोधन गरिएको थियो ।

- राजु थापाको, सुन्तली धामीको मुद्दा समेतमा स्वतन्त्र कसो भयो भन्ने प्रश्न उठेकै छ ।
- अदालतले सधै मुद्दा पाल्न नहुने भन्यो । हामीले पनि मानिस समाउन नसक्ने, नयाँ प्रमाण पनि नआउने हुँदा फेला नपरे पनि मुद्दा दायर गर्न उपयुक्त हुन्छ ।
- सबुत प्रमाणबाट देखिए अनुसार चाल्ने निर्णय गर्नुपर्छ निर्देशित हुनु पर्दैन । प्रत्यायोजित अधिकार फिर्ता नभए सम्म काम गर्न स्वतन्त्र हुन्छ।
- औचित्य, आधार, कारण र वदनियत हेर्न सक्छ अदालतले किनकी अदालत स्वतन्त्र हो ।

अध्यक्षता गर्नु भएका पूर्व **महान्यायाधिवक्ता श्री हरि फयालज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

- सरकारी वकीलको सेवा सर्तको कानून बन्दैछ, त्यसमा व्यावसायिकताको कुरा आउने छन् । व्यावसायिक स्वतन्त्रताका मान्य सिद्धान्तहरु पनि छन् । हाम्रो कर्तव्य, पीडितको हित र न्यायका विषयमा उत्तरदायी हुनु भने पर्छ ।

- डेकेन्द्र थापाको मुद्दामा सर्वोच्चले प्रत्यायोजित अधिकार खिच्न त पाईन्छ तर कुनै एउटा मुद्दा वा विषयमा फिर्ता दिन पाईदैन भनेको छ ।

- असल नियतले गरेको कामको वचाउ गर्ने कानून मै व्यवस्था छ । असल नियत, घटना पिच्छे निर्धारण गरिन्छ, हुन्छ । निर्णय गर्दा आधार प्रदान कारण भने खुलाउनु पर्छ । अदालतलाई हामीले स्वतन्त्र मान्य बनाएकै छौ । त्यहाँ पुनरावेदनको प्रकृया पनि हुन्छ ।

= = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = = =

**कार्यपत्र नं २ : महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधारका लागि भावि रणनिति ।**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेज्यूले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत छलफलमा सर्वोच्च अदालतका माननीय श्री हरिकृष्ण कार्कीज्यूले अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रमा उल्लेख विषयहरु निम्नानुसार रहेका छन् ।

- यस कार्यालयको संस्थागत विकास ज्यादै पछाडि परेको छ । सुधारको कार्य धिमा गतिमा अगाडि बढिरहेको छ ।
- सो कारणले अपराधको प्रबृत्तिमा आएका परिवर्तनहरुलाई पछयाउँन सक्ने अवस्था देखिदैन । जसको फलस्वरुप कसूरको अनुसन्धान, अभियोजन, बहस पैरवी एवं प्रतिरक्षामा अपेक्षित कार्य सम्पादन हुन नसकी एकातिर कसूरदारले सजाय नपाई पीडित अझ पीडित बन्नुपर्ने र अर्को तर्फ निरअपराधीले सजाय भोग्नुपर्ने अवस्था सिर्जना हुन सक्ने संभावना रहने भएकोले सरकारी वकील र यसको कार्यालय सुदृढ हुनु नितान्त आवश्यक छ ।
- सरकारी वकील कार्यालयको संस्थागत विकास ज्यादै पछाडि परेको छ । कार्यालयको भौतिक पुर्वाधारहरुको उचित प्रबन्ध, पर्याप्त सरकारी वकीलहरुको व्यवस्था, उपयुक्त सेवा सुबिधाको सुनिश्चितता सरकारी वकीलका सम्वन्धमा भएमा राज्यले गरेको अपेक्षित प्रतिफल प्राप्त गर्न सक्दछ ।
- पहिलो पञ्चवर्षिय रणनीतिक योजनाबाट संस्थागत विकास शुरु भयो तर पुरा हुन सकिरहेको छैन । कारण बजेट, अनुभव र अपनत्वको कमि रहेको छ ।
- सरकारी वकीलको विभिन्न सम्मेलनबाट पारित भएका ४७ वटा कार्यपत्र मध्ये जम्मा ३ वटा पुरा गऱ्यो ।
- दोस्रो पञ्चबर्षिय रणनीतिक योजनाका लक्ष्य पुरा गरे संस्थागत सुधार हुन सक्छ ।
- अवको दिनमा मुख्य न्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकील कार्यालयको कार्यालय र कार्य तोक्ने चुनौती रहेको छ ।
- सरकारी वकीलको दरवन्दी ७४ जिल्लामा रा.प द्वितिय श्रेणीको अधिकृतलाई कार्यालय प्रमुख तोकिएको छ भने काठमाण्डौमा रा.प प्रथम श्रेणीको व्यक्तिलाई जिल्ला सरकारी वकील कार्यालयको प्रमुखमा प्रस्तावित गरी कार्य भई आएको छ ।
- Special कसुरमा special र trained सरकारी वकीललाई अभियोजन गर्न खटाउनु पर्ने अवस्था छ ।

- अन्य सेवाका कर्मचारी भन्दा कमजोर सुविधा हुँदा मनोवल घटेको छ । यसलाई राज्यले हेर्नुपर्ने देखिन्छ ।

**छलफलमा सहभागीहरुबाट उठाइएका विषयहरु**

**उपन्यायाधिवक्ता श्री परमेश पोखेल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- Structure लाई बढि जोड दिइयो software लाई सुधार गर्नु पर्‍यो
- सरकारी वकीलको morality लाई हेरिनु पर्छ ।Corruption control लाई हेरिनु पर्छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री कृष्णचन्द्र पाण्डे,**

- वैदेशिक तालिममा संख्या न्यून छ । उच्च तहका कर्मचारीले लिएको बढि देखियो । समावेशितालाई हेरिएन ।
- काठमाण्डौ नातागोताको हिसावले posting गरिन्छ । उसलाई अभियोगको **अ** पनि थाहा छैन ।

**उपन्यायाधिवक्ता श्री देवेन्द्रराज आचार्य, उच्च सरकारी वकील कार्यालय, पाटन**

- महान्यायाधिवक्ताको अधिकार प्रत्यायोजन गरी अन्य सरकारी वकीलले राय दिन्छन् । अव प्रदेशमा मुख्य न्यायाधिवक्ताले दिन्छ । अव अन्य सरकरी वकीलको अवस्था के हुने ।

**सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिम्सिना, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- हाम्रो महान्यायाधिवक्ताले बजेट माग गर्न अर्थ मन्त्रालयमा जादैन । अनि कसरी रकम आउँछ ।

**सहन्यायाधिवक्ता श्री चिरञ्जीवि पराजुली, उच्च सरकारी वकील कार्यालय, राजविराज**

- हामीकहाँ पद पूर्ति नै भएन । हामिकहाँ जागिर खान आउदैनन् ।

**शाखा अधिकृत श्री तारानाथ शर्मा**

- हामी कहाँ निमित्तले चलाउने प्रथा हटाउनु पर्‍यो ।

**उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, नेपाल**

- सरकार विरुद्धको रिटमा कानूनी राय नलिएका कारण बढेको छ । यसलाई सजावट गर्नु पर्‍यो ।

**जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, कैलाली**

- प्रधानमन्त्रीको विश्वासप्राप्त व्यक्ति महान्यायाधिवक्ता हुने तर बजेटको कमी भयो ।

कार्यपत्रमा उठाइएका विषयवस्तुहरु उठान गर्ने सहभागीहरुलाई धन्यवाद दिँदै ती विषयहरु उपर प्रस्तुतकर्ता श्री पद्मप्रसाद पाण्डेले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

- मानव संसाधन र मौलिक संरचना मध्ये मेरो focus भौतिक संरचनालाई थियो । मानव संशाधनमा अन्य कार्य पत्र छन् । अन्य सरकारी कार्यालयका कर्मचारीको तुलनामा राम्रो भएन । काममा प्रभाव पर्‍यो । भौतिक सुविधाले काममा सुविधा पुर्‍याउँछ । बैदेशिक वा स्वदेशि तालिम आवश्यकता र औचित्यताका आधारमा हुनुपर्छ । व्यक्तिगत आधारमा posting गरिनु हुदैन, right man in right place हुनुपर्छ ।मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारलाई कानूनी सल्लाह दिन्छ । अन्य सरकारी निकायलाई उच्च सरकारी वकीलले दिनुपर्छ । कामका आधारमा दरवन्दी र काज राख्नुपर्छ । करारमा नियुक्ति गर्न विभागीय निर्णय आवश्यक छ ।

अध्यक्षता गर्नु भएका **माननीय न्यायाधीशज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो।

प्रस्तुतकर्ताले समग्रतामा समेट्नु भएको छ । पहिलो र दोस्रो पञ्चवर्षीय रणनीतिलाई उजागर गर्नु भएको छ । यो paper निर्विवाद paper छ । किनकी सबल office दक्ष कर्मचारी संगठनको लागि आवश्यक नै छ । मानव संशाधन पक्षलाई कम महत्व दिदै भौतिक संरचना तर्फ कार्यपत्र लक्षित छ । संगठनात्मक सुविधा त्यो के भन्ने संस्थागत विकासका लागि एउटा प्रकृति हावी भयो । हाम्रो दक्ष जनशक्ति पलायन हुन थाल्यो भन्ने डर पैदा आवश्यक भएको छ । जुन सेवा शर्त कै कारण र वर्तमान संविधान ले create गरेको confusion कै कारण हो । यसलाई स्वायता, सक्षम र प्रभावकारी बनाउन न्याय सेवाका कार्मचारी सरह सुविधा सरकारी वकीलले पाउनु पर्छ ।मुख्य न्यायाधिवक्ता र उच्च सरकारी वकील वीचको काममा आएको सुविधा संविधानले श्रृजना गरेको हुँदा संविधान संशोधन हुन जरुरी छ । राज्यले अनुत्पादक क्षेत्रमा लगानी भयो भन्छ । यस्तो कानूनी सहायतामा बजेट पनि आन्दोलन गरेर ल्याउनु पर्छ

। स्रोत र साधन कम भए पछि NGO/INGO धाउन परेको छ । उसको स्वार्थ पुरा नहुँदा Donation वन्द गर्छ भौतिक संशाधनमा सहयोग गर्दैन । तसर्थ सरकारको प्रर्याप्त बजेट आवश्यक छ ।कार्य स्थलले कार्य वातावरणलाई असर पार्दछ । तसर्थ भौतिक संरचना सरल हुन जरुरी छ ।

==========================================================

**दोस्रो दिन : २०७३ पौष ९, शनिबार**

सम्मेलनको दोस्रो दिन देहाय बमोजिमका ४ कार्यपत्रहरुमा छलफल भएको थियो ।

**१) सरकारी वकीलको सेवा प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरु**

**२) अपराध अनुसन्धान र अभियोजनमा समन्वयको अवस्था र सहकार्यका लागि गर्ने पर्ने प्रयासहरु**

**३) कानूनी रायको सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरु**

**४) संक्रमणाकालिन न्यायमा सरकारी वकीलको भूमिका**

**कार्यपत्र नं .१: सरकारी वकीलको सेवा प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरु ।**

प्रस्तुत कार्यपत्र सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीज्यूले प्रस्तुत गर्ने भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री द्रोणराज रेग्मीज्यूले अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रमा उठाइएका विषयहरु निम्नानुसार रहेका छन् ।

- हाम्रा सेवा प्रवाहका मुख्य काम मध्ये अभियोजन प्रतिरक्षा र कानूनी राय नै हो ।
- कानूनी शासन बढावा दिलाउन कानूनी राय ।
- शान्ति र न्यायका लागि अभियोजन ।
- मानव अधिकारको संरक्षणमा बहस पैरवी र प्रतिरक्षा तथा कारागार निरीक्षण ।
- पिडीत साक्षि संरक्षण प्रतिको कुरा ।
- Access to justice के हो ?
- सार्वजनिक हित रक्षार्थ सरकारी वकील ।
- रिट क्षेत्राधिकारका कुरा ।
- गोपनियता र बहस इजलाशका कुराहरु ।
- कानूनी सहायतता समिति ।

- फैसला कार्यान्वयनका कुरामा ।
- सरकारका मन्त्रालय, संसदमा सरकारी वकीलको उपस्थिति छैन ।
- अधिकाशं संवैधानिक निकायमा सरकारी वकीलको उपस्थित छैन ।

**छलफलमा सहभागीहरुले उठाएका विषयहरु**

सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल, वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग

- सरकारी वकीलको बहुअयामिक कर्तव्य छ यसका लागि बिषेशज्ञताको जरुरी छ । विषेशज्ञ समूह बिभाजन गर्ने गरी कार्य पत्रमा समेटिनु पर्ने । संक्रमणकालिन न्यायमा सरकारी वकीलको भुमिका कस्तो हुने भन्ने कुरा paper मा समेटिनु पर्ने ।

**जिल्ला न्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डेय, जिल्ला सरकारी वकील कार्यालय, रुपन्देही**

- समन्वयको समस्यालाई कसरी address गर्ने भन्ने कुरा paper मा आउनुपर्ने ।
- सूचना प्रविधिलाई बढावा दिनुपर्ने ।

**उपन्यायाधिवक्ता श्री टिकाभुषण घिमिरे, वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग**

- अनुसन्धान अधिकृत पनि इजलाश समक्षसँगै जाने व्यवस्था हुनुपर्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री टेकबहादुर कार्की, जिल्ला सरकारी वकील कार्यालय, धनुषा**

- बकपत्रमा सुरक्षा भएन कसरी गर्ने ?

**उपन्यायाधिवक्ता श्री देवेन्द्र राज आचार्य, उच्च सरकारी वकील कार्यालय, पाटन**

- professionalism मा विशेषज्ञता चाहिन्छ।
- अफिसको पहिचान दिलाउनु पर्‍यो ।
- निर्णयको मापन गर्ने समन्वय चाहियो ।

**प्रहरी वरिष्ठ उपरीक्षक श्री छविलाल जोशी**

- प्रहरीले अनुसन्धानमा विशिष्टिकृत गरि रहेको छ ।

**श्री सुरेन विक्रम शाह**

- Hostile हुँदा साक्षीलाई video खिच्दा त्यसको test हुन सक्छ सक्दैन ।

**उपन्यायाधिवक्ता श्री प्रमेश पोखेल, उच्च सरकारी वकील कार्याल, पाटन**

- Good Government को बेलामा Public Interest लाई Protection गर्ने खालको हुनुपर्छ । Diversion system लाई अगाडी बढाउन ।

**शाखा अधिकृत श्री सुवासकुमार भट्टराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- अभियोजन गर्दा चलाउने नचलाउने हुन्छ। नचलाउदा विवाद बढ्छ । कसरी नचलाउने criteria निर्धारण गर्ने ।

**शाखा अधिकृत श्री कृष्णचन्द्र पाण्डे**

- कानून किताबको व्यवस्था हुनु पर्‍यो । सेवा प्रवाहमा बढावा दिन्छ ।

**प्रहरी वरिष्ठ उपरिक्षक श्री धिरु वस्नेत**

- Intergraded Approach मा जानु पर्छ एवं अनुसन्धान कठिन छ ।
- बिषेशज्ञतालाई जरुरी छ । साक्षी Hostile लाई खोज्नुपर्ने हुँदा T.A.D.A को व्यवस्था छ र ? सरकारी वकीलबाट मुद्दा सुनबाईको Information हरु प्रयाप्त हामीलाई दिईएन ।

**उपन्यायाधिवक्ता श्री पदमबहादुर कार्की, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- charge sheet/advocacy बाट उसको मापन पहिचान हुन्छ । हाम्रो बहस ठिक छ की छैन भन्ने कुराको मुल्यांकन हुन सकेको छैन । Reward and Punishment को व्याख्यालाई पहिल्याउन सकिएको छैन ।

**प्रहरी नायब महानिरीक्षक श्री बिजयलाल कायस्थ**

- Responsive हुनुपर्छ ।
- accountable police लाई गराउनु पाईदैन ।

**उपन्यायाधिवक्ता श्री लक्ष्मण शर्मा उपाध्याय घिमिरे, जिल्ला सरकारी वकील कार्यालय कैलाली**

- हामीले २० बर्ष देखि एउटै कुरा उठायौ। हामीसँग सही साव deal गर्न आउनु हुन्छ । हामी S.P. सँग deal गर्नुपर्ने ।

कार्यपत्रमा उठाईएका विषयवस्तुहरु उपर प्रस्तुतकर्ताले देहायमा उल्लेख भए बमोजिम स्पष्ट पार्नु भएको थियो ।

- कार्यपत्रमा प्राय: जिज्ञासाहरु संवोधन भएका छन् । अभियोजनको पारदर्शिताको केहि सिमा अवश्य हुन्छन ।
- कार्यपत्रले क्षमताको प्रश्न उठाएको होइन, मात्र समन्वयात्मक प्रयासमा जोड दिएको हो ।
- प्रमाण र साक्षीको सवालमा अनुसन्धानकर्ता अभियोजनकर्ताप्रति जवाफदेही हुनु पर्ने मनासिव नै हुन्छ ।
- सहभागिताको लागि धन्यवाद ।

अध्यक्षता गर्नु भएका **पूर्व महान्यायाधिवक्ताज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो।

- कार्यपत्रले समग्र सेवाकै प्रतिनिधित्व गरेको छ । यसै विषय भित्र कार्यालय व्यवस्थापन, आर्थिक, मानव स्रोत, भौतिक विषय पनि समेटिनु पर्दथ्यो तर एउटै कार्यपत्रमा सवै समेटिन सकिने कुरा भएन ।
- २०१७ सालको ऐनले सरकारी वकीललाई चिनेको चिनाएको थियो तर आज community मा जानुपर्ने भएको छ ।
- हालको जनशक्ति प्रर्याप्त छ ।
- घटनास्थलमा प्रहरी र सरकारी वकीलसँगै जाने व्यवस्थापनमा अनुसन्धानको अपनत्व रहेको महशुस हुन्छ । तर समन्वय भने हुनुपर्छ ।
- तसर्थ एक अर्कामा दोषारोपण गर्ने होइन । सरकारी वकीलले अनुसन्धानको अधिकार मागेको होइन मात्र कानूनको प्रयोग र व्याख्यामा जोड्न चाहेको हो ।
- आफै यस कार्यक्रममा न्यायाधीश र बारको प्रतिनिधित्व भएको भए राम्रो हुन्थ्यो ।
- मुद्दा नचलाउने राय पठाउन पनि हिच्कीचाएको, अभियोजन नगर्न पनि डराएको पाईन्छ तर सो राम्रो होइन ।
- विशेषज्ञ सरकारी वकील बनाउनु राम्रो हो तर चारवटा महाशाखा छन् त्यसै अनुरुप दक्षता बढाउने काम भएको छैन ।
- अनुसूची २ मा भएका सरकारी सम्पत्ति सम्वन्धी लगायतका मुद्दामा सरकारी वकीलले दायर गर्नु पर्नेमा व्यक्ति वा अन्य निकायले चलाएको पाईन्छ । यो राम्रो भएन ।
- हामीले बहस पैरवी र कर्तव्य निर्वाह गर्न कम महत्व दिइएको पाईन्छ ।
- सरकारी वकीलको पहिचान आफै दिलाउने हो । संचार माध्यमले गर्ने होइन ।
- साक्षी परिक्षण प्रत्यक्ष संलग्न भएका साक्षी प्रमाणको संरक्षण पनि हुन्छ ।
- कानून र सन्दर्भका पुस्तकहरु प्रयोग गर्ने बानी बसाल्नुपर्छ ।
- अर्को सेवामा हाम फाल्ने प्रवृत्ति त्यागनुपर्छ ।

- कार्यपत्रले कतिपय परम्परागत ढाँचा नै समेटेको छ ।
- मुद्दाको सफलता दर बढाउनै भनेर लाग्नु भन्दा न्यायपर्नेतर्फ लाग्नुपर्छ ।
- रायमा आधारित भएर अभियोजन गरिएको छ ।
- सृजनशील हुनुपर्छ, सुधारको संभावना छ ।

==========================================================

**कार्यपत्र नं २: अपराध अनुसन्धान र अभियोजनमा समन्वयको अवस्था र सहकार्यका लागि गर्नुपर्ने प्रयासहरु ।**

प्रस्तुत विषयको कार्यपत्र प्रहरी नायब महानिरीक्षक श्री विजयलाल कायस्थज्यूले प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत छलफलमा पुर्व नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोईरालाज्यूले गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रले समेटेका विषयहरु निम्नानुसार रहेको छ ।

- यो समन्वयात्मक team work हो ।
- प्रहरीको पुरानो threat को image अहिलेसम्म पनि कायमै छ भने सरकारी वकीललाई अहिलेसम्म पनि जनताले चिन्न सकेका छैनन् ।
- अपराध रोक्ने र अपराधी पक्राउ गर्ने र अनुसन्धान गर्ने प्रकृतीको मुख्य काम हो ।२५०३ यूनिट प्रहरी मध्ये २०१ यूनिट ले crime investigation गर्छ ।
- २४४ वटा महिला बालबालिका केन्द्र छ ।
- अख्तियार र सम्पत्ति शुद्धिकरण तर्फ पनि प्रहरी छन् ।
- पुराना फरार मुद्दामा प्रतिवादी पक्राउमा पर्दै आएका छन् ।
- अनुसन्धानमा scientific age लाई नकार्न सकिदैन ।
- धरानमा प्रहरी Lab को स्थापना भयो ।
- २०७० साल देखि polygraph लाई अगाडी सारेका छौ ।
- २८ हजारको हाराहारीमा मुद्दा छन् ।
- अपराध बृद्धि दर कम हुदै छ ।
- मुख्य समन्वयको कुरा स.मु.स. ऐन २०४९ ले तोकेको छ । प्रहरी प्रतिवेदन देखि वयान अभियोजन र साक्षि परिक्षण सम्म हाम्रो समन्वय अगाडी बढेको छ ।
- बाध्य तथा आन्तरिक कारण नभए पनि समयमा राय लगिएका छन् ।
- समन्वयको क्षेत्र— अनुसन्धान पुर्व अनुसन्धानको दौराहानमा, अदालतमा मुद्दा दायर भए पछि ।
- माननिय महान्यायाधिवक्ताको अध्यक्षतामा केन्द्रिय समन्वय समिति रहेको छ ।
- क्षेत्रिय गोष्ठीमा सँगै प्रहरी र सरकारी वकीलको संयुक्त उपस्थिति भएको छ ।
- दर्जा तोकिएका प्रहरी र सरकारी वकीलले गर्नुपर्ने काम नगरेर तल्ला स्तरका कर्मचारीबाट काम भएको देखिन्छ ।

- सामुहिक जिम्मेवारको भावनाले काम गर्नु पर्ने अवस्था छ ।

**छलफलमा सहभागिहरुबाट राखिएका विषयहरु**

**जिल्ला न्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डे, जिल्ला सरकारी वकील कार्यालय रुपन्देही**

- जस्तो सुकै मुद्दामा पनि किन मुद्दा दर्ता फेरी दर्ता गरी तामेलिमा राख्ने व्यवस्था हुनु पऱ्यो ।

**उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

- निरन्तर सुनावार्थको मुद्दामा प्रहरीले सरकारी साक्षीलाई उपस्थित कहिले गराउन सक्छ । प्रहरीले समय दिनु पऱ्यो ।

**प्रहरी वरिष्ठ उपरीक्षक श्री धिरु बस्नेत**

- हामीले मुद्दाको जानिफकारहरु प्रहरीलाई अनुसन्धान गर्न मात्रै खटाएका छौं ।

**सहन्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमरे, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

- काठमाण्डौमा मुद्दाको चाप धेरै छ । मानव अधिकारको क्षेत्रमा केही threat छन् । धुलो हाल्ने जस्ता मुद्दा रहेछन् । अर्थात अन्य हकमा ठुलो मुद्दाहरुको भारी बकाउने प्रचलन छ । जिल्ला न्यायाधिवक्ता उपर पनि मानव अधिकार आयोगको प्रश्न आउन थाल्यो । के भन्ने ?

**उपन्यायाधिवक्ता श्री प्रमेश पोखरेल उच्च सरकारी वकील कार्यालय पाटन**

- रायको दफामा सरकारी वकीलले अभियोगमा change गर्दा प्रहरीले गुनासो गर्नु मिल्दैन ।

**शाखा अधिकृत श्री सुवासकुमार भट्टराई, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- समन्वय कसरी गर्ने छोटो उत्तर पाउँ ।

**सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- कानुनले भनेको बाहेकमा समन्वय हुन सक्दैन ।

**उपन्यायाधिवक्ता श्री नारायण रिमाल, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

- प्रहरीले लेखेको वयानमा सही नगर्दा ज्यान सम्मको threat भएको हुन्छ । त्यसैले प्रहरीसँगको समन्वय झुकावपुर्ण छ । तर अहिले त्यस्तै अवस्था छैन ।

कार्यपत्रमा उठाइएका विषयहरु उपर प्रस्तुतकर्ताबाट देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

- जाहेरी दर्ता गराउने विभिन्न प्रक्रिया छन् तर दुःख दिने नियतले पनि जाहेरी दर्ता गराउने चलन छ । हामीलाई पनि कठिनाई छ । जाहेरी दर्ता गरे पछि तामेलीमा राख्ने right हामीलाई छैन । federal structure मा जाँदा अव प्रहरी कसरी जान्छ हेर्नु पर्ने छ, साक्षी कुन दिन ल्याउन सकिन्छ । प्रहरीबाट जानकारी सरकारी वकीललाई दिन पाए अदालतबाट आदेश गराउन सकिन्छ ।

अध्यक्षता गर्नु भएका **पूर्व नायब महान्यायाधिवक्ताज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

दर्जा तोकेकोमा बाहेक अन्य प्रहरीले अनुसन्धानको काम गर्न र सरकारी वकीलको पनि दर्जा नपुगेकोले मुद्दामा बयान, बकपत्र बहस गर्न मिल्दैन । जिल्ला प्रहरी प्रमुखबाट कतिपय ठाउँमा सरकारी वकीलको कार्यालय नपसी सरुवा भएका छन् । सरकारी वकीलले निर्देशन दिएका example धेरै कम छन् ।लागु औषध मुद्दामा सेवन र कारोबार दुईवटै लगाउने चलन छ । त्यो मिल्दैन ।प्रहरी third degree torture दिने चलन महिला पनि अहिले पनि कथंकदाचित छ भन्ने सुन्न पाईन्छ। बिधि बिज्ञान प्रयोगशालालाई समय सापेक्षा बनाइ अनुसन्धानलाई प्रमाणमुखि बनाउनुपर्छ ।१० नं. दायरीमा दर्ता भएको कारण मुद्दा चलाउनु पर्छ भन्नु हुदैन । कमैको प्रभावमा दवावमा नपरी काम गर्नुपर्छ । ढंग हुदा पनि अनुसन्धान गर्ने प्रहरीलाई चलाउनु हुदैन । व्यावसायिक rejection कायम हुनु पर्‍यो । अनुसन्धान अधिकृत वहस सुन्न अदालतमा जानुपर्छ जसले गर्दा weakness जानकारी हुन्छ ।

==============================================================

**कार्यपत्र नं. ३: कानूनी रायको सम्वन्धमा देखिएका समस्या र समाधनका उपायहरु ।**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराईज्यूले र उपन्यायाधिवक्ता अर्जुनप्रसाद कोईरालाज्यूले प्रस्तुत गर्नु भएको थियो । यस छलफलमा पुर्व महान्यायाधिवक्ता श्री लक्ष्मी बहादुर निरालाज्यूले अध्यक्षता गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रले देहायका विषयहरु समेटेको छ ।

- कानूनी रायको परिचय, आवश्यकता, संविधानमा र कानूनमा भएका व्यवस्था राय प्रदान गर्ने निकाय, प्रकृया, इन्कार गर्ने अवस्था, समयावधिक, ध्यान दिनुपर्ने कुराहरु, समस्या र समाधान तथा सुधारका पक्षहरु समेटीएको छ ।
- मुख्यत: कानून विज्ञले कानुनका आधारमा कानूनी समस्या समाधान गरिन्छ। यसले कानूनको रिक्तता पुर्ति गर्ने र विविध समाधान गर्दछ । यो संसारभर प्रचलनमा छ । काममा कानूनी त्रुटि नदिने प्रयास हो ।

- धारा १५८, १६० ले महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताले कानूनी राय दिने व्यवस्था गरेको छ । सरकारी वकील सम्वन्धी नियमावली, २०५५ ले पनि राय सम्वन्धी उल्लेख गरेको पाईन्छ ।
- हाल प्रकृया नपुऱ्याई राय मागेको र दिएको पाईन्छ ।
- प्रकृया, कानून, अभिलेखिकरण, अधिकारक्षेत्र, न्यायिक दृष्टिकोण जस्ता पक्षमा ध्यान पुऱ्याई दिएको राय सार्थक हुने र कार्यान्वयन हुने विश्वास गर्न सकिन्छ ।

**प्रस्तुत छलफलमा सहभागीहरुबाट उठाइएका विषयहरु**

**सहन्यायाधिवक्ता श्री चिरन्जीवी पराजुली, उच्च सरकारी वकील कार्यालय, राजविराज**

- पटक पटक अन्तरक्रिया गर्दा पनि राय नै नमाग्ने र न्यायिक निर्णय गरेको पाईयो । त्यसबाट उत्पन्न परिणाम प्रति निर्णयकर्ता जवाफदेहि भएको पाईए । त्यसो हुनु पर्दथ्यो । विभागिय परिपत्र जारी हुनुपर्छ ।

**सहन्यायाधिवक्ता श्री सुरेन्द्रजंग शाही, उच्च सरकारी वकील कार्यालय पोखरा**

- जिल्ला तहमा राय माग्दा चित्त नबुझेमा माथिल्लो तहमा सोध्ने र सरकारी वकीलले पनि आफु माथि सोध्न मिल्छ । अदालती फैसलामा राय दिनै नमिल्ने होला र ।

**उपन्यायाधिवक्ता श्री प्रकाश घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

- मन्त्रालय विभागमा कानूनी राय शाखा नै छन् ।सोलाई रोक्ने र महान्यायाधिवक्ताबाटै दिने भन्ने प्रस्ताव पारित गरी छुट्टै शाखा निर्माण गरी सवै रायमा सरकारी वकीललाई संलग्न गराइनुपर्छ ।

**उपन्यायाधिवक्ता श्री प्रमेश पोखरेल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- कानून मन्त्रालयले कानून कस्तो हुनुपर्छ भन्ने मा (बनाउदा) र हामी के छ भन्नेमा मात्र राय दिनुपर्ने हो । अर्कोले राय दिएको छ भने सो ठिक होइन भन्ने माथिबाटै विश्वास दिलाउनुपर्छ ।

**शाखा अधिकृत श्री चपला पोखरेल,**

- राय कसका लागि हो भन्ने नै यकिन भएन । राय दिने ढाँचा तरिका यकिन भए हुन्थ्यो ।

**उपन्यायाधिवक्ता श्री घनश्याम ओझा निर्वाचन आयोग**

- राय प्रकृया नपुगी मागियो भन्ने वित्तिकै पुन: सोध्ने चलन छैन ।

**जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, कैलाली**

- कानूनको कुरा नै नसोध्ने वा सरकारी वकीललाई थाहा दिएमा आफ्नो निर्णय प्रभावित भन्ने आम धारणा छ ।

**अध्यक्ष श्री लक्ष्मी वहादुर निरालाः-** हामी नीतिगत विषयमा छलफल गरौं ।

**श्री महेश शर्मा पौडेल, सचिव वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग**

- सम्मेलनले अव के गर्ने भन्ने सुझावको अपेक्षा गरेको हो ।

**उपन्यायाधिवक्ता श्री देवेन्द्र आचार्य, उच्च सरकारी वकील कार्यालय, पाटन**

- सोध्ने निकाय नै कुरा लुकाएर आउँछ ।

**उपन्यायाधिवक्ता श्री राम घिमिरे, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- गलत राय सृजना हुने मुद्दामा प्रतिरक्षा नै गर्दिन भन्ने माथिबाटै निर्णय हुन सक्छ ?

**जिल्ला न्यायाधिवक्ता श्री टेकबहादुर कार्की, जिल्ला सरकारी वकील कार्यालय, धनुषा**

- अदालतको फैसला/मिलापत्रको हदम्याद नाघेको वा त्यसको बिषयबस्तु नै गलत थियो भने राय कसरी दिने ?

**सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल, सत्य निरुपण तथा मेलमिलाप आयोग**

- संविधान अनुसार महान्यायाधिवक्ताले बार्षिक प्रतिवेदन बुझाउँछन्, सूचनाको हकले राय गोप्य हुँदैन । निश्कर्ष निस्कनु पर्छ ।

**सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिम्सिना, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- राय माग्नेले राय विपरित निर्णय गऱ्यो । त्यस उपर मुद्दा पर्दा सरकारी वकील कता बहस गर्ने हो ? राय नमाग्ने कुरा महत्वपूर्ण होइन, व्यावसायिक भै राय दिइयो दिइएन महत्वपूर्ण हो । हामी पनि कहिलेकाही राय नदिने वा अस्पष्ट दिने प्रयास गर्दछौं ।

कार्यपत्रमा उठाइएका विषयहरु उपर प्रस्तुतकर्ताले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

- गलत निर्णयको प्रतिरक्षा गर्नुपर्ने समस्या नै हो । यसमा सम्मेलनले निर्णय गर्नेछ । सहभागी साथीहरुले उठाएका प्रश्न कानून समत छन् । यी प्रश्नहरुलाई Full house मा पेश गर्ने छौ । कानूनमा के छ, भन्ने कुराको कानूनी राय दिने अधिकार केवल सरकारी वकीललाई मात्र छ । यसका लागि सरकारले गरेको कार्य विभाजनमा फेरवदल गर्नुपर्ने छ ।

अध्यक्षता गर्नु भएका पूर्व **महान्यायाधिवक्ताज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो।

- कानून मन्त्रालय तर्फका कर्मचारीको राय र महान्यायाधिवक्ताका अन्तर्गतको काममा दोहोरो भएकै छ । कानून मन्त्रालयले पनि कानूनी राय महान्यायाधिवक्ताको कार्यालयमै माग गर्ने हो ।
- कानून मन्त्रालयले कानूनी राय प्रदान गर्न सक्दैन ।
- जसरी Auditor General ले Audit गर्छ । यसरी नै Legal Auditor महान्यायाधिवक्ताले गर्नुपर्छ । आवधिक रुपमा यस्तो Audit गर्ने हो भने सुशासन कम हुन्छ । मित्र हरुले अझै प्रश्न गर्नु पर्दथ्यो, गर्नुभएन । कानून मन्त्रालयले कानूनी राय दिन पाउने होइन यसमा प्रष्ट हुनुपर्‍यो ।

==================================================

**कार्यपत्र नं. ४: संक्रमणकालीन न्यायमा सरकारी वकीलको भूमिका ।**

प्रस्तुत विषयको कार्यपत्र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव श्री महेश शर्मा पौडेलज्यूले र सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालज्यूबाट प्रस्तुत भएको थियो । यस छलफल कार्यक्रममा सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष श्री सूर्यकिरण गुरुङज्यूले अध्यक्षता गर्नु भएको थियो । यस कार्यपत्रले समेटेका विषयहरु देहाय बमोजिम रहेका छन् ।

- एक दशक यता संक्रमणकालिन न्यायको चर्चा बढि नै चलेको छ ।समाधान भएको छैन कारण हामी संक्रमण मै छौ ।
- जनयुद्ध Political Movement कै लागि थियो ।
- हिजो भएका गंभिर मानव अधिकारको उलंघनको पहिचान गर्ने कार्य भएकै छ ।
- Judicial र Non Judicial मा खाली कसूरको पहिचान कसुरदारलाई पीडितको घाउ पर्ने र अव त्यस विषयमा थप द्वन्द्व हुन नदिनेतर्फ यसको पहल हुन्छ ।
- 2nd world war पछि मात्र राज्यका अधिकारीको criminal wrong लाई कानूनको दायरामा ल्याई Accountability वीच वहस भै रहन्छ ।
- कतिपय मुद्दामा अभियोजन गर्नुपर्छ । जस्तो गैर न्यायिक हत्या, वलात्कार, अपहरण आदी ।
- यस अन्तर्गत National court/tribunal अझ ICC मा पनि मुद्दा दर्ता गर्नुपर्ने कुनैमा tribried रुपमा देश र देश बाहिर पनि मुद्दा दर्ता गर्ने क्षेत्राधिकार तोकिन सक्छ ।
- Foreign court हरुमा मात्रै पनि मुद्दा चल्ने गर्दछ ।
- हामी failure भयौं भने universal Jurisdiction भएका मुद्दाहरुमा द्वन्द्वकालिन सरकारका पदाधिकारी र द्वन्द्वरत पक्षलाई अन्तराष्ट्रिय jurisdiction कायम हुन्छ ।
- यसमा निम्न ४ वटा खम्वा छन्-
- Right to truth-victim को अधिकार हो ।

- अभियोजन prosecution victim को right हो ।
- परिक्षण एउटा package मा शिक्षा, रोजगार, पार्क, पेसा, माफी आदी
- Non Repetition को प्रतिवद्धता।
- सरकारी वकीलको भुमिका बहुआयामिक छ । कानूनी सुधारको क्षेत्रमा महान्यायाधिवक्ताले पहल गर्नुपर्ने देखिन्छ ।
- कानूनी रायको लागि महान्यायाधिवक्तासँग माग गर्छौं ।
- सरकारी वकीलको कर्मचारीको सहयोग छ । बिज्ञताका हिसावले जरुरी छ ।
- मुद्दामा सरकारी वकीलबाटै प्रतिरक्षा गर्ने हो ।
- मुद्दा चल्ने नचल्ने निर्णय सरकारी वकीलबाटै हुनुपर्ने ।

**छलफलका सहभागीहरुले उठाएका विषयहरु**

**शाखा अधिकृत श्री कृष्णचन्द पाण्डे,**

- आफैले Investigation र अभियोजन गर्न मिल्छ कि मिल्दैन ।

**शाखा अधिकृत श्री रोशी भट्टराई**

- मास mass मा भएको अपराधलाई कसरी अभियोजन गर्नु हुन्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री लक्ष्मण घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, कैलाली**

- Supreme Commander लाई मुद्दा चलाउने हैसियत T.R.C ले राख्छ की राख्दैन ।

**उपन्यायाधिवक्ता श्री प्रमेश पोखरेल, उच्च सरकारी वकील कार्यालय, पाटन**

- T.R.C. का यतिका धेरै मुद्दा सरकारी वकीलले Handle गर्न सक्छ त ?

**प्रहरी वरिष्ठ उपरीक्षाक श्री धिरु बस्नेत**

- T.R.C. ले हेरेका मुद्दामा पनि अदालतले जाहेरी दर्ता गर भनेर परमादेश जारी गरेको छ । यसलाई कसरी हेर्ने ।

**शाखा अधिकृत श्री विनोद लम्साल**

- रामेछापको मुद्दामा अदालतले मुद्दा चला भन्छ मैले के गर्ने भनेर महान्यायाधिवक्ता कहा लेखि पठाए के गर्ने हो ? अदालतमा मानहानी मुद्दा चलेको छ ।

**प्रहरी वरिष्ठ उपरीक्षाक श्री छविलाल जोशी**

- हिजोका कामको सजाय हुने हो की भन्ने त्रासमा सुरक्षा निकाय छ । यसका लागि अव के हुन्छ कुमार लामाको व्यथा दोहोरिन्छ कि ?

प्रस्तुत कार्यपत्र उपर उठाइएका विषयहरुमा प्रस्तुतकर्ताले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

यसमा conflict of interest छैन । संक्रमणकालिन न्याय साधारणत: फौजदारी न्याय भन्दा फरक हो । भुमिका अनुसारको दोष हुन्छ । बिशेष अदालतले मुद्दा हेर्छ । संक्रमणकालिन न्यायको रायले व्यवस्थापन गर्दा रिट जारी भएका हुन हाल २ वटा आयोग गठन भए पछि त्यो अवस्था कम भएको छ । कोर्ट संक्रमणकालिन न्यायको सहयोगी हुनुपर्छ ।

अध्यक्षता गर्नु भएका TRC का **अध्यक्षज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो।

- द्वन्द्वलाई कसरी व्यवस्थापन गर्ने । पेरु र सियारालियोनको द्वन्द्वसँग हाम्रो द्वन्द्व अलि मिल्छ । हामीकहाँ अधिकारको द्वन्द्व छ । यो सामाजिक, आर्थिक, राजनैतिक भौगोलिक रुपमा द्वन्द्व भएको हो । हतियार नबुझाई निर्वाचन यहि भएको हो । अरुको भन्दा फरक छ ।
- हाम्रो कामको बोझले ७ वटा प्रदेशमा हामीले काम गर्न खोज्यौ । तर सरकारले बजेट दिएन । गैर न्यायिक रुपमा बलात्कार, अपहरण जस्ता विषय मात्र गम्भिर प्रकृतिका अपराध हुन । अरुमा मेलमिलाप हुने हुन्छ ।
- आयोगले निर्णय गर्दा, फौजदारी न्याय मात्रै होइन । द्वन्द्वको कारण पनि हेर्छ ।

३) **समूह ग को संयोजन र व्यवस्थापन**

**क) समूह संयोजन र व्यवस्थापन समूह**

**संयोजक**

सहन्यायाधिवक्ता श्री कृष्णजिवि घिमिरे

**सहसंयोजक**

सहन्यायाधिवक्ता श्री विश्वराज कोईराला

सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल

**प्रतिवेदन तयारी**

उपन्यायाधिवक्ता श्री ध्रुवमणी ज्ञवाली

उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने

शाखा अधिकृत श्री मुना भट्टराई

शाखा अधिकृत श्री घनश्याम घिमिरे

शाखा अधिकृत श्री नगेन्द्र लम्साल

नायब सुब्बा श्री भरत मैनाली

कम्प्युटर अपरेटर श्री बन्दना भट्टराई

कार्यालय सहयोगी श्री वुद्धकाजी महर्जन

यस समूहमा **सरकारवादी मुद्दाको अनुसन्धान अभियोजन र सरकारको सरोकारका मुद्दामा प्रतिरक्षा** सम्बन्धी शिर्ष विषय दिइएको थियो । उक्त छलफल कार्यक्रममा ६८ जना सहभागी र १८ जना पर्यवेक्षकको सहभागीता रहेको थियो । छलफलमा सहभागीहरुको हाजिरी विवरणा अनुसूची दुईमा समावेश गरिएको छ । समूहलाई दिइएको शिर्ष विषयमा ७ वटा विषयका कार्यपत्रहरु प्रस्तुत भई छलफल भएको थियो । ७ वटा कार्यपत्रहरु देहाय बमोजिमका छन् ।

**ख) <u>प्रस्तुत कार्यपत्रहरु</u>**

१) **सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने उपायहरु**

२) **न्यायमा सहज पहुँचको दृष्टिले अपराध पीडित र साक्षी संरक्षणमा सरकारी वकीलको भूमिका**

३) **सार्वजनिक सरोकारको विवादको अवधारणा र फैसला कार्यान्वयनको स्थिति**

४) **अभियोजनको विद्धमान अवस्था र अभियोगपत्र लेखनमा गर्नु पर्ने सुधार**

५) **वन र बन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान, अभियोजन र न्याय सम्पादन सम्बन्धी समस्या र सुधारका क्षेत्रहरु**

६) **Importance of Forensic Evidences in Prosecution of Criminal Cases.**

७) **अभियोजन सम्बन्धी नीति र अभियोजन मार्गदर्शन**

## ग) कार्यपत्र प्रस्तुती र छलफल

**पहिलो दिनः २०७३ पौष ८**

सम्मेलनको पहिलो दिन देहाय बमोजिमका २ कार्यपत्रमा छलफल भएको थियो ।

१) **सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने उपायहरु**

२) **न्यायमा सहज पहुँचको दृष्टिले अपराध पीडित र साक्षी संरक्षणमा सरकारी वकीलको भूमिका**

कार्यपत्रको विषय अनुसार प्रस्तुती र छलफल देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**कार्यपत्र नं. १: सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने उपायहरु ।**

प्रस्तुत विषयको कार्यपत्र पूर्व महान्यायाधिवक्ता डा. श्री युवराज सँग्रौलाज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री राघवलाल वैद्यज्यूले अध्यक्षता गर्नु भएको थियो । छलफलमा सहभागीहरुबाट उठाइएका विषयहरु निम्न बमोजिम छन् ।

**उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- Criminal Justice System लाई सुदृढ गर्न अभियोजनका लागि बेलायत र जापानमा जस्तै Evidential test र Public interest test को धारणा अवलम्बन गर्नुपर्छ ।
- राज्यले समुदायसँग सहभागीतामूलक रूपमा कानूनहरूको पालना गराउन र अपराधको अनुसन्धानमा क्रियाशील गराउनुपर्छ ।
- अनुसन्धान अधिकारीले पीडितलाई मुद्दा कहाँ पुगेको छ भनेर जानकारी दिने प्रणालीको विकास हुनुपर्छ ।
- हाम्रो काम कारबाहीप्रति हामी जनताप्रति जवाफदेही हुनुपर्छ ।
- स्थानीय संरचनामा स्थानीय न्यायिक समितिमा आउने कानूनी विवाद निरोपणमा सरकारी वकीलको भूमिकाको सम्बन्धमा ठोस नीति सुझाउन जरूरी छ ।
- सरकारी वकीलले दिने निर्देशन, राय र अभियोजनलाई कार्यसम्पादन मूल्यांकनसँग जोडिनुपर्छ ।राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने प्रणालीको शुरूवात गर्नुपर्छ । सर्वसाधारणलाई न्याय दिलाउने कार्यमा सघाउ पुऱ्याउन जनताप्रति जवाफदेही हुने प्रणालीको विकास गर्नुपर्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री यदुनाथ शर्मा, जिल्ला सरकारी वकील कार्यालय, पाल्पा**

- मुद्दा चलाउने वा नचलाउने निर्णयका लागि आउने मुद्दाहरूमा ९९ प्रतिशत मुद्दाहरू चलाउने निर्णयहरू हुन्छ । सबै मुद्दाहरू चलाउने निर्णय गर्ने खालका मुद्दाहरू हुँदैनन । जिल्ला र केन्द्रीय तहमा कस्तो अभियोजन गर्दा सार्थक हुन्छ भनेर छलफल हुन जरूरी छ ।

**उपन्यायाधिवक्ता श्री गोविन्दप्रसाद उपाध्याय, वैदेशिक रोजगार विभाग**

- मुद्दाको सन्दर्भमा अदालतमा बयानका लागि उपस्थित हुँदा जाहेरवाला र वकपत्र गर्दा साक्षी आर्थिक प्रलोभनमा परि Hostile हुने प्रवृत्तिलाई कार्यपत्रमा समावेश गर्नुपर्छ ।

**उपन्यायाधिवक्ता श्री अशोकराज रेग्मी, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- सरकारी वकील आफैंमा व्यावसायिक व्यक्ति हो । फौजदारी कानूनी प्रणालीमा सरकारी वकीलको भूमिकाको विषयमा सार्वजनिक रूपमा कम जानकारी भएकाले यस विषयमा विश्लेषण हुनुपर्छ ।
- मुद्दामा सफलताको प्रतिशत जापान, अमेरिका र फ्रान्समा उच्च रहेको छ ।
- सरकारी मुद्दाको सफलताको प्रतिशत न्यून भन्ने गर्दा अभियोजनको प्रतिशत उच्च रहेको ख्याल गरिदैन । मुद्दाको जवाफदेहिता सरकारी वकीलले बोकेको छ । जिम्मेवारी लिएको छ । यससँग जोडिएका अरू निकाय चुपचाप रहेका छन् ।

**फरेन्सिक विज्ञ डा. श्री हरिहर वस्ती, शिक्षण अस्पताल महाराजगंज, काठमाडौं**

- विज्ञान र प्रबिधिको प्रयोग गरेर अपराध भइरहेका छन् । फौजदारी अपराधको सिद्धान्तमा evidential value भएको प्रमाण नै सर्वोत्तम प्रमाण हो । अरू सबै वस्तु हो भन्ने ठूलो सन्देश हो । यसमा सुधार गर्नुपर्छ ।
- विज्ञान र प्रविधिसँग जोडिएर हुने अपराधमा प्रमाणको Evidential value बुझ्न सरकारी वकीलको ज्ञान र क्षमतामा वृद्धि गर्नका लागि तालिम हुनुपर्छ । अपराधमा प्रमाणको Evidential value बुझ्ने क्षमता वृद्धि भएमा मुद्दाको सफलताको संख्यामा वृद्धि हुन्छ ।
- महान्यायाधिवक्ताको कार्यालयमा फौजदारी अपराधसँग विभिन्न क्षेत्रका मुद्दाहरूमा प्रमाणको मूल्यांकनमा सहयोग गर्ने विभिन्न क्षेत्रका विज्ञहरू राख्नुपर्छ ।
- महान्यायाधिवक्ताको कार्यालयमा अपराधबारे अनुसन्धान गर्न विज्ञहरू सहितको अपराध अनुसन्धानबारे विश्लेषण गर्ने महाशाखा हुनुपर्छ ।

**प्रहरी वरिष्ठ उपरीक्षक श्री केदारमान सिंह भण्डारी, अञ्चल प्रहरी कार्यालय वाग्मती**

- अपराध घट्नासाथ घट्नास्थलको राम्रोसँग सुरक्षा नगरेसम्म घट्नाको अनुसन्धान गर्न अनुसन्धान अधिकृतलाई गाह्रो हुन्छ ।घट्नास्थल सुरक्षालाई ध्यान दिन जरूरी छ ।
- नेपाल प्रहरीमा ७२ हजार प्रहरी जनशक्ति पुगेकोले अपराध अनुसन्धान र घट्नास्थलको सुरक्षासँग सम्बन्धित तालिम दिन नसकेको अवस्था रहेको छ ।

- अपराध, अपराध गतिविधी र अपराधीको विवरण संकलन गरी ईलाका, जिल्लादेखि केन्द्रीय प्रहरी कार्यालयसम्म राखिएको छ ।
- अपराध अनुसन्धान विभागको निर्देशनमा नगरपालिकाको वडा र गाबिसमा अपराध रोकथामका लागि अपराध सम्बन्धी सूचना संकलन गर्नका लागि कम्तीमा दश जनाको प्रहरी स्वयंसेवक सञ्जाल निर्माण गरिएको छ । स्वयंसेवको नाम र फोन नं सहयोगका लागि संकलन गरेर राखिएको छ ।
- नेपालमा जनघनत्वको तुलनामा प्रहरीको संख्या कम रहेको छ । दुई सय जनसंख्या बराबर एक प्रहरी हुनुपर्नेमा चार/पाँच सय बराबर एक प्रहरी रहेको छ ।
- प्रबिधिबाट अपराध नियन्त्रण गर्नका लागि स्थानीय स्रोतबाट कार्यक्षेत्र भित्रका जिल्लाहरू धादिङ, नुवाकोट, रसुवा, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका विभिन्न स्थानहरूमा CCTV Camera हरू राखिएका छन् । प्रबिधिबाट अपराध नियन्त्रण गर्ने र निगरानी गर्ने कार्यलाई बढाउनुपर्छ ।
- प्रहरी प्रधान कार्यालयबाट अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन Crime Action Plan जारी गरिएको छ । उक्त Action Plan बाट निर्देशित भएर प्रहरीले काम गरिरहेको छ ।
- मुद्दा सफल हुनका लागि पीडित र साक्षीले अदालतमा उपस्थित भएर सफल ढंगले वकपत्र गर्नुपर्छ । वकपत्र गर्न आउनेलाई भत्ताको व्यवस्थाले पनि मुद्दा सफल हुनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।मुद्दाको चाप बढि भएकाले पीडित र साक्षी भत्ताको रकम बढाउनुपर्ने अवस्था छ ।

**प्रहरी उपरीक्षक श्री गणेश रेग्मी, प्रहरी प्रधान कार्यालय**

- अपराध रोकथामलाई प्रभावकारी बनाउन अनुसन्धान गर्ने प्रहरी र पेट्रोलिङ गर्ने प्रहरी बीच Gap भएकाले त्यसको सम्बोधन हुन जरूरी छ ।
- अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन पर्याप्त स्रोत साधन र बजेट हुनुपर्छ । काम गर्ने वातावरण हुनुपर्छ । कामको पहिचान हुनुपर्छ । अनुसन्धानमा खटिएको प्रहरीलाई कामप्रति उत्प्रेरित गर्नुपर्छ ।
- CCTV अपराध नियन्त्रण र अनुसन्धानको लागि महत्वपूर्ण माध्यम हो । यो जरुरी भएपनि पर्याप्त ध्यान पुगेको छैन। राज्य संयन्त्र जिम्मेबार बन्न जरुरी छ । CCTV Surveillance अपराध रोकथाम र नियन्त्रणका लागि बढाउन जरूरी छ ।
- साईबर क्राईम र संगठित अपराध जस्ता विशेष किसिमका अपराधहरू अनुसन्धान सम्बन्धी तालिम दिई जनशक्ति निर्माण गर्नुपर्छ ।
- प्रबिधिको प्रयोग गरेर अपराध बढि रहेकाले मोबाइलको कल डिटेल प्रहरीले हेर्न सक्ने गरी व्यवस्था गर्नुपर्छ । कल डिटेल दुरूपयोग गरेमा तुरून्त कारबाही हुने व्यवस्था पनि होस् ।

- सरकारी वकीलको मुद्दाको चापको तुलनामा जनशक्ति कम भएको देखिएकाले जनशक्ति वृद्धि गर्न जरूरी छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री उत्तम श्रेष्ठ, जिल्ला सरकारी वकील कार्यालय, बारा**

- प्रहरीको अनुसन्धान अधिकारलाई मुद्दाको सन्दर्भमा विभिन्न सरकारी कार्यालयमा विवरण माग्दा विवरण नदिने र अनुसन्धानमा असहयोग गर्ने काम गर्ने गरेकाले अनुसन्धानमा सहयोग नगर्ने सरकारी अधिकारीलाई कारबाहीको व्यवस्था सम्बन्धित ऐन मै हुनुपर्छ । अनुसन्धान अधिकृतलाई अनुसन्धानका लागि २५ दिन कम भएकाले अनुसन्धान अवधी बढाउनुपर्छ ।

**शाखा अधिकृत श्री भक्ति उपाध्याय, उच्च सरकारी वकील कार्यालय, पाटन**

- किर्ते मुद्दामा कतिपय अवस्थामा पीडितलाई नै मुद्दा चलाइने गरेको छ । किर्ते कागजात तयार गर्ने व्यक्ति अनुसन्धानको दायरामा आउन सकेको छैन । किर्ते कागज बोक्ने व्यक्ति मात्र पक्राउ पर्ने गरेका छन् । किर्ते कागज बनाउने व्यक्तिलाई पनि कारबाहीको कानुनी व्यवस्था भएमा प्रभावकारी हुन्छ ।

**सहन्यायाधिवक्ता श्री खडगबहादुर खड्का, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर**

- अभियोजन अनुसन्धानमा आश्रित छ । Evidence र Proof छुट्टाउन हामीलाई कठिन अवस्था रहेको छ ।
- मुद्दाको सन्दर्भमा प्रमाण पहिचान गर्न सक्ने सीप र ज्ञानका लागि तालिमको आवश्कयता रहेको छ ।

**जिल्ला न्यायाधिवक्ता श्री सुवर्णमान बनेपाली, जिल्ला सरकारी वकील कार्यालय, रोल्पा**

- वन ऐन, २०४९ को दफा ६०(२) मा वन सम्बन्धी मुद्दामा सरकारी वकीलको राय लिने कानुनी व्यवस्था रहेको छ । यो बाध्यात्मक हो हैन । जिल्ला वन कार्यालयले सरकारी वकीलको रायको अन्यथा गरेमा सोको जिम्मेवार वन कार्यालय नै हुनुपर्छ ।

कार्यपत्र माथि सहभागीहरुले भनाई राखे पश्चात कार्यपत्र प्रस्तोता पूर्व महान्यायाधिवक्ता डा. श्री युवराज संग्रौलाज्यूले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

- Criminal Jurisprudence मा कोही पनि ज्ञाता हुन सक्दैन यो विषय सधैं अध्ययन गरिरहनु पर्ने विषय हो ।
- हरेक सरकारी वकीलले सेवाबाट अवकाश भएपछि आफ्नो अनुभवबारे अनुभवको संगालो लेख्नु पर्छ तर हामी कहाँ यस्तो अभ्यास छैन ।
- महान्यायाधिवक्ताको कार्यालयमा कम्तीमा एकजना सहन्यायाधिवक्ता र एकजना प्रहरी नायब महानिरीक्षक र अन्य आवश्यक सरकारी वकील र प्रहरी कर्मचारी समेत रहेको

एक Control Room स्थापना गर्नुपर्छ जसले अनुसन्धान र अभियोजनमा आईपर्न सक्ने समस्या समाधान गर्न सकोस् ।

- हाम्रो फौजदारी विधिशास्त्र कमजोर छ । सरकारी वकील र प्रहरीलेसँगै बसेर समन्वय र छलफल गरेर मुद्दाको प्रमाणको आधारमा कमजोर मुद्दाको अभियोजन गर्ने काम रोक्न सक्छन् ।
- अभियोजनकर्ता सरकारी वकीलले मुद्दाको नेतृत्व लिन सक्ने क्षमता विकास गर्नुपर्छ ।

अध्यक्षता गर्नु भएका **पूर्व महान्यायाधिवक्ताज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो।

- प्रहरी अनुसन्धान अधिकारी र सरकारी वकील अभियोजनकर्ताबीच मुद्दाको सन्दर्भमा दुवैले समन्वय, नेतृत्व र स्वामित्व लिएर काम गरेमा प्रभावकारी हुन्छ । विश्वासको वातावरण दुवैमा हुनुपर्छ । Ownership र Leadership दुवै पक्षले लिनुपर्छ । अभियोजनकर्ता र अनुसन्धान अधिकृतबीच Mutual Understanding हुन जरूरी छ ।
- सरकारी वकील अभियोजनकर्ताले मुद्दाको स्वामित्व लिएर अनुसन्धान अधिकारीलाई निर्देशन दिनुपर्छ । निर्देशनलाई औपचारिकताको रूपमा नलिई जिम्मेवारीको रूपमा लिनुपर्छ ।
- अनुसन्धान अधिकारीले valid evidence संकलनमा ध्यान दिनुपर्छ ।
- साक्षी र वादी पक्ष प्रलोभनमा मात्र नभएर हामीले साक्षर गराउन नसक्दा पनि hostile हुनेको संख्या बढि छ । साक्षी र वादी पक्षलाई सामाजिक न्याय र सुरक्षा पर्याप्त दिन सके पनि hostile मा नियन्त्रण हुन्छ । साक्षीको प्रतिकूल बकपत्रका सम्बन्धमा Social Justice, Social need, Rule of Law भन्दा ठूलो Individual need हुन सक्दैन। यसबारे सम्बन्धित पक्षलाई सुसूचित गराउन जरुरी छ।
- अनुसन्धानकर्ता र अभियोजनकर्ता दवाब मुक्त र जवाफदेही हुनुपर्छ । हामीले दबावमा परेर माथिल्लो निकायको कानून विपरितको निर्देशन नमान्ने will power पनि विकास गर्नुपर्छ । हामी हाम्रो कामप्रति जवाफदेही भएमा राम्रो अनुसन्धान र अभियोजनको माध्यमबाट मुद्दाको सफलताको आँकडा बढाउन सकिन्छ ।
- सर्वसाधारण जनताको लागि दुवै संस्थाहरू खडा भएकाले सर्वसाधारणको विश्वास जित्ने काम गर्न जरूरी छ ।

यस समूहमा उठाइएका विषयहरुका सम्बन्धमा पारित हुनु पर्ने प्रस्तावका विषयहरु समेत उल्लेख गरिएको हुँदा यहाँ प्रस्तुत गरिएको छ ।

- सरकारी वकीलले दिने निर्देशन, राय र अभियोजनलाई कार्यसम्पादन मूल्यांकनसँग जोडिनुपर्छ ।

- विज्ञान र प्रबिधिसँग जोडिएर हुने अपराधमा प्रमाणको Evidential value बुझ्न सरकारी वकीलको ज्ञान र क्षमतामा वृद्धि गर्नका लागि तालिम हुनुपर्छ । अपराधमा प्रमाणको Evidential value बुझ्ने क्षमता वृद्धि भएमा मुद्दाको सफलताको संख्यामा वृद्धि हुन्छ ।
- महान्यायाधिवक्ताको कार्यालयमा अपराधबारे अनुसन्धान गर्न विज्ञहरू सहितको अपराध अनुसन्धानबारे विश्लेषण गर्ने महाशाखा हुनुपर्छ ।
- जटिल अपराधसँग सम्बन्धित घट्ना घट्नासाथ प्रहरी, सरकारी वकील, फरेन्सिक विज्ञ सहितको टोली घट्नास्थलमा पुगेर प्रमाण संकलन गर्ने कार्य गरेमा अनुसन्धान र अभियोजन प्रभावकारी हुन्छ ।
- मुद्दा सफल हुनका लागि पीडित र साक्षीले अदालतमा उपस्थित भएर सफल ढंगले वकपत्र गर्नुपर्छ । वकपत्र गर्न आउनेलाई भत्ताको व्यवस्थाले पनि मुद्दा सफल हुनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । मुद्दाको चाप बढि भएकाले भत्ताको रकम बढाउनुपर्ने अवस्था छ ।
- अनुसन्धान अधिकारीलाई मुद्दाको अनुसन्धानको सिलसिलामा सरकारी वकीलप्रति जिम्मेवार हुने स्वतन्त्र कानुनी व्यवस्था भएमा प्रभावकारी हुन्छ ।
- मुद्दा गलत अनुसन्धान गर्ने अनुसन्धान अधिकृत वा गलत अभियोजन गर्ने अभियोजनकर्तालाई कारबाही गर्ने संयन्त्र निर्माण गर्नुपर्ने ।
- अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन पर्याप्त स्रोत साधन र बजेट हुनुपर्छ । काम गर्ने वातावरण हुनुपर्छ । समाजले सहयोग गर्नुपर्छ । कामको पहिचान हुनुपर्छ । अनुसन्धानमा खटिएको प्रहरीलाई कामप्रति उत्प्रेरित गर्नुपर्छ ।
- नयाँ नयाँ किसिमका अपराधका ट्रेन्डहरू बढिरहेकाले साईबर क्राईम र संगठित अपराध जस्ता विशेष किसिमका अपराधहरू अनुसन्धान गर्ने सम्बन्धी तालिम दिई जनशक्ति निर्माण गर्नुपर्छ ।
- प्रबिधिको प्रयोग गरेर अपराध बढिरहेकाले मोबाईलको कल डिटेल प्रहरीले हेर्न सक्ने कानुनी व्यवस्था हुनुपर्छ । कल डिटेल दुरूपयोग गरेमा तुरून्त कारबाही हुने व्यवस्था पनि हुनुपर्छ ।
- प्रहरीको अनुसन्धान अधिकारीलाई मुद्दाको सन्दर्भमा विभिन्न सरकारी कार्यालयमा विवरण माग्दा विवरण नदिने र अनुसन्धानमा असहयोग गर्ने काम गर्ने गरेकाले अनुसन्धानमा सहयोग नगर्ने सरकारी अधिकारीलाई कारबाहीको व्यवस्था सम्बन्धित ऐन मै हुनुपर्छ ।
- ठूला र गम्भीर गम्भीर प्रकृतिका मुद्दामा अनुसन्धान अधिकृतलाई अनुसन्धानका लागि २५ दिन कम भएकाले अनुसन्धान अवधी बढाउनुपर्छ ।
- महान्यायाधिवक्ताको कार्यालयमा उच्च पदस्थ सरकारी वकील र उच्च पदस्थ प्रहरीको टोली सहितको अनुसन्धान अधिकृत र अभियोजनकर्तालाई आईपर्ने समस्या समाधान गर्ने कन्ट्रोल रूम बनाउन जरूरी छ ।

- महान्यायाधिवक्ताको कार्यालयमा फौजदारी मुद्दामा सहयोग चाहिने अपराधशास्त्री, समाजशास्त्री, मानवशास्त्री, फरेन्सिक विज्ञ सहितको पूर्ण समय काम गर्ने सल्लाहकार टोली अपराधको सुक्षम विश्लेषण गर्नका लागि राख्न जरूरी छ ।

==================================================

**कार्यपत्र नं. २ : न्यायमा सहज पहुँचको दृष्टिले अपराध पीडित र साक्षी संरक्षणमा सरकारी वकीलको भूमिका ।**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री रमादेवी पराजुलीज्यूले र उपन्यायाधिवक्ता श्री दुर्गा खड्काज्यूले प्रस्तुत गर्नु भएको थियो भने प्रा. डा. श्री लक्ष्मीप्रसाद मैनालीज्यूले अध्यक्षता गर्नु भएको थियो ।

छलफल सहभागीहरुबाट राखिएका विचारहरु बुँदागत रुपमा देहाय बमोजिम उल्लेख गरिएको छ

**फरेन्सिक विज्ञ श्री डा. हरिहर वस्ती, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं**

- Wireless Protection सम्बन्धमा कानूनहरू छरिएर रहेका छन् । ती कानूनहरू कार्यान्वयन भएमा धेरै उपलब्धि हासिल हुन सक्छ ।हामीले Pro-active भै कार्य गर्नुपर्छ ।
- सरकारी वकील कार्यालयमा पीडित र प्रतिवादीलाई एकै समयमा ल्याउन हुँदैन । यदि ल्याईएको रहेछ भने एउटै गेटबाट निकाल्ने लैजाने गर्नु हुँदैन । उनीहरू बस्ने कक्ष पनि फरक फरक हुनुपर्छ । पीडित र अभियुक्तको भेट हुनु हुँदैन । उनीहरूसँग बयान गराउने समय पनि फरक हुनुपर्छ । यस्तो गर्दा पीडितलाई न्यायमा पहुँच दिलाउन सहज हुने विभिन्न देशहरूको अनुभव छ ।

**प्रहरी नायव महानिरीक्षक श्री मिङमार लामा, महानगरिय प्रहरी कार्यालय, रानीपोखरी, काठमाडौं**

- प्रहरी प्रधान कार्यालय अन्तर्गत महिला सेवा निर्देशानलय रहेको छ । २४४ वटा महिला वालवालिका सेवा केन्द्र स्थापना भई त्यहाँ १३ सय ४४ प्रहरी कर्मचारी कार्यरत छन् ।
- घरेलु हिंसाको मुद्दा बढेर गएको देखिन्छ । यस्ता मुद्दामा परिवार विखण्डन नहोस् भनेर सकभर आपसी सहमतीमा मेलमिलाप गराउने काम गरिन्छ ।

**उपन्यायाधिवक्ता श्री विमला रेग्मी, उच्च सरकारी वकील कार्यालय, पाटन**

- साक्षीले प्रतिकुल बकपत्र गर्दा मुद्दामा असर पर्ने गर्छ ।
- समुदाय नै पीडित मैत्री छैन।
- साक्षीलाई न्याय सम्पादन गर्न तिम्रो भूमिका महत्वपूर्ण हुन्छ । त्यसका लागी अदालतमा बकपत्र गर्न जरुरी छ भन्ने जानकारी गराउन नसकेको देखिन्छ ।
- पीडितहरु कमजोर वर्गका रहेका कारण पनि समस्या देखिएको छ ।

**शाखा अधिकृत श्री भक्ति उपाध्याय, उच्च सरकारी वकील कार्यालय, पाटन**

- हामीसँग व्यवासायिकता नै नभएका कारण पीडितलाई तिम्रा लागी हामी छौ भनेर भन्न सकिरहेका छैनौ ।
- साक्षी/पीडितलाई तिम्रा लागी हामी छौ भन्ने अनुभूति गराउन नसकेको हो की ।

**जिल्ला न्यायाधिवक्ता श्री रोमनाथ अधिकारी, जिल्ला सरकारी वकील कार्यालय, झापा**

- मुद्दाको सुरुमा पीडित र सरकारी वकीलको भेट हुने अवस्था नै छैन ।
- पीडितसँग बकपत्रका समयमा सरकारी वकीलसँग भेट हुन्छ । त्यो वेला पीडित नआएमा प्रतिकूल हुने अवस्था आएमा मुद्दा नै कमजोर हुन्छ ।

**उप सचिव श्री गंगाबहादुर खरेल, भूमि सुधार तथा व्यवस्था मन्त्रालय**

- यस सम्मेलनमा चारवटा प्रतिवद्धता मूल नारा मार्फत व्यक्त गरेका छौ ।ती प्रतिवद्धता कहिलेसम्म पूरा गर्न सकिन्छ स्पष्ट हुनु पर्दछ ।
- राज्यमा रहेका संयन्त्रहरु पारदर्शी र जिम्मेवार भै कार्य गरेमा समस्या हुदैन ।
- जिम्मेवारी बोध गरी काम गर्दा धेरै उपलब्धि हासिल गर्न सकिन्छ ।
- सरकारी निकायमा अभिलेख प्रणाली व्यवस्थित गर्न सकिएको छैन ।

**जिल्ला न्यायाधिवक्ता श्री यदुनाथ शर्मा, जिल्ला सरकारी वकील कार्यालय, पाल्पा**

- साक्षी Hostile का देहाय बमोजिमका कारणहरु संवोधन हुनु जरुरी छ ।
  - आर्थिक कारण
  - सामाजिक सम्बन्ध
  - ढिलो न्याय दिदा पिडकलाई क्षमा दिने
  - डर धाक धम्की
  - क्षतिपुर्तिको व्यवस्था नहुनु ।

**उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडितमैत्री कक्ष स्थापना भएकोमा कति उपयोग भएको छ त्यो हेर्नु पर्दछ ।स्वतन्त्र अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।
- CEDAW महासन्धिको आवधिक प्रतिवेदनमा उल्लेख भएका विषयहरू समेत समावेश गर्न उपयुक्त हुन्छ ।

**प्रहरी वरिष्ठ उपरीक्षक श्री सूर्यप्रसाद उपाध्याय, महानगरिय प्रहरी वृत्त**

- न्यायमा सहज पहुँचका लागि विकेन्द्रीकरणको अवलम्बन गर्नु पर्दछ ।
- जनचेतना बढाउनु पर्दछ ।
- आर्थिक सेवा सुविधा प्रदान गर्नु पर्दछ ।
- सुरक्षाको व्यवस्था गर्नु पर्दछ ।

- हाम्रा आचरण र व्यवहार पीडितमैत्री हुनु पर्दछ ।
- मुद्दाको सफलता मात्र नहेरी पीडितको सन्तुष्टितर्फ पनि हामीले ध्यान दिनु पर्दछ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री कैलाश दाहाल, जिल्ला सरकारी वकील कार्यालय, दोलखा**

- पीडितको सन्तुष्टि भए पनि हामीले मुद्दा चलाउनु पर्ने अवस्था रहेको छ ।
- पीडितलाई न्याय दिने कार्य अनुसन्धान अधिकारी र अभियोजनकर्ताको मात्र नभएर सवै निकायहरुको हो । सो बमोजिम कार्य गर्नु पर्दछ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री बद्रीकुमार कार्की, जिल्ला सरकारी वकील कार्यालय, सप्तरी**

- Hostile भए पनि अरु यथोचित प्रमाण संकलन गर्न सकेमा मुद्दा बिग्रने हुँदैन ।
- प्रमाणको उचित अभिलेखिकरण नहुँदा समस्या देखिएको छ ।

कार्यपत्र माथि सहभागीहरुले भनाई राखे पश्चात कार्यपत्र प्रस्तोता सहन्यायाधिवक्ता श्री रमादेवी पराजुलीले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

सहभागीहरूले दिनु भएको सुझावहरुले कार्यपत्रले पूर्णता प्राप्त गर्न सहयोग पुग्ने छ । पीडितको मन जिती उनीहरुलाई न्याय दिलाउन महान्यायाधिवक्ताको कार्यालयले सक्रिय भूमिका र प्रयास गरिरहेको छ । पीडित र सरकारी वकीलसँग सम्पर्क हुने व्यवस्था हुनु आवश्यक छ ।

अध्यक्षता गर्नु भएका **त्रिभुवन विश्वविद्यालय कानून संकायका प्रा. डा. श्री लक्ष्मीप्रसाद मैनाली**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो।

कार्यपत्रमा न्यायमा सहज पहुँचका लागि सरकारी वकीलको भूमिका सम्वन्धमा विस्तृत रुपमा समेटिएको छ । अपराधबाट पीडित भएका पीडित र साक्षीहरुको संरक्षण गर्नुपर्छ । विश्वको प्राचिन न्याय पद्दति हेर्दा पीडितको संरक्षणका लागी फौजदारी न्याय प्रशासन आएको छ । Victim oriented भएर त्यो वेलाको न्याय प्रशासन सञ्चालन भएको देखिन्छ । फौजदारी न्याय प्रशासनको प्रस्थान विन्दु पीडित नै हो । हामीले आफ्नो जिम्मेवारी प्रभावकारी रुपमा पालना गर्न सकियो भने पीडितको न्यायमा सहज पहुँच बढाउन सकिन्छ । पछिल्ला सन्दर्भमा पीडितलाई क्षतिपुर्ति प्रदान गर्ने कानूनी व्यवस्था आएका छन् । नेपालको संविधानको धारा २१ ले अपराध पीडितको हक सुरक्षित गरेको छ । साक्षीलाई प्रदान गरिने दैनिक भ्रमण भत्ता पद अनुसार नभई निश्चित रकम तोक्न उपयुक्त हुन्छ ।

**प्रस्तुत कार्यपत्रमा उठाईएका पारित हुनुपर्ने प्रस्तावका विषयहरू निम्न अनुसार रहेका छन्:**

- साक्षीलाई न्याय सम्पादन गर्न उसको भूमिका महत्वपूर्ण हुन्छ भनी बुझाउन सकेमा साक्षी Hostile हुने प्रवृति घटाउन सकिन्छ ।

==================================================================

**दोस्रो दिनः २०७३ पौष ९**

सम्मेलनको दोस्रो दिन देहाय बमोजिमका ५ कार्यपत्रमा छलफल भएको थियो ।

**१) सार्वजनिक सरोकारको विवादको अवधारणा र फैसला कार्यान्वयनको स्थिति**

**२) अभियोजनको विद्धमान अवस्था र अभियोगपत्र लेखनमा गर्नु पर्ने सुधार**

**३) वन र बन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान, अभियोजन र न्याय सम्पादन सम्बन्धी समस्या र सुधारका क्षेत्रहरु**

**४) Importance of Forensic Evidences in Prosecution of Criminal Cases.**

**५) अभियोजन सम्बन्धी नीति र अभियोजन मार्गदर्शन**

**कार्यपत्र नं. १ : सार्वजनिक सरोकारको विवादको अवधारणा र फैसला कार्यान्वयनको स्थिति ।**

प्रस्तुत कार्यपत्र प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सहसचिव श्री रमेश ढकालज्यूले प्रस्तुत गर्नु भएको थियो भने नेपाल ल क्याम्पसका क्याम्पस प्रमुख श्री कर्णबहादुर थापाज्यूले अध्यक्षता गर्नु भएको थियो । साथै यस सत्रको संयोजन सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले गर्नु भएको थियो ।

कार्यपत्र प्रस्तुती पछि सहभागीहरूले उक्त कार्य पत्र माथि आ आफ्नो विचार राखुभएको थियो । सो विवरण बुँदागत रूपमा उल्लेख गरिएको छः

**प्रा. डा. श्री लक्ष्मीप्रसाद मैनाली कानून संकाय, त्रिभुवन विश्वविद्यालय**

- **सर्वोच्च अदालतबाट सार्वजनिक विवाद सरोकारका विषयमा निर्णय भएका अन्तिम आदेशका सम्बन्धमा विश्लेषण गर्न सर्वोच्च अदालतमा Research Unit खडा गर्न उपयुक्त हुन्छ ।**

**सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- सार्वजनिक सरोकारका विवदका निर्णयहरु कार्यान्वयन हुनु पर्दछ ।
- कानूनी राय लिने दिने कार्यलाई व्यवस्थित बनाउन सके सार्वजनिक सरोकारका धेरै विषय सम्बोधन गरी रोक्न सकिन्छ ।

**उपन्यायाधिवक्ता श्री गोपाल लामिछाने, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- सार्वजनिक सरोकारका विवाद भएका निर्णयहरू कार्यान्वयनको अनुगमन प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयलाई सशक्तिकरण गर्नुपर्छ ।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र सर्वोच्च अदालतबीच महान्यायाधिवक्ताको कार्यालय बफर जोनको रुपमा रहेको छ । महान्यायाधिवक्ताको कार्यालयको Human Resource लगायत क्षमता अभिवृद्धि गर्ने कुरा समेत कार्यपत्रले समेट्नु पर्छ ।

**उप सचिव श्री गंगाबहादुर खरेल, भूमि सुधार तथा व्यवस्था मन्त्रालय**

- सार्वजनिक सरोकार विवादका निर्णयहरु व्यवहारिक रुपमा कार्यान्वयन हुन नसक्दा सिमान्तकृत नागरिकमा असर परेको छ ।
- समस्याहरु पहिचान गरी व्यवहारिक रुपमा कार्यान्वयन गर्नु पर्दछ ।

**शाखा अधिकृत श्री भक्ति उपाध्याय, उच्च सरकारी वकील कार्यालय, पाटन**

- लिखित जवाफमा प्रष्ट उल्लेख नगरी आउने गरेको छ ।
- सार्वजनिक सरोकारका विवादमा अगाडि भएका निर्णयमा कुनै निवेदन आउने गरेको अवस्था छ ।
- पहिलो रिट जारी भै सकेको कुरामा पुन: रिट पर्दा सरकारी वकीलले के गर्ने ? समस्या परेको छ ।

**प्रहरी उपरीक्षक श्री गणेश रेग्मी, प्रहरी प्रधान कार्यालय**

- सार्वजनिक सरोकारका विवादमा भएका निर्णयहरु कतिपय कार्यान्वयन गर्न सहज नहुने प्रकृतिका भएकोले समेत कार्यान्वयनमा समस्या देखिएको छ ।
- सार्वजनिक संस्थाभित्र भएका शोषण र अमानवीय प्रकृति र स्थितिका विषयलाई सार्वजनिक सरोकारका विवाद कसरी लैजाने भन्ने सम्बन्धमा सरकारी वकीलको भूमिका कस्तो रहन्छ ।

कार्यपत्र माथि सहभागीहरुले भनाई राखे पश्चात कार्यपत्र प्रस्तोता श्री रमेश ढकालज्यूले देहाय बमोजिम आफ्नो भनाई राख्नु भएको थियो

सार्वजनिक सरोकारका विवादमा सर्वोच्च अदालतका निर्णयको कार्यावन्यनको स्थिति सहितको प्रतिवेदन तयार भएको छ । यसका समस्याहरु पहिचान भैसकेको अवस्था छ । सर्वोच्च अदालतको फैसलाहरुको विश्लेषण सर्वोच्च अदालत बाहेक अलग निकायबाट हुँदा उपयुक्त हुन्छ ।

कार्यपत्र प्रस्तोताको भनाई पश्चात सत्रका अध्यक्ष नेपाल ल क्याम्पसका क्याम्पस प्रमुख श्री कर्णबहादुर थापाले कार्यपत्र माथि टिप्पणी र पृष्ठपोषण सहित दोस्रो सत्रको समापन गर्नु भएको थियो ।

सार्वजनिक सरोकारका विवादहरु धेरै आएका छन् । आवश्यकता भन्दा बढी निवेदन दायर भएका पनि देखिन्छन । यसले अदालतको दैनिकी कार्यमा समेत असर पारेको देखिएको छ । सर्वोच्च अदालतको शुरुमा आफुले Limitation गरेकोमा पछि छाडेको देखिएको छ ।न्यायिक सक्रियता र सरकारको स्रोत साधन बीच तालमेल नमिल्दा पनि कार्यान्वयनमा केही समस्या देखिएको छ । आदेश कार्यान्वयन नहुँदा लक्षित बर्गले न्याय नपाउने अवस्था भएकाले त्यसतर्फ ध्यान दिन जरूरी छ ।

================================================================

**ख) दोस्रो र तेस्रो कार्यपत्र**

दोस्रो र तेस्रो कार्यपत्र प्रस्तुत गरिएको सत्रको अध्यक्षता सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईज्यूले गर्नु भएको थियो । दोस्रो कार्यपत्र सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीज्यूले र उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा भट्टराईज्यूले र तेस्रो कार्यपत्र उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीज्यू र शाखा अधिकृत श्री रमेश भट्टराईज्यूले प्रस्तुत गर्नु भएको थियो ।सत्रको संयोजन सहन्यायाधिवक्ता श्री कृष्णजिवि घिमिरेज्यूले गर्नु भएको थियो । प्रस्तुती गरेपछि सहभागीहरूको विचार र उठान भएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**कार्यपत्र नं. २ : अभियोजनको विद्यमान अवस्था र अभियोगपत्र लेखनमा गर्नुपर्ने सुधार**
**कार्यपत्र नं. ३ : वन र बन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान, अभियोजन र न्याय सम्पादन सम्बन्धी समस्या र सुधारका क्षेत्रहरु**

दोस्रो र तेस्रो कार्यपत्र प्रस्तुती पछि सहभागीहरूले उक्त कार्य पत्र माथि आ आफ्नो विचार राख्नुभएको थियो । सो विवरण बुँदागत रूपमा उल्लेख गरिएको छः

**सहायक जिल्ला न्यायाधिवक्ता श्री नवराज पराजुली, जिल्ला सरकारी वकील कार्यालय, रसुवा**

- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को व्यवस्थामा बयान सरकारी वकीलले गराउने व्यवस्था छ ।
- वन मुद्दा जसमा १५ बर्षसम्म सजाय हुन्छ । ती मुद्दामा सरकारी वकीलको बयानमा संलग्नता हुँदैन भने अरु मुद्दामा पनि बयान सरकारी वकील समक्ष नहुँदा बयान राम्रो प्रभावकारी रूपमा भएको पाईंदैन ।

**उपन्यायाधिवक्ता श्री विमला रेग्मी, उच्च सरकारी वकील कार्यालय, पाटन**

- अभियोजन गरिरहनु नपर्ने मुद्दामा अभियोजन भइरहेको छ । महान्यायाधिवक्ताको कार्यलयबाट मुद्दाको अभियोजन र बयानमा खुलाउनुपर्ने विषयहरूका बारेमा अर्ध न्यायिक निकायहरूलाई तालिम दिएर सक्षम बनाउनुपर्छ ।

**सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- अभियोजन अनुसन्धान निर्देशिका जारी भई सकेको छ । कार्यपत्र विस्तृत रुपमा रहेपनि Conviction Rate मुद्दा ठहर भयो भएन भनि हेरिएको छ । तर अभियोगको विभिन्न दावीलाई हेरिएको छैन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १८ बाधक छैन । वन्य जन्तु सम्बन्धी मुद्दामा क्षेत्राधिकार कहाँ हुने एकिन गर्न कठिन छ ।

**सहन्यायाधिवक्ता श्री खडगबहादुर खड्का, उच्च सरकारी वकील कार्यालय, तुलसीपुर**

- अभियोजन गर्दा प्रमाण भए पनि साक्षी अदालतमा वकपत्रका लागि जाँदा Hostile हुँदा प्रमाण विहिन हुने स्थति आउँछ ।

**श्री जिवन रिजाल राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुर**

- कार्यपत्रले विधि विज्ञानलाई समेटेको पाइएन । बन्यजन्तुको मुद्दामा अनुसन्धान अत्यन्त कमजोर छ ।
- आखेटोपहार वाहेक अरु मुद्दामा प्रमाण संकलन राम्रोसँग हुदैन ।
- उपत्यकावाहिरबाट विधि विज्ञान प्रयोगशालामा अनुसन्धानका लागि पठाइने वस्तुहरूको छिटो प्रतिवेदन पठाउन ईन्टरनेटबाट प्रतिवेदन पठाउने कार्यको थालनी गरेमा छिटो हुन्छ ।

**फरेन्सिक विज्ञ डा. हरिहर वस्ती, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं**

- कसुर ठहर भएर मुद्दा सफल भएपनि फैसला उपर Research Audit हुनु जरुरी छ ।
- अभियोगपत्रमा Forensic को पाटो स्पष्ट पार्नु जरुरी छ । Forensic Sector को पाटो व्यवस्थित गरिनु पर्छ ।

**प्रहरी उपरीक्षक श्री राकेशकुमार सिंह, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, काठमाडौं**

- सरकारी वकिलसँग Forensic सम्बन्धी आवश्यक ज्ञान भएको देखिदैन । चिकित्सकसँग बकपत्र गर्दा के विषयमा सोधपुछ गर्ने भन्ने विषयमा जानकारी नभएको पनि देखिन्छ ।

**लिखित रुपमा प्राप्त सुझाव**

**श्री सन्तोषमणि नेपाल, डब्लुडब्लु एफ, नेपाल**

- अब बन्ने नयाँ ऐन, नियम र निर्देशिकाहरुमा दिगो विकास र वातावरण सुरक्षा जस्ता विषयहरु समावेश गरिनु पर्दछ ।
- सरकारी वकीलहरुलाई वातावरण सुरक्षाका विषयमा अनुसन्धान र अभियोजनका लागि ज्ञान र सीपमा दक्ष बनाउन आवश्यक क्षमता अभिवृद्धिको कार्य गर्नुपर्छ।
- वन, वातावरण सुरक्षा र वन्यजन्तु संरक्षण मुद्दाको अन्तिम किनारा लगाउन विशिष्टिकृत अदालतको व्यवस्था गर्नुपर्ने ।

कार्यपत्र माथि सहभागीहरुले भनाई राखे पश्चात दोस्रो कार्यपत्र प्रस्तोता सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी र तेस्रो कार्यपत्र प्रस्तोता उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले देहाय बमोजिम आफ्नो भनाई राख्नु भएको थियोः

**सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

अभियोजनको सुधारका लागि दिएका सुझावहरू मनन योग्य छन् । Conviction rate स्याम्पल अनुसन्धानको विषय हुन सक्छ । हामी कहाँ Non Prosecution संख्या तुलनात्मक रूपमा कम छ ।

**उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

वन र वन्यजन्तु सम्बन्धी मुद्दामा बरामद दशी प्रमाणको के के बस्तु कहाँ परिक्षण गर्ने जानकारी अनुसन्धानकर्तालाई नभएको पाईएको छ । यस सम्बन्धी तालिम अनुसन्धानकर्तालाई दिनु पर्ने जरूरी रहेको छ ।

कार्यपत्र प्रस्तोताको भनाई पश्चात सत्रका अध्यक्ष सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईले कार्यपत्र माथि टिप्पणी गर्दै दोस्रो र तेस्रो सत्र समापन गर्नु भएको थियो ।

सम्मेलनबाट पारित प्रस्तावहरूमा विधिको निर्माण, संस्थाको सुदृढीकरण र क्षमता विकासमा सहयोगी हुने छन् । यो संस्थाको Independency र Autonomy महत्वपूर्ण कुरा हो । महान्यायाधिवक्ताको कार्यालयको स्वतन्त्र कार्यगत स्वायत्तता नभएसम्म न्याय सम्पादनमा पाउनु पर्ने जति सहयोग अदालतले पाउन सक्दैन । सरकारी वकीलहरू संविधानका पहरेदार र विधिको शासनका महत्वपूर्ण सरोकारवाला हुन् । सम्मेलनले सरकारी वकीलको व्यावसायिकता वृद्धि गर्नमा मद्दत गरोस् । अभियोग पत्रमा धेरै नै सुधार रहेको छ । सम्मेलनले महान्यायाधिवक्ताको कार्यालयले यति गरेको छ । हामीलाई यति सहयोग चाहिएको छ भनेर भन्न सक्नुपर्छ । **अहिलेको मुख्य समस्या भनेको सरकारी वकीललाई आवश्यक कानुन छैनन् । फौजदारी कसूर र अपराध संहिता सम्बन्धी कानूनहरू २/३ वर्षदेखि विधेयक विचाराधीन रहेकोले सम्मेलनले यस सम्बन्धमा सम्बोधन गर्नु पर्छ ।** अभियोजनमा दसी प्रमाणको प्राबिधिक मूल्यांकन गरी सो प्रतिवेदन मिसिलमा राख्ने काम गरे प्रभावकारी हुन्छ ।
वन र वन्यजन्तुसँग सम्बन्धित ऐन टप टु बटम रुपमा रहेको छ । यसले गरिव निमुखा ग्रामिण क्षेत्रका बासिन्दालाई सम्बोधन गर्न सकेको छैन । जनतालाई सजाय गर्ने मात्र नभएर सशक्तिकरण गर्न बटम टु टप केन्द्रीत गरेर कानून निर्माण हुनुपर्छ । वन्यजन्तुसँग सम्बन्धित मुद्दामा पक्राउ पर्ने व्यक्तिहरू गरिव, निमुखा, दलित र पिछडिएको वर्गको हुने गरेका छन् । यसको पछाडि संगठित अपराधको नेटवर्क हुने भएकाले त्यसमा फोकस गर्न जरूरी छ । गरिवमुखी निकुञ्ज ऐन बनाउन यसमा सुधार हुन जरूरी छ । समुदायलाई सशक्तिकरण गर्नाले नेपालमा सामुदायिक वन समुदायले जोगाएका छन् । समुदायलाई सशक्तिकरण गरेमा समुदायले वन्यजन्तु पनि जोगाउँछन् । हामीले अपराधको डाटा बनाउन सके प्रभावकारी हुन्छ । अपराधको ट्रेन्ड सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय जस्ता संस्थाहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ ।

**कार्यपत्र नं. ४ : Forensics in Justice Delivery System and Role of Prosecutors**

प्रस्तुत कार्यपत्र फरेन्सिक विज्ञ डा. श्री हरिहर वस्तीज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिकवक्ता श्री महादेव यादवज्यूले अध्यक्षता गर्नु भएको थियो । यस सत्रको संयोजन सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाज्यूले गर्नु भएको थियो ।

कार्यपत्र प्रस्तुती पछि सहभागीहरूले उक्त कार्य पत्रमाथि आ–आफ्नो विचार राख्नुभएको थियो । सो विवरण बुँदागत रूपमा यहाँ उल्लेख गरिएको छ ।

**प्रहरी उपरीक्षक श्री राकेशकुमार सिंह, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, काठमाडौ**

- भिसेरा परिक्षण प्रतिवेदनमा ९५ प्रतिशत नेगेटिभ आउँछ भन्ने प्रस्तुती आएको छ । केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाले २४ सय भिसेरा परिक्षण गरेको अनुसन्धान हेर्दा ३२.५ प्रतिशत केसमा सकारात्मक नतिजा आएको छ ।
- ५१ प्रतिशत विष खाई मृत्यु भएको केसमा सकारात्मक पोजिटिभ नतिजा आएको छ ।
- कपालबाट पनि डिएनए परिक्षण गर्न सकिन्छ । २०७२ सालको भुकम्पको बेला मृत्यु हुने दश जना विदेशीको हडडीको परिक्षण गरेर पहिचान गरिएको थियो ।
- बीस वर्षदेखि केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाले नेपालको फौजदारी न्याय प्रणालीमा योगदान दिईरहेको छ ।

**जिल्ला न्यायाधिवक्ता श्री सुवर्णमान बनेपाली, जिल्ला सरकारी वकील कार्यालय, रोल्पा**

- चिकित्सकले परिक्षण प्रतिवेदनमा बुझिने गरी नलेख्दा समस्या रहेको छ । मृत्युको कारणमा injury मात्र लेखिदिने विस्तृतमा चिकित्सकले विवरण प्रतिवेदन दिएको पाईंदैन ।
- चिकित्सकको सरुवा भएपछि एउटाको प्रतिवेदनमा अर्कोले स्वामित्व नलिने भएकाले समस्या भएको छ ।

**श्री जीवनप्रसाद रिजाल, राष्ट्रिय विधी विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुर**

- विधि विज्ञानलाई ब्यवस्थित, स्वतन्त्र र विश्वासिलो बनाउन यस सम्बन्धी फरेन्सिक कानुनको निर्माण गरी स्वतन्त्र र स्वायत्त निकायबाट विधि विज्ञान प्रयोगशाला सञ्चालन गर्नुपर्छ । विशेषज्ञ सहित सुविधा सम्पन्न प्रयोगशाला हुनुपर्छ ।
- विधि विज्ञान प्रयोगशालाले वन्यजन्तु अपराधसँग सम्बन्धीत केसहरू समाधान गर्न समेत सहयोग गरेको छ ।

**प्रहरी उपरीक्षक डा. श्री गणेश रेग्मी, प्रहरी प्रधान कार्यालय**

- जिल्ला तहका सरकारी अस्पतालहरूमा Autopsy गर्ने चिकित्सक छैनन । नेपालमा ४८ जना मात्र Autopsy गर्ने चिकित्सक रहेको जानकारी भयो । ती चिकित्सकहरू निजी मेडिकल कलेज र अस्पतालहरूमा कार्यरत रहेकोमा ती कलेज र अस्पतालहरूमा पूर्वाधार सहित Autopsy गर्ने सुविधा छ भने निजी चिकित्सकबाट निजी अस्पताल/मेडिकल कलेजबाट परीक्षण गर्ने सम्बन्धमा सोच्ने की ।

कार्यपत्र माथि सहभागीहरुले भनाई राखे पश्चात कार्यपत्र प्रस्तोता फरेन्सिक विज्ञ डा. श्री हरिहर वस्तीले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियोः

- भिसेरा परिक्षण प्रतिवेदन सकारात्मक वा नकारात्मक मात्र लेखेर हुदैन । Quantification समेत प्रतिवेदनमा राख्नु पर्दछ । Positive र Negative मात्र लेखिएको उदाहरणका लागि मृत्युको कारणको परिक्षण प्रतिवेदनलाई अदालतमा चुनौती दिन सकिन्छ ।९५ प्रतिशत आफूले शिक्षण अस्पतालमा गरेको Autopsy परिक्षणमा Negative प्रतिवेदन आएको छ ।
- विधि विज्ञान प्रयोगशाला प्रहरी भित्र हुनुहुदैन भन्ने हैन अरुले प्रयोगशालाको परिक्षणको विश्वसनियतामा प्रश्न नउठाउन भन्ने मात्र हो । विधि विज्ञान प्रयोगशाला स्वायत्त, स्वतन्त्र, पारदर्शी र विश्वासिलो हुनुपर्छ । उचित मापदण्ड सहितको सञ्चालन कार्यविधि हुनुपर्छ ।
- सरकारी वकील नियमावलीमा, २०७३ साउन ३ गते संशोधन भएको नेपाल राजपत्रमा प्रकाशित Autopsy र अन्य परिक्षण सम्बन्धी नयाँ फाराम प्रयोग गरिएमा अस्पष्टताहरू हटेर स्पष्टता हुने छ ।
- सवै Injury को case मा कारण पत्ता लगाउन सकिदैन ।
- **कानूनमा संशोधन गरेर फरेन्सिक जाँच पूर्वाधार र विशेषज्ञ जनशक्ति भएको निजी अस्पताल र मेडिकल कलेजमा पनि परिक्षण गर्न सक्ने कानुनी व्यवस्था हुनुपर्छ ।**
- सवै सरकारी वकीलहरुलाई विधि विज्ञान सम्बन्धी तालीम गर्न जरुरी छ।
- मुद्दामा अभियोजन गर्दा सो को तयारीको अवस्था नै सम्वन्धीत विषयका विज्ञहरुसँग औपचारिक वा अनौपचारिक छलफल गर्न जरुरी छ ।
- विशेषज्ञ साक्षी बकपत्र गराउँदा सरकारी वकीलको अनिवार्य उपस्थिति हुनुपर्दछ ।
- विभिन्न परिक्षणका प्रतिवेदनहरु कानूनद्वारा तोकिएका फाराममा आए कि आएनन भनी सरकारी वकीलले हेर्नु पर्दछ ।फाराम अनुसार नआएमा तुरुन्त सुधार गर्न निर्देशन दिनु पर्दछ ।
- केन्द्र देखि तल्लो स्तरसम्म अपराध अनुसन्धानसँग सम्वन्धीत समन्वय समितिमा सम्वन्धित विशेषज्ञ सेवा दिने संस्थाहरुको अनिवार्य सहभागीता आवश्यक छ।

कार्यपत्र प्रस्तोताको भनाई पश्चात सत्रका अध्यक्ष पूर्व महान्यायाधिवक्ता श्री महादेव यादवले कार्यपत्र माथि टिप्पणी र पृष्ठपोषण गर्दै यो सत्रको समापन गर्नु भएको थियो ।

विधि विज्ञान फौजदारी मुद्दामा मात्र नभएर देवानी मुद्दामा पनि उतिकै आवश्यक छ । **मेडिकल र कानुन दुवै बुझेका मेडिकोजुरीको आवश्यकता छ ।मेडिकोजुरी सरकारले तयार गर्नुपर्छ ।**कतिपय मुद्दामा डिएनए (DNA) लाई प्रमाणको रूपमा लिएको र कतिपय मुद्दामा प्रमाणको रूपमा नलिएको पनि सर्वोच्च अदालतको फैसलाबाट देखिन्छ । परिक्षण प्रतिवेदन र अन्य प्रमाण भिन्न भिन्न भएको अवस्थामा न्याय इन्साफ गर्न समस्या पर्ने देखिन्छ । **महान्यायाधिवक्ताको कार्यालयले फरेन्सिक विज्ञान बुझ्ने र विश्लेषण गर्ने दक्ष सरकारी वकील निर्माण गर्न प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्न जरूरी छ ।**परिक्षण प्रतिवेदन Clear नभएमा मुद्दामा सफलता प्राप्त गर्न सकिदैन । परिक्षण प्रतिवेदन स्पष्ट हुनु जरुरी छ ।

==========================================================

**कार्यपत्र नं. ५ : अभियोजन सम्बन्धी नीति र अभियोजन मार्गदर्शन**

प्रस्तुत कार्यपत्र सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीज्यूले र उपन्यायाधिवक्ता श्री पुण्य प्रसाद पाठकज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता डा. श्री युवराज सँग्रौलाज्यूले अध्यक्षता गर्नु भएको थियो । यस सत्रको संयोजन सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेलज्यूको रहेको थियो ।

कार्यपत्र प्रस्तुती पछि सहभागीहरूले उक्त कार्य पत्रमाथि आ-आफ्नो विचार राख्नु भएको थियो । सो विवरण बुँदागत रूपमा यस प्रकार उल्लेख गरिएको छः

**शाखा अधिकृत श्री भक्ति उपाध्याय, उच्च सरकारी वकील कार्यालय, पाटन**

- अभियोग दावी लिँदा पहिले अभियोग लागेको व्यक्तिहरूको र अपराधमा पाएको सजाय वा सफाईको व्यवस्थित डाटा बैंक सहितको सफ्टवयेर निर्माण गरेर सबै सरकारी वकीलको त्यसमा पहुँच हुनुपर्छ ।

**शाखा अधिकृत श्री स्वतन्त्र न्यौपाने, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- कुनै जटिल मुद्दामा वा आफूलाई कुन दफा लगाउने भनेर शंका लागेको मुद्दामा कुन ऐन आकर्षित हुन्छ भन्नेमा समस्या हुने गरेको छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री दिपेन्द्र दनुवार, जिल्ला सरकारी वकील कार्यालय, सिराहा**

- अभियोजन गर्ने बेलामा के के कुरामा ध्यान दिनुपर्छ स्पष्ट हुनपर्ने भएको छ । मान्छे दुर्घट्नामा परी चोटपटक लागेमा सवारी ज्यान वा अंगभंग कुन दफाको दावी लिने समस्या हुने गरेको छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री कैलाश दाहाल, जिल्ला सरकारी वकील कार्यालय, दोलखा**

- आवश्कता भन्दा बढि माग दावी लिंदा मुद्दा असफल हुने गरेको छ । अंगभंग र ज्यान मार्ने उद्धोग दोहोरो दावी लिन मिल्ने नमिल्ने के हो । नोट बरामद हुँदैमा छापेको दावी लिन मिल्छ मिल्दैन । वाल यौन दुर्व्यवहार (Pedofile) र आशय करणीको विभेद छुट्याउन कठिन छ ।
- सवारी चालक अनुमति पत्र नभै सिकेको अवस्थामा दुर्घट्ना भए दफा १६१(२) को दावी उपयुक्त छ वा छैन ।
- महान्यायाधिवक्ताको कार्यालयले जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन विषयगत रूपमा उत्कृष्ठ अभियोग पत्रहरूको सूची बनाएर प्रकाशन गर्नुपर्छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री उत्तम श्रेष्ठ, जिल्ला सरकारी वकील कार्यालाय, वारा**

- मुद्दा चल्ने नचल्ने निर्णयको मापदण्ड निर्धारण गर्नुपर्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री सुर्वणमान बनेपाली, जिल्ला सरकारी वकील कार्यालाय, रोल्पा**

- अभियोग पत्रको नीतिगत रूपमा ढाँचा बनाउनुपर्छ ।कसुर स्थापित हुने कुरा स्पष्ट रूपमा अभियोगमा लेख्नु पर्दछ ।

**प्रा. डा. श्री लक्ष्मीप्रसाद मैनाली, कानून संकाय, त्रिभुवन विश्वविद्यालय**

- सबै प्रकारको सरकारवादी मुद्दाको अभियोजन गर्ने नेतृत्व सरकारी वकीललाई हुनुपर्छ भन्ने कुरा उठेकोले सबै प्रकृतिका मुद्दालाई मार्गदर्शन हुने गरी अभियोजन निर्देशिका निर्माण हुनुपर्छ ।अभियोजन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई पनि हेर्नुपर्छ ।

**प्रहरी उपरीक्षक डा. श्री गणेश रेग्मी, प्रहरी प्रधान कार्यालय**

- गलत अभियोजन गर्ने सरकारी वकीललाई कारवाही हुने व्यवस्था हुनुपर्छ ।

कार्यपत्र माथि सहभागीहरुले भनाई राखे पश्चात कार्यपत्र प्रस्तोता सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियोः

चोरीको मुद्दामा पटकेमा दाबी लिन पहिले उस्तै चोरीको मुद्दामा ठहर हुनुपर्छ । अभियोजन गर्दा कसूर प्रमाणित हुने प्रमाण हुनुपर्छ । कसूर अनुसारको सजायको दावी लिनु पर्छ । अनुसन्धान कार्यमा नेतृत्वदायी भूमिका सरकारी वकीलको हुन्छ । सरकारी वकीलले सही निर्देशन दिएमा वस्तुनिष्ठ हुन्छ । नत्र बयानमुखी मात्र हुन्छ । अभियोजन सम्बन्धी प्रस्तावित मार्गदर्शनमा सरकारी वकीलको कामलाई कार्य सम्पादनसँग जोडिने उल्लेख गरिएको छ । लगाउनु पर्ने दफा नलगाउने, नलगाउनु पर्ने दफा लगाउने कार्य गरेमा त्यसलाई सम्बोधन गर्ने काम मार्गदर्शनले गरेको छ । सरकारी वकीललाई आफ्नो कामप्रति जिम्मेवार र उत्तरदायी बनाउने कुरा छ ।

कार्यपत्र प्रस्तोताको भनाई पश्चात सत्रका अध्यक्ष पूर्व महान्यायाधिवक्ता डा. श्री युवराज सँग्रौलाले कार्यपत्र माथि टिप्पणी र पृष्ठपोषणा सहित पाँचौ सत्रको समापन गर्नुभएको थियो । दक्षिण एशियामा सरकारवादी मुद्दाको सफलताको प्रतिशत सबैभन्दा बढि महान्यायाधिवक्ताको कार्यालय नेपालको रहेको छ । भारतमा करिव २७ प्रतिशत मुद्दामा मात्र सफलता रहेको छ । सन् २००१ देखि २०१० सम्म भारतमा १४ हजार भन्दा बढि व्यक्तिको हिरासतमा मृत्यु भएको प्रतिवेदन छ । नेपालमा प्रहरी हिरासतमा कुनै व्यक्तिको मृत्यु भएको सुनिएको छैन । सरकारवादी मुद्दाको सफलताको प्रतिशत नेपालमा बढिरहेको छ । साविति वाहेक अन्य प्रमाणको खोजीले यो दरमा वृद्धि भएको देखिएको छ । हामी किन अभियोजन गर्छौं ? कस्तो कानुन भएमा अभियोजन राम्रो हुन्छ ? छलफल त्यसमा हुनु पर्छ । हाम्रो समाजले कस्तो अभियोजनको अपेक्षा गर्छ ? खोजी गर्नुपर्छ ? अभियोजन पीडितमैत्री हुनु पर्छ । पीडितसँग अन्तरक्रिया गर्नुपर्छ । यसका लागि निरन्तर अडिट र अनुसन्धान हुनुपर्छ । डाटाको विवरण विश्लेषणयुक्त र तथ्यगत बनाउनुपर्छ । हाम्रो समाजशास्त्रीय ज्ञान र अनुभव भित्र कस्तो अभियोजन गर्दा ठिक हुन्छ । त्यसमा ध्यान दिनुपर्छ । अबको सरकारी वकील पूर्ण रूपमा दक्ष अधिकारी हो । विधिशास्त्री तर्कको आधारमा कुरा गर्नुपर्छ । अदालतलाई विधिशास्त्रबारे जानकारी दिएर सहयोग गर्ने हो । महान्यायाधिवक्ताको कार्यालयभित्र छिटो भन्दा छिटो प्रहरीका वरिष्ठ अधिकृत र सरकारी वकीलका वरिष्ठ अधिकृत सहितको **अभियोजन च्याम्बर** बनाउन जरूरी छ । कुनै पनि कुरामा द्विविधा भए अभियोजन च्याम्बरमा सोध्दा निष्कर्ष निस्कनुपर्छ ।प्रुफ र इभिडेन्स सम्बन्धमा पनि छलफल हुन जरूरी छ । सरकारी वकील व्यावसायिक भएकाले आवश्यक भौतिक पूर्वाधार र सुविधाका लागि यथेष्ट माग सरकारसँग गर्नुपर्छ । दक्षिण एसियामा फौजदारी न्याय प्रणालीमा महान्यायाधिवक्ताको कार्यालयको स्थान उच्च छ ।

## ४) समूह घ को संयोजन र व्यवस्थापन

### क) समूह संयोजन र व्यवस्थापन समूह

**संयोजक**

सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्याल

**सहसंयोजक**

सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी

सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल

**प्रतिवेदन तयारी**

उपन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा

उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक

शाखा अधिकृत श्री भिमप्रसाद भुर्तेल

शाखा अधिकृत श्री कल्पना राई

शाखा अधिकृत श्री भीमसेन काफ्ले

लेखापाल श्री टेकनाथ हुमागाई

कम्प्युटर अपरेटर श्री सुनम गौतम

कार्यालय सहयोगी श्री प्रदिप दाहाल

यस समूहलाई **सरकारी वकील कार्यालयको पूर्वाधार विकास र सँस्थागत सुदृढीकरण** सम्बन्धी शिर्ष विषय दिइएको थियो ।यस समूह अन्तर्गत विभिन्न ७ वटा शिर्षकहरुमा छलफल भएको थियो । यस समूहमा ७० जना सहभागी र ८ जना पर्यवेक्षकको सहभागीता रहेको थियो । छलफलमा सहभागीहरुको हाजिरी विवरणा अनुसूची दुईमा समावेश गरिएको छ ।

### ख) <u>प्रस्तुत कार्यपत्रहरु</u>

१) **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्था र सुधारका क्षेत्रहरु**

२) **Brief Overview on International Call Bypass**

३) **सरकारी वकीलको काम कारवाहीमा सूचना र सञ्चार प्रविधिको अवलम्बन**

४) **समुदायमा सरकारी वकीलको अवधारणा र कार्यान्वयनको अवस्था**

५) **महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको निर्णय प्रक्रिय, अभिलेख व्यवस्थापन र सुधारका क्षेत्रहरु**

**६)** **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालहरुको आर्थिक प्रशासनसम्बन्धी विद्धमान अवस्था र सुधारका क्षेत्रहरु**

**७)** **महान्यायाधिवक्ताको संवैंधानिक भूमिका निर्वाह गर्दा अपनाउनु पर्ने कार्यविधिगत निर्देशिका**

**ग)** **कार्यपत्र प्रस्तुती र छलफल**

**पहिलो दिनः २०७३ पौष ८**

सम्मेलनको पहिलो दिन देहाय बमोजिमका ३ कार्यपत्रहरु प्रस्तुती र छलफल भएको थियो ।

**१)** **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्था र सुधारका क्षेत्रहरु**

**२)** **Brief Overview on International Call Bypass**

**३)** **सरकारी वकीलको काम कारवाहीमा सूचना र सञ्चार प्रविधिको अवलम्बन**

**कार्यपत्र नं. १: सरकारी वकील कार्यालयको पुर्वाधार विकास**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईज्यूले प्रस्तुत गर्नु भएको थियो भने नेपाल बार एशोशियसनका अध्यक्ष श्री शेरबहादुर के सी ज्यूले अध्यक्षता गर्नु भएको थियो। कार्यपत्रमा समावेश विषयहरु बुँदागत रुपमा यस प्रकार उल्लेख गरिएको छ ।

- विभागको भवन निर्माण कार्य शुरु भै सकेको (बजेट प्राप्त भएको)
- उच्च सरकारी वकील कार्यालय पाटन र जिल्ला सरकारी वकील कार्यालय काठमाडौको भवन अन्यन्त अपर्याप्त रहेकोले सोच्नु पर्ने ।
- अन्य सरकारी वकील कार्यालयहरुको पनि पूर्वाधार विकासमा ध्यान दिनुपर्ने ।
- कार्यालयहरुमा हाकिम र सहायकसंगै बस्न सक्ने गरी भौतिक संरचनाको विकास गर्नु पर्ने ।

**उल्लिखित कार्यपत्रमा सहभागीहरुबाट प्राप्त प्रतिकृया तथा सुझावहरु निम्नानुसार छन् ।**

**सहायक जिल्ला न्यायाधिवकर्ता श्री राजेन्द्र भट्टराई, जिल्ला सरकारी वकील कार्यालय ताप्लेजुङ**

- सरकारी वकील कार्यालय दुई करोड ४७ लाख २४३ लाख टेण्डर लगाउन (माथि एक्सटेन्सन लाइन छ )

- जग्गाको भौतिक अवस्था हेरिदैन । जग्गा लिदाँ authority misuse नहोस भन्ने निवेदन ।
- तार High tension line को तलको जग्गा तार हटाइएको छ ।
- गाँउ भित्र office बनाईदैछ । सुरक्षाको अनुभुति कम हुने भयो ।

**जिल्ला न्यायाधिवक्ता श्री मणिराम न्यौपाने, जिल्ला सरकारी वकील कार्यालय, चितवन**

- भौगोलिक स्थिति अनुसार भवनको डिजाइन निर्माण गर्नुपर्ने ।
- भवनलाई सुरक्षाको दृष्टिकोणबाट सहज हुने र अदालतसँगको दुरीलाई पनि ख्याल गर्नु पर्ने ।

**शाखा अधिकृत श्री पारसमणी पोखरेल, जिल्ला प्रशासन कार्यालय, काठमाडौं**

- Structure setup गर्दा Disable People लाई उपयुक्त हुने गरी गरिनु पर्ने ।
- Structure हरु अपांग मैत्री बनोस (म.न्या.का. को पुर्वाधार सम्बन्धी)

**सहायक जिल्ला न्यायाधिवक्ता युवराज महत, जिल्ला सरकारी वकील कार्यालय, सोलुखुम्बु**

- जग्गाको क्षेत्रफल नाप जाँच नगरी सोलुखुम्बुको भवन निर्माण गरिएको र हाइटेन्सन लाईन मुनी रहेको ।

**प्रहरी वरिष्ठ उपरिक्षक श्री विनोद शर्मा**

- भवन निर्माण गर्दा कामको प्रकृति अनुसार अदालत बढी नजिक हुनु पर्ने टाढा हुँदा गाह्रो पर्ने ।
- भवन निर्माणसंगै फर्निचर समेतको स्टिमेट हुनुपर्ने ।
- भवन बन्दा अनुसन्धान अधिकृत र सरकारी वकील एक अर्काका एउटा एउटा कक्ष राख्नुपर्ने सोच अनुसार त्यसको पनि ब्यवस्था हुनु पर्ने हो की ?

**जिल्ला न्यायाधिवक्ता श्री मनोज कुमार आचार्य, जिल्ला सरकारी वकील कार्यालय, सिराहा**

- अदालत र सरकारी वकील कार्यालयको दुरी टाढा (१.५ कि.मी) रहेको छ ।
- संभावित जनशक्तिलाई बिचार गरेर नक्साङकन हुनु पर्ने
- विराटनगर पुनरावेदन भवन निर्माणसंगै फर्निसिङ लगायत त्यही इस्टिमेट भित्र पर्नु पर्ने ।

**नेपाल राष्ट्र बैंकका प्रतिनिधी श्री रामहरी न्यौपाने**

- आर्थिक, भौतिक सेवा सुविधाको लागि प्रस्तावित गरी पहल गर्नु पर्ने हुन्छ । यो motivation को part पनि हो ।
- **M**otivation का लागि भौतिक संरचना आर्थिक सुविधा, वृत्ति विकास मानसिक रुपले सक्षम हुनु पर्ने

**सहायक जिल्ला न्यायाधिवक्ता श्री रुद्र आचार्य, जिल्ला सरकारी वकीलल कार्यालय, मुस्ताङ**

- मुस्ताङमा भवन ०५६।०५७ सालमा निर्माण भएको छ ।
- पूर्वाधार विकासको कुरा गर्दा कोठा प्रर्याप्त हुने तर ससानो आकारको रहेको छ । कुन तरिकाले अघि जाने भन्ने कुरालाई आवश्यक के कस्तो कति हो भनेर खयाल गर्नु पर्ने ।
- विगो कायमको लागि बस्तुनिष्ट वैज्ञानिक कसरी बनाउने भन्नेमा ध्यान दिनु पर्यो ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री युवराज महत, जिल्ला सरकारी वकील कार्यालय, सोलुखुम्बु**

- सोलुखुम्बुमा भवन बनिरहेको जग्गा कति छ, त्यहा कस कसको जग्गा हेर्नु पर्ने नजिकै High tension line छ । ठेक्का पट्टा समयमा काम नगर्नेलाई ल्याउन कानून संशोधन हुनु पर्ने हो की ।

नेपालल वार एशोशिएसनका अध्यक्ष श्री शेरबहादुर के. सी ज्यूले आफ्नो विचार र पृष्ठपोषण सहित यस सत्रको समापन गर्नु भएको थियो ।

- कार्यपत्रहरु उत्कृष्ट छन्, विषय जटिल छ । तपाईहरु संवेदनशील हुनुहोस ३ दिन सम्मेलनमा पारित गरेर लिखित रुपमा सरकारमा बुझाउनु होस् ।
- पुर्वाधार राम्रो बनोस्, अनुसन्धान र अभियोजन प्रभावकारी बनाउन तपाईहरुको निरन्तर प्रयत्न रहोस् । शुभकामना ।

==================================================================

**कार्यपत्र नं. २ : Brief overview on international call bypass**

प्रस्तुत विषयको कार्यपत्र डा डिल्लीराम तिवारीज्यूले प्रस्तुत गर्नु भएको थियो भने नेपाल बार एशोशियसनका अध्यक्ष श्री शेरबहादुर के सी ज्यूले अध्यक्षता गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतकर्ताले उठाएका विषयहरु देहाय बुँदामा उल्लेख गरिएको छ ।

- अनाधिकृत रुपबाट आउने call नै call bypass हो ।
- Roaming sim बाट sim box use गरेर ठगी गरिन्छ ।
- call bypass बाट हुँदा नेपालमा आउनु पर्ने राजस्व आँउदैन ।
- सुरक्षासंग सम्बन्धी प्रश्न ।
- सिम एउटाको नाममा हुन्छ, नागरीकता अर्काको हुन्छ, नम्बर अर्काको नाममा हुन्छ ।
- आपराधिक कृयाकलाप पत्ता लगाउन गाह्रो हुन्छ ।
- call bypass आफैंमा अपराध हो ।
- ग्राहकको कल connect नहुने हुँदा समस्या हुन्छ किनकी line call bypass वालाले busy बनाउँछ ।
- call bypass call को गुणस्तर कम हुन्छ ।

- नेपालमा हुने सामान्य मान्छेले सिमको म्याद गएमा थप्ने लगायतका सामान्य काम मात्र गर्छन् ।
- कलको pattern र frequency का आधारमा कुन number बाट call bypass हुने हो पत्ता लगाउने गरिन्छ ।
- नयाँ प्रविधिका मेसिनहरु प्रयोगमा आएका जसले multiple कामहरु र (call forward, receive, message send) एकै साथ गर्छन् । कुन मेसिनमा १०० वटा Sim हरु प्रयोग गर्न सकिन्छ जसमध्ये २५।२५ वटा Periodically use मा आउछन् ।
- BIS को Certain capacity हुन्छ तर capacity भन्दा धेरै call एकै पटक भएमा त्यो system damage हुन सक्छ ।
- Call Bypass सम्बन्धी अपराधमा सरकार वादी भई मुद्दा चल्छ ।

<u>**VOIP को बारेमा**</u>

**सहायक जिल्ला न्यायाधिवक्ता श्री राजेन्द्र भट्टराई, जि.स.व.का ताप्लेजुङ**

- VOIP समस्यालाई निराकरण गर्न के गर्ने विभागले निर्देशन दिनु पर्यो ।

**पिताम्बर भण्डारी नेपाल टेलिकम (call bypass सम्बन्धी )**

- २०६४ सालबाट अनुसन्धान शुरु भएको ।
- १०९ स्थानमा छापा मारेको छ । केही कसुर ठहरिएको छ, केहीमा ठहरिएको हुदैन हामीले बुझाउन नसकेर ।
- विगो निर्धारण कसरी व्यवहारिक छ छैन ?
- gateway कतिवटा छन् ? gateway छलि कसरी हुन्छ ?
- incoming मात्र हो कि outgoing पनि हुन्छ ?
- विदेशीसँगको gateway सरकारी वकील कार्यालयमा कतिवटा छ ।
- मुल अपराधी समातिदैन विदेशमा बसेर अपराध गरेका हुन्छन्, मुद्दा चलाउछौं सजाय कार्यकर्ता जसलाई केही थाहा हुदैन ।
- ४७(३) प्राधिकरणले गर्ने भन्ने भनाई तर नजिकै रहेको radio specterm लाई बाधा पुर्याउने कार्य ।
- एउटै point बाट १३२ बटा services पछी BTS cross हुन्छ ।
- BTS को सर्वसाधारणको सुविधामा हानी पुर्याउछ ।
- राजस्व छलि हुन्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री मणिराम न्यौपाने, जिल्ला सरकारी वकील कार्यालय, चितवन**

- VOIP सँग सम्बन्धी Expert म. न्या.का. मा हुनु पर्ने ।

**पारसमणी पोखरेल जि.प्र.का. काठमाडौं**

- विद्युतिय कारोबार ऐन, २०६१ आकर्षित हुने हो वा होइन वा दुर संचार ऐन मात्र आकर्षित हुने हो ?
- VOIP को केसमा विद्युतिय कारोवार सम्बन्धी ऐन आकर्षित हुने हो वा होइन ?
- Roaming ठगी के हो (VOIP सम्बन्धमा )

**प्रहरी वरिष्ठ उपरिक्षक श्री विनोद शर्मा**

- VOIP मा विगो एकिन गर्न समस्या छ । अप्रभावकारी अव्यवहारिक विगो भएकोले कसरी ब्यवहारिक बनाउने ।
- दफा ४७(२)(३) र ४७ (५) लाई प्रयोग गर्दा सजाय अदालतले र विगो दुर संचार प्राधिकरणले निर्धारण गर्ने ।

**जिल्ला न्यायाधिवक्ता श्री मनोज कुमार आचार्य, जिल्ला सरकारी वकील कार्यालय, सिराहा**

- VOIP विगो करोड भन्दा मुनीको हुदैन प्रयोग भएको अवधि छुट्टाउने सवै port को २४ सै घण्टा ६ महिना सम्म को सवै विगो दावी ।
- दफा ४७(२)(३) प्राधिकरण, ४७ (५) नेपाल सरकारले भनी सजाय सर्वोच्च अदालतले set up गरेको स्थिति ।

**नेपाल राष्ट्र बैकका प्रतिनिधी श्री रामहरी न्यौपाने**

- Cyber Crime Regulatory Authority संग

**उप न्यायाधिवक्ता श्री अच्यूत कुइकेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- VOIP को capacity time base मा गरे विगो पत्ता लगाउन सकिन्छ सकिदैन ।
- विगोको हकमा टेलिकम जान सकिन्छ तर विगो बमोजिम जरिवाना
- दफा ४७(५) बमोजिम मुद्दा दायर
- दफा ४७(३) विगो प्राधिकरणमा जानु सर्वोच्च अदालतको फैसला
- ऐनको तालमेल मिलेको छैन । परिमार्जन हुनु पर्ने
- Viber messenger को telecom संग सम्बन्ध ।
- Roaming illegally विभिन्न system हरुबाट गरेको हुन्छ ।
- कुन उद्देश्यले कम्पनी स्थापना गरेको हो । त्यो उद्देश्य अनुसार गरेको छ छैन ।
- २४ सै घण्टा चलाएको छ वा छैन । विगो निर्धारण सम्बन्धी प्राधिकरणले एउटा guideline बनाएको छ ।
- नेपालका छ वटा संस्था बाहेक अरुले ल्याएको illegal हो VOIP
- Normal Channel मा Dollar आँउछ ।

प्रस्तुत कार्यपत्रमाथि सहभागीहरुको विचार र टिप्पणी पश्चात प्रस्तुतकर्ताले स्पष्ट पार्नु भएको थियो ।

- Outgoing Incoming दुबैमा call bypass हुन्छ ।
- Roaming Sim ल्यायो sim box मा राख्यो तेस्रो मुलुकमा पठायो र ठगी गर्यो ।
- विगो निर्धारण सम्बन्धी Guideline प्रधिकरणले बनाएको छ ।
- नेपाल सरकारको सरोकारको विषय
- सुरक्षासंग सरोकारको विषय ।
- विदेशबाट आएको call लाई डिभाइसमा आउन नदिई अनाधिकृत रुपमा आउने बनाउने कार्य by pass
- विदेशबाट फोन आउदा लोकल नम्बर ।
- विदेशबाट आएको call को झण्डै १ र ४ कल नेपालको दुरसंचार कम्पनीमा बुझाउनु पर्ने हुन्छ । call bypass गर्दा त्यो आउदैन ।
- राजस्व नेपाल सरकारले नपाउने, दुरसंचार कम्पनीलाई घाटा ।
- विदेशमा गएर नेपालमा धम्की ।
- नागरिकताको फोटोकपी
- एउटै ठाँउबाट १२८। १३२ एउटै बाट बनाउँछ । High Capacity मा connect गर्दछन्

अध्यक्षता गर्नु भएका नेपाल बार एशोशियसनका अध्यक्ष श्री शेरबहादुर के सी ज्यूले **_VOIP र Physical Infrastructure दुवैको सम्बन्धमा** देहायको टिप्पणी र पूष्ठपोषण सहित यो सत्र समापन गर्नु भएको थियो ।

- Physical infrastructure हुनु पर्छ ।
- स्वदेशी विदेशी सहयोग रहन्छ ।
- प्राविधिक जनशक्ती प्रशासनिक पक्षको नियन्त्रणमा
- अन्य जनशक्तिलाई सामान्य ज्ञान
- Sustainability
- Regular बजेटको Sustainability
- maintaining Sustainability
- Data entry सबैभन्दा गाह्रो
- Training
- Centrally How to improve बारे विचार गर्नु पर्ने
- Data entry मा Privacy Policy ल्याउनु पर्ने
- Victim Centers and accuse centers mobile apps बाट दिन सकिन्छ ।
- टेलिकमसंग सहयोग र समन्वय गर्न सकिन्छ ।

==============================================================

**कार्यपत्र नं ३ : सरकारी वकीलको कामकारवाहीमा सूचना र संचार पद्धतिको अवलम्बन**

प्रस्तुत कार्यपत्र जिल्ला न्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डेज्यूले प्रस्तुत गर्नु भएको थियो भने डा श्री रामकृष्ण तिमिल्सेनाज्यूले गर्नु भएको थियो ।यस सत्रको कार्यपत्रमा समेटिएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

- हामी IT friendly हुनुपर्यो । Physical Infrastructure र Human Resoure यी २ कुरा महत्वपूर्ण हुन्छ । Doner मा भर पर्ने कि सरकारले सहयोग गर्ने ।
- के के मा inhouse development गर्ने
- अर्को outsourcing
- sustainability को प्रश्न महत्वपूर्ण ।
- Data entry गर्ने कुरालाई प्राथमिकतामा राख्नु पर्छ
- Training अति आवश्यक छ ।
- Organisation of data privacy policy लाई समयमै सोच्नु पर्ने हुन्छ ।
- Victim centered र accused focused गरेर mobile apps बाट सूचनाको प्रसारण गर्न सकिन्छ ।
- Commitment को जरुरी छ त्यो भयो भने पक्कै पनि महान्यायाधिवक्ताको कार्यालय सफल हुन्छ।

सहभागीहरुको तर्फबाट देहाय बमोजिम टिप्पणी तथा सुझावहरु राखिएको थियो ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री राजेन्द्र भट्टराई, जिल्ला सरकारी वकील कार्यालय, ताप्लेजुङ**

- ल्यापटप दिइयो १ लाख ६७ हजारमा सहि गराइयो । यति कसरी पर्दछ भन्दा महान्यायाधिवक्ताको कार्यालयलाई सोध भनियो। पारदर्शिता भएन ।

**शाखा अधिकृत श्री मदन शर्मा, उच्च सरकारी वकील कार्यालय ,बुटवल**

- Mobile apps बाट Bank ले सेवा दिए जस्तो हामीले पनि दिन सक्छौ. विचार गरियोस्।
- व्यवहारिक पक्ष ज्यादै कमजोर छ । दरवन्दी अनुसारका कर्मचारी रहेका छैनन् ।

**शाखा अधिकृत श्री भीमप्रसाद भुर्तेल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- सूचनाको हक सम्बन्धमा प्रशासनमा गुनासो पेटिका, नागरिक वडापत्रको ब्यवस्था गरिएको छ । हामीले सबै कार्यालयमा त्यो गर्न सकिएको छैन ।
- क्षतिपुर्ती सहितको सेवा सुविधा ।
- कानून व्यवसायी राख्न पाउने अभियुक्तको हकलाई सूचना प्रविधिसंग Tie up गर्न सकिन्छ।

**पारसमणी पोखरेल**

- Video Conference बाट अदालतमा वहस पैरवी गर्न सक्छौ कि सक्दैनौ ।

**पिताम्बर भण्डारी, नेपाल टेलिकम**

- नेपाल सरकारका कार्यालयबाट कुनै सेवा प्रवाह गर्न लेखि आएमा सीपको सहकार्य

**रामकुमार नेपाल, टेलिकम पर्यवेक्षक**

- VOIP को जाहेरी जिल्लामा पर्छ केन्द्रमा मुल्यांकन समिति हुन्छ तुरुन्त त्यसको सूचना कसरी पुर्याउने र आधिकारिकता कसरी लागु गराउने ।

कार्यपत्रमा उठाइएका विषयवस्तुहरुलाई प्रस्तोताले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

- जिज्ञासा भन्दा बढी सुझाव आएका ।
- ल्यापटपको मुल्य विविध ।

अध्यक्षता गर्नु भएका विज्ञ डा. रामकृष्ण तिमिल्सेनाज्यूबाट देहाय बमोजिमको  टिप्पणी र पृष्ठपोषण सहित कार्यसत्रको समापन गर्नु भएको थियो ।

**<u>कहाँ प्रयोग हुनुपर्छ?</u>**

- प्रशासन
- Professional job
- Defence
- Stakeholder हरु विचको समन्वय र सहकार्य
- Internal Networking
- Law/Policy/practice मा address गर्ने
- प्रस्तुती E attorney मा केन्द्रित
- सुचना प्रविधि कम्प्युटरको व्यवस्थित प्रयोग।
- networking हुनुपर्छ
- Software को निर्माण त्यसको प्रयोग र संचालन
- ICT equipment management मा ध्यान जानुपर्छ

**के हुनु पर्छ र ?**

- Unified Software
- Centralized data center

===========================================================================

**दोस्रो दिनः २०७३ पुस ९ गते**

सम्मेलनको दोस्रो दिन देहाय बमोजिमका ४ कार्यपत्रहरु प्रस्तुत भएका थिए ।

**१)** **समुदायमा सरकारी वकीलको अवधारणा र कार्यान्वयनको अवस्था**

**२)** **महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको निर्णय प्रक्रिय, अभिलेख व्यवस्थापन र सुधारका क्षेत्रहरु**

**३)** **महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालहरुको आर्थिक प्रशासनसम्बन्धी विद्धमान अवस्था र सुधारका क्षेत्रहरु**

**४)** **महान्यायाधिवक्ताको संवैंधानिक भूमिका निर्वाह गर्दा अपनाउनु पर्ने कार्यविधिगत निर्देशिका**

**कार्यपत्र नं १ : समुदायमा सरकारी वकीलको अवधारणा र कार्यान्वयनको अवस्था**

प्रस्तुत कार्यपत्र सहन्यायाधिवक्ता श्री गिताप्रसाद तिम्सिनाज्यूले प्रस्तुत गर्नु भएको थियो भने माननीय केशरीराज पंडीतज्यूले गर्नु भएको थियो । कार्यपत्रमा उल्लेख भएका विषयहरु बुँदागत रुपमा यहाँ प्रस्तुत गरिएको छ ।

- जनताका हरेक गतिविधीमा हाम्रो भुमिका कहानेर हुन्छ भनेर हामीले विचार गर्नु पर्ने ।
- जनताले पनि सरकारी वकीलको बारेमा थाहा पाउनु पर्न र खोज्ने परिपाटी छ ।
- फौजदारी न्याय प्रशासन प्रति जनताको सन्तुष्टि सन्तोषजनक नदेखिएको कुरा Baseline survey ले देखाएको छ ।
- सरकारी वकील जनता कै लागि हो, जनताका वकील हुन्, फौजदारी न्यायप्रशासनका सेवा हक हुन् भन्ने बुझ्न र बुझाउन जरुरी छ । त्यसैगरी जन समुदायको सहयोग बिना फौज्दारी न्याय प्रशासन चल्न सक्दैन भन्ने जनतालाई बुझाउन पनि जन समुदायमा सरकारी वकील कार्यक्रमको जरुरी हुन्छ ।
- आफ्ना कामकारवाहीलाई पारदर्शी बनाउने, जनताप्रतिको जवाफदेहिता वहन गर्ने
- आ.व. ०७२।७३ बाट सुरु गरेको १३ बटा जिल्लामा
- स.न्या.का. को निर्देशिका अनुरुप संचालन भएको ।
- समुदायले सरकारी वकीलको कार्यक्षेत्र बढाउनु पर्छ भन्ने माग राखे गरेको । जस्तो बहुविवाह सम्बन्ध विच्छेद अंश मा पहल गरिदिनु पर्ने ।
- समुदाय अति महत्वपूर्ण देखियो ।

**जिल्ला न्यायाधिवक्ता श्री गंगा प्रसाद पौडेल, जिल्ला सरकारी वकील कार्यालय, कास्की**

- कस्कीमा संचालन भएको छ ।
- समुदायले सरकारी वकीलको कार्यक्षेत्र बढाउनु पर्ने ।
- अंश, नाता र जन्म दर्ता लगायत (बहुविवाह मुद्दामा) का कुरामा पनि सरकारी वकिलले गरिदियो भन्ने रहेको पाइयो ।
- १ बर्षको १ पटक भन्दा बढी हुनु पर्ने

- Accountable बनाउन पनि महत्वपूर्ण छ।
- जनताका हरेक गतिविधीमा हाम्रो भुमिका कहानेर हुन्छ भनेर हामीले विचार गर्नु पर्ने, जनताले पनि सरकारी वकीलको बारेमा थाहा पाउनु पर्न र खोज्ने परिपाटी छ ।
- फौजदारी न्याय प्रशासन प्रति जनताको सन्तुष्टि सन्तोषजनक नदेखिएको कुरा Baseline Survey ले देखाएको छ ।
- सरकारी वकील जनता कै लागि हो, जनताका वकील हुन्, फौजदारी न्यायप्रशासनका सेवा हक हुन् भन्ने बुझ्न र बुझाउन जरुरी छ । त्यसैगरी जन समुदायको सहयोग बिना फौज्दारी न्याय प्रशासन चल्न सक्दैन भन्ने जनतालाई बुझाउन पनि जन समुदायमा सरकारी वकील कार्यक्रमको जरुरी हुन्छ ।
- आफ्ना कामकारवाहीलाई पारदर्शी बनाउने, जनताप्रतिको जवाफदेहिता वहन गर्ने
- आ.व. ०७२।७३ बाट सुरु गरेको १३ बटा जिल्लामा
- महान्यायाधिवक्ताको कार्यालयको निर्देशिका अनुरुप संचालन भएको ।
- समुदायले सरकारी वकीलको कार्यक्षेत्र बढाउनु पर्या ि भन्ने माग पनि राखे गरेको । जस्तो बहुविवाह सम्बन्ध विच्छेद अंश मा पहल गरिदिनु पर्ने ।
- समुदाय अति महत्वपूर्ण देखियो ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री युवराज महत, जिल्ला सरकारी वकील कार्याल सोलुखुम्बु**

- कानूनी सहायता समितीको अध्यक्ष जिल्ला न्यायाधिवक्ताबाट Free Legal Aid समुदायमा हुन्छ ।
- समुदायमा अदालत कार्यक्रममा हामी पनि संलग्न हुन्छौ त्यसैले संगसंगै पनि लान सकिन्छ कि भन्ने कुरामा विचार गर्नु उपयक्त होला भन्ने लाग्दछ ।
- खर्च गर्ने निर्देशिका छैन ।
- सरकारी वकिल समाज मार्फत समुदायमा जान सक्रिय हुँदा राम्रो हुने ।
- Judicial Outreach मार्फत अदालत संगै सरकारी वकिल पनि जानु पर्ने ।
- पक्राउ पर्ने वित्तिकै सार्वजनिक गर्ने भन्दा अभियोजन पश्चात संयुक्त रुपमा फैसला पछि गर्न उपयुक्त ।
- बजेट कम ।

**जिल्ला न्यायाधिवक्ता श्री मनोज कुमार आचार्य, जिल्ला सरकारी वकील कार्यालय, सिराहा**

- सिराहामा पनि संचालन गरियो प्लस टु का विद्यार्थी, शिक्षक, संचालक समितीका मानिसहरु सहित ।
- प्रहरी, अदालतका प्रतिनिधि पनि संगै हुँदा कार्यक्रम सफल हुने र जनता जिज्ञासा मेटाउन सहयोगी देखियो ।
- Appreciate पनि गर्नु भयो, जिज्ञासाहरु पनि आएको थिए ।

- Accountable बनाउन समुदायमा जानुपर्ने Lesson feel हुनु पर्यो ।
- प्रहरी पनि संगै छ, अदालत पनि संगै भए राम्रो हुने ।
- कानूनी सहायता समिति मार्फत बार्षिक ४०,००० आम्दानी को Limitation ले काम गर्न सकेन ।
- यसले कुनै काम गर्न नसकेको समुदायको भनाई ।
- यसको क्षेत्र रकानून समेत शंसोधन जरुरी ।
- कानूनी साहयता समितीलाई प्रयोग गरेर हामी कसरी यो कार्यक्रम प्रभावकारी बनाउन सकिन्छ ।

**नेपाल राष्ट्र बैंकका प्रतिनिधी श्री रामहरी न्यौपाने**

- सरकारी वकील Social Engineering के रुपमा रहनु पर्ने ।
- Mens Rea, Actus Reus दुबै हुनु पर्ने ।
- Regulatory Authority भएकोले जाहेरी दिदा पनि यी दुवै तत्वको उल्लेख गरी दिनुपर्ने ।
- प्रतिवादी बनाउदा सबैलाई समेट्नु भन्दा जसले बदमासी गर्यो उसैलाई समेट्नु पर्ने ।
- बैंकिङ क्षेत्रमा Sleeping संचालक, सहि गरेको आधारमा मात्र मुद्दा चलाएको छ ।

**सहायक जिल्ला न्यायाधिवक्ता श्री राजेन्द्र भट्टाराई, जिल्ला सरकारी वकील कार्यालय, ताप्लेजुङ**

- प्रहरी, सरकारी वकील, अदलत र समुदाय सबैको सकारात्मक सोच हुनु पर्ने ।
- बजेट पर्याप्त हुनु पर्यो।
- विभागले राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो कार्य गर्नेलाई दण्ड गर्नु पर्ने ।

**उपन्यायाधिवक्ता श्री हरिप्रसाद भट्ट, उच्च सरकारी वकील कार्यालय, हेटौडा**

- विभागले Public Audit बाट राम्रो देखिएका सरकारी वकीललाई संरक्षण मात्र होइन उत्प्रेरित पनि गर्नुपर्छ ।
- सरकारी वकील एक्लै होइन ।
- सेवाग्राहीले सबै कुराको एउटै थलोबाट जवाफ पाउने ।

**प्रहरी वरिष्ठ उपरीक्षक श्री रामप्रसाद श्रेष्ठ, महाकाली**

- यो धेरै पहिले आवश्यक थियो, अहिले जनताको चेतनाको स्तर अत्यन्तै बढी छ ।
- विभिन्न अवस्था र परिस्थितिले गर्दा जस्तो अपराधको सूचना पनि वा जाहेरी पनि आउने गरेकोले सबै खालको जाहेरीबाट मुद्दा चल्न सक्दैन । त्यसलाई समन्वय पूर्वक काम गर्न सकियो भने साच्चै नै उपलब्धिमुलक हुन्छ ।
- अपराध सम्बन्धी जनताको चेतनाको स्तर धेरै माथि रहेको छ । प्रहरीलाई निर्देशन गर्न सक्ने समुदाय बनेको छ।

- जाहेरी दरखास्तका उल्लेख भएका कुराहरु दर्ता गर्नै पर्ने हुन्छ । चलाउने नचलाउने अधिकार सरकारी वकीलाई हुन्छ ।
- एकसाथ जादा सजिलो हुन्छ ।

**पारसमणि पोखरेल**

- यो नयाँ अवधारणा हो कि सिद्धान्त हो ।
- Constitutional Mandate संग मिल्छ कि मिल्दैन । किनकी हामी प्रहरी र अदालतको बिचमा रहेर काम गर्छौं ।
- प्रतिवादीको impression बिगार्ने सरकारी वकिल हो भन्ने जान सक्छ ।
- Prosecutor Activism हो कि यो new trend हो ?

**जिल्ला न्यायाधिवक्ता श्री मणिराम न्यौपाने, जिल्ला सरकारी वकील कार्यालय, चितवन**

- कानुन शिक्षा भनेर गाउँ गाँउ गएको छ ।
- कानूनको शिक्षाको रुपमा जाँदा के होला र ?

**शाखा अधिकृत श्री नुमराज खनाल, उच्च सरकारी वकील कार्यालय, बुटवल**

- ४३ प्रतिशत जवाफकर्ताले थाह छैन भनेको अवस्था छ ।
- समुदायमा जाने कुराको अतिरिक्त पीडित र अभियुक्तलाई जानकारी दिने कुरा कसरी गर्न सकिन्छ होला ।
- हाम्रो उपस्थितीले समुदायमा कसरी प्रभावकारीता बनाउनु पर्ने ।

**उपन्यायाधिवक्ता श्री निर्मला योङ्या, उच्च सरकारी वकील कार्यालय, इलाम**

- पीडितलाई न्याय र अपराधीलाई सजायका लागी सरकारी वकीलले कसरी आफ्नो काम कारवाहीमा जान सक्छ, आफ्ने भुमीकालाई कसरी प्रभावकारी बनाउने ।
- एउटा निर्वाचन क्षेत्रमा एउटा कार्यक्रम उपयुक्त हुने ।

**अध्यक्षा श्री केशरीराज पण्डित, राष्ट्रिय न्यायिक प्रतिष्ठान**

- हामी जनताभन्दा माथी हैन भन्ने धारणाबाट राज्य संयन्त्र चलेको भ्रम हमीमा रहेकोमा अहिले धारणामा परिवर्तन भएको छ । तथापी हामीहरुले यसलाई राम्ररी बुझेर जनताले बुझ्ने विस्वास गर्ने वातावरण बनाउन जरुरी छ ।
- हाम्रो कार्यसम्पादनलाई कसरी परिक्षण भएको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ आफ्नो संगठनबाट मात्र मुल्यांकन हुने विषय होइन जनताबाट मुल्यांकन र विश्वास अति महत्वपुर्ण छ ।
- सेवाप्रदायक संघ संस्थाहरु जनता समक्ष जान थालेका छन् । यो हामीले आफैलाई परिस्कृत गर्ने माध्यम हो । हामी र हाम्रा निकाय एक्लो यात्री होइन उ Performer देखिन अरुको सहयोग र समन्वयको जरुरी हुन्छ । Independence लाई isolate गरेर

हेर्न मिल्दैन । स्वतन्त्रता भनेको एकान्तवास होइन, सहाकारीता सह अस्तित्व, समन्वय र सहयोगमा मात्र हामी सफल हुन सक्छौ ।

- पीडित समुदायमा हुन्छ पीडितको पीडा समुदायको पनि पिडा हो त्यसैले पीडितको लागी तपाईहरु जति राम्रो बन्न सक्नु हुन्छ त्यति समुदायको लागि राम्रो विश्वासिलो बन्न सकिन्छ । जसको लागि हामी अहोरात्र खटेका छौ तिनले नै नचिनेमा हाम्रो हालत कस्तो होला,
- कहाँ जाने, कोसँग कुरा गर्ने, कसरी जाने भन्ने कुरालाई अत्यन्तै विचार गरेर जानु पर्छ । यसले जोखिम बढाउन पनि सक्छ के भन्न हुदैन, के जवाफ दिनु हुन्छ, के हुदैन, के गर्न हुन्छ, के हुदैन भन्ने अत्यन्तै विचार गर्नु पर्छ । वातावरणीय सरसफाई, खर्चको व्यवस्थापन, दिगोपन जस्ता कुरालाई गम्भीरतापुर्वक मनन गर्नु पर्दछ ।

**के भन्न जाने त, गएर के कुरा गर्ने त ?**

- फौजदारी न्यायमा समुदायको महत्व, आफ्ने वकील राम्रो देख्न चाहने हो भने तपाईहरुको सहयोग जरुरी छ भन्न जाने, हामी बारेको धारणा बुझ्न र विश्वास बढाउन जाने हो ।
- हामी राम्रा हौ गतिला हौ भन्न जाने होइन, हामी कसरी काम गर्छौ भन्ने बुझाउन जाने हो । के भए उद्देश्य पुरा हुन्छ के भएन भने बुझाउन जाने हो । institutional impression को बारेमा छाप छाड्न जाने हो ।
- उद्देश्य राम्रो हुँदा हुदै पनि तरिका राम्रो भएन भने उद्देश्य पुरा हुन्न ।
- उत्तरदायी र जवाफदेही हौ भन्ने विश्वास दिलाउन जाने हो ।
- पारदर्शीता र उत्तरदायीत्व सरकारी वकीलले त्यो कुरा बुझाउनको लागी जाने हो ।
- विश्वास जगाउन, परिचय नभई कसरी विश्वास गर्न सकिन्छ ।
- यो देशको सरकारी वकीलले कसरी काम गर्छ, के गर्दा सफल हुन्छ, के गर्दा असफल हुन्छ भन्न जाने हो ।
- कसरी काम गर्छ भन्ने नबुझी मुल्यांकन गर्न सक्दैन।
- हाम्रो प्रणालीको बारेमा जनताको विचार के छ बुझ्न जानु हो ।
- कसरी फर्कनु हुन्छ । फोहोर गरेर कि पहिलेकै जस्तो सहि साबुत रुपमा रहेर ।
- कति खर्चिलो बनाउदैछौ ।
- Subjudice कुराहरु भन्न नहुने, judicial value को बारेमा बुझ्नु पर्ने ।
- Professional immune भित्र आचरणको immune पर्दैन ।
- नराम्रो प्रभाव पारी जानु भन्दा नजानु राम्रो ।
- प्लस टु का विद्यार्थी, शिक्षक, सेवा निवृत्त कर्मचारी, आमा समुह आदी हाम्रा टार्गेट ग्रुप हुन सक्छ ।

अन्तिममा सहन्यायाधिवक्ता श्री सूर्यराज दाहालज्यूले यस सत्रका अध्यक्ष, प्रस्तुतकर्ता तथा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

=====================================================================

## कार्यपत्र नं. २: महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयका निर्णय प्रकृया, अभिलेख व्यवस्थापन र सुधारका क्षेत्र

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीज्यूले गर्नु भएको थियो भने अध्यक्षता नायब महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदीज्यूले गर्नु भएको थियो । कार्यपत्रमा उठाइएका विषयहरु देहाय बमोजिम छन् ।

**जिल्ला न्यायाधिवक्ता श्री राजेश कुमार कटुवाल, जिल्ला सरकारी वकील कार्यालय, मोरङ**

- यसमा सैद्धान्तिक कुरा भन्दा व्यवहारिक कुरालाई जोड दिएका छौं ।
- प्रशासनिक निर्णय, मुद्दाको रोहमा गर्ने निर्णयहरु नै सरकारी वकीलले गर्ने निर्णय हुन् त्यस्तै राय सम्बन्धी निर्णय पनि कार्यक्षेत्र भित्र पर्दछन् ।
- मुद्दा सम्बन्धी प्रारम्भिक निर्णय जिल्लाबाट नै हुन्छ ।
- मुद्दा चल्ने नचल्ने निर्णय सम्बन्धमा दोहोरो मापदण्ड लागु भएको छ किनकी जिल्लाबाट शुरु भएको निर्णयका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयमा फेरी निर्णय गर्दा २–३ तह टिप्पणी उठाइन्छ । पुनरावेदनको सन्दर्भमा पनि त्यस्तै छ । एकरुपता छैन ।
- हामी पुरानै शैलीमा अभिलेख राख्दछौं ।
- जतिसुकै राम्रो काम गरे पनि अभिलेख नराख्दा उपलब्धि गुम्ने हुन्छ । त्यस्तै सेवा प्रवाह मुल्यांकनमा पनि समस्या हुन्छ ।
- मुद्दा नचलाउँदा चलाउने निर्णय गर्ने पद्दती त छ तर नचलाउने निर्णयमा अलि बस्तुगत हुनुपर्ने हो की ।
- कार्यालयको कामलाई डिजिटाइज गर्न जरुरी छ जसबाट कुन जिल्लाले कुन निर्णयले कति अभियोजन गर्यौं भन्ने लगायतका जानकारी अद्यावधिक हुन्छ ।
- मिसिल गएको र फिर्ता भएको रेकर्ड प्रभावकारी हुनु पर्ने । File tracking system लागु गर्न सकिन्छ की ?
- कागज धुल्याउने विषयमा एउटा प्रस्ताव पारित गर्नुपर्ने आवश्यकता छ ।
- विद्युतिय अभिलेख पद्धती शुरु गर्दा राम्रो होला ।
- अभिलेखन व्यवस्थापन प्रक्रियालाई कसरी लैजादा उपयुक्त हुन्छ भन्ने विषयमा छलफल चलाउनु नै उद्देश्य हो । यसैमा केन्द्रित भएर आफ्ना धारणहरु राखौं

**जिल्ला न्यायाधिवक्ता श्री गंगा प्रसाद पौडेल, जिल्ला सरकारी वकील कार्यालय, कास्की**

- निर्णय गर्दा टिप्पणी प्रक्रियाले सरलीकरण गर्ला तर जिल्ला सरकारी वकील कार्यालयको हकमा कति सम्म प्रभावकारी होला किनकी मुद्दा हेर्ने जिल्ला न्यायाधिवक्ता मात्र नभई सहायक जिल्ला न्यायाधिवक्ता पनि हुन्छन् ।
- उच्चबाट भएको निर्णयको हकमा महान्यायाधिवक्ताको कार्यालयमा सोझै नायब महान्यायाधिवक्ताको समक्ष पेश गर्नु उपयुक्त होला ।
- अभिलेख व्यवस्थापनको लागि standard format develop गर्ने जनशक्तिलाई प्रशिक्षित गर्ने र कार्यबोझको आधारमा जनशक्ति व्यवस्थापन गर्न जरुरी छ ।
- परिपत्रहरु भए पनि त्यसको कार्यान्वयनको पाटो कमजोर छ । त्यसलाई प्रणालीगत रुपले कसरी लैजाने भन्नेतर्फ ध्यान दिनु पर्छ ।
- तामेली, मुल्तवी, वतन नखुलेर मुद्दा चल्न नसकेका मुद्दाको साथै पीडितले क्षतिपूर्ती भराई पाउने ठहरेका मुद्दाको फैसलाको कार्यान्वयनको लागि दुई दर्ता किताब बनाउने र मास्केवारी मै पनि समेट्ने गरी फारममा समावेश गर्न सकेमा अभिलेख व्यवस्थापन राम्रो हुन सक्छ ।
- अहिलेको प्रकृयाले निर्णय गर्ने अधिकारीलाई चाही सजिलै भएको छ ।
- तोकिएको अधिकारीले मात्र टिप्पणी उठाउन उपयुक्त हुन्छ की ।
- माथिल्लो अधिकारीको कार्यबोझ धान्न सकिन्छ कि सकिदैन ।
- कास्कीमा सबै अभिलेखहरु राख्न शुरु गरिएको छ ।
- मास्केवारी मै मुलतवी, तामेलीका कुराहरु उल्लेख हुनु पर्ने फारामको विकास हुनु पर्ने ।

**जिल्ला न्यायाधिवक्ता श्री अविकेश्वर पोखरेल, जिल्ला सरकारी वकील कार्यालय, सिन्धुपाल्चोक**

- अभियोजन गर्ने नगर्ने सम्बन्धमा प्रमाणको उपलब्धताको आधारमा मापदण्ड निर्माण गर्नु पर्ने हो की ?
- कामको अनुपातमा जनशक्ति हुनुपर्ने । त्यसतर्फ विभागको ध्यान जाओस् ।

**सहन्यायाधिवक्ता श्री धर्मानन्द नाथ, उच्च सरकारी वकील कार्यालय, सुर्खेत**

- टिप्पणी प्रकृयाले निर्णयलाई सहज बनाउँछ, कार्यबोझ, दोहोरोपनालाई हटाउछ तर महान्यायाधिवक्ताको संवैधानिक अधिकार के हो त्यो पनि विचारणीय छ ।
- टिप्पणीमा Duplication हटोस् । महान्यायाधिवक्ताको कार्यालयमा सहन्यायाधिवक्ताबाट निर्णय प्रकृया शुरु होस् ।
- महान्यायाधिवक्ताको कार्यालयको अधिकारमा असर पुग्ने नपुग्ने के हो ?
- तामेली दायरी राख्नु पर्ने तर उक्त कार्य सरकारी वकील कार्यालयमा नभै मुद्दा चलाउन नसकेका प्रतिवादीहरु जसको ठेगाना खुलेको हुदैन उनीहरुको विवरणको अभिलेख राख्न प्रहरी कार्यालयमा लेखि पठाउनु उपयुक्त हुन्छ ।
- मुल्तवी अनिवार्य राख्नु पर्ने ।

- अपराध दायरी राखिएको तर हरेक बर्षको अलग अलग राखिएको । जिम्मेबारी सारीएको अवस्था देखिएन जसले गर्दा अनुसन्धानको क्रममा रहेका मुद्दाको संख्या यकीन हुन सकेन ।
- अपराध दायरीमा कति जिम्मेवारी सर्यो कति दर्ता भएकोमा कति फर्छयौट भयो भन्ने कुार एकिन गर्न गाह्रो भएको देखिएकोले त्यसतर्फ हामी सबैको ध्यान जान जरुरी हुन्छ । जिम्मेबारी सार्ने, सबै खालका निर्णयमा अभिलेखिकरण गर्न दायरी किताब राख्न लगाउनु पर्छ । प्रहरी र जिल्ला सरकारी वकील कार्यालयका दुबै ठाउँमा ।

**उपन्यायाधिवक्ता श्री हरिप्रसाद भट्ट, उच्च सरकारी वकील कार्याल, हेटौडा**

- टिप्पणी प्रकृया राम्रो हो तर जिल्ला र उच्चका अधिकारीको टिप्पणीको निर्णय बाझिएमा के हुने ।
- टिप्पणीको लागि ढाँचा विकास भए राम्रो हुने थियो ।यसले एकरुपता ल्याउछ।
- तामेलीको रेकर्ड अध्यावधीक र Follow Up दुवै गर्न जरुरी देखिन्छ यदाकदा वतन खुलेको अवस्थामा पनि तामेली राख्ने गरेको देखिएको छ ।
- अभियोजन स्पष्ट नाम थर वतन खुलेको अवस्थामा तामेली राखिएमा पुनरावेदन गर्न उपयुक्त हुने, मुल्तवीमा राख्न दावी लिन सकिने ।

**शाखा अधिकृत श्री केदारकुमार अधिकारी, राजश्व अनुसन्धान विभाग**

- अर्धन्यायिक निकायमा कार्यरत सरकारी वकील रहदा रहदै किन जिल्ला न्यायाधिवक्ता समक्ष निर्णयको लागि पठाउनु पर्ने हो ।
- जहाँ जुन निकायमा सरकारी वकील कार्यरत छन् ती निकायबाट पनि सरकारी वकील कार्यालयबाट निर्णय गराउनु पर्ने अवस्था किन हो ।जब सरकारी वकील त्यहा कार्यरत छ भने किन जिल्ला सरकारी वकील कार्यालय पठाउनु जरुरी हुने हो त्यसको विधिशास्त्रीय आधार के हो ?

**उपन्यायाधिवक्ता श्री अच्युत कुइकेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- सरकारी वकील कार्यालयबाट हुने निर्णय प्रशासनिक हो या न्यायिक हो र न्यायिक निर्णय हो भने टिप्पणी प्रक्रियामा जाँदा मिल्छ या मिल्दैन ।
- मुद्दा नचल्ने निर्णय गर्दा मान्छे छाडिन्छ तर माथीबाट चल्ने भै आएमा त्यो टिप्पणी निर्णय प्रकृयामा अपनाई कसरी व्यवस्थापन गर्ने ।
- टिप्पणी प्रकृयामा निर्णय नहुने हुँदा प्रतिवादीलाई गर्ने कारवाही प्रकृयामा ढिलो हुन जाने समस्य हुन्छ की ?
- न्यायिक निर्णय, प्रशासनिक निर्णय जस्तो टिप्पणीबाट निर्णय गर्नु नै उपयुक्त हुन्छ हुन्न ?
- टिप्पणी प्रथाबाट जिल्ला न्यायाधिवक्तालाई प्रत्यायोजित अधिकार कटौती हुन्छ की ?

**सहायक जिल्ला न्यायाधिवक्ता श्री युवराज महत, जिल्ला सरकारी वकील कार्यालय, सोलुखुम्बु**

- अर्धन्यायिक निकाय तथ विभिन्न कार्यालयमा सरकारी वकीलहरु नै कार्यरत छन् भने तिनीहरुलाई महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन हुनुपर्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री मनोज कुमार आचार्य, जिल्ला सरकारी वकील कार्यालय, सिराहा**

- आधार कारण खोलेर नै मुद्दा चल्ले नचल्ने निर्णय हुँदा सदर बदर प्रक्रिया नै ठिक हुन्छ कि ।
- तोकिएको सरकारी वकीललाई नै निर्णय गर्ने अधिकार रहेको स्थितिमा टिप्पणी प्रकृयालाई कसरी कार्यान्वयन गर्न सकिन्छ ।

**नेपाल राष्ट्र बैंक प्रतिनिधी श्री रामहरी न्यौपाने**

- निर्णय प्रक्रियालाई छोटो बनाउन नै उपयुक्त हुन्छ ।
- Duplication नगरी छोटकरी प्रकृया हुने गरी टिप्पणी प्रकृया टुंग्याउदा राम्रो होला ।

**पिताम्बर भण्डारी नेपाल टेलिकम**

- एक तह पुनरावेदन गर्ने प्रकृया नै राम्रो हो कि अन्यथा गुन र बैगुनको आधारमा एउटै Issue मा कसैको हकमा गर्ने कसैको हकमा पुनरावेदन नगर्ने अवस्था रहेको छ ।

**नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी**

- टिप्पणी लेख्ने र सदर गर्ने दुवैले आधार र कारण खुलाउनु पर्छ ।
- टिप्पणीमा Duplication हुदैन खाली राय लिने उद्देश्यका लागि मात्र २–३ तहमा टिप्पणी लिने काम महान्यायाधिवक्ताको कार्यालयमा गरिएको हो ।
- प्रहरी र सरकारी वकीलको काम छुट्टाछुट्टै आफै आफै गरौं तर प्रहरीलाई फैसलाको जानकारी भने दिने गरौं ।
- अन्य निकायमा काम गर्ने सरकारी वकीललाई अधिकार प्रत्यायोजन नगरिएको र जिल्ला सरकारी वकील कार्यालयलाई मात्र प्रत्यायोजन गरिएकोले अन्य निकायकाले निर्णय नसकेका हुन्। अधिकार प्रत्यायोजन गर्न सकिन्छ ।
- कार्यगत रुपमा हामीमा त्रुटी छैन भने हामी एकतह पुनरावेदन जानुपर्छ तर अनिवार्य भनेर system बनाउन सकिन्न ।
- तामेलीका सन्दर्भमा फैसलाको एक प्रति प्रहरी कार्यालयमा पठाउने, तामेली मुलतवी के कसरी राख्ने उसले गर्दछ ।
- टिप्पणी प्रकृयाबाट जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्ताको निर्णय कुन ठिक छ भन्ने कुरा माथिल्लो निकायले जाँच्न पाउछ । आधार कारण खोलिन्छ जसले गर्दा पारदर्शिताको अभिबृद्धि हुन्छ ।
- सा.ज.प्र को टिप्पणी निर्देशिकालाई हेर्नु पर्यो अध्ययन गर्नु पर्यो। कुन तहले के के गर्नुपर्छ भन्ने स्पष्ट हुन्छ
- निर्णयको प्रतिलिपी वा फैसलाको एक प्रति प्रहरीमा पठाई दिएमा अनुसन्धान अधिकृत ज्यूहरुले जे गर्नु पर्छ त्यहि गर्नुहुन्छ । त्यसपछि तामेलीको लगत प्रहरीमा राख्न लागाउने भन्नै पर्दैन ।
- एउटै विषयमा कतिवटा दायरी किताब राख्ने एकिकृत प्रक्रिया अवलम्बन नगर्दा नै बढि उपयुक्त हुन्छ । जाहेरी देखि फैसला कार्यान्वयन सम्मको रेकर्ड व्यवस्थापन पनि गर्न सकिन्छ ।
- अर्ध न्यायिक निकायमा कार्यरत सरकारी वकिललाई महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएमा गर्न सकिन्छ ।
- मुद्दा चलाउदाको अवस्थामा प्रमाणहरु प्रतिकुल अवस्थामा रहेको खण्डमा बाहेक प्रमाण यथास्थितीमा रहेको अवस्थामा पुनरावेदन गर्ने नै गरिन्छ ।
- यो सबैको लागि हाम्रो दृढ प्रतिज्ञा चाहिन्छ ।

================================================================

## कार्यपत्र नं. ३ : महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुको आर्थिक प्रशासन सम्बन्धी विद्यमान अवस्था र सुधारका क्षेत्रहरु

प्रस्तुत कार्यपत्र प्रमुख लेखा नियन्त्रक श्री मोहन शरण भण्डारीज्यूले प्रस्तुत गर्नु भएको थियो भने नायब महान्यायाधिवक्ता दुर्गाबन्धु पोखरेलज्यूले अध्यक्षता गर्नु भएको थियो । कार्यपत्रमा उठाइएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

- प्रस्तोताकोतर्फबाट महान्यायाधिवक्ताको कार्यालयको बजेट संरचना, खर्च प्रणाली, अडिटिङ आदि जस्ता लेखा संग सम्बन्धित विषयहरुमा जानकारी गराइयो ।
- अर्थ मन्त्रालयबाट लेखाको कर्मचारी दरवन्दीको लागि सकारात्मक छ ।
- बार्षिक बजेट एकैपटक पठाउनु पर्ने छ । धेरै शिर्षकमा पठाएको पनि छ ।
- धेरै शिर्षकमा एकमुष्ट बजेट पठाउँदा कार्यालय प्रमुख सरुवा हुँदा आफुले खर्च गर्न मिल्ने सबै रकम खर्च गरेर हिड्ने प्रचलन भएकाले बर्षको ३।४ पटक वितरण गर्ने गरिएको ।
- दोस्रो चरणको बजेट पौष महिना भित्रमा पठाइन्छ ।
- नेपाल सरकारको दायित्व हुने सबै रकम राखेर बाँकी शिर्षकमा रकम राखेर बजेट बनाउनु पर्ने भएकोले यथेष्ट रकम निकासा नभएको हो ।
- करारको कर्मचारीलाई दशैं भत्ता नदिने भनेर अर्थ मन्त्रालयले स्पष्ट निर्देशन दिएको छ ।

**सहभागीहरुबाट राखिएका विचार तथा विषयहरु**

(राजेन्द्र भट्टराई ताप्लेजुङ, मणिराम न्यौपाने, धर्मानन्द नाथ, केदार अधिकारी, राम बहादुर थापा)

- सरकारी वकील कार्यालयहरुमा लेखाको दरवन्दी आवश्यक ।
- TA/DA को रकम साह्रै कम छ, धेरै पहिलाको जस्तो छ ।
- कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हाम्रो कर्मचारीबाट लेखा चलाउन दिइदैन ।
- विशेष सरकारी वकील कार्यालयको बजेट घट्न उपयुक्त छैन ।
- बजेट समयमा निकासा हुँदैन, उपसचिवको दरवन्दी भएको ठाँउमा सामान्य टेवुल कुर्सीको व्यवस्था छैन ।
- करारको कर्मचारीहरुलाई दिने सुविधा स्पष्ट दृष्टिकोण र एकरुपता हुनु पर्छ । अदालतमा दशै खर्च छ हाम्रोमा छैन ।
- उच्च सरकारी वकील कार्यायमा लेखा अधिकृत र जिल्ला सरकारी वकील कार्यालयमा लेखापालको दरवन्दी हुनुपर्ने ।
- जग्गा नभएका सरकारी वकील कार्यालयले जग्गा प्राप्ती तर्फ र जग्गा भएकाले भवन बनाउने तर्फ पहल कदमी गर्नु पर्ने ।

- महान्यायाधिवक्ता, प्रधानमन्त्री, नेपाल सरकारको सल्लाहकारको रुपमा रहेको अवस्थामा बजेट बढाउने पहल हुनु पर्ने, बजेट निकासा गराउन नसकिएको अवस्थामा पञ्चबर्षिय रणनीति र योजनामा समेत असर पर्दछ ।
- भएको सामानको संरक्षणको लागि रेकर्ड व्यवस्था कसरी गर्ने सो सिस्टम बनाउनु पर्ने।
- बेरुजु सम्बन्धी ब्यक्ति पिच्छे र कार्यालय पिच्छेका बेरुजु यस्ता सम्मेलनमा बताउदा उपयुक्त हुने ।

कार्यपत्रमाथि सहभागीहरुबाट गरिएका प्रश्न र विषयहरुका सम्बन्धमा प्रस्तोताबाट देहाय बमोजिम स्पष्ट पारिएको थियो ।

- अर्थ मन्त्रालयबाट लेखाको कर्मचारी दरवन्दीको लागि सकारात्मक छ ।
- बार्षिक बजेट एकैपटक पठाउनु पर्ने छ । धेरै शिर्षकमा पठाएको पनि छ ।
- धेरै शिर्षकमा एकमुष्ट बजेट पठाउँदा कार्यालय प्रमुख सरुवा हुँदा आफुले खर्च गर्न मिल्ने सबै रकम खर्च गरेर हिड्ने प्रचलन भएकाले बर्षको ३।४ पटक वितरण गर्ने गरिएको ।
- दोस्रो चरणको बजेट पौष महिना भित्रमा पठाइन्छ ।
- नेपाल सरकारको दायित्व हुने सबै रकम राखेर बाँकी शिर्षकमा रकम राखेर बजेट बनाउनु पर्ने भएकोले यथेष्ट रकम निकासा नभएको हो ।
- करारको कर्मचारीलाई दशैं भत्ता नदिने भनेर अर्थ मन्त्रालयले स्पष्ट निर्देशन दिएको छ ।

यस सत्रका अध्यक्ष नायव महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेलज्यूबाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित यस सत्रको समापन गर्नु भएको थियो ।

- प्रथमतः समस्या हामीसंग बजेट नै कम छ, यो सम्मेलनको जरुरी नै राज्यले हामीलाई दिएको जिम्मेबारी र हाम्रो क्षमताको कदर भएन भनेर भएको हुनाले सम्मेलन सफल भएमा बजेट बढाउन पहल गर्न सकिन्छ ।
- खर्च गर्ने क्षमताको बिकास पनि हुनु पर्यो । IT को विकास गर्नको लागि अर्थ मन्त्रालयसंग रकम रु ४ करोड मागेकोमा खर्च गरिएको छैन । सो खर्च गर्न सकिएन भने यो आउने अवस्था नै हुदैन । तसर्थ पुँजीगत खर्च समयमै उपयुक्त तरिकाले खर्च गरौ ।
- भवन निर्माण तर्फको खर्च सन्तोषजनक छ । भवन बनाउन जस जसले रकम पाउनु भएको छ, समयमै नक्सा बनाई ठेक्का लगाउने तर्फ लाग्नु होला ।
- हिड्ने बेलामा सबै बजेट सकेर हिड्ने प्रवृती त्याग्नु होला । हरेक बर्ष पठाएको फर्निचरको खर्च सदुपयोग गर्नु होला ।
- बेरुजु फर्छ्यौट गर्नतर्फ लाग्नु होला, भरसक बेरुजु हुने गरी खर्च नगर्नुनै बेस ।

- क्रमसः संस्थाले सुधार गर्दै गएको छ, त्यति निराश भै हाल्नु पर्ने अवस्था छैन ।
- सबै जिल्लामा गाडी दिनको लागि अर्थ मन्त्रालयमा बजेट माग गरिएको छ ।

==================================================================

**कार्यपत्र नं. ४: महान्यायाधिवक्ताको संवैधानिक भुमिका निर्वाह गर्दा अपनाउनु पर्ने कार्यविधिगत निर्देशिका तयारी सम्बन्धी एक अध्ययन ।**

प्रस्तुत कार्यपत्र सह न्यायाधिवक्ता श्री सूर्यराज दाहालज्यू र उपन्यायाधिवक्ता श्री इश्वरी प्रसाद ढकालज्यूले प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री पवन कुमार ओझाज्यूले अध्यक्षता गर्नु भएको थियो । प्रस्तुतकर्ताले उल्लेख गरेका कार्यपत्रका विषयहरु बुँदागत रुपमा देहाय बमोजिम रहेका छन् ।

- कानूनी सल्लाहकारको जिम्मेवारी निर्वाह गर्दा अपनाउनु पर्ने कार्यविधि ।
- अभियोजनकर्ताको भुमिका निर्वाह गर्दा अपनाउनु पर्ने कार्यविधि ।
- महान्यायाधिवक्ताको हिरासत अनुगमनकर्ताको जिम्मेबारी सम्बन्धी कार्यविधी ।
- मुद्दा फिर्ता सम्बन्धमा रायदाताको भूमिका सम्बन्धी कार्यविधी
- दोस्रो पञ्चबर्षिय योजनाले लिएका यस सम्बन्धी रणनितिक योजनाहरु ।

यस सत्रको अध्यक्षता गर्नु भएका पुर्व महान्यायाधिवक्ता श्री पवन कुमार ओझाज्यूले आफ्नो टिप्पणी र पृष्ठपोषण सहित यस सत्रको समापन गर्नु भएको थियो ।

- मुद्दामा प्रतिरक्षा गर्दा कस्तो कार्यविधी अपनाउने ।
- कानूनी राय प्रदान गर्दा कस्तो कार्यविधी अपनाउने ।
- अभियोजनकर्ताको भूमिका निर्वाह गर्दा कस्तो कार्यविधी अपनाउने ।

छलफलका सहभागिहरुबाट देहाय बमोजिम विचार विचार जिज्ञासा राखिएको थियो ।

(राजेन्द्र भट्टराई, पुण्यप्रसाद पाठक, अच्युत कुइकेल, रामकुमार के.सी.नेपाल टेलीकम, शम्भु गौतम सर्लाही, धर्मानन्द नाथ सुर्खेत, भिमसेन काफ्ले, रामकुमार के.सी.,)

- महान्यायाधिवक्ता पदको नियुक्ती नै ठिक प्रकारको छ छैन ?
- क्याडरबाट ल्याउने वा कानून मैत्री नै हुनु पर्ने हो की ?
- कानूनी राय आफैंमा बाध्यकारी नभएको अवस्थामा, अनुकुल राय नआएको अवस्थामा अन्यत्र कानूनी राय माग प्रचलन कसरी सिमित गर्न सकिएला ।
- प्रस्तुत कार्यपत्रमा गृह मन्त्रालयबाट सरकारी मुद्दा फिर्ता लिने कार्यविधि बनाएको छ सो मा पनि विवेचना भएको भए राम्रो हुन्थ्यो ।

- सार्वजनिक संस्थानहरुले ठूला लगानीका आर्थिक र कानूनी विषयमा महान्यायाधिवक्ताको राय लिन सकिने कानूनी व्यवस्था थप राम्रो हुने थियो ।
- मुख्य न्यायाधिवक्ता, मुख्य मन्त्रीको कानूनी सल्लाहकार जस्तो देखिन्छ । उहाको स्टाटस के हो , उच्च सरकारी वकील कार्यालयका प्रमुख हो वा होइन ।
- मुद्दा फिर्ता लिने सम्बन्धमा सर्वोच्च अदालतबाट पनि विभिन्न अवस्था वा सम्बन्धमा बोलिएको छ, त्यो भित्र रहेर कार्यविधि बनाउनु पर्ने ।
- आंशिक निर्णय गर्दा पछि चलाउने अवस्था देखिएमा महान्यायाधिवक्ताको कार्यालयले समेत मुद्दा चलाउन सक्दैन भने किन आंशिक निर्णयको जानकारी दिन पर्ने अधिकार प्रत्यायोजन गर्नु ठिक हो कि ।
- महान्यायाधिवक्ताको कार्यालय र कानुन मन्त्रालयबाट दुई तिरबाट माग गर्ने अवस्था अनुकुल अनुसार प्रयोग गर्ने व्यवस्थाको अन्त्य हुनु पर्ने ।
- हिरासत अनुगमन Big Bang Theory हो कि उच्चले गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्नु पर्यो ।

प्रस्तुतकर्ताबाट सहभागीहरुले उठाएका प्रश्न र जिज्ञासा सम्बन्धमा स्पष्ट पार्नु भएको थियो ।

- उठेका जिज्ञासालाई संवोधन गर्दै संविधान, ऐनमा भएका कुरालाई एकिकृत गर्दै निर्देशिका बनाउने भनिएको हो । ऐन निर्देशिकाको व्यवस्था अनुरुप कार्यविधी बनाउने भनिएको हो ।
- कार्य सम्पादन नियमावली र कार्य विभाजन नियमावलीमा महान्यायाधिवक्ता मार्फत लिने भन्ने सम्बन्धमा विषयहरु उठान गराइएको छ ।
- रायको आधारमा निर्णय गरेमा पनि त्यसको जवाफदेहिता ग्रहण गरिएको अवस्थामा जिम्मेवार बनाउनु पर्दछ ।
- संविधानको व्यवस्था पहिले ऐन नियममा राखेर नै कार्यविधीमा राखिने हो ।
- मुद्दा फिर्ता लिने कार्यविधीका सम्बन्धमा लिखित पाए राम्रो हुने ।
- सर्वोच्च अदालतबाट अन्यथा नभएसम्म यो गोप्य राखिने लिखत नै हो ।
- अख्तियारलाई दिइएको अनुसन्धान र अभियोजनको अधिकार विश्वव्यापी मान्यता महान्यायाधिवक्तालाई हुनु पर्ने हो तर हाम्रो सम्बन्धमा सर्वोच्च अदालतले समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकारलाई सुनिश्चीत हुने गरेको छ।
- राज्यको हक हित वा सरोकार निहित रहेको सार्वजनिक संस्थामा सरकारी वकीलले दिने कानूनी राय, Defence lawyer ले नै दिने अवस्था छैन ।
- आंशिक निर्णयको सम्बन्धमा अभियोजन गर्ने सरकारी वकीलको कार्यको सूचना राख्नको लागि हो त्यो कानूनी व्यवस्था हो त्यो कर्तव्य निर्वाह गर्नु पर्ने हुन्छ।

अध्यक्षज्यूबाट देहाय बमोजिमको टिप्पणी र पृष्ठपोषण सहित यो सत्र समापन गर्नु भएको थियो ।

यसमा दुईवटा पक्षहरु

**कार्यविधिगत पक्ष**

- संवैधानिक अधिकारलाई कार्यान्वयन गर्न कस्तो कार्यविधी आवश्यक छ भन्ने विषय हो।
- हाम्रो मा संविधान छ र मुद्दा दायर गर्ने सम्बन्धमा मात्र सरकारी मुद्दा सम्बन्धी ऐनले निर्धारण गरेको छ, तर **महान्यायाधिवक्ताको कार्यालय** लगायत **सरकारी वकील**को काम रहेका अधिकारको सम्बन्धमा ऐन छैन, एकैचोटी नियम छ, यस्तो भ्याकुमलाई पुरा गर्नु पर्छ ।
- प्रत्यायोजनको विषय ऐन नभए, भएको अवस्थाको कारणले हो ।
- महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकीलको प्रमुख कार्यक्षेत्र मध्य राय दिने अधिकार पनि हो । महान्यायाधिवक्ताको कार्यालय राज्को कानूनी सल्लाहकार हो की प्रधानमन्त्रीको हो । हामी अदालतको प्रतिरक्षा गर्छौं भने हामी राज्यका पनि कानूनी सल्लाहकार हौ ।
- राय दिने मानिस उसको ओपिनियन प्रयोग गरेर निर्णय गरिन्छ भने त्यसको जवाफदेही । उत्तरदायी हुन्छ  तर रायको कन्टेन्टलाई हेरिनु पर्छ ।

**हिरासत अनुगमन**

- महान्यायाधिवक्ता आफै पनि कानून भन्दा माथि नहुने र मानव अधिकारको संरक्षकको भुमिका निर्वाह गर्दछ ।
- मुद्दा फिर्ता लिने सम्बन्धमा पनि पूर्ण कानून छैन ।
- सर्वोच्च अदालतबाट धेरै गाइडलाइन गरि दिएको छ । तर यी कुरा राम्रोसंग जोडिन्छ, राजनितीसंग पनि जोडिन्छ । महान्यायाधिवक्ताले समेत धान्न नसकेको अवस्था आउछ, गृह मन्त्रालयले बनाएको कार्यविधीको पनि पालना गरिएको छैन ।
- सरकारी मुद्दा सम्बन्धी ऐनमा धेरै सुधार गर्नु पर्ने अवस्था छ । अहिले संघियताको context मा संशोधन गर्नु पर्ने हुन्छ ।

## ५) समूह ङ को संयोजन र व्यवस्थापन

### क) समूह संयोजन र व्यवस्थापन समूह

**संयोजक**

सहन्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डे

**सहसंयोजक**

सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी

सहन्यायाधिवक्ता श्री लोकराज पराजुली

**प्रतिवेदन तयारी**

उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा

उपन्यायाधिवक्ता श्री दुर्गा खड्का

शाखा अधिकृत श्री प्रेममाया राना

शाखा अधिकृत श्री श्रीराम खनाल

नायब सुब्बा श्री हरिहर तिम्सिना

कम्प्युटर अपरेटर श्री विजय रम्तेल

कार्यालय सहयोगी श्री आत्माराम भण्डारी

नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन २०७३ को समूहगत छलफलको संयोजन र व्यवस्थापन गर्ने सन्दर्भमा **फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनहरू** सम्बन्धी शिर्ष विषयमा यस समूह अन्तर्गत २०७३ पौष ८ र ९ गते ६ वटा विभिन्न कार्यपत्र प्रस्तुतीसँगै छलफल गरिएको थियो । यस समूहमा ७० जना सहभागी र ४ जना पर्यवेक्षक सहित ७४ जना सहभागी रहनु भएको थियो । समूह छलफलमा सहभागीहरुको हाजिरी विवरणा अनुसूची दुईमा समावेश गरिएको छ ।

### ख) प्रस्तुत भएका कार्यपत्रहरु

यस समूहमा निम्न विषयका कार्यपत्रहरु प्रस्तुत भई छलफल भएका थिए ।

**१) अदालतको अधिकारक्षेत्रमा भएको परिवर्तन र सरकारी वकीलको कार्य सम्पादनमा पर्ने प्रभाव**

**२) पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी कानूनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका**

**३) प्रस्तावित अपराध संहिता २०७१ को संरचना र तिनको सफल कार्यान्वयनमा गर्नु पर्ने पूर्व तयारी**

**४) प्रस्तावित फौजदारी कार्याविधि संहिता र त्यसको कार्यान्वयनमा गर्नु पर्ने तयारी**

**५) सरकारी वकीलको संवैधानिक एवं कानूनी दायित्वका सन्दर्भमा वर्तमान कानून पुनरावलोकनका क्षेत्रहरु**

६) **बैंकिङ्ग कसूर सम्बन्धी कानून तथा मुद्दाको विद्धमान अवस्था, अनुसन्धान र अभियोजनमा गर्नु पर्ने सुधारका उपायहरु**

ग) **कार्यपत्र प्रस्तुती र छलफल**

**पहिलो दिन: २०७३ पौष ८**

सम्मेलनको पहिलो दिन देहाय बमोजिमका २ कार्यपत्रमा छलफल भएको थियो ।

१) **अदालतको अधिकारक्षेत्रमा भएको परिवर्तन र सरकारी वकीलको कार्य सम्पादनमा पर्ने प्रभाव**

२) **पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी कानूनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका**

**कार्यपत्र नं. १: अदालतको अधिकारक्षेत्रमा भएको परिवर्तन र सरकारी वकीलको कार्य सम्पादनमा पर्ने प्रभाव**

प्रस्तुत विषयको कार्यपत्र सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाज्यू र सहन्यायाधिवक्ता श्री शंकर खत्रीज्यूले प्रस्तुत गर्नु भएको थियो । यस सत्रको अध्यक्षता पूर्व नायब महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकज्यूले गर्नु भएको थियो । यस सत्रको कार्यपत्रका विषयहरु सारांशमा यहाँ प्रस्तुत गरिएको छ ।

कुनै काम गर्न कुनै निकाय वा अधिकारीले पाएको अधिकार वा शक्तिलाई क्षेत्राधिकार भनिन्छ । अधिकार क्षेत्र कहिल्यै पनि शुन्यको स्थितिमा रहँदैन । जहाँ अधिकारको व्यवस्था हुन्छ, त्यहाँ उपचारको समेत व्यवस्था गरिएको हुन्छ । अधिकार क्षेत्रको प्रश्न कानूनी प्रश्न हो । कानूनी अख्तियारीको अभावमा अधिकार क्षेत्र ग्रहण गरी भए गरेका सबै काम कारवाहीहरु कानूनी दृष्टिमा अमान्य भई बदरभागी हुन्छ भन्ने मान्यता रही आएको छ । अधिकार क्षेत्रका सम्बन्धमा समर्पणको सिद्धान्त, सुविधाको सिद्धान्त, विषयवस्तुको वस्तुनिष्ठताको सिद्धान्त, नियन्त्रणको सिद्धान्त, न्यायिक सक्रियताको सिद्धान्त समेतका आदर्शलाई स्वीकार गर्ने गरिएको छ । वर्तमान नेपालको संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा अदालत तथा न्यायिक निकायबाट प्रयोग गर्ने संवैधानिक ग्यारेण्टीसाथ ३ तहका अदालती संरचनाको व्यवस्था गरेको छ । सर्वोच्च अदातललाई मुख्यतः साधारण अधिकार क्षेत्र, असाधारण अधिकार क्षेत्र, निरीक्षण र सुपरिवेक्षणसम्बन्धी र अवहेलनामा कारवाही गर्ने अधिकार रहेको छ । न्याय प्रशासन ऐन, २०७३ ले उच्च अदालतलाई मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा भएपनि अपर्याप्त रहेको वा प्रभावकारी नभएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विषय समावेश भएको कुनै कानूनी विषय निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने प्रयोजनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध र

अधिकारपृच्छा लगायत जुनसुकै आदेश जारी गर्ने अधिकार प्रदान गरिएको छ । त्यसैगरी शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार समेत निहित रहेको छ । जिल्ला अदालतलाई पनि आफ्नो अधिकार क्षेत्रभित्रका सम्पूर्ण मुद्दाहरुमा शुरु कारवाही र किनारा गर्ने साविकको व्यवस्थालाई यथावत राख्दै बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा लगायत कानून बमोजिम निवेदन हेर्ने अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानून बमोजिम गठित स्थानिय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने तथा अरु मातहतका न्यायिक निकायको आदेश वा फैसलाको अवज्ञा गरेमा अवहेलनामा कारवाही चलाई सजाय गर्न सक्ने अधिकार प्रदान गरिएको सारभुत कुरालाई कार्यपत्रमा समेटिएको छ ।

नयाँ व्यवस्थाले सरकारी वकीलको अभियोजन क्षेत्राधिकार बढेको, जिल्ला स्तरमा समेत पुनरावेदन सम्बन्धी कारवाही जिल्ला सरकारी वकील कार्यालयबाट गर्नुपर्ने, वाणिज्य इजलाश लगायतमा विज्ञ सरकारी वकील आवश्यक पर्ने लगायतका विषयहरु पनि कार्यपत्रमा उल्लेख भएको देखिन्छ ।

परिवर्तित परिस्थितिमा सरकारी वकीलले गर्नुपर्ने काम प्रभावकारी रुपमा सम्पादन गर्न रणनीतिक योजनाको सान्दर्भिकता, सरकारी वकील कार्यालयहरुको जनशक्ति, भौतिक साधन व्यवस्थापन सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयले गर्नुपर्ने कार्य र योजना समेतका सन्दर्भमा कार्यपत्रमा व्यापक विश्लेषण गरेको देखिन्छ ।

**प्रस्तुत कार्यपत्रको सन्दर्भमा सहभागीहरुबाट भएका टिप्पणी र उठेका विषयहरु**

**जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, जिल्ला सरकारी वकील कार्यालय, बारा**

- अ.वं. २९ नं. को व्यवस्था पनि कार्यपत्रमा समेटिएको भए राम्रो हुन्थ्यो ।

**उपन्यायाधिवक्ता श्री तिलक बहादुर कार्की, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल**

- जिल्लाको पुनरावेदकीय क्षेत्राधिकार सम्बन्धमा थप प्रष्ट पारेको भए राम्रो हुन्थ्यो ।

**जिल्ला न्यायाधिवक्ता श्री खेमराज भट्ट, जिल्ला सरकारी वकील कार्यालय, कञ्चनपुर**

- परिवर्तित सन्दर्भमा अर्धन्यायिक निकायको निर्णय उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार जिल्ला अदालतमा भएकोमा सरकारी वकीलको क्षेत्राधिकार उल्लेख गरेको भए राम्रो हुन्थ्यो ।

**शाखा अधिकृत श्री ठाकुर प्रसाद वस्ताकोटी, उच्च सरकारी वकील कार्यालय, पोखरा**

- प्रस्तावित फौजदारी संहिताको व्यवस्थासमेत कार्यपत्रमा समावेश भएको भए राम्रो हुन्थ्यो ।

**जिल्ला न्यायाधिवक्ता श्री भोला निरौला, जिल्ला सरकारी वकील कर्यालय, इलाम**

- जिल्ला सरकारी वकील कार्यालयको पनि क्षेत्राधिकार परिवर्तन भएपछि पुनरावेदकीय अधिकार कसले प्रयोग गर्ने ?

**जिल्ला न्यायाधिवक्ता श्री याम बहादुर वानिया, जिल्ला सरकारी वकील कार्यालय, मकवनापुर**

- जिल्लामा रहेको पुनरावेदकीय क्षेत्राधिकारबाट समन्वयमा समस्या उत्पन्न हुने देखिन्छ ।

**उपन्यायाधिवक्ता श्री माधव प्रसाद घिमिरे, उच्च सरकारी वकील कार्यालय, पाटन**

- एउटै फैसला उपर क्षेत्राधिकार परिवर्तन पछि र अघि जिल्ला अदालत र उच्च अदालतमा फरक फरक पुनरावेदन परेको अवस्था छ । यसलाई के गर्ने ?

**उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- अर्धन्यायिक निकायले गरेको निर्णय जिल्ला अदालतबाट सदर भएमा दो.पा. गर्नुपर्ने हो, होइन वा के हो ?

**जिल्ला न्यायाधिवक्ता श्री गोविन्द गिरी, जिल्ला सरकारी वकील कार्यालय, तनहुँ**

- जिल्ला अदालतले पुनरावेदन गर्दा एकै न्यायाधिशले झ. झि. आदेश गर्ने र फैसला पनि गर्ने कुरा सिद्धान्ततः नमिलेको पो हो कि ?

**उपन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान, उच्च सरकारी वकील कार्यालय, जनकपुर**

- भुमि सम्बन्धी ऐनको व्यवस्था र जिल्ला अदालतको पुनरावेदकीय क्षेत्राधिकार बाझिएको हो कि ?

**सहन्यायाधिवक्ता श्री लोकराज पराजुली, उच्च सरकारी वकील कार्यालय, विराटनगर**

- जिल्ला अदालतले पुनरावेदन सुन्दा डिभिजन बेञ्चले हेर्ने हो कि एकल बेञ्चले हेर्ने हो ? जिल्ला अदालतलाई दिइएको क्षेत्राधिकार पुनर्विचार गर्नुपर्ने हो कि?

**श्री ध्रुव कुमार भट्टराई, सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय बुटवल ।**

- जिल्लाले गरेको पुनरावेदन तहको फैसला उपर कहाँ प्रस्ताव पठाउनु पर्ने हो वा नपर्ने के हो?

कार्यपत्र उपर छलफल पश्चात प्रस्तोता सहन्यायाधिवक्ता श्री चन्द्र बहादुर सापकोटाज्यूले सहभागीहरुको टिप्पणी र प्रश्नहरुमा स्पष्ट पार्नु भएको थियो

अर्धन्यायिक निकायको निर्णय उपर परेको पुनरावेदनमा जिल्ला अदालतले गरेको फैसला उपर के गर्नु पर्छ, कानून प्रष्ट छ । कानूनले जे व्यवस्था गरेको छ, सोही बमोजिम इजलाशले क्षेत्राधिकार ग्रहण गर्ने हो, स्थानिय निकायले पनि निर्णय गर्ने हुँदा सरकारी वकीलको भुमिकाको सन्दर्भमा कानून परिवर्तन हुनुपर्छ । जिल्ला अदालतले गरेको पुनरावेदन फैसला उपर आंशिक

वा पुरै उल्टी गरेको अवस्थामा उच्च अदालतमा दोश्रो तहको पुनरावेदन लाग्ने व्यवस्था छ । संवैधानिक र कानूनी व्यवस्था जुन रुपमा छ त्यही रुपमा हेर्नुपर्छ ।

अध्यक्षता गर्नु भएका पूर्व नायब महान्यायाधिवक्ता श्री **नरेन्द्र प्रसाद पाठक**ज्यूबाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

कानूनमा जे छ त्यही गर्नुपर्छ भनिए तापनि पनि सँधै त्यस्तो हुँदैन, व्यवहारिकता पनि हेर्नुपर्छ । public prosecutor justice को triopoid हो उ जहिले पनि अरुभन्दा powerful हुन्छ । जिल्ला अदालतले अर्धन्यायिक निकायले गरेको फैसला उपर पुनरावेदकीय निर्णय गर्दा larger public interest विपरित भएमा पुनरावेदन लाग्ने व्यवस्था हुनुपर्छ भनी सुझाव दिन सकिन्छ । जिल्लामा पनि पुनरावेदनको सुनुवाई संयुक्त इजलाशले गर्नुपर्ने हो भनी सुझाव दिन सकिन्छ । सरकारी वकीलबाट पुनरावेदन नपरेको अवस्थामा सम्बन्धित पीडितलाई नै पुनरावेदन गर्न दिने गरी कानून आउनु पर्ने व्यवस्था हुनु पर्ने हो कि? सुझाव हुन सक्छ । जिल्लामा पनि पुनरावेदकीय क्षेत्राधिकार रहेकोले जिल्ला सरकारी वकील कार्यालयको पनि संरचना बदल्नु पर्ने देखिन्छ ।

=====================================================================

**कार्यपत्र नं. २ : पारस्परिक कानुनी सहायता र सुपुर्दगी सम्बन्धी कानूनको कार्यान्वयनमा सरकारी वकलिको भुमिका**

प्रस्तुत विषयको कार्यपत्र कानून सचिव श्री टेकप्रसाद ढुंगानाज्यूबाट तयार भएको थियो । उक्त कार्यपत्र सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले प्रस्तुत गर्नु भएको थियो भने यस कार्यपत्रको सत्रमा नेपाल कानून आयोगका उपाध्यक्षा श्री भेषराज शर्माज्यूले गर्नु भएको थियो । यस सत्रको कार्यपत्रका विषयहरु सारांशमा यहाँ प्रस्तुत गरिएको छ ।

कार्यपत्रको प्रस्तुती पछि देहायका सहभागीहरुबाट देहाय बमोजिम टिप्पणी रहेको थियो ।

**उप-न्यायाधिवक्ता श्री भरतलाल शर्मा भट्टराई, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- विदेशी नागरिक विशेष गरी भारतीय नागरिकको हकमा केन्द्रीय अधिकारी समक्ष अदालतबाट सक्कल कागजात नै झिकाउने आदेश भएको अवस्थामा सरकारी वकीलको भुमिका के रहने हो ? त्यसरी अदालतद्धारा आदेश हुन उपयुक्त हो होइन तथा यस सम्बन्धमा न्यायाधीश समेतलाई तालिमको आवश्यकता छ छैन ?

**उप-न्यायाधिवक्ता श्री रमेश सुवेदी, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- केन्द्रीय निकाय भनेको के हो ? फैसला कार्यान्वयन कसरी गरिन्छ ? सपुर्दगीको निवेदन सिधै सरकारी वकीलमा आउँन उपयुक्त हुन्छ हुदैन, यि दुवै ऐन संयुक्त कानूनको रुपमा लागु हुन सक्छ, सक्दैन ?

**उप-न्यायाधिवक्ता श्री हरीप्रसाद रेग्मी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- दुवै ऐनले मात्र उक्त व्यवस्थाहरु लागु गर्न सकिने अवस्था छैन । ऐनको व्यवस्था लागु गर्न सन्धिको आवश्यकता पर्दछ । यस सम्बन्धमा सन्धिको अवस्था के छ ?

**जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, जिल्ला सरकारी वकिल कार्यालय, बारा**

- हालसम्म नेपालले कति अभियुक्तलाई सपुर्दगी गरेको छ तथा नेपालले कति अभियुक्तलाई सपुर्दगी माग गरेको छ ?

**उप-न्यायाधिवक्ता श्री तिलकबहादुर कार्की, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- सपुर्दगी तथा पारस्पारीक कानूनी सहायता सम्बन्धी ऐन कार्यान्वयका लागी हाल सम्म नेपालले कति राष्ट्रसंग सन्धि गरेको छ तथा सन्धि गर्ने तयारी गरेको छ ?

**जिल्ला न्यायाधिवक्ता श्री ऋद्धी निरौला, जिल्ला सरकारी वकील कार्यालय, ईलाम**

- फरार अभियुक्तको हकमा फेला परेका बखत अभियोग लगाउने गरी अभियोग पत्र दायर गर्ने प्रचलन छ, यस्ता प्रतिबादीका हकमा समेत सपुर्दगी ऐनको प्रयोग गरी अपराध अनुसन्धान तथा अभियोजन गर्न सकिन्छ सकिदैन ?

**प्रहरी वरिष्ठ उपरीक्षक श्री धिरु बस्न्यात, अञ्चल प्रहरी कार्यालय, भेरी**

- सपुर्दगीको मागसंगै यस सम्बन्धमा अदालतमा मुद्दा दायर भए पछि सम्बन्धित राष्ट्रबाट नै कानून व्यवसायी आएर अदालतमा वहस पैरवी गर्न चाहेमा यस्तो अनुमति दिन उपयुत्त हुन्छ हुदैन ? यस सम्बन्धमा कानूनी व्यवस्था के छ ? विदेशी राष्ट्र र नेपाल प्रहरीको संयुक्त अनुसन्धान टोलीबाट अपराध अनुसन्धान हुन सक्छ सक्दैन ?

**सहायक जिल्ला न्यायाधिवक्ता श्री खेमराज पाठक, जिल्ला सरकारी वकील कार्यालय, म्याग्दी**

- सपुर्दगी ऐनको दफा ७ अन्तर्गत तेस्रो देशको नागरिकलाई सपुर्दगी गर्न सकिन्छ, सकिदैन ?

**प्रहरी वरिष्ठ उपरीक्षक श्री प्रेम चन्द, अञ्चल प्रहरी कार्यालय, राप्ती**

- पारस्पारीक कानूनी सहायता तथा सपुर्दगी सम्बन्धमा ईन्टरपोलको भुमिका सम्बन्धमा पनि यि ऐनहरुमा व्यवस्था हुन सके उपयुक्त हुने थियो ।

**जिल्ला न्यायाधिवक्ता श्री खेमराज भट्ट, जिल्ला सरकारी वकिल कार्यालय, कन्चनपुर**

- सिमापार अपराध विषेश गरेर अपराध गरेर भारतमा भाग्ने वा नेपालबाट पीडितलाई भारतमा लगेर मार्ने जस्ता अपराधमा पारस्परीक कानूनी सहायता तथा सपुर्दगी सम्बन्धि ऐनको प्रयोग गरेर प्रभावकारी अपराध अनुसन्धान तथा अभियोजन गर्नको लागि कार्यान्वयन तहमा के कस्ता उपाय गर्न सकिएला ?

यस सत्रका अध्यक्ष नेपाल कानून आयोका उपाध्यक्ष श्री भेषराज शर्माज्यूबाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित सत्रको समापन गर्नु भएको थियो।

पारस्परीक कानूनी सहायता तथा सपुर्दगी International developed norms भएको हुँदा हामीले पनि मान्न पर्ने अवस्था भएको कारण मस्यौदा भएको हो । पारस्पारीक कानूनी सहायताको सन्धर्वमा सक्कल कागजात माग्न जरुरी छैन प्रमाणित कागजात मात्र मागन आवश्यक हो ।

पारस्परिक कानूनी सहायता तथा सपुर्दगी भन्ने कुरा राजनीतिक तहबाट निर्णय गरिने तथा कुटनैतिक माध्यमबाट माग गरिने विषय भएको हुदा सिधै सरकारी वकीलसंग माग गरीदैन ।

नेपालको भारतसंग सपुर्दगी सन्धि भएको छ, तर नेपाल र भारत दुबै देशले यस सम्बन्धि नयाँ कानूनी व्यवस्था गरी सकेकोले त्यो सन्धि कार्यान्वयन योग्य छैन । त्यस देखि बाहेक अन्य कुनै राष्ट्रसंग पनि नेपालको पारस्परीक कानूनी सहायता तथा सपुर्दगी सम्बन्धि सन्धि भएको छैन ।

पारस्परीक कानूनी सहायता तथा सपुर्दगी सम्बन्धि कानूनको क्षेत्रमा नेपाल सुरुवाती अबस्थामा भएको हुँदा यस्का धरै चुनौतीहरु रहेका छन् र प्रतिफल प्राप्त हुन समय लाग्ने छ ।

कुनै पनि मुद्दाको कारवाही गर्न दुई प्रकारको क्षेत्राधिकारको आवश्यकता पर्दछ । पहिलो कारवाही गर्ने अधिकार र अर्को कार्यान्वयन गर्ने अधिकार । सुपुर्दगी दोस्रोसंग सम्बन्धित छ । प्रमाण भए तापनि प्रतिवादी उपस्थिति नभएमा कारवाही गर्न सम्भव हुदैन । त्यसैले सपुर्दगी आवश्यक परेको हो ।

नेपालमा भ्रष्टाचार मुद्दामा विदेशी राष्ट्रसंग पारस्परीकताको आधारमा बैंक खाता माग्ने तथा दिने प्रशस्त प्रयोग गरिएको छ । यसै गरी व्यवहारमा नेपाल प्रहरी, नेपाल राष्ट्र बैंक जस्ता निकायले पनि पारस्परीकताको आधारमा कानूनी सहयोग लिने दिने गरेका छन् ।

अपराध अनुसन्धानमा दुई वा सो भन्दा वढी राष्ट्रको संयुक्त टोली पनि गठन गर्न सकिन्छ तर यसको लागी छुट्टै सम्झौताको आवश्यकता पर्दछ ।

परम्परागत कानूनमा आफ्नो नागरिकलाई सपुर्दगी गरिदैन तर यो धारणामा परिर्वतन आएको छ । तेस्रो राष्ट्रको नागरिकलाई सपुर्दगी गर्न सकिन्छ, तर नेपालको सम्बन्धमा कुरा गर्दा नेपालको

विशिष्ट भु वनोटको आधारमा तेस्रो राष्ट्रको नागरिकलाई सपुर्दगी गर्न समस्या पर्ने देखिन्छ । जस्तो चिनको नागरिकलाई भारत, भारतको नागरिकलाई चिन, पाकिस्तानको नागरिकलाई भारत वा भारतको नागरिकलाई पाकिस्तानमा सपुर्दगी गर्नमा राजनीतिक रुपमा कठिनाई देखिन्छ ।

स-साना मुद्दामा पारस्परीक कानूनी सहायता र सपुर्दगी दुबै गरिदैन, यो संसार भरको प्रचलन हो ।

पारस्परीक कानूनी सहायता र सपुर्दगी दुबैको सम्बन्धमा कार्यान्वयन तहमा प्रहरीको महत्वपुर्ण भुमीका रहन्छ ।

Extradition of reciprocity लाई स्थान दिन सकिएको छैन ।

**सरकारी वकिलको भुमिका**

- प्रमाणको पर्याप्तता हेर्न पर्ने,
- केन्द्रीय निकायसंग निरन्तर सम्पर्क गर्न पर्ने,
- अदालतलाई पृष्ठपोषण दिने प्रकृतिको बहस पैरवी हुनु पर्ने,
- सहजिकरण गर्ने,

==========================================================

**दोस्रो दिन : २०७३ पौष ९**

सम्मेलनको दोस्रो दिन देहाय बमोजिमका ४ कार्यपत्रमा छलफल भएको थियो ।

**१) प्रस्तावित अपराध संहिता, २०७१ को संरचना र तिनको सफल कार्यान्वयनमा गर्नु पर्ने पूर्व तयारी**

**२) प्रस्तावित फौजदारी कार्यविधि संहिता र त्यसको कार्यान्वयनमा गर्नु पर्ने तयारी**

**३) सरकारी वकीलको संवैधानिक एवं कानूनी दायित्वका सन्दर्भमा वर्तमान कानून पुनरावलोकनका क्षेत्रहरु**

**४) बैकिङ्ग कसूर सम्बन्धी कानून तथा मुद्दाको विद्धमान अवस्था, अनुसन्धान र अभियोजनमा गर्नु पर्ने सुधारका उपायहरु**

**कार्यपत्र नं. १ : प्रस्तावित अपराध संहिता, २०७१ को संरचना र तिनको सफल कार्यान्वयनमा गर्नुपर्ने तयारी**

प्रस्तुत कार्यपत्र प्रा डा श्री रजितभक्त प्रधानाङ्गज्यूले प्रस्तुत गर्नु भएको थियो । यस कार्यपत्र सत्रका अध्यक्षा पूर्व महान्यायाधिवक्ता श्री बद्रीबहादुर कार्कीज्यूले गर्नु भएको थियो । यस कार्यपत्रले उठान गरेका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**भूमिका**

अपराध संहितामा के के कुरा अंगिकार गर्न खोजेका छौं र के के हामीले समेटेका छौं यसका बारेमा छलफल गर्दैछौं । अपराध संहिताको कार्यान्वयन गर्न सरकारी वकीलको काँधमा फौजदारी कानून कार्यान्वयनको ठूलो जिम्मेवारी छ । सरकारी वकीलको प्रभावकारी भूमिका विना अमनचैन कायम हुन सक्दैन । विधिको शासन विना शान्ति हुन सक्दैन । शान्ति विना विकास हुन सक्दैन । फौजदारी कानूनलाई कार्यान्वयन गर्न विश्वव्यापी रुपमा संहिताकरणमा जानु पर्छ भन्ने मान्यता छ ।

संहिताकरणलाई विश्वव्यापी रुपमा स्वीकार गरिएको छ । बेलायत, न्यूजिलैण्ड समेतका मुलुकमा यसलाई हाल आएर महत्व दिइएको छ ।२०१० सालको मस्यौदा २०१२ सालको राजपत्रमा प्रकाशित अपराध संहिता जुन छ, त्यो भारतीय अपराध संहिताको हु-बहु छ ।

**प्रस्तुतिका विषयः-**

अपराध संहिता लागू गरी फौजदारी कानूनलाई समय सापेक्ष बनाउने प्रयास नेपालमा धेरै पहिले देखि हुँदै आएको हो । २०३० सालमा अपराध संहिता सदनमा पास गराउन सकिएन । हालको संहिताले संहिताका नविनतम धेरै कुरा अंगिकार गरेको पाइन्छ । २०४६ पछि महान्यायाधिवक्ताको नेतृत्वमा २०५८ मा प्रस्तावित संहिता तयार भयो । संसदमा लैजानु भन्दा अगाडि एक समिति बनाई अध्ययन गर्न लगाइयो । संसद विघटन भएको कारण पेश हुन सकेन । २०६२।०६३ को आन्दोलन पछि देवानी संहिताको हकमा माननीय न्यायाधीश श्री खिलराज रेग्मी र फौजदारीको हकमा माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा समिति गठन भयो । यस समितिले फौजदारी संहिता अन्तर्गत दक्षिण एशियामा पहिलो दण्ड निर्धारण विद्येयक बनाएको छ । सामान्य कानूनको रुपमा रहेको मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने गरी नविनतम सिद्धान्त अंगिकार गरेको छ। फौजदारी कसूरलाई सामान्य र वोधगम्य बनाउन खोजेको छ । यस संहिताले फौजदारी कानूनलाई एकिकृत गरेको छ ।वैज्ञानिक बनाएको छ ।अपराधलाई परिभाषा गरेर मात्र के कस्तो सजाय हुने भन्ने आधुनिक फौजदारी कानूनका मान्यतालाई अंगालेको छ ।

संहिताले मूलतः Principle of Legality र Principle of Constitutionality अंगालेको छ ।नेपालको संविधानले अंगालेका सिद्धान्त र अन्तर्राष्ट्रिय सन्धि संझौतालाई एकीकृत गर्ने हाल संशोधन प्रस्तावना प्रयास गरेका छौं । संहिताले आधुनिक सिद्धान्तलाई समाहित गरेको छ।भारतीय अपराध संहितालाई पनि अध्ययन गरी हेरिएको छ । अमेरिकन मोडेल कोडलाई पनि अध्ययन गरी बनाईएको छ।हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञको सहयोग लिइएको छ ।

**मूलभूत संरचना**

पहिलो भागमा सामान्य प्रावधान छ । यो सामान्य कानूनको रुपमा रहेको छ । विशेष कानूनमा नभएका कुरामात्र यसका कुरा लागू हुन्छन् । हाम्रा विभिन्न कानूनमा छरिएर रहेका

फौजदारी सिद्धान्तलाई एकै ठाउमा राखिएको छ । फौजदारी कानूनमा लागू हुने दायित्वसम्वन्धी सिद्धात सहितका प्रावधान, एकल दायित्व, संयुक्त दायित्व, दोहोरो दायित्व समेतका बारेमा परिभाषा गरेको छ।

संहिताले Corporate Criminal Liability का सम्वन्धमा राम्रोसँग व्यवस्था गरेको छ । अपराधको उद्योग, दुरुत्साहन समेतलाई कसूरको परिभाषा र सजायको व्यवस्था गरेको छ । कसूरको गंभिरता बढाउने र घटाउने कुराको व्यवस्था, सजायको प्रकारको व्यवस्थालाई वैज्ञानिक बनाउने प्रयास भएको छ ।

८ प्रकारका कसूरमा नमरुन्जेल कैद बस्नु पर्ने, केही अपराधमा जन्म कैद, अधिकांश कसूरहरुमा क्षतिपूर्ति दिने उद्देश्य राखेको छ । भाग एकमा भएका सबै कुरा हाम्रा लागि नौला छन् । भाग २ मा २७ परिच्छेद छन् । राज्य विरुद्धको कसूरलाई नयाँ हिसावले परिभाषा गरिएको छ । सार्वजनिक शान्ति विरुद्धको कसूर नयाँ हो । सार्वजनिक नैतिकता विरुद्धको कसूर सम्वन्धी व्यवस्था सबै नयाँ हुन् ।राष्ट्रिय सम्पदा विरुद्धका कसूर पनि नयाँ हुन् । परिच्छेद ९ लाई प्रचलित संविधान अनुकुल हुने गरी हाल आएर संशोधनमा राखिएको छ । ज्यान सम्वन्धी कसूरलाई वैज्ञानिक र समयानुकुल सुधार गरिएको छ । गर्भपतनमा आमाको अधिकार हो की भ्रुणको अधिकार हो विवाद भए पनि यसलाई छुट्टै परिच्छेदमा व्यवस्था गरेका छौं । व्यक्ति वेपत्ता पारेको कसूरको परिभाषा गरेका छौं । फौजदारी कानूनका विकसित अवधारणा संहितामा समेटिएको छ ।

सजायमा बढोत्तरी गरिएको छ । चोरी डाँका कसूरलाई परिमार्जन गरिएको छ । अपराधिक विश्वासघात सम्बन्धी कसूर हाम्रो लागि नयाँ हो । चौपायासम्बन्धी कसूरलाई परिमार्जन गरीएको छ । गोपनीयता सम्बन्धी कसूर परिभाषित गरिएको छ ।

प्रस्तावित अपराध संहिता दोस्रो संविधान सभाले विधायन समितिमा पठाएको छ ।५ वटा उप समिति गठन गरी छलफल हुदै गरेको छ । विधायन समितिले दफावार छलफल गरेको छ । यस मस्यौदाका धेरै कुरा संशोधन गरिएको छ । २ वर्षको समय दिइ लागू हुने गरी आउँदैछ । संहिता कार्यान्वयनका लागि महान्यायाधिवक्ताको कार्यालयको निकै महत्वपूर्ण भूमिका हुने निश्चित छ । जनशक्ति तयार गर्नुपर्ने आवश्यकता छ । तत्काल यो संहिताको कार्यान्वयनका लागि सरकारी वकीलको काँधमा ठूलो जिम्मेवारी आउँदै छ ।

के के कुरा परिवर्तन भएको छ सबैले सैद्धान्तिक र कार्यान्वयन पक्षको जानकारी राख्नु पर्ने हुन्छ । अपराध संहिताको बारेमा सरकारी वकीलले व्यापक तयारी गर्नुपर्ने छ ।ब्याख्यात्मक टिप्पणी भए पनि ब्यापक संशोधन हुने भएकोले ब्याख्यात्मक टिप्पणी बनाउनु पर्ने आवश्यकता देखिन्छ । NJA न्याय सेवा तालिम केन्द्र र महान्यायिधवक्ताको कार्यालयले सँगसँगै तालिम संचालन गर्नु पर्छ ।

छलफलमा सहभागीहरुबाट उठाइएका मुख्य विषयहरु:-

**सहन्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डे, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- सजाय बढाउँदा क्रुरता बढ्छ भन्ने पनि छ । सजाय बढाउदैमा कसूर हट्छ वा घट्छ भन्ने कुराको कुनै अनुसन्धान छैन । हाम्रो जस्तो मुलुकमा लोम्बर्सोको जस्तो अपराध घटाउनेतर्फ भन्दा दण्ड तिर जोड दियौं । Hostile को समस्या पहिले सहि वा पछि सहि जे पनि हुन सक्छ । Rape केशमा मुद्दा दायर भएपछि प्रेम हुने विवाह हुने मुद्दा असफल हुने यस्ता कुरा कसरी व्यवस्थित गर्ने । १२।१३।१६। क्रमश: क्यानाडा।अमेरिका।अष्ट्रेलियामा राखिएको छ ।सजाय गर्ने न्यायाधीशलाई माथिल्लो र तल्लो हदको बीच ग्याप हुन जरुरी छ ।

**उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- Pre Trail कन्फेरेन्स सम्वन्धी व्यवस्था के कसरी कार्यान्वयन हुने हो ? यसको प्रभावकारिता समेतका विषयमा जिज्ञासा छ ।

**जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, जिल्ला सरकारी वकील कार्यालय, बारा**

- सजायमा छुट दिन सकिने । सौदाबाजीका कुरा केहीमा मात्र हो की सबैमा हो ? प्रष्ट हुन सकिएन यसका बारेमा स्पष्ट हुन पाए हुन्थ्यो ।

**उपन्यायाधिवक्ता श्री रमेशकुमार सुवेदी, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- संहिताको परिच्छेद ९ मा रहेको गोबध सम्वन्धी र परिच्छेद १० मा रहेको धर्म सम्वन्धी कानूनी प्रावधान संविधान सम्मत नभएकोले के हुने ?हालको प्रावधान के कस्ता छन् ?

**जिल्ला न्यायाधिवक्ता श्री गोविन्द गिरी, जिल्ला सरकारी वकील कार्यालय, तनहुँ**

- अपराध संहिता संगठित अपराध, बैंकिङ कसूर जस्ता विषयमा मौन बस्न मिल्ने हो होइन ? यस्ता कसूर संहितामा राख्न उपयुक्त हुनु पर्ने । किन बाहिर राखियो ?

**उपन्यायाधिवक्ता श्री तिलकबहादुर कार्की, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- फौजदारी कसूरलाई एकिकृत गर्न बनाइएको हो । अन्य अपराध सम्वन्धी विशेष ऐन किन अलग गरियो ?

**जिल्ला न्यायाधिवक्ता श्री यामबहादुर बाँनिया जिल्ला सरकारी वकील कार्यालय हेटौंडा**

- मिटिगेटीङ र एग्राभेटीङ फ्याक्टर स्पष्ट उल्लेख भएन, यसका बारेमा सबै कसूरमा स्पष्ट उल्लेख छैन के कसरी प्रयोग गर्न सकिने हो ?

**जिल्ला न्यायाधिवक्ता श्री ऋद्धिनाथ निरौला, जिल्ला सरकारी वकील कार्यालय, ईलाम**

- धेरै कानूनमा स्वविवेकीय सजाय निर्धारणका व्यवस्था छन् । कसूरको मात्राको परिभाषा नगरी ठुलो र सानो सजायको ग्याप बढी छ ।स्वविवेकीय अधिकारको न्यूनतम र अधिकतम GAP अधिक र अस्वाभाविक छ । उचित देखिदैन ।यसलाई सुधार गर्नुपर्ने देखिन्छ यहाँको के भनाई छ ?

**जिल्ला न्यायाधिवक्ता श्री दशरथ गौतम, जिल्ला सरकारी वकील कार्यालय, नुवाकोट**

- संहितामा सजायका व्यवस्था नगरेका कुरा पनि छन् । मर्न बाध्य गराउने विषयमा कसूरको व्यवस्था छ छेन ? जस्तो प्रेममा बाधिएको महिला वा पुरुषका कारण कोही कसैको कारणले मनपर्ने अवस्थामा सिर्जना भएमा के कस्तो फौजदारी दायित्व हुने हो ?

**उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद सापकोटा, उच्च सरकारी वकील कार्यालय, ओखलढुंगा**

- कही फौजदारी कसूर सामान्य कानूनले हेर्ने र केही विशेष ऐनमा व्यवस्था गरेको ओचित्य के छ ?

**सहायक जिल्ला न्यायाधिवक्ता श्री खडिन्द्रराज कटुवाल जिल्ला सरकारी वकील कार्यालय काठमाडौं**

- न्यूनतम र अधिकतम सजायको सिलिङ हुनु पर्नेमा संहिताले के कसरी हेरेको छ ?हाल प्रचलित कानूनमा न्यूनतम र अधिकतम हदको सजायको GAP बढी छ । संहितामा के कसरी व्यवस्था गरिएको छ ?

**सहायक जिल्ला न्यायाधिवक्ता श्री उदयचन्द्र अधिकारी, जिल्ला सरकारी वकील कार्यालय, चितवन**

- छरिएका कानूनबाट हामी निर्देशित छौं ।फौजदारी कार्यदल विगतको अघिल्लोबाट पनि पास भएन । यो पासै हुन्छ भन्ने कुराको सुनिश्चितता के छ ? यो कार्यान्वयनमा जान्छ भन्ने सुनिश्चितता कसरी हुने हो ?

**बरिष्ठ प्रहरी उपरीक्षक प्रेम चन्द**

- संहितामा शब्दाबलीहरु सरल नभएर नबुझिने खालका छन्। यसलाई सुधार गर्न सकिने अवस्था छ छैन । अनुसन्धान जस्तै अभियोजन समूह बनाएर विशिष्टकृत गर्न कुनै पहल हुन्छ हुँदैन ?

सहभागीहरुबाट राखिएका प्रश्न तथा जिज्ञासामा कार्यपत्र प्रस्तुत कर्ताले देहाय बमोजिम स्पष्ट पार्नु भएको थियो ।

मुलुकी ऐनकै नाम राख्ने गरी संसदमा छलफल भई रहेको छ। सबै कसूरलाई अपराध संहितामा राख्न संभव हुदैन र अन्तर्राष्ट्रिय अभ्यास अनुसार गरिएको छ।चौपायको महलका विषयमा धेरै परिमार्जन भएको छ । सदनमा यस विषयमा व्यापक छलफल भएको छ । संशोधन भएर आउने अवस्था छ । सजायमा एकरुपता नभएकै कारण दण्ड निर्धारण सम्वन्धी ऐन आउँदै छ । यस विधेयकले कम र धेरै दण्डको बीचको GAP कम गर्ने प्रयास गरेको छ । विषयमा पुन सुनुवाई र दण्ड निर्धारण ऐनले निश्चित गर्नेछ । जन आस्थालाई हेरी दण्ड निर्धारण ऐन आएको हो । मर्न बाध्य पार्नेलाई छुट्टै व्यवस्था नभएपनि मर्न दुरुत्साहन गर्नेलाई कसूर मानिने भएकोले नियन्त्रण गर्न संभव छ ।pre Trail को व्यवस्था देवानी फौजदारी दुवैमा व्यवस्था छ।महान्यायाधिवक्ताको कार्यालयमा अपराध र अपराध प्रवृत्ति अनुसन्धान केन्द्र बन्न जरुरी छ ।अपराध संहिता पूर्ण छैन । तर लामो समय देखि यसको अभ्यास भएको छ ।यसलाई लागू गर्नुपर्छ । हामी दुवै (कार्यपत्र प्रस्तुतकर्ता र सत्रका अध्यक्ष )लागू हुन्छ भन्ने विश्वासमा छौ ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका पूर्व महान्यायाधिवक्ता श्री बद्रीबहादुर कार्कीज्यूले देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यक्रमको समापन गर्नुभएको थियो ।

धेरै कुराहरु कार्यपत्र र छलफलमा आएका छन् । अपराध संहिता निर्माणमा हामीदुवै (सत्रका अध्यक्ष र कार्यपत्र प्रस्तुतकर्ता) सम्लग्न छौ । मुलुकी ऐनले फौजदारी न्यायका नविनतम चुनौतीलाई धान्न सक्दैन भन्ने महसुश भयो । मेरो संयोजकत्वमा समिति गठन भयो । व्यक्तिलाई किन जेल पठाउने? भन्ने कुराले मलाई निकै Strack गर्‍यो।सरकारी वकीलले मुद्दा विगार्‍या भन्ने आरोप छ । जेलमा सुध्रन्छ भनेको जेलमै अपराध गरेको अवस्था छ ।

**वास्तविकता केहो ?कमजोरी कहाँ के हो?**

कानूनको आवश्यकता आधुनिकताको कारण हुने गर्छ । यसरी सबै कुरा हेर्दा यसलाई (मुलुकी ऐन) परिमार्जन गर्नै पर्छ भन्ने लाग्यो । सबै प्रयास भएका छन् । सदनमा छलफल भईरहेको छ । हामी दैनिक जसो लाग्या छौ । हाम्रो न्याय प्रणाली सुधार गर्न यी ५ विधेयक ल्याउनु पर्छ भन्ने तर्फ सबैलाई भन्ने गरेका छौ । संविधान संशोधन सजिलो तर त्यो भन्दा निकै गाह्रो मुलुकी ऐनको सट्टाको संहिता ल्याउन भएको छ । न्यायाधीशलाई दण्ड निर्धारण गर्ने अधिकार नै सिमित गर्न सकिदैन ।

दण्ड निर्धारणमा कानूनले नै सीमा बाधे न्यायाधीशले कसरी न्याय गर्न सक्छ ? अधिकार नभएकोले कसरी न्याय गर्न सक्छ ?कोही कसैलाई विश्वास नगर्ने हो भने समाज कसरी चल्ने । हामी हाम्रा मुलुकका छिमेकीसँगै विकास हुनु जरुरी छ । संहिताका विदेशी विज्ञ र दण्ड निर्धारणका Rational Principle प्रयोग भएको छ । अनुसन्धानको कमजोरी, अभियोजनको कमजोरी, न्याय निरोपण गर्ने निकाय वा जेल प्रशासन के कुन निकायका कमजोरी हुन सुधार गर्न जरुरी छ । सबै क्षेत्रमा सुधारका लागि अनुभव प्राप्त विज्ञ सबैको अनुभव संहितामा

समेटिएको छ । मुलुकी ऐनलाई प्रतिस्थापन गर्दै संहिता आगामी वर्ष अधिवेसनसम्म पास हुन्छ भन्ने विश्वास छ,सोही अनुरुप सरकारी वकील तयार हुनुपर्छ भन्ने समेतका निर्देशन दिनु भयो ।
==========================================================================

**कार्यपत्र नं २: प्रस्तावित फौजदारी कार्यविधि संहिता, २०७१ को संरचना र तिनको सफल कार्यान्वयनमा गर्नुपर्ने तयारी**

प्रस्तुत कार्यपत्र पूर्व मन्त्री तथा कानून सचिव श्री माधवप्रसाद पौडेलज्यूले प्रस्तुत गर्नु भएको थियो भने यस कार्यपत्र सत्रको अध्यक्षता सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाज्यूले गर्नु भएको थियो । यस सत्रको कार्यपत्रले राखेका विषयहरु देहाय बमोजिम रहेका छन् ।

नेपालको कानूनलाई सुधार गर्ने धेरै प्रयास शुरु देखि नै भई आएको पाइन्छ ।कानून आयोग गठन गरी यस प्रकृयाको शुरुवात गरेको थियो । त्यसपछि पनि विभिन्न प्रयासहरु हुदै आएको पाइन्छ । यसै क्रममा २०६५ सालमा मुद्दको प्रकृति अनुसार २ वटा कार्यदल गठन भएका थिए । सो कार्यदल मध्ये सर्वोच्च अदालतका तत्कालिन न्यायाधीश श्री कल्याण श्रेष्ठको अध्यक्षतामा गठन भएको कार्यदलले Overall Legal System लाई आजको आवश्यकता अनुसार नयाँपन ल्याउने उद्देश्यले फौजदारी कानून सम्वन्धी ३ वटा छुट्टाछुट्टै मस्यौदाहरु पेश भए । ति विधेयकहरु पारित भएपछिको चुनौतिहरुलाई आँकलन गरी आजैदेखि सो को कार्यान्वयनको लागि उपायहरु सबै पक्षबाट हुनुपर्ने देखिएको छ ।

<u>**यस विधेयकको प्रयोजन**</u>

- अपराध सँहिताको कार्यान्वयन गर्ने
- कार्यविधि सम्वन्धी नयाँ अवधारणाको प्रारम्भ गर्ने
- न्याय सबैको पहुँचयोग्य एवं मानव अधिकार मैत्री बनाउने
- समय सापेक्ष बनाउने
- न्यायको पूर्वानुमानयोग्य बनाउने
- **अपराध पीडितलाई न्याय दिने**

<u>**यस कार्यविधि संहिताको प्रकृति**</u>

- यसलाई सामान्य कार्यपविधिका रुपमा समेटिएको छ
- विशेष कार्यविधि बाहेकका विषयमा यसको कार्यान्वयन हुने

- सबै कार्यविधिगत विषयहरु संहिताको विभिन्न परिच्छेदहरुमा छुट्टाछुट्टै रुपमा प्रस्तुत गरिएको

<u>**कसूरको प्रकृति अनुसार यस संहिताले ४ प्रकारका कसूरको व्यवस्था गरेको:**</u>

- अनुसूचि १ का मुद्दाहरु
- अनुसूची२ - नेपाल सरकारवादी हुने तर अनुसन्धान र अभियोजनको लागि छुट्टै निकायको व्यवस्था हुने फौजदारी मुद्दाहरु
- अनुसूचि ३ को प्रतिवेदनको आधारमा चल्ने मुद्दाहरु
- अनुसूचि ४ व्यक्तिवादी हुने फौजदारी मुद्दाहरु

**यो संहिताले नेपाल बाहिर भएका कसूरलाई पनि सजाय गर्न सकिने व्यवस्था बहिर्क्षेत्रीय क्षेत्राधिकार प्रदान गरिएको छ ।**

- **फौजदारी मुद्दाहरुमा अनुसन्धानको क्रममा थुनामा राख्न सक्ने अवधि सामान्या मुद्दाहरुमा २५ दिनसम्म र केही गम्भीर प्रकृतिका मुद्दाहरुमा थप ३५ दिन गरी जम्मा ६० दिनसम्म थुनामा राखि अनुसन्धान गर्न पाउने अवधि निर्धारण गरिएको छ ।**
- <u>**यस संहिताले गरेका केही नयाँ व्यवस्थाहरु**</u>
- अनुसन्धानमा महान्यायाधिवक्ताको निर्देशन
- पक्राउ पूर्जी र जरुरी पक्राउ पूर्जीको व्यवस्था । मुद्दा नचलाउने अधिकार अभियोजन कर्तालाई प्रदान गरिएको
- अभियोग पत्रमा क्षतिपूर्तिको दावी गर्नुपर्ने
- अभियोजनको सौदावाजी
- न्याय सम्पादनमा अवरोध गर्नेलाई कठोर सजायको व्यवस्था
- दुई चरणको सुनुवाई व्यवस्था
- पूर्व सुनुवाई छलफलको व्यवस्था
- १० वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा अनिवार्य वकीलको प्रतिनिधित्व रहने
- सजाय माफीको व्यवस्थामा सरलीकरण
- लगत कट्टामा नयाँ व्यवस्था
- श्रव्यदृष्य समेत प्रमाण लाग्ने
- कसुरदारलाई दिइने सजायमा सुधार

<u>**यसको कार्यान्वयनको लागि गर्नुपर्ने नीतिगत सुधार:**</u>

- नियमित रुपमा प्रहरी सरकारी वकील कानून व्यवसायी र न्यायाधीशलाई प्रशिक्षण दिनुपर्ने ।

- सामुहिक सौदावाजीको प्रयोग सम्बन्धमा प्रष्ट हुनुपर्ने
- क्षतिपूर्ति सम्वन्धी प्रष्ट नीति बन्नु पर्ने
- मुद्दा नचलाउने निर्णय गर्दाका आधारहरु
- संहिता प्रारम्भ हुनु अगावै कार्यविधि सम्वन्धी नियमावलीहरु निर्माण गर्नुपर्ने ।

यस कार्यविधि संहितामा समावेस हुन नसकेका विषयहरुः

- अग्रीम जमानत (Anticipatory Bail)
- Miscarrage of Justice

**सहभागिहरुका तर्फबाट गरिएको टिप्पणीः-**

**सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- संशोधित ऐनले विद्यमान सजाय कम हुने व्यवस्था गरेपनि व्यवहारमा अदालतले कम सजाय गर्ने गरेको पाईदैन । हातहतियार तथा केही सार्वजनिक अपराध सम्वन्धी मुद्दामा सजाय कम भएपनि पुरानो सजाय गर्ने गरिएको छ । जेष्ठ नागरिक ऐनले सजायमा छुट दिने व्यवस्था छ । यी व्यवस्था संहिताले कसरी समेटेको छ । पुनरावेदन गर्ने तथा दोहोऱ्याउने विषयमा के कसरी व्यवस्थापन गरिएको छ ?

**जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, जिल्ला सरकारी वकील कार्यालय, बारा**

- संहिताले आजिवन कारावासको व्यवस्था गरेको छ भने सजायमा सुधारको व्यवस्या पनि गरिएको छ । यो कुरा विरोधाभाषपूर्ण भएन र ?
- संहिताले २५ र ३५ दिन हिरासतमा राख्ने व्यवस्था गरेको छ प्रत्येक मुद्दामा क्षतिपुर्ती दिनु पर्ने हो की के होइन ?

**उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

साना तिना मुद्दाहरुमा अभियोजन गर्नुपर्ने विषय कार्यविधिगत विषय हो वा सारवान कानूनको विषय हो ?

**उपन्यायाधिवक्ता श्री रमेशकुमार सुवेदी, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- सजाय जोड्ने व्यवस्था के हो ? साक्षी Hostile हुने प्रचलन धेरै बढी रहेको छ । तत्काल क्षतिपूर्ति दिलाएर सजायमा छुट दिन सकिन्छ सकिदैन ?
- चरणमा सुनुवाइ हुने व्यवस्थाले मुद्दामा ढिलाई त हुदैन ?

**उपन्यायाधिवक्ता श्री तिलकबहादुर कार्की, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- Plea Bargaining सबैमा हो की के के मा हो ?

**जिल्ला न्यायाधिवक्ता श्री यामबहादुर बाँनिया जिल्ला सरकारी वकील कार्यालय हेटौंडा**

- Extra tetorial अनुसन्धान गर्न प्रहरी जाँदा MLA को व्यवस्था Parole / Probation का बारेमा वास्तविक रुपमा कसरी हुने हो ?
- दण्डका सन्दर्भमा नैतिक गल्तीलाई कसरी हेरिएको छ ?

सहभागीहरुको प्रश्न र जिज्ञासामा कार्यपत्र प्रस्तुतकर्ताले देहायका विषयमा स्पष्ट पार्नु भएको थियो ।

अहिले हामी मृत्यु दण्ड सजाय हटायौ । जन्म कैद भनेको २० वर्ष हो । १\२ लाख मानिस मारे पनि २० वर्ष कैद हुने हो । हामीले जन्म कैदको सजायमा पुनर्विचार गर्नु पर्ने भयो । सजाय विचार गरियोस भन्ने सन्दर्भमा हेर्दै जाँदा जन्म कैदको फरक फरक पायौ । रोम विधानले जन्म कैद वापत थुन्न सकिने ३० वर्ष राखेकोले ३० वर्ष प्रस्ताव गरेका छौ । अन्तिम सास रहदा सम्म राख्ने कुरा विवाद पूर्ण छ ।२५।३५। हिरासतमा राख्ने कुरा २५ वा ३५ दिन भित्र हो

सजाय कति हुने भन्ने कुराको सुनुवाई नै नगरी कति सजाय दिने भन्ने सुनुवाई नै भएको छैन ।यसर्थ दुई चरणको सुनुवाई गर्न आवश्यक भयो ।यसले ढिलो हुन्छकी भन्ने नसोचौ यसलाई दरवन्दी बढाएर भएपनि छिटो हुन्छ भन्ने सोचौ । होस्टाईल हुन्छ भन्ने निहुमा मुद्दा नचल्ने भन्ने हुदैन BLOOD Money को कुरामा हामी जान सक्दैनौ । धनीका लागि लागू हुने नियम हामी मान्न सक्तैनौ । साना तिना केश के हुन भन्ने स्पष्ट गरेका छौ । ३ हजार जरिवाना १ वर्ष कैद हुने मुद्दामा Plea Bargaining को कुरा उठाएका छौ । Resitution का बारेमा समानले समानका बारेमा कुने न्याय गर्न सक्दैन । यहुदीलाई मारेको केशमा अर्जेन्टिनाबाट प्राप्त प्रमाण मानेन । MLA का विषय लागू हुने कुरा सन्धि हुन जरुरी छ । Multilateral Treaty हुन हामी अगाडि बढेका छौं । कुनै अनुसन्धानकर्ता वा अभियोजन कर्ताले गलत अभियोजन गरेको भएमा दण्ड भागी बनाउने कुरा आएको छ । बदनीयत चिताई अनुसन्धान र अभियोजनलाई दण्डित गर्ने व्यवस्था हाल आएर प्रस्ताव गरिएको छ । सन् १८६० को भारतीय IPC मा व्यवस्था छ । छैठौ विधेयकले थुप्रै ऐनलाई प्रतिस्थापन गर्नेछ । अहिले बढी कैद हुने तर संहिता वा ऐन लागू भएपछि कम सजाय गर्नुपर्छ । जेष्ठ नागरिकका हकमा छुट सजायको व्यवस्था यो छैठौ ऐनले कारागार व्यवस्था संशोधन गर्छ । माफी अपवाद हो जनरल सजाय विशेष हो । अमेरिकामा माफीको विषय नमानेको कुरा छ । किनकी पार्डन अपवाद हो तर माफी अहिले नेपालमा जनरल भएको छ । हामी दण्डहिन मुलुकमा परिणत भएका छौ ।

४० प्रतिशत कैद बसे पछि ६० प्रतिशत मिन्हा दिने ऐन निकै अन्यायपूर्ण छ । Strict Liability मा पनि हामी सजाय मिन्हा दियौ

कार्यक्रमको अध्यक्षता गर्नु भएका माननीय न्यायाधीश ईश्वरप्रसाद खतिवडाज्यूले देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित यस कार्यपत्रको सत्र समापन गर्नुभएको थियो ।

संहिताका प्रमुख व्यक्तित्व हुनु हुन्छ । छलफलको विषयमा कुरा गर्दा यसमा गर्नु पर्ने धेरै कुरा छन् । छोटो समयमा यती धेरै कुरा राख्न सक्नु भयो । यहाँ विभिन्न पक्ष छन् । संहिता किन जरुरी भयो ? कुन कुन कुरा छाड्यौ हामीले । यहाँ थुप्रै फिलोसफ ल्याउन लागेका छौ । संहितालाई छिटै कार्यान्वयन ल्याउनु पर्ने भएको छ। हामी सबैले सफल कार्यान्वयनमा लैजान राज्यका सबै निकायको उत्तिकै महत्वपूर्ण भूमिका छ । हामी नयाँ मोडबाट अगाडि बढ्नु पर्ने भएको छ । हामीमा त्यही किसिमको तयारी, दक्षता वृद्धीको तयारी, अदालत सरकारी वकील प्रहरी सबैको लागि पूर्व तयारी जरुरी छ । यो विषय धेरै महत्वपूर्ण छ । यहाँ कतिपय प्रश्न उठे । हामी दिनभर पनि छलफल गर्न सक्छौ । एक दुई बुँदामा बोल्न मन लाग्यो । यसै न्याय ढिलो त्यसमा दुई चरणको सुनुवाईले ढिलो हुने भो भन्ने । सरकारी वकीलको दावी हदैसम्मको सजायको दावी । यो पद्धतीमा हामी रम्दै आएको हो । एक तह पुनरावेदन गर्नु पर्ने भएको छ लेख्ने बुँदा छैन । किन हो ? बुझ्न सकेको छैन । पाटनमा सरकारी वकील हुँदा मैले प्रतिवाद गर्नु पर्ने भयो । न्याय पद्दति सुधारका लागि राज्यले लगानी गर्नु पर्छ । लागू गर्नु पर्छ । MLA का लागि विदेशमा अनुसन्धान गर्ने वा कागजात मगाउनु पर्ने विषय र महान्यायाधिवक्ताले कार्यविधि र नीति बनाउनु पर्ने हुन्छ ।
सरकारी वकील र अनुसन्धान अधिकृतलाई कारबाही गर्ने विषयले मनोवल घट्छ भन्ने कुरामा हेर्दा Public Authority Hold गर्नेले सदनियत राखेर काम गर्नु पर्छ । बदनीयत राखेर काम गर्ने छुट कसैले पाउनु हुँदैन भन्ने लाग्छ । Mal अनुसन्धान र अभियोजनलाई दण्डित हुनु पर्छ भन्ने कुरा अन्यथा भन्न मिल्दैन । असल र खराव नियत छुट्याउन आवश्यक छ । बदमासीमा जवाफदेही हुनु पर्छ । १० वर्ष पछि आएर मैले भर्खर थाहा पाए भनि लामो समय पछि अदालतमा पुनरावेदन दोहोऱ्याउने निवेदन आउछन् । मौका पाए फैसला भएपछि भाग्नेले त गर्छ गर्छ तर सरकारी वकीलले पनि फुर्सद छैन पछि फैसलाको जानकारी पठाउन भन्ने गर्छौं । हाम्रा अगाडि ठूला चुनौती छन् । फैसला भएपछि निश्चित समय पछि थाहा पाउनु पर्छ । त्यसका लागि १ वर्षको म्याद राखेको छ । त्यसपछि थाहा पाएको भन्न पाउने छैन । सरकारी वकिलले अव पुनरावेदनको सूचना पाएको छैन भन्न पाईने छैन। केहो जेलहरुमा जेष्ठ नागरिक

निरीक्षण गर्दा उमेर गइ सक्यो समितिले निर्णय गरेन । यो राज्यको ऐन हो । यो ऐनको प्रशासन गर्ने सबैले हेर्नु पर्छ । थुनामा राख्नेले कति दिन थुनामा बस्नु पर्छ भन्नै पर्छ । जेल आफैले पनि कैदी वा थुनुवालाई दिनु पर्ने सुविधा खोजिदिनु पर्छ । ऐन कार्यान्वयन गर्नु पर्छ । नियत सफा भए समाधानका अनेक उपाय छन् । तर नियत गलत भए समाधान खोज्न सकिदैन । हरेक निकायले आ आफ्ना तवरले अगाडि बढाउनु पर्छ । संहितालाई कार्यान्वयनमा लैजान सबैको सहकार्य आवश्यक पर्छ । यसले हामीलाई उन्नत न्याय प्रणालीमा जान मद्दत गर्छ । सबैलाई आभार प्रकट गर्छु ।

==========================================================================

**कार्यपत्र नं. ३ : सरकारी वकीलको संवैधानिक एवं कानूनी दायित्वका विषयमा वर्तमान कानून पुनरावलोकनका क्षेत्रहरु ।**

प्रस्तुत कार्यपत्र पूर्व नायब महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकज्यूले तयार गरी प्रस्तुत गर्नु भएको थियो भने पूर्व महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानज्यूले अध्यक्षता गर्नु भएको थियो । यस कार्यपत्रले उठान गरेका विषयहरु देहाय बमोजिम रहेका छन् ।

वि सं २००८ सालको संवैधानिक एवं कानूनी सल्लाहकारको रुपमा महान्यायाधिवक्ताको नियुक्ति पश्चात नै सरकारी वकीलको शुरुवात भएको मान्नु पर्छ । संस्थागत रुपमा सरकारी वकीलको व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐन २०१७ रहेको थियो । नेपालको संविधान २०१९ ले महान्यायाधिवक्ताको पद संवैधानिक पदको रुपमा श्रृजना गरी सरकारी वकीलहरु निजको मातहत रहने व्यवस्था गरी सरकारी वकीलको छुट्टै संगठन र जिम्मेवारी तोकियो । तत्पश्चात जारी भएका संविधानहरुले महान्यायाधिवक्ताको काम कर्तव्य र अधिकारमा वृद्धि गर्दै लगेको छ ।

नेपालको संविधान, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले महान्यायाधिवक्ता एवं मातहतका सरकारी वकीललाई निम्न बमोजिम जिम्मेवारी तोकेको छ ।

- अभियोजन
- सार्वजनिक हितको प्रतिनिधि
- अदालतको सहयोगी
- केही हदसम्म justice provider
- राज्यको कानूनी सल्लाहकार
- अभियुक्त, पीडित एवं अन्यको समेत मानव अधिकारको संरक्षक

- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्तहरुलाई अवलम्बन र पालना गराउने अधिकारी
- निर्दोषको संरक्षक

**<u>संशोधन एवं थप हुनुपर्ने कानूनका विषयहरुः</u>**

- मुद्दा फिर्ता लिँदा प्रकृयाको निर्धारण ऐनद्वारा गरिनुपर्छ ।
- ३ तहको अदालतको संरचना अनुरुपको सरकारी वकीको कार्यालयको व्यवस्थापन गर्नुपर्ने ।
- प्रत्येक प्रदेशमा नियुक्त हुने मुख्य न्यायाधिवक्ताको नियुक्तिबाट सरकारी वकीलसँग के कसरी समन्वय गर्ने भन्ने विषय ।
- प्रतिकूल (Hostile) बकपत्र गर्ने साक्षीको कारवाही र प्रकृयाका सम्वन्धमा ।
- अपराध पीडितलाई मुद्दाको अनुसन्धान कारवाहीको जानकारी पाउने कार्यविधिका विषय ।
- अपराधका प्रवृति सम्वन्धी अनुसन्धान केन्द्रको स्थापना, गठन र कार्यक्षेत्र निर्धारण सम्वन्धी विषय ।
- हिरासतमा रहेका व्यक्तिको मानवोचित व्यवहार सम्वन्धी प्रकृया ।
- थप दावी लिने सम्वन्धी कानूनी व्यवस्था ।
- अभियोग पत्र संशोधन गर्ने विषय ।
- मानव अधिकार आयोगले दोषी उपर कारवाहीको सिफारिश गर्ने संवैधानिक व्यवस्था भएकोमा त्यस्तो सिफारिश उपर कारवाहीको प्रारम्भ गर्ने र त्यस्तो अनुसन्धानबाट प्राप्त तथ्यको आधिकारिकताको बारेमा प्रष्ट हुने गरी कार्यविधिगत कुराहरु खुलाई सो को व्यवस्थापन सम्वन्धमा।

**<u>अपराध अनुसन्धानका सम्बन्धमा देहायका विषयहरु समेटिनु पर्नेः</u>**

- वेपत्ता पारिएका व्यक्तिको वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ को दफा २९ ले मानव अधिकारको गंभिर उल्लंघनको आरोपमा दोषी देखिएका पीडकहरु उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिश भएमा मन्त्रालयले महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने र महान्यायाधिवक्ताले तोकेको सरकारी वकीले मुद्दा चलाउने नचलाउने सम्बन्धी निर्णय गर्नु पर्ने हुँदा आयोगले गरेको अनुसन्धान लगायतका अन्य कानूनी प्रक्रियाको वैद्यताको सम्बन्धमा निश्चित कार्यविधि निर्माण हुनु पर्ने ।

- संविधानको धारा १६१ को संवैधानिक व्यवस्थालाई मूर्तरुप दिन सरकारी वकीलको पारिश्रमिक एवं सुविधा र सेवाका शर्त सम्वन्धी छुट्टै कानुन निर्माण गर्ने सम्बन्धी विषय ।
- सरकारी वकीलको सेवालाई सरकारी वकीलको सेवा शर्त सम्वन्धी ऐनमा कानून र न्याय सम्वन्धी पद हुने भनी संवोधन गरी न्यायाधीश नियुक्तिको अवसर प्राप्त हुने गरी व्यवस्था गरिनुपर्ने ।

OFFICE OF THE ATTORNEY GENERAL
NEPAL

**सरकारी मुद्दासम्बन्धी ऐनमा थप गर्नुपर्ने विषय**

- मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने संवैधानिक व्यवस्थालाई मुर्त रुप दिन कार्यविधिगत प्रक्रियाको निर्धारण ऐनमा गरिनुपर्ने ।
- ३ तहको अदालत अनुरुपको सरकारी वकीलको कार्यालयको व्यवस्था गर्नुपर्ने ।
- मुख्य मन्त्रीको सिफारिसमा मुख्य न्यायाधिवक्ताको नियुक्ति गर्ने संवैधानिक व्यवस्थाको परिप्रेक्ष्यमा त्यसलाई सरकारी वकीलसँग के कसरी समन्वय र सहकार्य गर्ने सोको विषय ।
- अपराध पीडितको हक नै मौलिक हकमा समावेश भएको परिप्रेक्ष्यमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा व्यवस्था गर्नुपर्ने विषय ।
- हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको आफन्तसँग भेटघाट र कानून व्यवसायीसँग भेटघाट सम्बन्धी प्रक्रिया सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा राख्नुपर्ने विषय ।

**नयाँ कानूनको निर्माण सम्बन्धी विषय**

- संविधानको धारा १६१ को संवैधानिक व्यवस्थालाई मूर्तरुप दिन सरकारी वकीलको पारिश्रमिक एवं सुविधा र सेवाका शर्त सम्वन्धी छुट्टै कानुन निर्माण गर्ने सम्बन्धी विषय ।
- सरकारी वकीलको सेवालाई सरकारी वकीलको सेवा शर्त सम्वन्धी ऐनमा कानून र न्याय सम्वन्धी पद हुने भनी संवोधन गरी न्यायाधीश नियुक्तिको अवसर प्राप्त हुने गरी व्यवस्था गरिनुपर्ने ।

**सहभागीहरुबाट छलफलमा उठाईएका मुख्य विषयहरु**

**उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- नयाँ बन्नुपर्ने कानूनमा २ वटा धारहरु छन् । एउटा धार यही सेवामा रहने र अर्को धार साविकको न्यायसेवातर्फ जाने । न्याय सेवाबाट न्यायाधिशका बाटा हालसम्म खुलै थिए तैपनि केही भएन, मुख्य न्यायाधिवक्ताको कार्य मुख्यमन्त्रीबाट निर्देशित हुने वा महान्यायाधिवक्ताबाट हुने अन्यौल छ । यस विषयको निराकरण हुन जरुरी छ ।

**उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- मुख्य न्यायाधिवक्ताले काम गर्दा केन्द्रको धार र प्रदेशको धार फरक भएको अवस्थामा त्यहाँको कर्मचारीले कसरी काम गर्ने हो स्पष्ट भएन ।मुख्य न्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकीलको कार्यालय अलग हुनुपर्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, जिल्ला सरकारी वकील कार्यालय, बारा**

- उच्च सरकारी वकील कार्यालयमा कर्मचारीहरु अदालतकै तह र श्रेणी अनुसार कायम गरिनुपर्छ ।

**उपन्यायाधिवक्ता श्री माधवप्रसाद घिमिरे, उच्च सरकारी वकील कार्यालय, पाटन**

- मुद्दा फिर्ता लिने सम्बन्धमा कार्य निर्देशिका बनिसकेको परिप्रेक्ष्यमा महान्यायाधिवक्ताको राय लिने भन्ने विषय फर्मल मात्र भएकोले सो कामको प्रभावकारीताको लागि ऐनको आवश्यकता छ ।

**जिल्ला न्यायाधिवक्ता ऋद्धिनाथ निरौला, जिल्ला सरकारी वकील कार्यालय, ईलाम**

- हामी निजामती पोसाक लगाउँछौ, न्यायाधिशतिर जान्नौं भन्छौं, हामीले न्याय सेवा छोड्दा हाम्रो भविष्य अन्यौलमा पर्ला जस्तो छ ।

**उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहाल, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- संविधानको धारा १५८ ग बमोजिम हिरासतमा रहेका व्यक्तिलाई भेटघाट गर्ने व्यवस्था छ, हाल भईरहेको कारागार र हिरासत निरीक्षण उजुरी परेकोमा मात्र हो कि अन्यमा पनि हो ?

**उपन्यायाधिवक्ता श्री गोविन्द गिरी, जिल्ला सरकारी वकील कार्यालय, तनहुँ**

- राजपत्राङ्कित प्रथम श्रेणी र सोभन्दा माथिकालाई मात्र यस सेवा भित्र सेवा सुविधा दिने र तलकालाई निजामती सेवातिर लैजाँदा समष्टीगत रुपमा विशिष्टीकरण भएन र दोहोरोपना देखियो ।

**सहन्यायाधिवक्ता श्री उद्दव पुडासैनी, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- अभियोजनकर्तालाई दिइने मनासिब सेवा, शर्त र सुविधालाई छुट्टै रुपमा हेर्नुपर्छ, यसलाई न्यायाधिशको सेवा शर्तसँग तुलना गर्न मिल्दैन । हाम्रो हर समय अदालतसँग निकट रहन्छ, हाम्रो पेशाको प्रकृति अदालतसँग सम्बन्धित छ, यस अवस्थामा कुनै पनि कानून पढेको व्यक्ति सर्वोच्च अदालतको न्यायाधिश हुन चाहन्छ भने किन जान नपाउने ।

सेवा शर्त सम्बन्धी छुट्टै कानून हुँदैमा सेवा छुट्टै हुन सक्दैन । हामी न्याय सेवाका नै कर्मचारी हौं, हामी छुट्टियौं भने जुनसुकै अधिकारीले कारवाही गर्न सक्छ ।

**सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- अदालतमा प्राइभेट वकीललाई बहसमा प्राथमिकता दिइन्छ, सरकारी वकीललाई थोरै बोल्न वा २ र ३ मिनेटमा बहस सिद्धाउने भनिन्छ । हाम्रो सेवा भित्रका सबै तहकालाई एउटै सेवा सुविधा दिनुपर्छ भन्न मिल्दैन, जसरी अदालतमा न्यायाधिस र श्रेष्तेदारको सेवा सुविधा फरक छ । कानूनी राय दिने विषयमा महान्यायाधिवक्तालाई संविधानले अधिकार दिइसकेपछि कानून मन्त्रालयले किन राय दिने ।

**शाखा अधिकृत श्री शिवप्रसाद आचार्य, महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

- हामी न्याय सेवा भनेर यस सरकारी वकीलतर्फ प्रवेश गरेका हौं, यदि हामी न्याय सेवाबाट छुट्टीने हो भने न्याय सेवातर्फ जान खोज्नेलाई जान दिनु पर्छ, यही सरकारी वकील समूहमा कुण्ठित बनाएर राख्न मिल्दैन ।

**पूर्व महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानको राय**

- न्याय सम्पादनमा सरकारी वकीलको महत्वपूर्ण स्थान छ । न्यायीक निकाय भित्र सबैभन्दा कमजोर स्थानमा महान्यायाधिवक्ता रहेको छ ।
- महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरेको सरकारी वकील निजामती कर्मचारी हुने व्यवस्था मिलेको छैन । सरकारी वकील विशेषज्ञ पद हो । सरकारी वकील निजामती पद हुन सक्दैन । सरकारी वकीललाई कमजोर स्थानमा राखेर हुँदैन, राज्यले सेवा शर्त र आधारको मर्यादा दिनुपर्छ । कानून व्यवसायीको प्रमाणपत्र लिएको व्यक्ति कानूनको विशेषज्ञ हुन्छ तर सरकारी वकील कर्मचारी भएकोले निजाती कर्मचारी हुन सक्दैन ।

==============================================================

## कार्यपत्र नं. ४ : बैकिङ्ग कसूर सम्वन्धी कानून तथा मुद्दाको विद्यमान अवस्था, अनुसन्धान र अभियोजनमा गर्नु पर्ने सुधारका उपायहरु

प्रस्तुत कार्यपत्र सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेलज्यू र उपन्यायाधिवक्ता श्री राम घिमिरेज्यूले प्रस्तुत गर्नु भएको थियो । यस कार्यपत्र सत्रमा सर्वोच्च अदालतका माननिय न्यायाधीश श्री अनिलकुमार सिन्हाज्यूले अध्यक्षता गर्नु भएको थियो । यस कार्यपत्रमा समेटिएका विषयहरु देहाय बमोजिम रहेका छन् ।

बैकिङ्ग कसूर सम्वन्धी अवधारणा र नेपालमा यसको प्रयोग कहिलेवाट भयो ? हामीले अभियोजन कसरी गर्ने गरेका छौं । यस सम्वन्धी Result अदालतवाट कसरी आउने गरेको छ भन्ने सम्वन्धमा संक्षिप्त विषय राख्ने अनुमति चाहन्छु ।

वि सं १९९४ सालमा नेपाल बैंक लि. को स्थापना भयो भने वि. सं. २०१२ सालमा नेपाल राष्ट्र बैंकको स्थापना भई क्रमशः अन्य वैंकहरुको स्थापना हुन गई विभिन्न बैकिङ्ग क्षेत्रको कारोवार हुन पुगेको देखिन्छ । हाल नेपाल WTO को सदस्य समेत भई सकेको अवस्था छ । बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले बैकिङ्ग कसूर सम्वन्धी दण्ड सजाय, अनुसन्धान र न्याय निरुपणको सम्बन्धमा व्यवस्था गरेको छ । उक्त ऐनले Personal criminal liability, corporate criminal liability जस्ता प्रावधानहरु अंगालेको पाईन्छ । सो ऐनमा हालै भएको संशोधनले यसको दायरा अझ फराकिलो पारेको छ । यो ऐन सम्वन्धी कसूर सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ मा राखी प्रहरी कर्मचारीले अनुसन्धान गर्ने र सरकारी वकीलले मुद्दा दायर गरी उच्च अदालतको वाणिज्य इजलासवाट हेरिने व्यवस्था गरेको छ ।

यस ऐनले दावीको सौदावाजीको व्यवस्था, फरार प्रतिवादीको नाममा पत्र पत्रिकामा सार्वजनिक सूचनाको म्याद जारी गर्ने, जारी भएको म्यादमा उपस्थित नभएमा त्यस्तो व्यक्तिको नाममा वारेन्ट जारी गर्ने, वारेन्ट जारी भए पछि त्यस्तो व्यक्ति उपस्थित नभए सम्म सार्वजनिक पदवाट स्वत: निलम्न हुने लगायतका प्रावधानहरु अंगालेको पाइन्छ । चेक अनादरमा कुन मुद्दा चल्ने भन्ने कुरा यो ऐनमा यकिन भएको पाईदैन । यस्ता किसिमका मुद्दाहरुको अभियोजन, वहस पैरवी र निर्णयमा अन्तर कार्यालयगत समन्वय नभएकोले यसको व्यवस्थित समन्वयको प्रारुप वनाउनु पर्ने देखिन्छ । यस्ता मुद्दामा एउटा Standing Committee वनाएर अप्ठ्याराहरु समाधान गर्दै जानु पर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ ।

सहभागीहरुबाट छलफलमा उठाइएका मुख्य विषयहरु यस प्रकार रहेका छन् ।

**उपन्यायाधिवक्ता श्री भरतलाल शर्मा महान्यायाधिवक्ताको कार्यालय नेपाल**

- चेक अनादर र ठगीको विषय तथा बैकिङ्ग कसूर सम्वन्धी विषय समावेश भएको केसमा कसरी समायोजन गरेर लैजाने हो स्पष्ट हुन सकेको पाइदैन ।

**उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी अख्तियारर दुरुपयोग अनुसन्धान आयोग**

- वैकिङ्क कसूर तथा सजाय ऐन, २०६४ को दफा २८ अनुसार राष्ट्र सेवक कर्मचारी संलग्न भएको अवस्थामा त्यस्तो केस अख्तियारले अनुसन्धान गर्ने वा CIB ले अनुसन्धान गर्ने हो सो स्पष्ट हुनु पर्ने देखिन्छ ।

**उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली महान्यायाधिवक्ताको कार्यालय नेपाल**

- वैकिङ्क कसूर तथा सजाय ऐन, २०६४ मा धेरै अस्पष्ट प्रावधानहरु रहेका छन । कार्यप्रणालीमा एकरुपता छैन । विस्तारै सुधार गर्दै लानु र जानु पर्ने आवश्यकता देखिन्छ ।

**जिल्ला न्यायाधिवक्ता श्री खडानन्द गौतम, जिल्ला सरकारी वकील कार्यालय, बारा**

- बैकिङ्ग कसूरको मुद्दा संगठित रुपमा हुने भएकोले हालको व्यवस्था अनुसार संगठित अपराधको मुद्दा जिल्ला अदालतमा दायर गर्नु पर्ने व्यवस्था र बैकिङ्ग कसूरको मुद्दा उच्च अदालतको वाणिज्य इजलासमा दायर गर्नु पर्ने भएकोले कठिनाई हुने हुँदा बैकिङ्ग कसूरसंग सम्वन्धित संगठित अपराधको मुद्दा पनि उच्च अदालतको वाणिज्य इजलासमा दायर हुने व्यवस्था भए सहज हुने थियो ।

**उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्की, विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

- वर्तमानमा बैकिङ्ग कसूर अन्तरगत ATM कार्डवाट अर्काको खाताको रकम निकाल्ने प्रवृति वढ्दो छ । यस्तो विषयमा सम्वन्धित वैंकले मेरो रकम लगेको भन्दैन तर व्यक्तिको खाताको रकम घट्छ । यस्तो अवस्थामा व्यक्ति पीडित वन्न पुग्दछ । वैंकले सहयोग र समन्वय नगरेको कारण अनुसन्धानमा कठिनाई पुग्ने गरेको छ । यो विषय पनि कार्यपत्रमा समेटिनु पर्थ्यो की ?

**पर्यवेक्षक प्रहरीतर्फबाट**

- बैकिङ्ग कसूर सम्वन्धी मुद्दामा Lack of knowledge को कारणले सरकारी वकीललाई मुद्दा अभियोजन गर्नमा अस्पष्टता भएको देखिएकोले सरकारी वकीलहरुलाई वैकिङ्क कसूर सम्वन्धी तालिम दिई दक्ष वनाउनु पर्ने आवश्यकता देखिन्छ ।

सहभागीहरुबाट उठाइएका प्रश्न विचार तथा जिज्ञासा सम्बन्धमा कार्यपत्र प्रस्तुतकर्ताले यस प्रकार प्रष्ट पार्नु भएको थियो ।

सर्वोच्च अदालतको दृष्टिकोण अनुसार वैंकलाई दखल दिएको छैन भने त्यस्तो मुद्दा वैकिङ्क कसूरमा नपर्ने भन्ने मान्यताका निर्णयहरु आएका छन । भ्रष्टाचारको छानविन हुँदैमा अन्य कसूरमा छानविन नगर्ने भन्ने कुरा हुन सक्दैन । जस्तै नागरिकता र किर्तेको कसूर भएको

अवस्थामा दुवै कसूर तर्फ सजाय हुने प्रावधान रहेका छन् । ATM वाट रकम चोरी गरेको विषयमा वैंकको रकम ठगिएको अवस्था नभएतापनि व्यक्तिको रकम मासिएको अवस्था छ । यसमा बैकिङ्ग प्रणालीको दुरुपयोग भएकोले वैकिङ्क कसूरको क्षेत्रमा समेटिनुपर्छ भन्ने मलाई लाग्दछ । यस सम्वन्धी विषयमा सरकारी वकीलको दक्षता अभिवृद्धि गर्न समय समयमा सम्वन्धित क्षेत्रका विज्ञहरुवाट तालिम दिलाई विषय विज्ञको रुपमा सरकारी वकीललाई उभ्याउनु पर्छ ।

अध्यक्षता गर्नु भएका **माननीय न्यायाधीशज्यू**बाट देहाय बमोजिमको आफ्नो टिप्पणी र पृष्ठपोषण सहित कार्यक्रमको समापन गर्नु भएको थियो।

- कार्यपत्र अध्ययन गर्दा स्पष्ट भाषामा लेखिएको पाइयो । सरकारी वकीललाई सवै विषयमा जानकार पदाधिकारीको रुपमा रहने गरी कानूनले व्यवस्था गरेको छ । व्यक्तिगतरुपमा दक्षता र क्षमता अभिवृद्धिको तालिम दिलाएर मात्र व्यक्तिको क्षमता र दक्षता वढाउन सकिन्छ । यो आवश्यकता सरकारी वकील साथीहरुलाई भएको देखिन्छ । Open mind ले मुद्दा हेर्नको लागि न्यायाधिशको आँखा सरकारी वकील र कानून व्यवसायीले नै खोलिदिने हो । कानून भन्दा अपराधी अगाडि नै हुने भएकोले तालमेल मिलाएर अगाडि वढ्नु पर्ने अवस्था छ । बैकिङ्ग कसूरको विषय नितान्त नयाँ क्षेत्र हो । वैंकहरुको संख्या वढे संगै बैंकिङ्ग कसूरका अपराध पनि वढ्ने निश्चित छ ।
- सन् १९९० को दशकबाट बाणिज्य बैंकहरुले धेरै क्षेत्रमा लगानी प्रवाह गरेसँगै L.C को काण्डबाट बैङ्किग कसूर सम्बन्धी मुद्दाहरु सतहमा आउन थालेको हो ।चेक अनादरमा वैकको खातावाट रकम क्रेडिट नभए सम्म वैकिङ्क कसूर मानिदैन तर वैकिङ्क कसूर तथा सजाय ऐन, २०६४ मा हालै भएको संशोधनले चेक काट्नासाथ वैकिङ्क कसूर हुने व्यवस्था गरेको छ । यस कार्यपत्रमा सुरक्षित कारोवार ऐनलाई पनि समेट्नु पर्ने देखिन्छ ।
- समग्रमा सरकारी वकील तथा अनुसन्धानकर्ताहरुको क्षमता अभिवृद्धि गरी अनुसन्धान र अभियोजनमा समन्वय गरेर अगाडि वढ्न सकेमा बैंकिङ्ग कसूरका क्षेत्रमा भावी दिनहरुमा सकारात्मक परिणाम आउने आशा राख्न सकिन्छ ।

**सुधारका पक्षमा सिफारिसः**

- वैकिङ्क कसूरको क्षेत्रगत अपराध नयाँ र प्राविधिक विषय भएकोले यस सम्वन्धमा सरकारी वकीलहरुलाई क्षमता अभिवृद्धि गर्न विषय विज्ञवाट समय समयमा तालिम दिलाई कार्य क्षेत्रमा दक्ष वनाउन कार्ययोजना तयार गर्नु पर्ने ।
- अभियोजन र वहस पैरवी एउटै निकायवाट हुनु पर्ने व्यवस्था मिलाउने ।

================================================================================

OFFICE OF THE ATTORNEY GENERAL
NEPAL

## ७)	तेस्रो दिन: २०७३ पौष १० गते

सम्मेलनको तेस्रो दिनको पुर्वाद्धमा प्रत्येक समूहमा प्रस्तुत भएका कार्यपत्रको छलफलको सार सक्षेप प्रस्तुत गर्ने कार्यक्रम रहेको थियो । यस कार्यक्रमको शुरूवात राष्ट्रिय गानबाट गरिएको थियो । कार्यक्रमको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यूले गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन उपन्यायाधिवक्ता श्री टिकेन्द्र दाहालले गर्नु भएको थियो । तेस्रो दिन तीनवटा कार्यपत्र साराँश प्रस्तुत गरिएको थियो ।

**पहिलो कार्यपत्र : महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत शासकीय सुधारको मार्गचित्र**

आधिकारिक ट्रेड युनियन विभागीय कार्य समिति महान्यायाधिवक्ताको कार्यालयका अध्यक्ष श्री गजराज घिमिरेले 'महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत शासकीय सुधारको मार्गचित्र विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**कार्यपत्रको साराशं**

कार्यपत्रमा ट्रेड युनियनको परिचय, विश्वव्यापी मान्यता, आधिकारिक ट्रेड युनियनको काम, कर्तव्य र अधिकार र संस्थागत सबलीकरणमा आधिकारिक ट्रेड युनियनको भूमिका, संस्था एवं सेवा सुधारको मार्गचित्र, आधिकारिक ट्रेड युनियनको गठनले ल्याएका अवसरहरू र आधिकारिक ट्रेड युनियनका चुनौतिहरू विषय कार्य पत्रमा समेटिएको छ । कार्यपत्रमा संस्था एवं सेवा सुधारको मार्गचित्र अन्तर्गत सुशासन, विकेन्द्रीकरण र पारदर्शिता, कर्मचारी कल्याण, प्रोत्साहन र सेवा सुविधाको प्रवर्धन, भवन निर्माण र भौतिक संशाधन, मानव संशधनको गुण सुधार, कर्मचारी प्रशिक्षण र क्षमता विकास, दरबन्दी विकास, कार्यविभाजन र पुर्नसंरचना र पुस्तकालय आधुनिकीकरण तथा सूचना प्रविधिसँग सम्बन्धित विभिन्न विषयहरू कार्यपत्रमा समेटिएको छ ।

**दोस्रो कार्यपत्र: विश्व वन्यजन्तु कोष नेपालका श्री सन्तोषमणि नेपालले 'वातावरणीय सुरक्षा' विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो**

**कार्यपत्रको सारांश**

सन् १९५० मा विश्वयुद्ध समाप्त भएपछि सन् १९७० को दशकदेखि वातावरणीय मुद्दाहरू उठ्न थालेको हो । सन् १९७२ जुन ५ देखि १६ सम्म स्विडेनको राजधानी स्टकहोममा संयुक्त राष्ट्र संघको अगुवाईमा (United Nations *Conference* on the Human Environment) वातावरणीय सम्मेलन भएपछि वातावरणीय सुरक्षाको मुद्दाले प्राथमिकता पाउन थालेको हो । वातावरणीय सुरक्षा दिगो विकाससँग सम्बन्धित छ । वन र वन्यजन्तु संरक्षण सम्बन्धमा प्रभावकारी ढंगले अनुसन्धान र अभियोजन हुनुपर्छ । वातावरणीय सुरक्षाको विषय संवेदनशील भएकाले यसलाई गहन रूपमा लिनुपर्छ । विश्वव्यापी वातावरणीय सुरक्षामा जलस्रोत, खाद्य सुरक्षा, उर्जा र जलवायु परिवर्तनको मुद्दाहरू प्रमुख रहेका छन् । जलवायु परिवर्तनको मुद्दा विश्वव्यापी र नेपालका लागि पनि महत्वपूर्ण रहेको छ ।

जलवायु परिवर्तनले खाद्य सुरक्षा, जलश्रोत र उर्जामा महत्वपूर्ण प्रभाव पारिरहेको छ । सन् २०३० को दशकमा यी स्रोतहरूको कमीले विश्वव्यापी द्वन्द्व सिर्जना हुन सक्ने सम्भावना छ । जलवायु परिवर्तनका कारणले नेपालमा पनि मौसमको उच्च तापक्रममा वृद्धि, हिमालमा रहेको हिउँ पग्लदै गएको, सुख्खा र खडेरी, अनावृष्टि र बाढि पहिरो जस्ता समस्याहरू देखा परेका छन् । नेपालमा ३ डिग्री सेल्सियस सम्म तापक्रम वृद्धि भएको छ । यी समस्याहरूले वातावरणीय असुरक्षामा प्रत्यक्ष प्रभाव पार्छन् । मानवजनित क्रियाकलापले वातावरणीय समस्याहरू उत्पन्न भइरहेकाले जलवायु परिवर्तनका प्रभावहरूको न्यूनिकरण गरी वातावरणीय सुरक्षामा ध्यान दिन टड्कारो आवश्यकता भएको छ । वातावरणीय प्रभावले वन्यजन्तुको बासस्थानमा प्रभाव पारेको छ । चितवन राष्ट्रिय निकुञ्जबाट रेल मार्ग खोल्ने नेपाल सरकारको योजनाबाट वन र वन्यजन्तुको बासस्थान लोप हुनुका साथै वातावरणीय ह्रास र वन विनाशमा नकारात्मक असर पर्नेछ । नेपालको पर्यटन विकास, वन संरक्षण र वन्यजन्तुको सुरक्षाको दृष्टिकोणले चितवन राष्ट्रिय निकुञ्ज हुदै रेलमार्ग खोल्ने योजना रोकिनुपर्छ । वन्यजन्तुको छाला र सामाग्रीको अवैध व्यापार विश्वव्यापी मुद्दा भएको छ । नेपालमा पनि अवैध रूपमा वन्यजन्तुको छाला र सामाग्रीको ब्यापारलाई रोकथाम गर्न कडा कानुनी व्यवस्था भई कार्यान्वयन हुनुपर्छ । नेपालले वन, वन्यजन्तु, वातावरण, जैविक विविधता सम्बन्धी ३६ वटा बहुपक्षिय अन्तराष्ट्रिय महासन्धीहरूको पक्ष देश हो । नेपालले जैविक विविधता सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, १९९२ (Convention on Biological Diversity) र Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) सम्बन्धी महत्वपूर्ण अन्तराष्ट्रिय महासन्धीहरूको पक्ष राष्ट्र हो । नेपाल International Consortium Combating Wildlife Crime महासन्धीको पक्ष राष्ट्र हो । नेपाल पक्ष भएका अन्तराष्ट्रिय महासन्धीको प्रतिवद्धता पुरा गर्न, सम्बन्धित कानुनहरूको निर्माण गर्नका लागि पैरवी गर्न सरकारी वकीलको महत्वपूर्ण भूमिका हुन्छ । वातावरणीय सुरक्षासँग सम्बन्धित MEA सन्धीको पक्ष राष्ट्र १५० रहेका छन् । नेपालमा रहेका वातावरण, जैविक विविधता र वन्यजन्तुसँग सम्बन्धित कानुनहरूलाई नेपाल पक्ष भएका अन्तराष्ट्रिय महासन्धी, सन्धी र सम्झौतालाई आधार बनाएर समयानुकुल परिवर्तन गर्न जरूरी छ । वन र वन्यजन्तु सम्बन्धि मुद्दामा अनुसन्धान र अभियोजन गर्दा विस्तृत विश्लेषण गर्न जरूरी छ । वाघको छाला, गैडाको खाग जस्ता गम्भीर वन्यजन्तु सम्बन्धी अपराधमा साधारण तारेखमा मानिसहरू छुटिरहेकाले यसमा सबै पक्ष कानुन बलियो बनाएर वन्यजन्तुको अभियोग लागेका व्यक्तिलाई सजाय दिलाउन क्रियाशील हुन जरूरी छ । भारतमा वातावरणीय र वन्यजन्तु सम्बन्धि मुद्दा हेर्न Green Tribunal भए जस्तै नेपालमा पनि यस्ता मुद्दा हेर्नका लागि अलग्गै न्यायाधिकरण हुनुपर्छ । नेपाल अवैध वन्यजन्तु अपराध गरी वन्यजन्तुको गैरकानुनी छाला र अंग ब्यापार गर्ने ट्रान्जिट भइरहेकाले रोकथामका लागि सबै सरोकारवालाहरू क्रियाशील हुन जरूरी छ । वन्यजन्तु सम्बन्धी अपराधमा विशेष रूपमा अनुसन्धान गर्ने अभियोजन प्रणाली हुनुपर्छ । वातावरण र वन्यजन्तु वदलिंदो परिस्थितिमा नविनतम मुद्दा बन्दै गएकोले अवसर र चुनौती दुवै हामी सामू रहेको छ ।

========================================================================

**तेस्रो कार्यपत्र : दुरसञ्चार अपराधको अभियोजनको विद्यमान अवस्था र सो अपराध नियन्त्रणका लागि चाल्नुपर्ने कदमहरु ।**

नेपाल दुरसञ्चार प्राधिकरणका निर्देशक श्री आनन्द खनालले प्रस्तुत विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**कार्यपत्रको सारांश**

- नयाँ नयाँ प्रबिधिको प्रयोग गरेर गरिने साईबर क्राईमको प्रवृत्ति बढ्दो रूपमा छ । दुरसञ्चार अपराध Cross boundary crime को रूपमा रहेको छ । दुरसञ्चार अपराध वर्तमान विश्वको मुख्य चुनौती रहेको छ । Cyber security को विषय विश्वव्यापी चुनौती बनेको छ । टेलिफोन/मोवाईल जस्ता दुरसञ्चार प्रबिधिको प्रयोग मानव जीवनका लागि अपरिहार्य रहेको छ । सूचना तथा सञ्चार प्रबिधिको प्रयोग ईन्टरनेटमा मानिसहरू अभ्यस्त हुँदै गएका छन् । यी प्रबिधिहरूको ब्यापकतासँगै यसलाई दुरूपयोग गरेर अपराध गर्ने प्रवृत्ति बढेको छ । भविष्यमा अझै बढ्ने छ । यी विषयका अपराध नियन्त्रणको पूर्ण रोकथाम, प्रमाण जुटाउने विषय र अभियोजन अत्यन्त चुनौतिपूर्ण रहेको छ । यो विषय कुनै व्यक्ति, संस्था र राज्यको मात्र नभएर यो विश्वव्यापी मुद्दा हो ।
- दूरसञ्चार अपराधको विद्यमान अवस्थाको कुरा गर्दा VOIP- International Call By Pass -Financial Crime बढिरहेको छ । Cyber अपराधमा Internet/Social Media को अपराधजन्य गतिविधिमा प्रयोग र Internet Banking Crime हरू बढिरहेका छन् । साइवर अपराधमा ATM Fraud का अपराध बढिरहेका छन् ।
- दुरसञ्चार अपराधका समस्याहरूमा स्पष्ट कानूनी व्यवस्था नहुनु, संस्थागत संरचना- जुन कमजोर छ, राष्ट्रिय स्तरमा नेतृत्व दिने व्यक्ति र संस्थाको अभाव छ ।
- नेपालमा दुरसञ्चार अपराध नियन्त्रणका लागि वलियो कानुन, संस्थागत संरचनामा सुधार, निरन्तर जनचेतना अभिवृद्धि र शिक्षण कार्यक्रम, जनशक्तिको क्षमता अभिवृद्धि र सरोकारवालाहरूसँग परामर्श कार्यक्रम गर्न जरूरी छ ।
- नेपालमा दुरसञ्चार अपराध नियन्त्रणका लागि विद्यमान कानूनी व्यवस्थामा दुरसञ्चार ऐन, २०५३ र विद्युतीय कारोबार ऐन, २०६३ रहेको छ । उल्लिखित ऐनहरु समय सापेक्ष नरहेका र पुरानो भैसकेका छन् । अहिलेसम्म पनि समय सापेक्ष रुपमा ऐन, कानून संशोधन हुन सकेको छैन । दुरसञ्चार अपराधको अमूर्त परिभाषा भएकाले यसलाई प्रविधिमा आधार मानेर अपराधको परिभाषा गर्न थालियो भने त्यो कानून तर्जुमा गर्दा प्रविधि तटस्थ हुनुपर्छ । प्रविधिका आधारमा नभई अपराधको प्रकृतिका आधारमा ऐन, कानून बनाउनुपर्छ । प्रविधि किटेर कानून बनाउनु हुँदैन । किनकी प्रविधि निरन्तर परिवर्तन भैरहन्छ । अपराधको मूल प्रवृत्ति/प्रकृतिलाई उल्लेख गर्ने माध्यम जे पनि हुन सक्छ । क्षति के भएको हो ? परिणाम के भएको हो ? कानून तर्जुमा गर्दा ध्यान पुर्याउन जरूरी छ । दूरसंचार क्षेत्रमा धेरै Conflict of Interest भएको विषय भएकोले संशोधनका लागि गएको दूरसंचार ऐन संसदबाट संशोधन नभई फर्कियो । हाल नेपाल दूरसंचार प्राधिकरण ऐन, मस्यौदाको चरणमा छ । यसको Framework Development हुँदैछ ।अब त्यो कानून निर्माणका लागि फेरी नेपाल सरकारमा पठाउँछौ ।

- नेपाल प्रहरी र नेपाल दुरसंचार प्राधिकरण बीच समन्वय गरेर दुवै कार्यालयका जनशक्तिको दुरसञ्चार सम्बन्धी अपराध नियन्त्रणका लागि क्षमता अभिवृद्धि गर्नुपर्छ । Computer Emergency Rescue Team (CERT) साईबर अपराध नियन्त्रणका लागि बनाउन थालिएको छ । नेपाल प्रहरीको Crime Investigation Bureau(CIB) सँग मिलेर नेपाल दुरसञ्चार प्राधिकरणले साईबर क्राईम नियन्त्रणमा काम गरिरहेको छ । Economic Prosperity बढ्नासाथ Cyber Crime बढ्दै गएकाले यसमा बढि सजक रहनुपर्छ ।

सम्मेलनमा प्रस्तुत भएका कार्यपत्र र भएका छलफलको सार संक्षेप प्रत्येक समूहका संयोजकहरूले प्रस्तुत गर्नु भएको थियो । सरकारी वकीलको संगठन संरचना र कार्यप्रणाली विषयमा समूह (क) का संयोजक सहन्यायाधिवक्ता श्री किरण पौडेलज्यूले प्रस्तुती गर्नु भएको थियो । सरकारी वकील कार्यालयको संस्थागत विकास विषयमा समूह (ख) का संयोजक सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराईज्यूले प्रस्तुती गर्नुभएको थियो । सरकारी मुद्दाको अनुसन्धान, अभियोजन र सरकारको सरोकारका मुद्दाको प्रतिरक्षा विषयमा समूह (ग) का संयोजक सहन्यायाधिवक्ता श्री कृष्णजीवि घिमिरेज्यूले प्रस्तुती गर्नुभएको थियो । सरकारी वकील कार्यालयहरूको पूर्वाधार विकास र संस्थागत सुदृढिकरण विषयमा समूह (घ) का सहसंयोजक सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीज्यूले प्रस्तुती गर्नु भएको थियो । फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनहरू विषयमा समूह (ङ) का संयोजक सहन्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेज्यूले प्रस्तुती गर्नुभएको थियो ।

समूहगत छलफलको सार संक्षेप प्रस्तुती पछि नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदीज्यूले सरकारी वकील सम्मलेनबाट पारित ३० वुँदे घोषणा पत्रको पूर्ण पाठ पढेर सुनाउनु भएको थियो । उक्त घोषणा पत्रलाई सम्मेलनमा सहभागी सरकारी वकीलहरूले सर्वसम्मत्तिमा पारित गरेका थिए ।उक्त वाचित घोषणपत्रको पूर्ण पाठ अनुसूचीमा समावेश गरिएको छ ।

परिच्छेद तिन

# समापन कार्यक्रम

## १) समापन कार्यक्रमको झलक

नेपालका सरकारी वकीलहरूको तीन दिने प्रथम राष्ट्रिय सम्मेलन आइतबार काठमाडौंमा ३० बुँदे घोषणपत्र पारित गरी सम्पन्न भयो । सम्मेलनमा ३५ वटा कार्यपत्रहरू माथि छलफल भएको थियो समापन कार्यक्रमको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यूले गर्नुभएको थियो ।कार्यक्रमको प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनज्यू हुनुहुन्थ्यो । कार्यक्रमको विशेष अतिथि कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयशंकर नायकज्यू र सर्वोच्च अदालतका बरिष्टतम न्यायाधीश श्री वैद्यनाथ उपाध्यायज्यू हुनुहन्थ्यो ।

कार्यक्रमको शुरूवात राष्ट्रिय गानबाट गरिएको थियो ।

नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदीले सम्मेलनबाट पारित ३० बुँदे घोषणाको सार पढेर सुनाउनु भएको थियो । घोषणाको सम्पूर्ण पाठ यस अनुसूचि १ मा समावेश गरिएको छ ।

## २) सम्मान र पुरस्कार वितरण कार्यक्रम

### उत्कृष्ट कार्यालय व्यवस्थापन गर्ने कार्यालय

उक्त कार्यक्रममा उत्कृष्ट कार्यालय व्यवस्थापन गर्ने जिल्ला सरकारी वकील कार्यालय म्याग्दी र जिल्ला सरकारी वकील कार्यालय कालिकोटलाई सम्माननीय उपराष्ट्रपतिज्यूले सम्मान पत्र प्रदान गर्नु भएको थियो ।

### उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपतिज्यूले उत्कृष्ट कार्य सम्पादन गर्ने १५ जना कर्मचारीलाई सम्मान पत्र र दश हजार रूपैयाँ प्रदान गर्नु भएको थियो । सम्मानित हुने कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ ।

**राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारी**

१) उपन्यायाधिवक्ता श्री भुवनेश्वर पौडेल, उच्च सरकारी वकील कार्यालय पोखरा
२) जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद बराल, जिल्ला सरकारी वकील कार्यालय सिन्धुली
३) उपन्यायाधिवक्ता श्री निर्मला योङया, उच्च सरकारी वकील कार्यालय ईलाम

**राजपत्रांकित तृतीय श्रेणीका कर्मचारी**

१) सहायक जिल्ला न्यायाधिवक्ता श्री जयप्रसाद श्रेष्ठ, जिल्ला सरकारी वकील कार्यालय स्याङजा

२)	सहायक जिल्ला न्यायाधिवक्ता श्री कमला काफ्ले, जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
३)	सहायक जिल्ला न्यायाधिवक्ता श्री ढकबहादुर रावत, जिल्ला सरकारी वकील कार्यालय बाँके
४)	सहायक जिल्ला न्यायाधिवक्ता श्री कर्णबहादुर महत, जिल्ला सरकारी वकील कार्यालय दार्चुला

**राजपत्र अनंकित कर्मचारी**

१)	नायब सुब्बा श्री ईन्द्रबहादुर बम, जिल्ला सरकारी वकील कार्यालय बझाङ
२)	नायव सुब्बा श्री सुरेन्द्र यादव, जिल्ला सरकारी वकील कार्यालय धनुषा
३)	टाईपिष्ट नायव सुब्बा श्री शारदा श्रेष्ठ, उच्च सरकारी वकील कार्यालय जनकपुर
४)	खरिदार श्री धौले सार्की, जिल्ला सरकारी वकील कार्यालय कैलाली
५)	खरिदार श्री सुर्दशन ढुंगाना, महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत

**श्रेणी विहिन कर्मचारी**

१)	हलुका सवारी चालक श्री ओमप्रकाश चौधरी, उच्च सरकारी वकील कार्यालय राजबिराज
२)	कार्यालय सहयोगी श्री सन्तलाल महर्जन, महान्यायाधिवक्ताको कार्यालय
३)	कार्यालय सहयोगी श्री ईतबारी काँदु, उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज

**३)	सहभागी र पर्यवेक्षकको मन्तब्य**

**पुरस्कृत हुने कर्मचारीहरूको तर्फबाट उच्च सरकारी वकील कार्यालय ईलामका उपन्यायाधिवक्ता श्री निर्मला योङया**

आफूले प्राप्त गरेको सम्मानमा आँच आउन नदिने प्रतिवद्धता व्यक्त गर्दै संवैधानिक र कानुनी जिम्मेवारी पुरा गर्दै व्यवसायिक बन्न चुनौतिपूर्ण रहेको बताउनुभयो । उहाँले ९ प्रतिशत मात्र रहेका महिला सरकारी वकीलहरूको क्षमता र दक्षता माथि आशंका गर्ने परिपाटीले व्यवसायिक बन्न थप चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो । मन्तव्यकै क्रममा उहाँले जिम्मेवारीबोध, कर्तब्यनिष्ट र मिहेनत तवरले जिम्मेवारी पुरा गर्ने बनाउँदै सम्मेलनबाट पारित ३० बुँदे घोषणा पत्र कार्यान्वयन गर्न प्रतिवद्धता जनाउनुभयो ।

**पर्यवेक्षकको तर्फबाट नेपाल प्रहरीको अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक श्री विजयलाल कायस्थ**

कानूनको सफल परिपालनाले मात्र प्रभावकारी राज्यको अनुभुति नागरिकलाई हुने भएकाले फौजदारी न्याय प्रणालीमा कानूनको कार्यान्वयन गराउन अनुसन्धानकर्ता र अभियोजनकर्ता सवल, स्वच्छ र निष्पक्ष हुनुपर्ने बताउनुभयो । सम्मेलनमा सहभागी प्रहरी अधिकृतहरूले सम्मेलनमा

हासिल गरेको ज्ञान र सीप जिम्मेवारीपूर्वक अवलम्वन गर्ने प्रतिवद्धता जनाउँदै प्रस्तावित अपराध संहिताका कतिपय प्रावधानहरू स्वतन्त्र अनुसन्धानकर्ता र व्यवसायिक प्रहरीलाई हतोत्साही गर्ने खालका भएको बताउनु भयो ।उहाँले मधेश आन्दोलनको अनुसन्धान र कारबाहीको नाममा प्रहरी माथि गम्भीर मुद्दा लगाउने आशंका भएकाले प्रहरी कर्मचारीको मुद्दाको प्रभावकारी रूपमा सशक्त प्रतिरक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले सरकारी वकीलको प्रतिरक्षाको सफलता राष्ट्रसेवक प्रहरी कर्मचारीसँग जोडिएको उल्लेख गर्नुभयो ।

**महिला सरकारी वकीलहरूको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका शाखा अधिकृत श्री विन्दुकुमारी धामी रावल**

राष्ट्रिय सम्मेलन सरकरी वकीलको समस्या, सम्भावना, चुनौती, समाधानका उपाय पत्ता लागउन, संस्थागत सुदृढीकरण र व्यवसायिक क्षमता विकासमा मद्दत पुग्ने बताउनु भएको थियो ।

**सहभागीको तर्फबाट उच्च सरकारी वकील कार्यालय विराटनगरका सहन्यायाधिवक्ता श्री लोकराज पराजुली**

सम्मेलनले निरन्तरता पाउनुपर्ने बताउँदै महान्यायाधिवक्ताको कार्यालय र मातहत निकायलाई कार्यालय व्यवस्थापन र भौतिक स्रोत साधन सम्पन्न बनाउनुपर्ने बताउनुभयो । उहाँले सम्मेलनबाट पारित घोषणापत्र कार्यान्वयनका लागि निष्पक्षता, तटस्थता, शुद्धता र कानुनी शासन कायम राख्न प्रतिवद्ध भएको उल्लेख गर्नुभयो ।

४) **समापन कार्यक्रमका अतिथिज्यूहरूको मन्तब्य**

मन्तव्यका क्रममा अतिथिहरुले व्यक्त गर्नु भएको भनाईलाई बुँदा टिपोट गरी यहाँ उल्लेख गरिएको छ ।

**प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनज्यू,**

- राज्यका हरेक निकाय संविधान र कानून बमोजिम सञ्चालन हुनुपर्छ । प्रत्येक नागरिकको संरक्षण विना लोकतन्त्रको कल्पना गर्न सकिदैन ।
- फौजदारी कानुन कार्यान्वयनका लागि प्रभावकारी फौजदारी न्याय प्रशासन चाहिन्छ । यसका लागि महान्यायाधिवक्ताको कार्यालयको सुदृढीकरण आवश्यक छ ।
- राज्यको तर्फबाट नेपाल सरकारको प्रतिनिधित्व गरी प्रतिरक्षा गर्ने, राज्यका हरेक निकायलाई कानुनी राज्य कायम गर्न महान्यायाधिवक्ता र मातहत सरकारी वकीलले दिने कानुनी रायको ठूलो महत्व छ । महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुदृढीकरण र सरकारी वकीललाई व्यावसायिक बनाउन सरकार गम्भीर हुनुपर्छ ।
- सम्मेलनमा ब्यापक छलफल गरी निकालिएको निष्कर्ष सरकारी वकीलको व्यावसायिक क्षमता अभिवृद्धि, सेवाको विशिष्टिकरण, सुदृढीकरण र मुलुकमा कानुनी शासन कायम गर्न कोशेढुंगा साबित हुनेछ ।

- न्याय प्रणाली सहज र सरल हुनु पर्छ । अझै गरिव, असहाय, निमुखा, अशिक्षित वर्गको लागि पहुँच योग्य हुन सकेको छैन । छिटो छरितो न्याय सम्पादन नहुँदा न्याय प्रति जनताको आस्था कायम रहन सक्दैन । कानुनी आखाँमा समान मानिए पनि कानुनी जटिलताले निमुखा नागरिकले न्यायको अनुभुती गर्न पाएका छैनन । असहाय र तल्लो वर्गलाई न्याय दिलाउन विशेष संवेदनशील भएर काम गर्न आग्रह गर्दछु ।
- संविधानको संस्थागत उपलब्धी कार्यान्वयनका लागि कानुनसँग सम्बन्धित निकाय बढि जिम्मेवार हुनुपर्छ । सरकारको प्रमुख राष्ट्रिय कार्यहरू तिनै तहको निर्वाचनको घोषणा भएपछि निर्वाचन सम्पन्न गराउन, संघीयताको कार्यान्वयन र संक्रमणकालीन न्याय निरूपणमा सरकारी वकीलको भूमिका महत्वपूर्ण हुन्छ ।
- द्वन्द्वको अन्त्य, शान्ति, अमन चयन, मेलमिलाप र समृद्ध नेपाल आजको आवश्यकता हो ।
- राज्यका सरकारी वकीललाई व्यवसायिक र दक्ष बनाउन राज्यको ध्यान पुग्ने नै छ ।

**विशिष्ट अतिथि माननीय कानून न्याय तथा ससदीय मामिला मन्त्री श्री अजयशंकर नायकज्यू,**

- सम्मेलनबाट पारित ३० वुँदे घोषणापत्रले मानव अधिकारको संरक्षण, कानूनको शासन, गरिव र असहाय वर्गको न्यायमा पहुँच पुर्‍याउन सहयोग हुने विश्वास लिएको छु । सम्मेलनबाट पारित घोषणा पत्रको कार्यान्वयनका लागि नेपाल सरकारले पूर्ण रूपमा सहयोग गर्नेछ ।
- बहुराष्ट्रियबाट प्रबिधिको प्रयोग गरी हुने अपराध नियन्त्रणका लागि राष्ट्रहरूबीच सहकार्य र पारस्परिक कानुन आवश्यक रहेको छ ।
- सरकारी वकीलको समयसापेक्ष क्षमता बढाउन आवश्यक छ । सरकारी वकीलले अन्य कार्यको अतिरिक्त मुलुकको व्यापक हितका लागि काम गर्न जरूरी छ । सबै सरकारी वकीलले आ—आफ्नो स्तरबाट संविधान कार्यान्वयनमा लाग्नुपर्ने आवश्यकता छ । सरकारले निर्वाचन घोषणासँगै आईपर्ने जिम्मेवारी लिन तयार हुनुपर्छ ।

**विशिष्ट अतिथि सर्वोच्च अदालतका बरिष्टतम न्यायाधीश श्री वैद्यनाथ उपाध्यायज्यू**

- पहिलो पटक सम्मेलन गरी तल्लो तहदेखि कर्मचारी पुरस्कारका लागि छनोट गरी पुरस्कार वितरण गरिएको कार्य एकदमै राम्रो छ ।
- समयानुकुल परिवर्तनसँगै सरकारी वकीलको व्यवस्थामा परिवर्तन आवश्यक छ । सम्मेलनले आधा समस्या समाधान गरेको ठानेको छु । सरकारी वकीललाई अदालतको सबैभन्दा नजिकको साथीको रूपमा लिएको छु ।
- मुद्दा सफलता र असफलतालाई प्रभाव पार्ने विभिन्न कुराहरू हुन्छन् । नचाहिंदो मुद्दा धेरै परे की भन्नेतर्फ विचार गर्न पनि आवश्यक महसुस भइसकेको छ । यसका लागि अभियोजन गर्नु पूर्व नै राम्रोसँग जाँचबुझ गरेर सरकारी वकीलले सही माग दावी लिएर अभियोजन गरे मात्र मुद्दामा सफलता प्राप्त हुन्छ ।

**अतिथिहरू प्रहरी महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यू**

- सरकारी वकील र अनुसन्धान अधिकृत प्रहरी बीचको व्यावसायिक सम्बन्ध फौजदारी न्याय प्रणालीको पूर्व शर्त हो ।
- सम्मेलन सरकारी वकीलको व्यावसायिक क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरणका सम्बन्धमा निष्कर्ष निकाल्नुका साथै प्रहरीका लागि पनि सम्मेलन उत्तिकै महत्वपूर्ण रहेको छ । सम्मेलनमा प्रस्तुत गरिएका सामाग्रीहरू परिस्कृत संयोजन सन्दर्भ सामाग्री बन्नुपर्छ । यी सन्दर्भ स्रोत सामाग्रीहरू प्रहरीका लागि पनि उचित स्रोत सामाग्री बन्नेछन् । सम्मेलनबाट पारित प्रस्तावको प्रहरी संगठनले लाभ लिने कुरामा कुनै दुईमत छैन ।
- विज्ञान, प्रबिधिको प्रयोगले अपराध गर्ने शैलीले विश्वव्यापिकरण स्वरूप लिएकाले प्रहरीलाई अन्तर्राष्ट्रिय स्तरको साधन स्रोत र जनशक्तिको क्षमता अभिवृद्धि आवश्यक छ । यसका बावजुद पनि नागरिकलाई न्याय दिने काममा कुनै सम्झौता हुन सक्दैन । अपेक्षित गन्तव्य प्राप्त गर्न प्रहरीलाई दबाव, प्रभाव, हस्तक्षेपबाट मुक्त गरी स्वतन्त्र रूपमा अनुसन्धान गर्न दिनुपर्छ । पक्राउन र छुटाउन खोज्ने पक्षको तानातानमा निष्पक्ष अनुसन्धान गर्न कठिन छ ।
- सरकारी मुद्दाको अनुसन्धानका प्रभावकारी उपायहरू र सहकार्यका विषयहरू प्रहरीका लागि पनि निकै उपयोगी थिए । प्रभावकारी समन्वयको खोजी गरिएको प्रस्तुत सम्मेलनले अनुसन्धान र अभियोजनामा सहजता प्रदान गर्ने कुरामा विश्वास छ ।

**नेपाल बार एशोसिएसनका महासचिव श्री खम्मबहादुर खातीज्यू**

- सरकारी वकीलको सम्मेलन निकै महत्वपूर्ण भएको बताउँदै सम्मेलनबाट पारित ३० बुँदे घोषणापत्र कार्यान्वयनमा बारले सहयोग गर्नेछ । सम्मेलनले सरकारी वकीलको मान, प्रतिष्ठा र ईज्जत बढाउने काम गरेको छ ।
- सरकारी वकील र निजी कानुन व्यवसायी दुवैको न्याय सम्पादनमा महत्वपूर्ण भूमिका हुन्छ । नेपाल बार काउन्सीलको अध्यक्षको रूपमा निजी कानुन व्यवसायीहरूको नेतृत्व पनि महान्यायाधिवक्ताले गर्ने भएकाले नेपाल बार एशोसिएसन र महान्यायाधिवक्ताको कार्यालयले न्याय सम्पादनलाई प्रभावकारी बनाउन संयुक्त रूपमा कार्य योजना निर्माण गरेर काम गर्न सकिन्छ ।
- राज्यका सरकारी नियकायबाट दायर हुने हरेक मुद्दाको मुद्दा चल्ने र नचल्ने निर्णय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्तालाई दिनुपर्छ ।
- सरकारी वकील र कानुन व्यवसायी विशेषज्ञ विज्ञता हासिल गरेको व्यक्तिलाई राज्यले पहिचान गर्नुपर्छ ।
- समग्र न्यायपालिकामा नै सरकारले बजेट कम छुट्ट्याउने गरेकाले सरकारी वकील कार्यालयको संस्थागत विकास र जनशक्तिको क्षमता विकासका लागि पर्याप्त बजेट छुट्याउनुपर्छ । बजेट कम छुट्टाउने सरकारको दृष्टिकोणमा परिवर्तन गर्नुपर्छ ।

**सर्वोच्च अदालत वार एशोसिएसनका अध्यक्ष श्री शैलेन्द्रकुमार दाहालज्यू**

- फौजदारी न्याय प्रणालीको अभिन्न अंग रहेको सरकारी वकीलको व्यावसायिक सुदृढीकरण पक्ष उजागर गर्न र सरोकारवाला निकायको ध्यान आकर्षित गरेको छ ।
- सम्मेलनबाट पारित ३० बुँदे घोषणापत्र छिटो कार्यान्वयन हुनुपर्नेमा जोड दिदै सबै पक्षले यसमा सहयोग गर्नुपर्छ ।
- कानुन व्यवसायी र सरकारी वकील दुवैको विधीको शासनको अनुभुती, कानुनी राज्यको अनुभुती, नेपाल पक्ष भएका मानव अधिकार महासन्धीको अनुभुती र संविधानले प्रदान गरेको मौलिक अधिकारहरूको अनुभुति नागरिकलाई गराउन दुवै कानुनी राज्यका सम्वाहक भएकाले साझा लक्ष्य प्राप्त गर्न सहयोगी भूमिका निर्वाह गर्ने हुन्छ ।
- परम्परागत अपराधसँगै नविनतम अपराधहरू साईबर क्राइम देखिन लागेको छ । अन्तरदेशिय रूपमा संगठित अपराधहरू हुन थालेको छ । सम्पत्ति शुद्धिकरण लगायत नयाँ नयाँ अपराधहरू बारे अभियोजन गर्नका लागि सरकारी वकील सेवालाई विशिष्टिकरण बनाउनुपर्छ ।

**५) अध्यक्षता गर्नु भएका माननीय महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठज्यूको धन्यवाद तथा समापन मन्तव्य**

- कार्यक्रमको समापन मन्तब्य व्यक्त गर्दै महान्यायाधिवक्ताज्यूले राज्यका हरेक निकायलाई कानुनी राय दिने, मुद्दा चलाउने/नचलाउने निर्णय गर्ने र सरकारको हरेक मुद्दाको प्रतिरक्षा गर्ने सरकारी वकीलको भूमिका राज्यको अपराध नियन्त्रण, शान्ति सुरक्षा र समृद्धि विकाससँग जोडिएको छ ।
- राज्यका अन्य निकायहरूको तुलनामा भौतिक स्रोत साधन र व्यावसायिक जनशक्ति निर्माणमा सरकारी वकील कार्यालयको राज्यको उचित ध्यान नपुगेको महसुस गरी सरकारी वकीलको कामको गम्भीरताबारे सरोकारवाला निकायको ध्यान आकर्षित गराउन सरकारी वकीलको राष्ट्रिय सम्मेलन आयोजना गरिएको हो ।
- सरकारी वकीलको पेशागत मर्यादा कायम गर्नका लागि सरकारी वकीलको आचार संहिताको पालना र सम्मेलनबाट पारित ३० बुँदे घोषणा पत्रको कार्यान्वयनका लागि हरेक सरकारी वकील जिम्मेवार हुनुपर्छ ।

यस समापन कार्यक्रमको सञ्चालन महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीज्यूले गर्नुभएको थियो ।

अनुसूची एक

## नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ को

# घोषणापत्र

प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा,

व्यावसायिक सरकारी वकील, हाम्रो प्रतिबद्धता ।

# नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनबाट पारित

# घोषणापत्र

# २०७३

# काठमाडौं

प्रस्तावना

नेपालको संविधानले संविधानबादका मूल्यहरुलाई अंगिकार गरी नागरिक स्वतन्त्रता, मानव अधिकार र मौलिक अधिकार एवम् कानूनको शासनको अवधारणाप्रति प्रतिबद्धता प्रकट गरेको एवम् मुलुकमा सुशासन कायम गर्ने अपेक्षा राखेको विषयलाई मनन् गर्दै,

संविधान र कानूनले निर्धारण गरेको अख्तियारीको सीमाभित्र रही सरकार वादी मुद्दाको अभियोजन तथा प्रतिनिधित्व र सरकारको सरोकारका मुद्दाको प्रतिरक्षा गर्न सरकारी वकीलको महत्वपूर्ण भूमिकालाई आत्मसात गर्दै,

अपराधको अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा सरकारी वकीलको सक्रिय सहभागिताबाट मात्र फौजदारी न्याय प्रशासनले पूर्णता पाउने कुरालाई केन्द्रमा राख्दै,

कानूनी राय सल्लाहको माध्यमबाट सरकारका निर्णयहरुलाई कानूनले निर्धारण गरेको सीमा र परिधिमा राख्न सहयोग पुग्ने कुरालाई दृष्टिगत गर्दै,

सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका सिद्धान्तको कार्यान्वयन तथा हिरासतमा रहेका व्यक्ति उपर मानवोचित व्यवहार भए नभएको वा आफन्तसँग भेटघाट गर्न दिए नदिएको सम्वन्धमा अनुगमन गर्नु पर्ने तथा नेपाल सरकारको तर्फबाट दायर भएका मुद्दा फिर्ता सम्वन्धमा राय दिनु पर्ने महान्यायाधिवक्ताको दायित्वलाई बोध गर्दै,

उल्लिखित जिम्मेवारी निर्वाह गर्न सक्ने व्यावसायिक, प्रभावकारी र जनविश्वासप्राप्त संस्थाको रुपमा महान्यायाधिवक्ताको कार्यालयलाई स्थापित गरी कानूनको शासन प्रवर्द्धन गर्ने उद्देश्य हासिल गर्नका लागि,

सम्वत् २०७३ साल पौष ८ गतेदेखि १० गतेसम्म आयोजना गरिएको नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनमा सहभागी हामी सरकारी वकीलहरु यो घोषणापत्र जारी गर्दछौं ।

आभार

**१. नेपालका सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनको समुद्घाटन गरिदिनु हुने प्रमुख अतिथि सम्मानीय राष्ट्रपतिज्यू, समापन समारोहका प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपतिज्यू, उद्घाटन समारोहका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, सम्माननीय सभामुखज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरुको गरिमामय उपस्थिति र सरकारी वकीलको संस्थागत सुधार र व्यावसायिकता विकासका सम्वन्धमा उहाँहरुबाट भएको सम्बोधनका लागि सम्मेलनमा सहभागी सरकारी वकीलहरु हार्दिक आभार प्रकट गर्दछौं ।**

**सरकारी वकीलहरुको संगठन संरचना र कार्यप्रणालीका सम्बन्धमा**

२. संविधानमा महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख गरेको कारणले राज्यका केही निकायलाई द्विविधा हुने गरेको परिप्रेक्ष्यमा महान्यायाधिवक्ता भनेको राज्यका सबै निकायको कानूनी सल्लाहकार हुने अन्तर्राष्ट्रिय अभ्यास रहेको र हाम्रो मुलुकको अभ्यास समेत रहेको हुँदा राज्यका हरेक निकायलाई कानूनी राय दिने महान्यायाधिवक्ताको प्रमुख तथा महत्वपूर्ण कर्तव्य हो भन्ने विषयमा द्विविधा मान्नु पर्ने देखिदैन । तसर्थ यो सम्मेलन त्यस तर्फ सम्बद्ध निकायको ध्यानाकर्षण गर्दछ ।

३. नेपालको संविधानले महान्यायाधिवक्तालाई संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक अभियोजनको अन्तिम जिम्मेवारी दिएको सन्दर्भमा नेपाल सरकार वादी हुने सबै प्रकारका मुद्दाहरु महान्यायाधिवक्ता र सरकारी वकीलको निर्णयबाट मात्र अभियोजन हुनु पर्ने कानूनी व्यवस्था र अभ्यास स्थापित हुनु पर्दछ । सरकारी वकील बाहेकका निकाय वा जनशक्तिबाट अभियोजन गरी सरकारी वकीलले प्रतिरक्षा गर्दा सिर्जना भएका जटिलता र असहजताको अपजस सरकारी वकीललाई किमार्थ दिइनु हुदैन । तसर्थ अभियोजनको अधिकार सरकारी वकीलको विशिष्ट कार्यक्षेत्र भित्रको विषय हुँदा सोही अनुसारको कानूनी व्यवस्था हुनु पर्दछ ।

४. सरकारी वकीलको पद व्यावसायिक पद हो भन्ने विषयलाई गम्भीरतापूर्वक लिई सरकारी वकीलहरुको कार्यबोझ, कार्यप्रकृति र सम्पादन गर्नु पर्ने जिम्मेवारी समेतका आधारमा सरकारी वकीलको दरबन्दी संरचना पुनरावलोकन गर्नु पर्ने आवश्यकता छ । प्रत्येक सरकारी वकील कार्यालयमा रहनु पर्ने न्युनतम दरवन्दीका अतिरिक्त प्रति २०० मुद्दाका लागि कम्तीमा एक जना सरकारी वकीलको अनुपातमा सरकारी वकीलको दरबन्दी कायम गरी अन्य कर्मचारीहरुको व्यवस्था समेत सोही आधारमा गरिनु पर्दछ ।

५. नेपालको संविधानले महान्यायाधिवक्तालाई दिएको जिम्मेवारी र भूमिका एवम् उत्तरदायित्व समेतका आधारमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको विद्यमान संरचना कायम राखी संस्थागत सुधार गरिनु पर्दछ । संघीय प्रणालीको कार्यान्वयनको क्रममा प्रादेशिक तहको कानूनी सल्लाहकारको भूमिकामा रहेका मुख्य न्यायाधिवक्ताको संगठन संरचना र कार्य सम्पादन गर्ने प्रक्रिया प्रदेश कानूनबाट निर्धारण गरिने संवैधानिक व्यवस्था रहेको छ । संविधान बमोजिम सरकारी वकीललाई र मुख्य न्यायाधिवक्तालाई सुम्पिएको जिम्मेवारी, कार्यक्षेत्र, उत्तरदायित्व समेतका विषयमा तात्विक भिन्नता भएकोले प्रत्येक प्रदेशमा छुट्टै मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना गरिनु पर्दछ ।

६. स्वच्छ सुनुवाई, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्तहरुको अवलम्वन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रबर्द्धन, सार्वजनिक हितको संरक्षण, पीडित मैत्री र न्यायमा सहज पहुँच, व्यावसायिक स्वायत्तता र उन्मुक्ति, उत्तरदायित्व र जवाफदेहिता, निरन्तर सुधार र सिकाइ, नैतिकता र सदाचार, लैंगिक मैत्री र समावेशितालाई महान्यायाधिवक्ताको कार्यालयले आफ्नो मूल्यको रुपमा अंगिकार गरेको छ । यी मूल्यहरुसँग मेल नखाने गरी सरकारी निकायबाट देखादेखी कानूनको उल्लंघन गरी भएका निर्णयको प्रतिरक्षा सरकारी वकीलले गर्न नसक्ने र गर्नु नहुने विषयमा हाम्रो एक मत रहेको छ ।

७. न्याय सम्पादनको क्रममा सरकारी पक्षको प्रतिनिधित्व गर्नु सरकारी वकीलको जिम्मेवारी हो तर प्रतिनिधित्व गरिनु पर्ने त्यस्ता निकायबाट आवश्यक सूचना, जानकारी, विवरण तथा कागजातहरु समयमा उपलब्ध नगराइँदा अदालतमा प्रतिनिधित्व गर्न सरकारी वकीलहरुलाई कठिनाइ परेको छ । खास गरी अन्तरिम आदेशको छलफल तथा रिटमा सरकारी पक्षको प्रतिनिधित्व गर्ने सम्वन्धमा यस्ता समस्याहरु देखिएका छन् । सरकारी वकीलहरु फितलो, कमजोर वा उपस्थितिका लागि मात्र इजलासमा उपस्थित हुने गर्दैनौं । प्रतिस्पर्धीरुपमा प्रस्तुत हुनका लागि आवश्यक सूचना, जानकारी, विवरण र कागजात नै सरकारी वकीलका सहयोगी हुन्छन् । त्यस्तो सहयोग प्राप्त हुन नसकेमा सरकारी पक्षको प्रतिनिधित्वलाई सरकारी वकीलले इन्कार गर्नु सरकारी वकीलको बाध्यता हुने कुरा सबै सम्बद्ध निकायलाई स्मरण गराउन चाहन्छौं ।

८. सरकारी निकायलाई कानूनी राय सल्लाह दिनु र न्यायिक निकायमा सरकारी निकाय तथा पदाधिकारीको प्रतिनिधित्व गर्नु सरकारी वकीलको कर्तव्य रहेको विषयमा हामी सचेत र सम्वेदनशील रहेका छौं । महान्यायाधिवक्ताको अनुमति बेगर न्यायिक निकायमा सरकारी पक्षको प्रतिनिधित्वका लागि वैकल्पिक प्रबन्ध गरिएको वा वैकल्पिक तवरबाट कानूनी राय सल्लाह लिई सरकारी निकायबाट निर्णय भएको अवस्थामा त्यस्तो सरकारी निकायको प्रतिरक्षा र प्रतिनिधित्व सरकारी वकीलबाट गर्नु व्यावसायिक दृष्टिले अनुपयुक्त हुने भएकोले त्यस्ता विषयमा सरकारी वकीलको प्रतिनिधित्व हुने छैन ।

९. कानूनको शासन र सुशासनका लागि प्रतिबद्ध रहने सरकारी वकीलहरुबाट सार्वजनिक हित विपरीत भएका सरकारी निर्णयको प्रतिरक्षा हुन नसक्ने विषय सम्बद्ध सबैमा स्मरण गराउन चाहन्छौं ।

१०. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकासमा योगदान गर्ने पूर्व महान्यायाधिवक्ताज्यूहरुलाई सम्मान गर्ने कार्यको थालनी भएको छ । सरकारी पक्षको प्रतिनिधित्वमा वहाँहरुबाट मानार्थ महान्यायाधिवक्ताको रुपमा पुर्‍याउनु भएको सहयोगको सम्मान गर्दै आगामी दिनमा समेत यस्ता सहयोगहरु निरन्तररुपमा प्राप्त हुने अपेक्षा गर्दछौं ।

**सरकारी वकीलको व्यावसायिकता विकास र विशिष्टीकरण**

११. सरकारी वकीलको पद व्यावसायिक विज्ञको पद हो र यसले विषयगत विज्ञता अपेक्षा राख्दछ । पछिल्लो समयमा मुद्दा तथा रिटमा संख्यात्मक वृद्धि भएको छ भने न्याय सम्पादन प्रक्रिया पनि क्रमशः जटिल एवम् विशिष्टीकृत हुँदै गइरहेको छ । अब सबै मुद्दा तथा रिटमा एउटै सरकारी वकीलबाट सरकारी पक्षको प्रभावकारी प्रतिनिधित्व गर्न सम्भव देखिदैन । विषयगत विशिष्टताका

लागि अवसरहरु समेत खोजी गर्दै सरकारी वकीलहरुलाई उत्तराधिकार योजना सहितको विशिष्टीकरण गरी दक्षता विकास गर्ने नीति अविलम्व अंगिकार गरिनु पर्दछ । महान्यायाधिवक्ताको कार्यालय र विशेष सरकारी वकील कार्यालयबाट विशिष्टीकरणको अभ्यास तत्काल प्रारम्भ गरी क्रमशः उच्च सरकारी वकील कार्यालय र आवश्यकता अनुसार जिल्ला सरकारी वकील कार्यालयमा समेत विशिष्टीकृत सरकारी वकीलको विकास गर्दै लैजानु पर्दछ ।

१२. सरकारी वकीलको पद सरकारी सेवाको पद हो र हाल सरकारी वकीलहरु निजामती सेवा ऐनबाट सञ्चालित र व्यवस्थित रहेको अवस्था छ । यो पदले सम्पादन गर्नु पर्ने कार्य निजामती कर्मचारीको कार्य सम्पादन पद्धति भन्दा धेरै भिन्न र विशिष्ट प्रकृतिको रहेको छ । त्यसैले सरकारी वकीलहरुलाई कार्य सम्पादनमा उत्प्रेरित गर्न र व्यावसायिक रुपमा क्रियाशील हुनका लागि व्यावसायिक भत्ता र अन्य कर्मचारीहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था संस्थागत गरिनु पर्दछ । विगतदेखि नै सरकारी वकीलको पदमा कार्यरत जनशक्तिको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधाहरु तथा वृत्ति विकासका लागि छुट्टै व्यवस्था हुनु पर्दछ भनी आवाज उठाउदै आएको विषयलाई स्मरण गर्दै यो सम्मेलन सरकारी वकीलको पारिश्रमिक र सेवा, शर्त र सुविधाको विषयमा छुट्टै कानून बनाई सरकारी वकीलको पदलाई व्यावसायिक र प्रतिस्पर्धी पदको रुपमा विकास गरिनु पर्नेमा जोड दिन्छ । सरकारी वकीलको सेवामा देखिएको अनाकर्षण र किनारामा पारिएको अनुभूतिलाई हटाई व्यावसायिकता प्रबर्द्धन हुने गरी सरकारी वकीलको सेवा, शर्त र सुविधा सरकारी वकीलले सम्पादन गर्नु पर्ने कामको प्रकृति, कार्य बोझ र जिम्मेवारी अनुकूल हुनु पर्नेमा सम्मेलन सम्बद्ध सबै पक्षको गम्भीर ध्यानाकर्षण गर्दछ ।

**सरकारी वकीलको आचार संहिता र उत्तरदायित्व**

१३. सरकारी वकीलहरुको आचरण र व्यवहार सम्वन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकसित भएका सिद्धान्त, अभ्यास एवम् राष्ट्रिय कानून, प्रचलन, व्यवहार र न्यायिक संस्कृतिका विभिन्न पक्षलाई समेटी सरकारी वकीलको सेवालाई व्यावसायिक, मर्यादित र विश्वासिलो बनाउन जारी भएको सरकारी वकीलको आचार संहिता, २०७३ को पालना गर्न सबै सरकारी वकीलहरु प्रतिबद्ध रहेका छौं । आचार संहिता आलंकारिक दस्तावेज नभई सरकारी वकीलको व्यावसायिक कार्य सम्पादन र सदाचारसँग समेत जोडिने विषय हो । उक्त आचार संहिताको पालनाबाट सरकारी वकीलको कार्य सम्पादनलाई उत्तरदायी बनाउन मद्दत पुग्ने र यो विषय दण्ड र पुरस्कारसँग आबद्ध हुनेछ भन्ने हाम्रो विश्वास छ ।

१४. उत्कृष्ट कार्य सम्पादन गर्ने सरकारी वकील कार्यालय, सरकारी वकील र कर्मचारीहरुलाई पुरस्कृत गर्ने अभ्यास प्रारम्भ भएको छ । बस्तुगत आधारमा कार्य सम्पादनको मूल्यांकन गरी दण्ड र पुरस्कार प्रदान गर्नु पर्दछ भन्नेमा एक मत छौं । यो अभ्यासलाई हरेक वर्ष निरन्तरता दिइनु पर्दछ ।

१५. आफ्नो कार्य सम्पादनसँग असम्वन्धित विषयमा हामी सरकारी वकीलहरु कुनै गैरसरकारी संस्थाको कार्यक्रममा सहभागी हुने छैनौं । आफ्नो कार्यक्षेत्रसँग प्रत्यक्ष सम्वन्धित कार्यक्रममा सहभागी हुनै

पर्ने अवस्थामा आफूभन्दा माथिल्लो निकाय वा पदाधिकारीको पूर्व अनुमति लिएर मात्र सहभागी हुने कुरामा हामी प्रतिबद्धता व्यक्त गर्दछौं ।

**सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजन**

१६. फौजदारी न्याय प्रशासनका लागि अनुसन्धान र अभियोजन अन्योन्याश्रित रहेको यथार्थतालाई मनन् गर्दै, अनुसन्धान अधिकृतको स्वायत्तता र विशेषज्ञताको सम्मान गर्दै अभियोजनकर्ताबाट अनुसन्धान प्रक्रियाको कानूनी वैधताको सम्बन्धमा प्रश्न नउठ्ने गरी अनुसन्धानलाई बस्तुगत, वैज्ञानिक र प्रमाणमा आधारित बनाउनका लागि निर्देशन दिने र राय प्रदान गर्ने विषयको उचित अभ्यास गर्ने मान्यतामा हामी विश्वस्त छौं ।

१७. अनुसन्धान अधिकृत, विधि विज्ञान विज्ञ र सरकारी वकीलका बीचमा नियमित संवाद, समन्वय र सहकार्यबाट मात्र परस्पर विश्वासको वातावरण सिर्जना हुने र फौजदारी मुद्दाको सफलता एवम् कानून र व्यवस्था कायम राख्न सहयोग पुग्ने हुँदा हाम्रा प्रयासहरु सोही दिशामा केन्द्रित हुनेछन् । सबै तहका सरकारी वकील कार्यालयहरुले समन्वय संयन्त्रलाई क्रियाशील पारी कार्य सम्पादनलाई प्रभावकारी बनाउने छन् ।

१८. सरकारी वकीलबाट गरिने अभियोजन सम्वन्धी निर्णय बस्तुगत आधारमा गरिनेछ । प्रमाणको पर्याप्तता र सार्वजनिक हित समेतका आधारमा अभियोजनको निर्णय गर्न सक्ने गरी अभियोजन नीति लागू गरी सोही अनुसारको कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता महशुस भएको छ । तत्काल संकलित प्रमाणबाट नै कसूर ठहर हुन नसक्ने देखिएको अवस्थामा मुद्दा नचलाउने गरी निर्णय गर्न तत्पर छौं । अपुरो अनुसन्धान, पर्याप्त प्रमाण विनाको अभियोजनले सरकार वादी मुद्दाको सफलतामा नकारात्मक परिणाम ल्याउने, संस्थागत विश्वसनीयतामा प्रश्न उठ्ने, व्यक्तिका वैयक्तिक अधिकारमा गम्भीर असर पर्ने तर्फ हामी संवेदनशील छौं ।

**न्यायमा पहुँच सम्वन्धी**

१९. फौजदारी न्याय प्रशासनमा महिला, बालबालिका, दलित, असहाय र पछाडि परेका वर्ग वा समुदायको पहुँच र प्रतिनिधित्व प्रभावकारी र सुनिश्चित हुनु पर्नेमा जोड दिँदै कानूनी सहायतालाई प्रभावकारी र लक्षित वर्ग केन्द्रित बनाउन प्रयत्नशील रहने छौं । सरकार वादी फौजदारी मुद्दाका पीडित एवम् साक्षीको सहायता र संरक्षण सरकारी वकीलको जिम्मेवारी भएको कुरा आत्मसात गर्दै पीडित तथा लैङ्गीक मैत्री कार्यालयको रुपमा सरकारी वकील कार्यालयलाई विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अपराध पीडित र साक्षीको अधिकार संरक्षण, सम्वर्द्धन र प्रबर्द्धनका लागि सम्वन्धित सेवा प्रदायक, सरोकारवाला निकाय र संस्थाहरुका बीचमा समन्वय र सहकार्यको संस्कृतिलाई प्रवर्द्धन गर्नेछौं ।

**संस्थागत सुधार**

२०. फौजदारी न्याय प्रशासनका अन्य सरोकारवाला निकायहरुको तुलनामा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको कारण कार्य सम्पादनमा अप्ठेरो परेको कुरा दर्शाउदै यो सम्मेलन संवैधानिक तथा कानूनी जिम्मेवारी

सहजताका साथ निर्वाह गर्न आवश्यक पर्ने आधुनिक पूर्वाधार सहितको भौतिक संरचना निर्माण, सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको सवारी साधनको व्यवस्था र पर्याप्त साधन स्रोतको विनियोजनका लागि नेपाल सरकार समक्ष हार्दिक आग्रह गर्दछ । सो क्रममा भूकम्प प्रभावित महान्यायाधिवक्ताको कार्यालय लगायतका उपत्यकाका सरकारी वकील कार्यालयहरु निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्न समेत अनुरोध गर्दछ ।

२१. सरकारी वकीलहरुको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणमा केन्द्रित भई जारी भएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि हामी प्रतिबद्ध छौं । नेपाल सरकारको नीति तथा कार्यक्रम एवम् चौधौं योजनाको आधारपत्रमा व्यक्त प्रतिबद्धता मुताविक उक्त योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रक्षेपित बजेट निकाशाका लागि नेपाल सरकारसँग अनुरोध गर्दछौं । योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय तथा प्राविधिक स्रोतको प्राप्ति र उपयोगका लागि नेपाल सरकार, विकास साझेदार निकाय तथा अन्तर्राष्ट्रिय सरकारी एवम् गैर सरकारी संस्थाहरुसँगको सहयोग र सहकार्यका लागि समेत आवश्यक पहल गर्न ध्यानाकर्षण गराउदछौ ।

२२. महान्यायाधिवक्ता तथा सरकारी वकीलहरुको संवैधानिक तथा कानूनी जिम्मेवारी सम्पादन गर्नका लागि आवश्यक पर्ने नीतिगत मार्गदर्शन तथा निर्देशनहरु जारी गरी सोको कार्यान्वयनका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउन र त्यस्ता मार्गदर्शन र निर्देशनहरुको कार्यान्वयनका लागि अभिमुखीकरण गरी सोको प्रभावकारी अनुगमन गर्न समेत महान्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्दछौं ।

२३. कार्यालयको कार्य सम्पादन र व्यवस्थापनका लागि आधुनिक सूचना तथा सञ्चार प्रविधि पद्धतिको अवलम्बन अपरिहार्य भैसकेको परिप्रेक्ष्यमा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुका काम कारवाहीलाई सूचना प्रविधिमा आबद्ध गर्नका लागि तयार पारिएको इ-एटर्नीको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न गुरु योजना तयार गरी दिगो व्यवस्थापन हुने आधार सहित सोका लागि आवश्यक पर्ने वित्तीय तथा प्राविधिक स्रोत र जनशक्तिको प्राथमिकतापूर्वक व्यवस्थापन गर्न अनुरोध गर्दै हामी सरकारी वकीलहरु आफ्नो काम कारवाहीलाई सो पद्धतिसँग अभ्यस्त तुल्याउदै जाने प्रतिबद्धता प्रकट गर्दछौं । फौजदारी न्याय प्रणालीका अन्य अवयवहरुमा प्रयुक्त सूचना प्रविधि पद्धतिको समेत विस्तृत अध्ययन गरी अन्तरनिकाय Connectivity Integrated Data Management, Information System Security तथा System Integration सम्बन्धमा बृहद् विश्लेषण गरी दीगो व्यवस्थापन योजना तयार गर्न महान्यायाधिवक्ताको कार्यालयलाई आग्रह गर्दछौं ।

२४. अपराधको रोकथाम र नियन्त्रण तथा फौजदारी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अपराधका कारण, प्रकार, संलग्नता, शैली र तरिका, अपराधको प्रवृत्ति तथा अपराधले समाजमा पारेको प्रभाव र ल्याउने परिणामहरु जस्ता विभिन्न पक्षहरुको अध्ययन अनुसन्धान गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना भइसकेको कुरा स्मरण

गर्दै सो केन्द्रका लागि आवश्यक स्रोत साधन, पूर्वाधार र जनशक्तिको व्यवस्थापनको अपेक्षा गर्दछौं ।

२५. निरन्तर सिकाइको रुपमा क्रियाशील रहनु पर्ने सरकारी वकीलहरुको क्षमता तथा दक्षता बृद्धि हुने कुरालाई महशुस गरी महान्यायाधिवक्ताको कार्यालयमा स्थापना गरिएको अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत क्षमता विकास गर्दै सो केन्द्रलाई पूर्णकालीन रुपमा काम गर्न सक्ने बनाउन आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्थापन गरी प्रत्येक सरकारी वकीलले वर्षमा कम्तीमा एउटा प्रशिक्षण प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न आग्रह गर्दछौं ।

२६. अन्य मुलुकमा प्रचलित अभ्यासलाई समेत दृष्टिगत गरी सबै अदालतका इजलासमा बहस गर्ने रोस्टममा सरकारी वकीलहरुका लागि अलग्गै स्थानको व्यवस्था गर्न अनुरोध गर्दछौं ।

**फौजदारी कानूनको कार्यान्वयन**

२७. विद्यमान फौजदारी न्याय प्रणालीलाई रुपान्तरण गर्ने दृष्टिले संसदमा विचाराधीन अपराध संहिता, फौजदारी कार्यविधि संहिता र कूसर तथा सजाय निर्धारण ऐन यथाशक्य छिटो पारित गर्नका लागि आग्रह गर्दै सरकारी वकील संलग्न हुनु पर्ने नयाँ फौजदारी कानूनहरु जारी हुँनासाथ सरकारी वकीलहरुलाई त्यस्तो कानूनको बारेमा अभिमुखीकरण गरी सो कानूनको कार्यान्वयनका लागि सरकारी वकीलहरुको क्षमता विकास र सरकारी वकील कार्यालयको संस्थागत सुधार गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२८. मुलुक संक्रमणकालबाट गुज्रिरहेको अवस्थामा द्वन्द्वकालीन मुद्दाहरुलाई संविधान र कानून, पीडितको सरोकार, बृहत शान्ति सम्झौता, अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून, संक्रमणकालीन न्याय, राष्ट्रिय आवश्यकता तथा अदालतबाट भएका फैसलाहरुलाई मध्यनजर गरी बेपत्ता पारिएका व्यक्तिहरुको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गरी व्यवस्थापन गर्नका लागि र द्वन्द्वकालीन मुद्दाहरु हेर्ने विशेष अदालत गठन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं । संक्रमणकालीन न्याय सम्पादन गर्ने कार्यमा सरकारी वकीलहरुको तर्फबाट सक्दो सहयोग हुने प्रतिबद्धता व्यक्त गर्दछौं

२९. नेपालको संविधानको कार्यान्वयन राज्य र यसका निकायहरुको मूल लक्ष्य, दायित्व र जिम्मेवारी रहेको कुरा सबैमा विदितै छ । संविधानको कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरु प्राथमिकतापूर्वक तर्जूमा हुनु पर्ने आवश्यकता बोध गर्दै आफ्नो कार्यक्षेत्रका विषयमा संविधान कार्यान्वयनका लागि प्रतिबद्धता प्रकट गर्दछौं ।

३०. नेपालका सरकारी वकीलहरुको यो ऐतिहासिक पहिलो राष्ट्रिय सम्मेलनको आयोजना र व्यवस्थापन गर्न सहयोग गर्नु हुने सबै पदाधिकारीहरु, संघ, संस्था, निकाय र महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । सरकारी वकीलहरुको चासो र सरोकार रहेका विषयमा साझा दृष्टिकोण विकास गर्न गराउन यो सम्मेलन प्रभावकारी माध्यम बनेकोले यस प्रकारको राष्ट्रिय सम्मेलनको निरन्तरताको कामना गर्दछौं ।

२०७३ साल पौष १० गते रोज १ ।

OFFICE OF THE ATTORNEY GENERAL
NEPAL

अनुसूची दुई

# समूहगत हाजिरी विवरण